CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

जगैंया (पोखरेल) वंशको इतिहास

तथा

वंशावली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति. जू. ३३१

श्री गणेशाय नमः

मजगैया (पोखेल) वंशको इतिहास

तथा

वंशावली

साथमा
महेन्द्र संस्कृत विश्वविद्यालयको ऐतिहासिक
पृष्ठभूमि
रेग्मी बंशावली
एवं
अन्य ऐतिहासिक सामग्री

*
*
*
*
*
*

लेखक :
श्रीधर शर्मा मजगैंया
विजौरी
दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

ublic Domain. Digitization by eGangotri.Funding: MIDF

★ प्रकाशिका
गंगादेवी मजगैया
बिजौरी-५
दाङ्

★ मोहनकुटी प्रकाशन
प्रथम

★ सर्वाधिकार
लेखकमा सुरक्षित

★ संस्करण
प्रथम
२०५३ साल बसन्त पञ्चमी

★ प्रति
१०००

★ मूल्य
रु. २००।-

★ प्राप्तिस्थान
जनता विद्यापीठ, बिजौरी दाङ्
☎ ०८२-२१००७

★ आवरण चित्र
रामचन्द्र श्रेष्ठ

★ कम्प्यूटर टाइपसेटिङ, डिजाइनिङ, फोटो स्क्यानिङ :
महेश कुमार शर्मा

मुद्रक :
राप्ती अफसेट प्रेस, त्रिभुवननगर, घोराही दाङ नेपाल, फोन नं. ६००८४

Acc. 23684 / 23764

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

स्व. पिता श्री मोहनप्रसाद मजगैंया । स्व. माता श्री शिवादेवी मजगैंया

जस्ले जन्म दियो यही धरतिमा आँखा उघारीकन
ज्योत्स्नाभित्र अनन्त शक्ति खदिलो भर्दै नयाँ जीवन ।
हाम्रो बंश परम्परा सहितको आदर्शको दर्पण
श्रद्धाभक्ति अपार साथ उनमा गर्दैछु यो अर्पण ॥

(१)

पूर्खा जो विरता बनाउन सधै गर्दै थिए पौरख
बोकी जो कुलको ध्वजाहरु सधै गर्दै थिए गौरब ।
जस्ले यज्ञ गरे अपूर्व यही भो आदर्श सद्ज्ञानमा
गर्छु अर्पण यो उनै सूदयका आदर्श सन्तानमा ॥

–लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री शिवप्रसाद मजगैंया
जहदागाउँ, दाङ्

मेरा अनन्य आदरणीय दाजु मोहनप्रसादका सुपुत्र तथा संपूर्ण मजगैंयाला आफ्नो पहिचान तथा जीवन्तता दिन प्रयत्नरत छोरा श्रीधर मजगैंया मेरो मात्र है संपूर्ण मजगैंया परिवारकै धन्यवादका पात्र भएका छन्। धेरै लामो समय लगाएर सत तथ्य मजगैंया बंशको इतिहास तथा बंशावलीले आफू र आफ्ना वंशजहरुको वं तन्तुलाई अविच्छिन्नरुपमा स्थापित गर्न यस ग्रन्थले महत्वपूर्ण योगदान गर्नेछ।

भौतिक असम्पन्नता हुन गएको अवस्थामा पनि मजगैंयाहरुलाई भावनात्म सम्पन्नता र उत्कर्षमा पुग्न थप उर्जा पुचाएको यस वंशावलीले निश्चय पनि आफ् पूर्खाको गौरवमय गाथालाई सबैका सामु प्रकट गरेको छ।

लेखकले मजगैंयाको मात्र नभएर विर्ता सम्वन्धी दाङ्कै इतिहास र महे संस्कृत विश्वविद्यालयको पृष्ठभूमिलाई समेत प्रमाणको आधारमा विश्लेषण गरेर ग्रन्थ विषयवस्तुलाई अझै गहन बनाएका छन्।

मजगैंयाहरुको ऐतिहासिक जीवनवृत्तको साथै सामाजिक, शैक्षिक, सांस्कृति राजनैतिक, साहित्यिक गतिविधिहरुलाई सिंहावलोकन गरी दाजु मोहनप्रसादको स्मृ समेत प्रकाशन गरेर पितृ ऋणबाट मुक्त हुन खोजिएको यो वंशावलीमा मजगैंयाहरुला मात्र हैन अध्ययन अनुसन्धान गर्नेहरुका सबैका लागि पनि संग्रहणीय भई अमर रह छ भन्ने आशा एवं विश्वास लिएको छु।

अन्तमा मेरो ८४ वर्षको उमेरसम्ममा कसैले गर्न नसकेको काम आफ् लगानिमा गर्न लागेकोमा हृदयतः धन्यवाद दिन चाहन्छु र लेखकको कलम अ परिस्कृत बन्दै जाओस् भन्ने शुभाशीर्वाद समेत व्यक्त गर्दछु।

✣ ८४ वर्षीय उहाँ मजगैंया परिवारका सबभन्दा ज्येष्ठ सदस्य हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री माधवराज गौतम
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय
बेलझुण्डी दाङ

दाङको सामाजिक तथा शैक्षिक पृष्ठभूमि मजगैंया परिवारको विशेष योगदान ही आएको छ । मजगैंया परिवारको बंशावली र यस परिवारको ऐतिहासिक पक्षलाई मवद्धरुपमा प्रस्तुत गर्ने यस पुस्तकले निश्चय पनि दाङकै सामाजिक तथा शैक्षिक त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ र आगामी दिनहरुमा दाङको इतिहासबारे ध्ययन अनुसन्धान गर्ने विद्वानहरुको लागि सहयोगी सिद्ध हुनेछ ।

मजगैंयाहरुको क्रमबद्ध इतिहास र योगदान जनसमक्ष ल्याउने उद्धेश्यले ऐतिहासिक ामग्रीहरु संकलन गरी तयार पारिएको यस पुस्तकका लेखक उप–प्राध्यापक ो श्रीधर मजगैंया विशेष धन्यवादका पात्र हुनुहुन्छ । यस ग्रन्थको प्रकाशनले मजगैंया रिवारको गरिमालाई उच्च बनाउन, महेन्द्र संस्कृत विश्वविद्यालयको ऐतिहासिक ष्ठभूमिबारे जानकारी दिन र दाङको शैक्षिक तथा सामाजिक इतिहासको नयाँ आयाम प गर्न समेत सफल रहने छ भन्ने विश्वास लिएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

प्रा. डा. श्री बावुराम पो

शिक्षाध्यक्ष

महेन्द्र संस्कृत विश्वविद्याल

बेलझुण्डी दाङ

महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत जनता विद्यापीठका उप–प्राध्यापक श्रीधर मजगैंयाले मजगैंया परिवारको "इतिहास तथा वंशावली" प्रकाशन गर्न ला भएको सुन्दा मलाई खुशी लागेको छ । दाङको सामाजिक तथा शैक्षिक इतिहास मजगैंया परिवारको महत्वपूर्ण भूमिका रही आएको कुरा यहाँका पूर्व गतिविधिहरुले प पार्दछन् । महेन्द्र संस्कृत विश्वविद्यालयको ऐतिहासिक पृष्ठभूमि नियाल्दा विश्वविद्यालय स्थापना र सञ्चालनमा मजगैंया परिवारको प्रशंसनीय योगदान रहेको छ ।

दाङ जिल्लाको सामाजिक पृष्ठभूमिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मजगैं परिवारको इतिहास प्रकाशन गर्नु सर्वथा सह्राहनीय कार्य हो । यस ग्रन्थले मजगैं परिवारको इतिहासलाई जनसमक्ष पुचाउँदै आगामी दिनहरुमा यस सम्वन्धी खो अनुसन्धान गर्ने अनुसन्धाताहरुलाई सहयोग प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु यस ग्रन्थका लेखकलाई भूरिशः धन्यवाद दिन चाहन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभाशंसा

दत्तात्रेय शर्मा दाहाल

कुल सचिव

महेन्द्र संस्कृत विश्वविद्यालय

बेलझुण्डी दाङ

इतिहास युगको संवाहक हुन्छ, इतिहासले नै कुनै पनि धर्म, संस्कृति, क्षेत्र र ाति तथा वर्गलाई जीवन्तता प्रदान गर्छ । इतिहासमा यथार्थता छिपेको हुन्छ । तिहासमा नै सबैको अस्मिता लुकेको हुन्छ । इतिहास साना ठूला सबैको हुन्छ र बैको इतिहास यथार्थ परकभावमा लेखिनु पर्छ भन्ने मान्यता ममा रहेको छ ।

यसै सन्दर्भमा उप–प्राध्यापक श्री श्रीधर मजगैंयाले अथक लगनशीलता र रिश्रमका साथ तयार पार्नु भएको "मजगैंया वंशावली" लाई नियाल्दा मैले यी सबै ावहरु यस कृतिमा यथेष्ठ रुपमा झल्किएको पाएँ । "कीर्तिर्यस्य स जीवति" भन्ने थार्थ सन्देशले भरिएको प्रस्तुत कृतिबाट अरुलाई पनि केही गरौं र केही राखौं भन्ने रणा प्राप्त हुने विश्वास मैले लिएको छु ।

प्रस्तुत कृति बहुआयामिक छ यसबाट समग्र दाङको अध्ययन गर्न चाहनेलाई ास्त सामग्री मिल्ने छ ।

मजगैंया वंशसंग जनता–महाविद्यालयको र जनता–महाविद्यालयसित महेन्द्र स्कृत विश्वविद्यालयको ऐतिहासिक पारस्परिक सम्बन्ध गाँसिएको छ, उदारमना जगैंया परिवारबाट प्राप्त देउखुरीस्थित जमीन मै दाङमा विश्वविद्यालयको आधार, मि र दङाली जनताको संस्कृत वाङ्मय प्रेम र निष्ठा नै दाङमा विश्वविद्यालय ञ्चालन हुनुको यथार्थता हो भन्नुमा मलाई पूर्ण गौरवको अनुभूति हुन्छ ।

अन्त्यमा लेखकको लेखनी अझ परिष्कृत बन्दै भविष्यमा अरु यस्तै गहकिला तिहरु दिन सकोस् भन्ने शुभाशंसा व्यक्त गर्दै प्रस्तुत कृतिका लागि लेखकलाई रेशः साधुवाद दिन चाहन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री पूर्णचन्द्र दुङ्गेल
नव्यव्याकरण–नव्यन्याय–वेदा
साहित्य–ज्यौतिष–सांख्ययो
पुराणेतिहासाचार्य ।
व्याख्यानकलाविद्, राज्यपुरस्कृत ।
श्री गोरक्षनाथ सं. विद्यापीठ,गोरखपुर,

श्री श्रीधर मजगैंञा महोदयद्वारा प्रकशित हुन लागेको "मजगैंञा इतिहास त बंशावली" नामक कृति देख्दा म अत्यन्त हर्षित छु ।

नेपाल राष्ट्रमा संस्कृत वाङ्मय वैदिकपरम्परा, सनातन धर्म, राष्ट्रियता, र गौरब र हिन्दु समाजको तन, मन, धन तथा कर्मले पूर्णतया सेवा गर्ने परम–धार्मि परिवारहरुमा मजगैंञा परिवारको स्थान सर्वोपरि छ ।

दाङमा वर्तमान श्री ५ महाराजाधिराजको मुखकमलद्वारा घोषित एवं मौ सरकारद्वारा दाङमा नै संस्थापित "महेन्द्र संस्कृत विश्वविद्यालय दाङको मुख्य आ धर्मप्राण मजगैंञा परिवारद्वारा सश्रद्ध समर्पित भएको (१२००) बाह्रसौं बिगाहा हो । यसमा कुनै अत्युक्ति छैन ।

यस्ता आदर्श परिवारका कमसे कम दुई जना वरिष्ठ सदस्य यस विश्वविद्याल विद्वत्परिषद्मा स्थायीरुपमा रहने व्यवस्था हुनु परिवारप्रति न्यायसंगत कृतज्ञता व्य भएको भनिन्छ ।

यस्ता समाज सुधारक परिवारहरुको इतिहासले समाजलाई आँखा देखाउँद कमाएका संपत्तिलाई सदुपयोग गर्ने पवित्र भावना ल्याउँदै समाज सेवाको शि दिन्छ ।

म शुभोदय लेखक महोदयलाई धेरै धेरै धन्यवाद दिन्छु र अरु यस्तै ऐतिहा कृतिहरु लेख्ने प्रेरणा दिँदै शुभकामना व्यक्त गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री एकराज शर्मा
भू.पू. माननीय
कोलही, दाङ

धेरै लामो प्रयास पछि आफ्ना पूर्खा र उनको इतिहासलाई जीवन्तता दिंदै १५ स्तासम्मको लामो बंशावली तयार पारेर मजगैंया (पोखेल) को इतिहास तथा बंशावली ापिन लागेको सुन्दा मलाई ज्यादै हर्ष लागेको छ। मजगैंयाको इतिहास मात्र नभएर समकक्ष इतिहास अनुसन्धान र लामो शैक्षिक इतिहासलाई समेत सिंहावलोकन रर प्रकाश हुन लागेको यस ग्रन्थको थप महत्व भएको महसुस गरेको छु।

दाङका चर्चित कतिपय प्रभावशाली परिवारहरु जस्तै छिल्लीमा बस्ने मजगैंयाहरुको रिवार प्रभावशाली र आर्थिक दृष्टिकोणले पनि समृद्ध थियो। आकारमा र संख्यामा शाल थियो। पहिले यो परिवार प्यूठानबाट आई पछि गएर मजगाउँमा बसेकोले, जाबाट मजगैंया पद प्राप्त भएको हो। यही उपाधिमा पछि गएर परिवारको प्रशिद्धि न रह्यो। पूर्खा सूदयराम उपाध्याय अत्यन्त प्रभावशाली व्यक्ति थिए। यिनको र नका पूर्वजको प्रभावलाई छिल्लीकोटे राजाले स्वीकारेकोले देउखुरीको १२०० विगाहा गा समेत प्राप्त गरेका थिए। भनिन्छ, यिनको प्रभाव लखनौका नवाफसम्म परेको यो। यसरी पूर्खाको गौरवमा गर्व गर्ने अहिले पनि आर्थिक दृष्टिकोणले विपन्न रहेको । पनि मजगैया परिवारको सदस्यले आफूलाई समाजमा कमजोर महशुस गर्दैन। माजिक संस्थालाई १२०० विगाहा जग्गा दान दिने अधिराज्यकै ठूलो दाता परिवारको स्य हु भनी गर्वसाथ कुरा गर्दछन्। यस परिवारको योगदान दाङको शैक्षिक, माजिक विकासको इतिहासमा कम महत्वको छैन र कम मूल्यांकन गरिनु पनि न।

अतः यी तमाम कुराहरुको ऐतिहासिक लेखन संगालो बनेको यो ग्रन्थका लेखक धर मजगैंया धन्यवादका पात्र छन्। साथै रेग्मी वंशको पनि छोटो वंशावली प्रकाशन रदिएर शोध र खोजको मार्ग खोलिदिएकोमा पुनः धन्यवाद दिन चाहन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री बलदेव मजगैंया
ने.का.सांसद क्षेत्र नं. २
त्रि.न.न.पा.भरतपुर दाङ

कुनै पनि विषयको अध्ययनको लागि ऐतिहासिक अध्ययनको आवश्यक पर्दछ। ऐतिहासिक जानकारी बैज्ञानिक अध्ययन र अनुसन्धानका लागि पनि आवश्य पर्दछ।

यसरी नै जाति, बंश परम्पराको ऐतिहासिक जानकारी आजको आवश्यकता र त्यो अपरिहार्य पनि छ।

यसै सन्दर्भमा मजगैंया (पोखेल) हरुको बंश परम्पार, उत्थान, आगमन, ध संस्कृति र सामाजिक योगदानको खोजपूर्ण र शोधपूर्ण ग्रन्थ प्रकाशन हुन थालेको मलाई अत्यन्त खुशी लागेको छ।

यो प्रशंसनीय कार्य संपन्न गर्न लागेका भाई श्री श्रीधर मजगैंया धन्यवाद पात्र छन्। आशा छ, यो संग्रहणीय कृति अमर रहने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ–कामना

श्री शङ्कर पोखेल (मजगैंया)
एमाले सांसद क्षेत्र नं. ३
बिजौरी दाङ

मजगैंया परिवारको वंशावली र इतिहास प्रकाशन हुन लागेको खबरले मलाई खुशीको अनुभूति भएको छ । शासकहरु र तिनीहरुका वंशजहरुको मात्र इतिहास लेखनीको परम्परा रहदै आएको ठाउँमा विभिन्न व्यक्ति र परिवारको समेत इतिहास अंकनको परम्पराको शुरुवात हुनु अत्यन्त राम्रो कुरा हो । परिवारको सदस्यका रुपमा यसको तथ्यपरक इतिहासको खोजी गरी प्रकाशित गर्ने कार्यमा अग्रसर मान्यवर धनी श्रीधर मजगैंया धन्यवादको पात्र हुनुहुन्छ । म उहाँ र उहाँको मेहनत पूर्णरुपमा सफल रहोस् भन्ने हार्दिक शुभेच्छाका साथ मङ्गलमय शुभ कामना व्यक्त गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा दुई शब्द

यो इतिहास लेख्ने प्रेरणा पूज्य बुवा मोहनप्रसाद मजगैंयाबाट प्राप्त गरेको उहाँले पुराना कागज पत्रको साथै ऐतिहासिक सामग्रीहरुको सूत्रात्मक टिपोट गर्नु भए थियो । त्यसैलाई केन्द्र बिन्दु बनाएर अरु खोज तथा संकलन गर्ने कार्यलाई निरन्तरता आज यो ग्रन्थ प्रकाशन गर्न सफल भएकोमा मलाई गौरबको अनुभूति भएको छ ।

म इतिहासको विशेष ज्ञाता पनि होइन, खाली बाबु बाजेले व्यक्त गरेका जनश्रुतिल पुराना कागज पत्रद्वारा प्रमाणित गरेर क्रमबद्ध रुपमा प्रस्तुत गरेको छु । यो इतिह विज्ञहरुद्वारा खारिदै र माझिदै जानेछ भन्ने आशा समेत लिएको छु ।

यो इतिहास तथा वंशावलीले निश्चय पनि मजगैंयाहरुको आफ्नै पहिचान गौरवलाई कायम राखेर आफ्ना मूल्य र मान्यतालाई आत्मसात गरेको जस्तो लाग्दछ । य ग्रन्थभित्र हामी को थियौ ? कहाँबाट आयौं ? हाम्रा पूर्खाहरुले के गरे ? अहिले हामी क अवस्थामा छौं ? भन्ने मुख्य रुपमा चार प्रश्नहरुको उत्तर खोज्ने जमर्को गरिएको छ त्यतिमात्र नभएर पुराना कागजपत्रहरुको समेत संकलन गरेकोले पछि शोध र खो गर्नेहरुका लागि थप महत्वको बन्ने आशा समेत लिएको छु । १५ पुस्तासम्मको जनता वंशावली शायद नेपालमै कही कतै लेखिएको जस्तो लाग्दैन । यो नै यस ग्रन्थको प्रमु विशेषता हो ।

प्रस्तुत ग्रन्थमा ऐतिहासिक सामग्रीहरु र वंशावलीलाई प्रथम खण्डमै राखिए छ । दोस्रो खण्डमा मजगैंयाहरुको विशेष गरेर शैक्षिक, सामाजिक आदि पक्षहरुल समेटेको छु र नेपालकै शैक्षिक इतिहासमा सर्वाधिक योगदान पुचाएको यस परिवार शैक्षिक पूर्वाधारको पृष्ठभूमिमा आज आएर महेन्द्र संस्कृत विश्वविद्यालय जस्तो उ प्राज्ञिक संस्था संस्थापित हुन सक्यो । यसमा कसैले पनि अहिले आएर प्रकाशमान् सूर्य कान्तिलाई हत्केलाले छेक्न सक्दैन । यस विषयमा प्रस्तुत शुभ–कामनाका शब्दहरुले पु गरिसकेका छन् । समय, नेतृत्व, राजनीतिले उत्प्रेरक र सञ्चालनमा कोही कसैको ना अगि पछि र अभाव हुन सक्छ त्यो तात्कालीन समयको उपज थियो । साँच्चै भनौ भ संपूर्ण मजगैंयाहरुको योगदान तथा ऐक्यवद्धताको प्रतिफल थियो । यसमा कसैले ब आत्मरति गर्नु पर्ने कुरा छैन । हाम्रा अग्रजहरुले समयलाई जान्न सक्नु भयो गृहस्थहरु दैनिक प्रतिपालना गर्नु पर्ने पञ्च महायज्ञ मध्येको “ब्रह्म यज्ञ” (भूमि दान) अनुष्ठान संप भयो त्यो वास्तवमा पूर्खाद्वारा आर्जित पुण्यले मजगैंयाहरुलाई सधैका लागि भावनात्म संपन्नतातिर उन्मुख गराउन सक्यो यो मजगैंयाहरुको लागि गर्वको विषय हो ।

यसै प्रसङ्गमा महेन्द्र संस्कृत विश्वविद्यालयको पृष्ठभूमि सहितको टिपोट गरे छु । निश्चय पनि विश्वविद्यालय बेलझुण्डीमा त्यत्तिकै च्याउ उम्रेझै उम्रेको पनि होइन त्यसको लागि धेरैले आ–आफ्नो समयमा पसीना बगाएर बीज छरी, मलजल हाले गोडेका पनि थिए । उक्त पल्लवित पालुवाले विभिन्न मौसमी प्रताडना समेत भोगे इतिहास अझै सुन्न पाइन्छ । तर पनि त्यस तथ्यलाई लुकाएर ऐतिहासिक कुराल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्तमानले छोप्न खोज्यौ भने भविष्यले क्षमा गर्ने छैन ।

यस ग्रन्थको प्रस्तुत सामग्रीहरुमा मैले प्राप्त गरेका सामग्री बाहेक अरु पनि हुन क्छन् । त्यसको अभाव हुन सक्छ, त्यो अस्वाभाविक पनि होइन र कोही कही पनि पूर्ण न सक्दैन । लेख्दालेख्दै मजगैंयाहरुको सामाजिक तथा राजनैतिक साहित्यिक टिपोट त्रात्मकरुपमा गर्ने प्रयास गरेको छु ।

ग्रन्थलाई बढि प्रामाणिक र यथार्थ गराउन तेश्रो खण्डको रुपमा परिशिष्ट खण्ड मावेश गरेर र थप आकर्षक बनाएको जस्तो लाग्दछ । विर्ताका लालमोहर, दाङका संपूर्ण र्तावार भएको "मेमो सदर" समेत प्रस्तुत गरेको छु । जसले दाङवासी कै सूदयराम मकक्ष वंश परिचय र स्थान परिचय गराएको छ । प्रसंग मिले पनि नमिले पनि पुराना ागजपत्रहरु सबै समावेश गरेर इतिहासका अनुसन्धातालाई सामग्री जुटाई दिएको जस्तो ागेको छ ।

अन्तिम खण्ड चौथो खण्डको रुपमा पूज्य बुवा मोहनप्रसादको स्मृतिमा स्मृति खण्ड मेत समावेश गरी तात्कालीन समाज र संस्थाप्रति उहाँले गरेका योगदान र तत्सम कक्ष तिहास समेत झल्कने स्मृति शव्दलाई लेखकहरुद्वारा प्रस्तुत गरिएको छ । व्यक्तिगत र ार्वजनिक सूचनाद्वारा "आफ्नो बाबु बाजेका फोटोहरु उपलव्ध गराउन" भनिएकोमा जो तिले फोटोहरु दिनुभयो । प्रसंग अनुसार र फोटो परिचयको रुपमा प्राप्त फोटोहरुलाई वस्थित गरेको छु । अरु धेरै कुरा राख्ने विचार हुँदाहुँदै पनि व्यक्तिगत लगानिमा ग्रन्थ मकाय हुने डरले अन्त्यमा रेग्मी बंशको लालमोहर तथा वंशावली मात्र प्रस्तुत गरेर दयरामका समकालीन अैवर्ण जैसी (ज्योतिषि) लाई शोध र खोजको विषय बनाएर मापन गरेको छु ।

सर्वप्रथम यस ग्रन्थलाई शुभ कामना तथा स्मृति खण्डमा आफ्ना संस्मरणहरु दिएर त्य तथा तथ्य इतिहासलाई प्रमाणित समेत गरिदिनु भएकोले सबैप्रति आभार व्यक्त र्दछु । यो प्रकाशनमा दाजु वामदेव र गोविन्द तथा भाई केशव, अशोक, विनोद, छोरा रोजले केही आर्थिक स्रोत जुटाइदिनु भएको र मजगैंया परिवारका सांसदद्वय दाजु बलदेव जगैंया र भाइ शंकर पोखेल (मजगैंया) ले पाँच पाँच हजार रुपैया आर्थिक सहयोग गर्नु एकोमा सबैमा कृतज्ञता ज्ञापन गर्दछु । महेन्द्र संस्कृत विश्वविद्यालयको दाताहरुको कीर्ति म्भ र प्रतिमा निर्माणको प्रयोजनको निमित्त भारत जयपुर भ्रमणबाट जोगाएको आर्थिक त सर्वजन हिताय यस प्रकाशनमा लगाउन पाउँदा सन्तोष लागेको छ ।

सामग्री संकलनको प्रसंगमा बुवाले भन्ने गर्नुहुन्थ्यो – "पुराना केही कुरा माइला बा मरराजबाट थाहा पाएको हुँ, उहाँप्रति र अन्य मेरा बावु, काका, दाजु, भाइ, छोरा, आमा, ज्यै एवं संपूर्ण प्रेरक स्वजनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो प्रकाशनमा सहयोग र्ने भाइ गंगामणि तथा केशव धन्यवादका पात्र छन् । त्यस्तै कम्प्यूटरमा सहयोग गर्ने हेश कुमार शर्माको सहयोगप्रति आभार व्यक्त गर्दछु ।

अन्तमा लेख्दालेख्दै कही कतै उचनीच पर्न गएको भए क्षमा याचना गर्दै विज्ञ ठकहरुका अमूल्य सुझावहरु अर्को प्रकाशनमा राख्ने अवसर प्राप्त हुनेछ भन्ने आशा वं विश्वास राख्दै विदा हुन्छु ।

धन्यवाद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

प्रथम खण्ड

क्र.सं.	विषय	पृष्ठ संख्या
(१)	मजगैंयाहरुको ऐतिहासिक पृष्ठभूमि	१
(२)	छिल्लीकोटे राजा र हाम्रा पूर्खा	३
(३)	विर्ता प्राप्तिका कथाहरु	६
(४)	मजगैंयाहरुको वंशावली	९
	(क) त्रिलोचनका सन्तानहरु	
	(ख) मोतिरामका सन्ताहरु	
	(ग) बोधनाथका सन्तानहरु	
	(घ) चन्द्रलालका सन्तानहरु	
	(ङ) चक्रपाणिका सन्तानहरु	
	(च) तारानाथका सन्तानहरु	
	(छ) ठाकुरप्रसाद मध्ये जीवराजका सन्तानहरु	
	(ज) ठाकुरप्रसाद मध्ये देवदत्तका सन्तानहरु	
(५)	लक्ष्मीनारायण र शिवालय स्थापना	
	(क) शिवालय सञ्चालन	
(६)	सूदयराम मजगैंयाको व्यक्तित्व	
(७)	सूदयरामको उदारता र दाङ्वासीको विर्ता	
(८)	तन्त्रसाधक सूदयराम	
(९)	गंगाधरको व्यक्तित्व र प्रभाव	
(१०)	छिल्लीकोट र कालिका मालिका	

द्वितीय खण्ड

(१)	ऐतिहासिक सतीप्रथा	
(२)	मजगैंयाभित्रको पट्टि व्यवस्था र त्यसको उत्पत्ति	
(३)	मजगैंयाहरुको सांस्कृतिक व्यवस्था	
(४)	मजगैंयाहरुको शैक्षिक योगदान	
	(क) भाषा पाठशाला	
	(ख) जनता विद्यालय	
	(ग) जनता प्रधान पाठशाला	
	(घ) भूमिदान यज्ञ	
	(ङ) जनता महा विद्यालय	
(५)	ऐतिहासिक विद्वत् सम्मेलन	
(६)	प्रस्तावित संस्कृत विश्वविद्यालय (२०२५)	
(७)	संस्कृत अध्ययन संस्थानको स्थापना	
(८)	केन्द्रीय विद्यापीठ	
(९)	महेन्द्र संस्कृत विश्वविद्यालयको पृष्ठभूमि	
(१०)	मजगैंयाहरुको सामाजिक तथा राजनैतिक योगदान	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र.सं.	विषय	पृष्ठ संख्या
	(क) सामाजिक तथा धार्मिक योगदान	६७
	(ख) राजनैतिक योगदान	६८
	(ग) सामूहिक नेतृत्व र प्रतिवद्धता	७०
	(घ) साहित्यिक योगदान	७२
	(ङ) उच्च शिक्षा प्राप्त गर्ने मजगैंयाहरुको जनशक्ति तालिका	७३
	(च) मजगैंयाका विर्ता मौजाहरु	७५
	(ज) आयुर्वेद अस्पतालको पृष्ठभूमि	७६

तृतीय खण्ड

१)	विर्तावारहरुको मेमों सदर	८०
२)	मजगैंयाले पाएका लालमोहरहरु	९३
३)	सूदयरामलाई लेखेका पत्रहरु	१०१
४)	गंगाधर तथा गोकुलरामलाई लेखेका पत्रहरु	१०६
५)	पं. चेतोनाथको नियुक्ति पत्र	१११
६)	संस्कृत विश्वविद्यालयको प्रतिनिधि मण्डल संवन्धी पत्र	११६
७)	जग्गादान गरेका दान पत्रहरु	११७
८)	विद्वत् सम्मेलन् सम्वन्धी सामग्रीहरु	१३५
९)	संस्कृत विश्वविद्यालय सम्वन्धी तथ्यहरु	१३७
१०)	संस्कृत विश्वविद्यालय स्थापनार्थ ८४ जनाको हस्ताक्षर र अन्य सामग्री	१३९
११)	संस्कृत विश्वविद्यालय कहाँ र किन ?	१४९
१२)	संस्कृत विश्वविद्यालय सम्वन्धी विभिन्न प्रतिनिधि मण्डलका पत्रहरु	१५२
१३)	श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट वक्सेको संवोधन	१५५
१४)	शिव महिम्न स्तोत्र	१६०

चतुर्थ खण्ड (स्मृति खण्ड)

१)	श्रीधर मजगैंया	१६६
२)	भोजराज शर्मा	१७०
३)	टेकनाथ गौतम	१७१
४)	जागेश्वर ब्राह्मण	१७४
५)	अमरराज शर्मा	१७५
६)	श्रीमणि कमल	१७६
७)	माधव रेग्मी	१७७
८)	देवीप्रसाद मजगैंया	१७८
९)	दत्तात्रेय दाहाल	१७९
१०)	गोपाल शर्मा	१८०
११)	रामेश्वर शर्मा	१८१
१२)	गंगामणि शर्मा	१८४
१३)	भग्गुप्रसाद शर्मा	१८५
१४)	एकराज शर्मा	१८६

विविध

१)	रेग्मी परिवारको लालमोहर	१८८
२)	रेग्मी वंशको वंशावली	१८९
३)	सन्दर्भ ग्रन्थ सूची	१९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम खण्ड

मजगैयाहरुको ऐतिहासिक पृष्ठभूमि

स्थान विशेषको नामबाट परिभाषित थरहरु अपवादको रुपमा मात्र कामले चिनिएका छन्। एउटा थरले लामो समयलाई विताउँदा नयाँ थरको उदय भएको पनि धेरै ठाउँमा देखिन्छ। एक ठाउँबाट सर्दा सर्दा लामो अन्तरालमा मानिसका विभिन्न आवश्यकता परिस्थिति वाध्यताका साथै विषम परिस्थितिले आफ्नो स्वरुपको नै मूलभूत परिवर्तन भएको कुरा स्वयं उनका सन्तानले भोगेका हुन्छन्। सृष्टिको क्रममा न त्यहाँ थर थियो न प्रवरका सीमाङ्कन थिए। सप्त ऋषिका सन्तान हामी कुनैले मूल ऋषि परम्परा पक्रेका छौं भने कतिले उनका पुत्र परम्पराभित्र आफ्नो वंश परम्परालाई आत्मसात् गरेका छौं।

वि. सं. १८४७ सालमा छिल्लीकोटे[1] राजा वीरभद्र शाहले 'मजगाउँ[2]' भन्ने गाउँ विर्ता दिएर आफ्नो लालमोहरद्वारा मजगैया भन्ने पदवी दिएका थिए। वास्तवमा आफ्नो मूलथर खोज्ने हो भने मजगैयाहरु पोखेल हुन्। पोखेल वंशको इतिहासका संवन्धमा खास अनुसन्धान त हुन सकेको छैन तर आफ्नै ठाउँ विशेषका परिवारमा मात्र लक्ष्य गरेका इतिहास भने पाइन्छन्। विराटनगरका कृष्णप्रसाद पोखेलद्वारा लिखित पोखेल वंशको वंशावलीमा त्यस ठाउँका पोखेल भन्दा अन्यत्रका पोखेलको उल्लेख पनि गरिएको छैन। पद्यात्मक शैलीमा लेखिएको उक्त पुस्तक त्यस क्षेत्रका पोखेलहरुकालागि भने निकै खोजपूर्ण छ।

पौडी गाउँमा वसेकोले पौडेल, ज्ञवाँ गाउँमा बसेकोले ज्ञवाली, गोतामबाट गोतामे, जुम्लाको अचार्जवाडाबाट अचार्ज भए जस्तै पोखेलहरु पनि पोखरामा बस्ने भएकाले पोखेल भएका हुन्। आजकल कहीं कतै पढे लेखेका आफ्ना वंशजहरुले थरलाई आफ्नो परिभाषा अन्तर्गत सुधार गरेको देखिन्छ।

मैले थाहा पाएसम्म पोखेलहरु दूध र पानीको रुपमा विभाजित छन्। यी दुई विभाजनमा पनि कही किंवदन्तीहरु छन्। जुम्लाको पोखरा गाउँमा बसेकाले पोखेल भएका हुन् भन्ने पनि छ। दैलेख तल्लाको दुल्लुमा पनि पोखेली गाउँ छ, त्यहाँ बसेर पोखेल भएका हुन् वा पोखेल बसेकोले पोखेली गाउँ भएको हो त्यो खोजको विषय छ। ती पोखरामा बस्ने दुवै गोत्रवाला पोखेलहरु कास्की पोखरामा आएर बस्न थाले पछि मात्र दूध र पानीको चलन आएको भन्ने कसै कसैको भनाई छ। पोखराको सेती नदीदेखि पश्चिम तटमा बस्ने पोखेल ब्राह्मणका घर अगाडि एउटा तलाउ थियो, त्यस तलाउमा सेती

1) दाङको विजौरी गाउँ विकास समिति अन्तर्गत वडा नं. ९ को उत्तरी पहाडमा बस्ने राजा
2) "मजगाउँ" मानपुर गाउँ विकास समितिको वडा नं. ३ मा पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदीको पानी झैं सेतो पानी भएकोले ती ब्राह्मणलाई दूध पोखेल भन्न थालियो । त्यस्तै सेती नदीदे पूर्वतर्फ पनि एउटा पोखेल ब्राह्मण थिए । उनको घर अगाडि पनि तलाउ थियो, उक्त तलाउ निर्मल पानी भएकोले उनलाई पानी पोखेल भन्ने नाम दिई दुवै पोखेललाई छुट्टाउने रुपमा प्रयो गरिएको हो । अहिले ती दुई पोखेलहरुका जनघनत्वको कारणले दुइ ठुल्ठूला तलाउ बनिसके छन् ।

हाम्रो शास्त्रीय नियम अनुसार पनि यी दुवैका गोत्र तथा प्रवर भिन्नाभिन्नै छन् । जस्तै दू पोखेलको गोत्र भारद्वाज र प्रवर भारद्वाज, आङ्गिरस, वार्हस्पत्य, त्रिप्रवर हो भने पानी पोखेलको गो आत्रेय र प्रवर आत्रेय, अर्चनानस, श्यावश्व, त्रिप्रवर हो । दूध र पानीमा विभाजित दुवैलाई मात्र मा हो भने पनि भिन्न गोत्रवाला पोखेल पनि छन् । जस्तै जिरीका पोखेलहरुको गोत्र वशिष्ठ हो । त्य भिन्नता खोजेमा अन्यत्र पनि पाइन सक्छ । ती पोखेलहरु गोत्रत्वेन पहिलेदेखि अलग थिए, स्था विशेषले एक हुन पुगेका हुन् अथवा शास्त्रीय निर्णय अनुरुप आफ्नो गोत्र थाहा नभएमा गुरुले दिए गोत्रलाई वा मामाको गोत्रलाई आफ्नो गोत्र मानी व्यवहार गर्नु भनिएकोले सो अनुसार भएको हो, त ठूलो अनुसन्धानको विषय हो ।

दूध पोखेलहरु नेपालको पोखरादेखि पश्चिमी भाग हुँदै विस्तारै विस्तारै सर्दै गुल्मी, अर्घाखाँ हुँदै प्यूठान जिल्लाको दाखाकोटमा आई ती दूध पोखेलहरु वसोवास गर्न थाले । यसरी प्यूठानमा प पोखेलहरुको वंश विस्तार हुँदै गयो । सन्तान वृद्धिकै क्रममा १५औं शताब्दीतिर प्यूठान जिल्ला दाखाकोटमा सत्तेधर, विद्याधर उपाध्याय पोखेल समेतका तीन भाइ ब्राह्मण वस्दथ्ये । ती मध्ये जे सत्तेधर, कान्छा विद्याधर थिए । तीनै जनाको युवावस्था दाखाकोटमै वित्यो । तीन भाइमध्ये कान् विद्याधर कर्मकाण्डमा निपुण नैष्ठिक विद्वान् थिए । त्यतिबेला उनले आफ्नै घरको अध्ययनबाट पुरा धर्मशास्त्रको निर्णयमा पनि तत्कालीन प्यूठानका भित्रीकोटे राजालाई प्रभाव पारेका थिए । विद्याध राजगुरुको रुपमा छिल्लीकोटे राजाका साथ छिल्लीकोट तथा दाङ जिल्लाको बाँसगढी भन्ने गाउँ वसेका थिए । उनको शिष्ट, विनयी र विद्वत्तापूर्ण व्यवहारवाट छिल्लीकोटे राजा निकै प्रभावित प्रसन्न थिए भन्ने कुरा मजगैयाले पाएका ४४ मौजा विर्तावाट स्पष्ट हुन्छ ।

यसरी राजगुरुको रुपमा आएका विद्याधर उपाध्याय पोखेलदेखिका सन्तानहरुको ऐतिहासि थलो बाँसगढीदेखि विजौरी मजगाउँसम्मको छेउँछाउँमा रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिल्लीकोटे राजा र हाम्रा पूर्खा

लगभग १५ औं शताब्दीतिर दाङका थारु राजा दङ्गिशरण चौधरीलाई जुम्लाका चल्ल वंशीय राजाले आफ्नो कब्जामा लिई उक्त वंशकै मेघनाथ शाहले दाङको राज्य सर्वप्रथम सञ्चालन गरेपछि उनी बस्ने कोटलाई छिल्लीकोट र उनको क्षेत्रलाई छिल्ली पर्गन्ना[1] भन्न थालियो। चल्लको अपभ्रंश छल्ल भयो त्यसवाट छिल्ली बन्यो जुन कुरा इतिहासकारहरुले बताएका छन्। त्यही शव्द आजसम्म प्रचलनमा छँदैछ।

यसरी चल्ल वंशीय शाह राजाले राज्य सञ्चालन गरे पछि छिल्लीकोटमा कालिका देवीको मन्दिर स्थापना गरी सिद्धपीठ मालिकादेवीको समेत पूजाआजा चलाएका थिए। त्यतिवेलाको औलोको प्रकोपले राजा दाङ बाँसगढीमा स्थायी रुपमा वस्न नसके पनि बाँसगढीमै देवीको मन्दिर स्थापना गरी आफ्नो श्रीवृद्धिमा संलग्न भए।

मेघनाथ शाहले प्यूठानी भित्रीकोटे राजाकी छोरी विवाह गरेका थिए। ससुराली राज्य भएकाले उनको प्यूठानी राजासङ्ग सन्निध्य बढ्नु स्वाभाविकै थियो। त्यतिवेला खासगरेर दाङमा ब्राह्मणहरु कम भएकोले विद्वान कर्मनिष्ठ ब्राह्मणको लागि राजाले प्यूठान संपर्क राख्दा दाखा कोटका तीन भाइ ब्राह्मण मध्येकै कान्छा विद्याधर विद्वानका साथै कर्मकाण्डमा समेत राम्रो दखलवाला छन् मन्त्र साधना समेत गर्दछन् भन्ने खवर पाएपछि छिल्लीकोटे राजाले निज विद्याधरलाई नै पठाई दिनुहोला भन्ने पत्र पठाए। प्यूठानी राजाले पनि आफ्नी छोरी घर जाने समय पारेर विद्याधरलाई पठाइदिए। यो कुरा यस पुस्तकमा उल्लिखित १८४७ को लालमोहरबाट सिद्ध हुन्छ।

यसरी आजका मजगैयाहरुका आदिपूर्खा विद्याधर, मेघनाथ शाहसंग १५ औं शताब्दीको लगभगमा गुरु पुरोहित आचार्यको रुपमा वसेका हुन् भन्ने कुरा श्रुतिमा आधारित इतिहास छ। त्यसैले मजगैयाको इतिहास खोज्ने हो भने तात्कालीन छिल्लीकोटे राजा र विद्याधर नै हाम्रो इतिहासका उद्गमस्थल हुन्।

राजाका साथमा बसेर आफ्नो बुद्धिमत्तापूर्ण व्यवहारबाट राजालाई प्रभावपारी आफ्ना सन्तानहरुको लागि विर्ता प्राप्त गर्ने प्रक्रियाको श्रीगणेश गरेका थिए। त्यही धरातलमा अद्यापि हामी बाँचिरहेका छौं। त्यतिमात्र नभएर विद्याधर देखि ७ पुस्ता पछिसम्म र वंश विस्ताररुपी वृक्षका मूल मानिने सूदयरामसम्म पनि उनै छिल्लीकोटे राजाका सन्तानहरुबाट स्नेह, सद्भाव र सम्मान पाएको कुरा आज कसैले विर्सन सक्दैन। जसको परिणाम हरिकेशरसम्म ४४ मौजा विर्ता पाउनु हो। हरिकेशर पछि र अघि पनि राजालाई आइपरेका समस्या र जटिल परिस्थितिसङ्ग मजगैयाले आफ्नो प्राण वाजी लगाएर राजालाई जुक्ति दिएका इतिहासहरु सुन्न पाइन्छन्।

कुनै दिन स्यालापानी[2] खोलाको दक्षिणतर्फ धेरै मानिसहरुको जमात छिल्लीकोटबाट नै देखियो। उक्त समूहबाट राजालाई त्रास बढ्यो र उनले सूदयरामलाई बोलाए। सूदयरामसंग राजाले यी को हुन् त्यत्रो लस्कर कहाँ जाँदैछन्? बुझेर के गर्ने उपाय समेत निकाल्नु पऱ्यो भन्ने राजाको वचन

१) प्रगन्ना भन्नाले क्षेत्र बुझाउंछ।

२) विजौरी गाउँ विकास समिति, वडा नं. ९ मा पर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएपछि सूदयरामले राजालाई हजुर आत्तिनु पर्दैन म आफै गएर उनीहरुलाई फर्काइ दि भन्नुभयो। त्यसपछि सूदयरामले तल स्यालापानी खोलाको उत्तरतर्फको ढिकमा बसी शिव लिङ्ग ब पार्थीपूजा गरेर घनघोर पानी पार्नु भयो । खोला अतराउ भयो । ती को थिए थाहा छिल्लीकोटतर्फ चढाई गर्न नसकी पूर्वतर्फ लागे भन्ने श्रुति छ ।

नेपालको एकीकरणको प्रसङ्गमा आफ्नो शक्ति अनुसार लड्ने र आंत्मसमर्पण गर्ने राजा ईच्छामा निर्भर हुन्थ्यो। छिल्ली राज्य सानो थियो। त्यतिबेला न उनीहरुसंग भिड्न सक्ने क्षमता थि न शस्त्रास्त्र थिए। खाली भरुवा बन्दुकहरु र ३ वटा फलामे तोप र कवच मात्र थियो। सो क केटाकेटीको रक्षा हुन्छ भनेर चुट्दाचुट्दै हाल १ वित्ताको टुक्रा छिल्लीकोटमा बाँकी छ , जे छिल्लीकोटे राजालाई प्यूठानी राजाको सहयोग र दाङका विर्तावार मजगैया, अचार्ज, रेग्मी, गोतामेहरु समेत सक्रिय सहयोग थियो। उनीहरुका कमाराकमारीहरुको सहयोगले केही प्रतिरक्षा हुन सक्छ भ आशा थियो । त्यसैले सल्यानी राजाको एकीकरणमा समाहित हुने कुरालाई स्वीकार गरेनन् प्रथमपटकको प्रयासमा छिल्लीका राजा नेपाल सरकारको अधीनमा भएनन् । तत्पश्चात् स परिस्थिति र वातावरणलाई समेत मध्यनजर राखी मजगैयाहरुको सल्लाहअनुसार नेपाल सरकार छिल्लीकोटका राजालाई मिलाएका थिए। त्यही नै त्यतिबेलाको समयको माग थियो। वीरभद्र शाह मृत्युपश्चात् उनका छोरा नभएकोले उनका भाइ शिव शाहीलाई मजगैंयाहरुले राजा बनाएल थिए। अन्य छिल्लीकोटे राजा र हाम्रा पूर्खाका सम्व्न्धका प्रसंगहरु इतिहासको क्रममा अगाडि प उल्लेख गरिएका छन्।

मजगैयाहरुको वंशावली सविस्तार प्रस्तुत गरिने छ । यहाँ शीर्षक अनुसार छिल्लीक राजाको अपूर्ण वंशावली प्रस्तुत गरिन्छ।

१. मेघनाथ शाह	२. अज्ञात	३. अज्ञात	४. अज्ञात
५. अज्ञात	६. अज्ञात	७. बीरभद्र शाह	८. शिव शाही
९. भवन्त शाह	१०. डिल्ली बहादुर शाह	११. अऐन्द्र बहादुर शाह	१२. विश्वनाथ शाह

यसरी मेघनाथ भन्दा तलका ५ पुस्ताहरु अज्ञातरुपमा छन्।

छिल्ली राज्यको सीमा उत्तरमा महाभारतको श्रृङ्खलादेखि शुरु भएर दक्षिणमा चुरे पहाडल नाघेर हालको भारतको बलरामपुरसम्म थियो। पूर्वमा माडी खोला र पश्चिममा फलावाङ राज्य पूर्वी सीमान्त नै यसका चार किल्ला थिए। छिल्लीकोटे राजाको राजधानीको रुपमा छिल्लीकोट नै मानिन्थ्यो। हिउँदमा बाँसगढी र वर्षामा छिल्लीकोट बस्दथे। छिल्लीकोटको राजदरवार बने ठाउँमा एउटा अभेद्य किल्ला निर्माण गरिएको थियो।

ऐतिहासिक तथ्य

लगभग छिल्लीकोटबाट दाङको भूभाग सबै देखिन्छ र स्पष्ट रुपमा चिनिन्छ पनि । हा राजदरवार खण्डहर पनि नभएर इँटाका टुक्राहरु यत्रतत्र छरिएर रहेका देखिन्छन् । राज भवन आकार प्रकार मात्र देखिन्छ। त्यसको उत्तरपट्टि दुवैतिर भिरालो भएको सानो राम्रो चउर छ। त्यस टुँडिखेल भन्दछन्। त्यहाँ पहिले सेनाहरु परेड खेल्दथे भन्ने सुनिन्छ। त्यसका छेउँछाउँ सेनाहरु घरहरु पनि थिए । त्यसको अगाडिको भागलाई असन, इन्द्रचोक भन्ने गर्दथे भन्ने कु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म्पराद्वारा सुनिएको हो । तर हाल त्यस ठाउँमा गएर सोध्ने हो भने पुराना मानिस कोही पनि टिदैनन् । खाली बसाई सराई गरेका मानिसले ढाकेका छन् । छिल्लीकोटको ऐतिहासिक थप नकारी उत्खननबाट मात्र थाहा हुनसक्छ ।

राजाहरु सौखिन हुन्छन् । त्यसमा पनि छिल्लीकोटे राजा शिकार खेल्न निकै मन पराउँदथे । क दिनको कुरा हो–छिल्लीकोटबाट शिकार खेल्दै उनी बाँसगढीदेखि पश्चिम गुहार खोलाको जिकमा 'जेङटेजरुवा' भन्ने पानीको मूल पर्दछ । त्यसमा तिर्खाएर पानी पिउनको लागि आएँ, त्यहाँ नले एउटा फूल देखे त्यो फूल छिल्लीकोटस्थित रानी जरुवामा विहान स्नान गर्दा चढाइएको यो । यसरी एउटै फूल छिल्लीकोटदेखि जेङटे जरुवासम्म आएकोले यसको सामीप्यलाई ध्यानमा ख्दै सुन्दर पनि भएकोले त्यसको पूर्वतर्फको ढिकमा राजाले ग्रीष्मकालीन् राजधानी बनाए । त्यस मयमा त्यहाँ धेरै बाँस भएकोले बाँसगढी नामकरण गरेका हुन भन्ने सुनिन्छ । पुराना कागज त्रहरुमा पनि 'बाँसगढी भवन' भन्ने लेखेका पाइन्छन् ।

हाल छिल्लीकोटमा भएकाजति भग्नावशेषहरु बाँसगढीमा भेटिदैनन् । खेतीयोग्य जमिन एकोले त्यहाँ रहेका इँट्टाका टुक्राहरु भने यत्रतत्र फालिएका देखिन्छन् उक्त ठाउँलाई हाल बजार खेत न्दछन् । नामबाट पनि त्यहाँ बजार बसेको थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ । भारतीय लकालाई थारु भाषामा 'वाजी' भन्दछन् । तिनीहरु बस्ने भएकोले जेङटेको नजिकै वजिन्या भन्ने खेत । त्यस्तै बाँसगढी भन्दा तल दोघरियाको पुच्छारमा धोविन्या जरुवा छ । त्यो जरुवाको नजिकैमा वीहरु बस्थे भन्ने अनुमान लगाउन सकिन्छ ।

उनले पूजा गर्ने कालिका मालिकाको इतिहास अर्को प्रसङ्गमा उल्लेख गरिनेछ । परी छिल्लीकोटे राजाबाट मजगैयाहरुले मात्र विर्ता पाएका थिएनन् आचार्य, गोतामे, रेग्मीहरुले ने विर्ता पाएका थिए ।

मजगैयाहरुले विशेष गरेर राजालाई संरक्षण पनि गरेका थिए । वीरभद्र शाहको मृत्युपछि का भाइ शिव शाहीलाई राजा बनाएका थिए । छिल्लीकोटे राजाले मजगैयाहरुलाई विर्ता दिएर रक्षण गरे भने मजगैयाहरुले राजालाई राज्य उन्मूलन हुने समयमा संरक्षण दिएर राखेका हुन् भन्ने रा उनका सन्ततिहरु बताउँछन् । ती राजाका सन्तानहरु आज नारायणपुर गा.वि.स. वडा नं ५ नुवा र घोराही तथा देउखुरी झिङहामा अवस्थित छन् । यो एउटा मित्रताको परिचय थियो । तिमात्र नभएर आफ्ना दुःखसुखमा पनि सहभागी थिए । राजालाई राज्य सञ्चालनार्थ ऋण पनि लाएका थिए । पछि उनको रजाई उत्रिसकेपछि राज्य सञ्चालनार्थ ल्याएको ऋण राज्य उत्रिसके छ तिर्नु पर्दैन भन्ने १८७३ मा सनद[1] भएबाट उनका सन्तानहरुले तिर्नु परेन ।

यी विभिन्न वस्तुतथ्य कुराहरुबाट छिल्लीकोटे राजा र मजगैयाहरुको संवन्धमा पछि पनि ाढ मैत्रीको भावना झल्किरहेको थियो । राजाबाट अन्तिम विर्ताको रुपमा १८४७ मा प्राप्त मजगाउँ र्ता नै रह्यो । जति पूर्खाहरुको सम्वन्धमा प्रगाढता पाइएको थियो तर त्यो राज्य उन्मूलन भए पछि का वंशजहरुको असान्निध्यले एक आपसमा अपरिचित जस्ता देखिन्छन् ।

---

[1] परिशिष्ट पेज ९३ मा हेर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विर्ता प्राप्तिका कथाहरु

(क) विर्ताको पृष्ठभूमि

यसरी मजगैयाका पूर्खा विद्याधरले राजासङ्ग प्रभाव जमाई सकेपछि विर्ता प्राप्त गर्ने क्र दाङ जिल्लाको दक्षिणी क्षेत्र आवादी र उत्तरी भागमा खोलाको छेउँछाउँ र त्यसको नजिकका भू- मात्र आवाद भएका थिए । केही आवादी र त्यसका छेउँछाउँ जङ्गल पर्ति मात्र थिए आवादी र त्यसबाट राजस्व उठ्ने समेत भएकोले राजालाई आवाद गराउनु नै राज्यको स्वार्थको थियो । विर्ता दिएपछि त्यसको छेउँछाउँको भाग आवाद गराएमा स्वत: रैकर हुने भएकोले विर्ता कहिल्यै पनि एक ठाउँमा धेरै नभई खण्ड खण्डको रुपमा प्राप्त भएको थियो ।

आद्य पूर्खा विद्याधरका छोरा हरिहर र उनका छोरा हरिकेशरसम्म दाङ, देउखुरी, फला समेत गरी जम्मा ४४ मौजा विर्ता क्रमश: आवाद गराउँदै गराउँदै राजाबाट विर्ता लिई ७ पुस्ता कसैले ४, कसैले २, कसैले १ गरी प्राप्त गर्दै केही दान लिई अन्तिम लक्ष्मीनारायणसम्मले पाएका हुन् ।

(ख) फलावाङ विर्ता

विर्ता प्राप्तिको क्रममा एकदिन विद्याधरका छोरा हरिहरलाई तत्कालीन सल्यानी राजा वोलावट भयो । सो अनुसार हरिहरजी सल्यान पुग्नु भएको थियो । अर्को दिन विहान आफ्नो नित्य स्नानादि गर्नको निमित्त पँधेरामा जानु भयो । आफ्नो स्नानादि कर्म समाप्त गरी चिसो धोती का भिरी दरवारमा आउनु भयो । राजाले चिसो धोती धेरैवेरसम्म काँधमा भिरेको देखेर पण्डितजी चिसो धोती काँधमा राखिराख्नु भएको छ ? भनी सोद्धा हरिहरजी भन्नु हुन्छ के गर्ने मैले आ जग्गामा मात्र अधिकार संझन्छु हिंड्नु र बस्नुबाहेक अरु कसैको जग्गामा अधिकार संझन्न, भने राजाले नजिकैको जमिन देखाई ऊ त्यहाँ सुकाउनोस् त्यो तपाईंलाई विर्ता भयो भन्ने आश्वासन पछि त्यो विर्ताको क्षेत्र विस्तार हुँदै फलावाङ पनि विर्ता हुन गयो ।

पहिले पहिले फलावाङमा खूव ठूला मूला हुने भएकोले उक्त जग्गामा मूला लगाइने ग र त्यहाँका रैतिहरुले मजगैयाका घरमा मूला ल्याउँदथे । सो कुरा हाम्रै परिवारकी बृद्धा टीकारा धर्मपत्नी हिमाकुमारीबाट थाहा पाएको हुँ । पछि उक्त विर्ता दाङ तेघराका काजी नरभूप शाह लिएका थिए ।

(ग) हरिकेशर र सल्यानी राजासंगको कटुता

हरिहरका छोरा हरिकेशर जेठा र कान्छा अज्ञात गरी दुई भाइ रहेछन् । कान्छा भ तात्कालीन सल्यानी राजाका छोरासंग मित लगाएका थिए । तात्कालिक कानून अनुसार मि अपुताली परे मितले खाने भन्ने थियो । सो अनुसार सल्यानी राजाका छोराले घरको चल अ सम्पत्ति र 'चिलम' समेत जवरजस्ति गरी लगेका थिए (चिलम भनेको निश्चय पनि बहुमूल्य धातु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेको हुनु पर्छ भन्ने मेरो तर्क छ ।) त्यसको साथै पूर्खाले पाठ गर्ने गरेको "शिव महिम्न स्तोत्र" को स्तक समेत लुटेर लगेका थिए । उक्त लुटिएको मालसामान फिर्ता माग्न जाँदा उल्टो हरिकेशर र नका साथमा गएका मानिसलाई कुटपिट समेत गरियो । धेरैदिन पिछालाग्दा पनि लुटिएको सामान उन सकेनन् र अन्ततोगत्वा 'चिलम' र स्तोत्रको पुस्तक देऊ भन्दा पनि फिर्ता पाएनन् । हरिकेशर उनका कमाराकमारीसंग सल्यानी राजाका छोरा र उनका साथमा मजगाउँ आएका मानिसहरुसंग नो भए पनि युद्ध भयो । मजगैयाको ठाँटीमा सल्यानीहरुले आगो लगाइदिए । त्यही तयारी अवस्थामा को चौरासी लगाएको सेतो घोंडाको टाउको समेत काटिदिए ।

यत्रो घटना घटाई सल्यानीहरु दलवलसहित सल्यानतर्फ लागे । हरिकेशर पनि पछि पछि ल्यान पुग्नु भयो र राजासंग हाम्रो लुटिएको सामान फिर्ता गर भन्ने आग्रह समेत नुभयो । केही उपाय लागेन र राजाको भान्सामा जुत्ता फालिदिनु भई दाङतर्फ लाग्नुभयो । यस टनाले राजाले आफ्नो अपमान भएको संझी आफ्ना नोकर र छोराहरुलाई ब्राह्मणको पिछा गर्न ाए । पिछा गर्दागर्दा पातुखोलाको शिर "हिरेवास" मा फेलापारी नजिकैको सालको रुखमा चौबाहा ी छातीमा वर्राका किल्ला ठोकी मारेका थिए भन्ने जनश्रुति छ ।

ग) हरिकेशरको मृत्यु र राजालाई ब्रह्महत्या

यसरी सल्यानी राजाका छोराले हरिकेशरलाई मारेर आफ्नो दलबल साथ सल्यान पुगे । फ्नो दरवारमा गएर हाम्रो अपमान गर्ने बाहुनलाई समाप्त पारेर आयौं भन्ने पुरुषार्थ देखाएका ए । घटना घटेको केही दिनपछि राजाकी नोकर्नी फलावाङको ढुङ्गेधारामा पानी लिन गइँन् र राको नजिकमा पुग्दा धाराको छेउँमा सेतो धोती र रुद्राक्ष लगाएर ढुङ्गामाथि बसी जप गर्न लागेका े राजाको भान्सामा जुत्ता फाल्ने बाहुनलाई देखिन् र चिनिन् पनि । उनलाई छेउँमा गएर पानी भर्ने म्मत भएन, अचम्म मान्दै ऊ ! वाहुनलाई मारेर आयौं भन्दथे यहाँ आएर पो जप गर्न लागेका न् । यसरी आश्चर्य मानेको देखी हरिकेशरले सन्ध्या समाप्त गरी पानी भर्नेलाई तिमी नडराऊ केही न पापको फल भने कर्ताले भोग्नुपर्छ । यो सब कुरा दरवारमा गएर चुइक्क सम्म नगर्नु नुभयो । त्यसपछि बडो भयभीत अवस्थामा पानीसम्म लगेर हतार हतारमा दरवारमा पुगिन् । तिबेला उनको आकृति देखेर नै सबैले के भयो भनी सोध्न थाले तर पनि उनी नभन्नु भन्ने शब्दलाई फी संयमित बन्न खोजिन् तर कहाँ हुन्थ्यो, कमारी सबै वृतान्त सुनाउन वाध्य भइन् र सबै टनाक्रम बताइन् र रगत बमन गरी तत्कालै मरिन् ।

प्रेतरुप हरिकेशरले पनि राजप्रेतको रुपमा मुण्टो काटेको घोंडा चढी यताउति दौडाउने हिले हावा–हुर्री जस्ता उपद्रव गर्न थाले । दिनभर शान्त भए पनि रात पऱ्यो कि भय र त्रासको तावरणमा धेरैजसो रातहरु बित्न थाले । यसबाट राजा आजीत भइसकेका थिए । कारण खोज्न लागे न केही सिप लागेन । कुनै दिन राजालाई स्वप्ना भयो । तिमीले ब्राह्मणको हत्या गरेका छौ म्महत्याको पापले तडपिरहने छौ, यसबाट मुक्ति पाउन ब्राह्मणको प्रतिमा बनाई नित्यपूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गऱ्यौ भने तिमी त्यो हत्याको पापबाट मुक्त हुनेछौ- भन्ने स्वप्न वाक्य अनुसार अनुष्
ब्राह्मण पूजा, शान्तिकर्म आदि गरे ।

यस घटनामा आधारित मजगैयाहरुको धार्मिक व्यवहार पनि छ । मजगैयाहरुले मजगा
छाना नभएको ठाँटीमा खीरले पूर्खाको पूजा गर्ने चलन पहिले ठूलो रुपमा हुन्थ्यो । हाल सानो
भए पनि पूजा गर्ने प्रचल चलिरहेको छ । मजगैयाहरुले न्वाँगी र सातु खाँदा पहिले आफ्ना
(देउतावाजे) लाई चढाएर मात्र खान्छन् त्यसबखतमा वाहनको रुपमा माटाको टाउको काटेको
चढाउने प्रचलन छ ।

टाउको नभएको सेतो घोंडा चौरासी लगाएर राती राती मजगैयाको विर्ता र विर्
छेउँछाउँमा घुम्दथ्यो भन्ने पनि किंवदन्ती छ । भेटाउने पनि मेरा वावु वाजे हुन् भन्ने पि
मोहनप्रसादवाट थाहा पाएको हुँ । सल्यानी राजाले हरिकेशरलाई धैरै दुख दिएकोले साङ्गाडको
मजगैयाले खानहुदैन भन्ने चलन छ ।

हरिकेशरका छोरा चिन्तामणि र उनका छोरा मणिरामको इतिहास सम्वन्धमा खास
पाइएको छैन । तर पनि आफ्नो पण्डित परम्परा र तन्त्र साधनाको परम्परालाई राम्रोसंग सं
गरी उनका भावी सन्तानलाई त्यस बाटोमा लगाएका थिए भन्ने कुरा सूदयरामको ता
चमत्कारले पुष्टि गर्छ । विर्ता प्राप्तिको क्रमलाई यहाँहरुवाट पनि जीवन्तता दिइएको थियो ।


स्व. अमरराज मजगैंया

स्व. जीवेन्द्रनाथ मजगैंया

स्व. टीकाराम मजगैंया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजगैंयाको वंशावली

धेरै लामो अन्वेषणबाट प्राप्त वंशावली पूर्व पृष्ठमै राख्नु पर्ने हो, तर वंश वृद्धिको अभाव, एकपुत्र परम्परा ...त्र कायम भएकोले वस्तुगत स्मरणमा केही भिन्नता नआउने देखी जुन पुस्ताबाट वंशवृद्धि भयो त्यहीबाट शुरु गर्ने ...ति भएकोले प्रस्तुत गर्दैछु। जहाँसम्म वंशको नाम लेख्ने कुरा छ, त्यसको सही टिपोट गर्ने प्रयास गरेको छु । तर ...्य र लेख्य नाममा कहीकतै फरक पर्ने भएकोले यदि यस वंशावलीमा त्यस्तो पर्न गएको भए भावनात्मकरुपलाई ...ण गर्नु हुनेछ।

सर्वप्रथम विस्तारित वंशलाई सात पट्टिका सन्तानहरुको रुपमा अर्को पेजदेखि विस्तृत टिपोट गरेको छु। ...म पृष्ठमा मूल पुस्तादेखि सात पट्टिका मूलीहरु उल्लेख गरिएको छ। यसमा जो कसैले पनि लेख्दा भन्दा लक्ष्मीनार ...सम्म पोखेल र सूदयरामदेखि सबैका नाम अगाडि मजगैया लगाउनु आवश्यक छ।

वंशावली

विद्याधर उपाध्याय पोखेल

↓

हरिहर उपाध्याय पोखेल

↓

हरिकेशर उपाध्याय पोखेल

↓

चिन्तामणि उपाध्याय पोखेल

↓

मणिराम उपाध्याय पोखेल

↓

लक्ष्मीनारायण उपाध्याय पोखेल

↓

सूदयराम मजगैया
(१८३०–१८९६)
सिद्धेश्वरा + लालमता

↓

- गंगाधर (१८६३–१९०५) (मना+सन्तोषा)
  - ...लोचन
  - वीरभद ☒
  - मोतिराम
  - वोधनाथ
  - चन्द्रलाल
  - विश्वम्भर ☒
- हेरम्भ ....–१९४४ ☒
- वेणिराम ....–१९४५ ☒
- गोकुलराम .....–१९२७
  - चक्रपाणि
  - ठाकुरप्रसाद
  - तारानाथ

...ाधरका ६ भाइ छोरामध्ये ४ भाइका मात्र सन्तान भए, २ भाइका सन्तान भएनन्। नहुनेमा सन्तोषातर्फका सन्तान वीरभद्र र विश्वम्भर हुनुहुन्छ। वंशहरुमा सन्तान नहुनेलाई ☒ चिन्ह दिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिलोचन + हिमा मजगैंया



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोतिराम मजगैंया



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोधनाथ मजगैंया

खगेश्वरा + गुह्येश्वरा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रलाल मजगैंया

(१८९८–१९५७)

कालिका+सुमित्रा+नैनेश्वरा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रपाणि मजगैंया
हरिकला + ईश्वरा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारानाथ मजगैंया

टीकाराम+हिमादेवी

- रश्मिराज ☒
- केशवराज
  - नारायण
    - टेसी
      - विधान
  - भक्तिराम
    - मदन
      - विवेक
      - सौरभ
    - महेन्द्र
      - प्रवीण
    - उत्तम
  - हिरण्य
    - राजु
  - देवी
    - अभिवादन
    - अभिनन्दन
  - जनार्दन
    - अभिज्ञान
    - अभिषेक
  - शङ्कर
- वामदेव ☒
- भोजराज ☒
- लक्ष्मीनारायण ☒
- शिवप्रसाद
  - गदाधर
    - राजेश
      - रोशन
  - मधुसूदन
    - नवीन
    - रविन
  - शम्भु
    - कुन्दन
    - सिर्जन
  - लक्ष्मण
    - अरुण
    - नीराजन
  - मनोज
    - शशाङ्क
    - शरुण

१०० वर्षीया हिमादेवी मजगैया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाकुरप्रसाद मजगैंया



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवदत्त मजगैंया



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्मीनारायण र शिवालय स्थापना

पूर्खाको छैठौं पुस्ताको रुपमा रहनु भएका लक्ष्मीनारायण पोखेल कर्मनिष्ठ विद्वानका स कर्मकाण्ड तथा तन्त्र साधनामा समेत निपुण हुनुहुन्थ्यो। ऐतिहासिक किंवदन्तीहरुका अनुसार उहाँ आफ्नै घरमा सिद्धपुरुषको दर्शन पाउनु भएको थियो। उहाँले विजौरीस्थित सूदय रामेश्वर शिवालय स्थापना गरी ठूलाठूला यज्ञहरुको अनुष्ठान समेत गर्नु भएको इतिहास छ।

एकदिनको कुरा हो, लक्ष्मीनारायणले आफ्नो पूजा गर्दाको वस्त्र, रुद्राक्षै रुद्राक्ष जडिएका भ उपर्ना लगाएर आफ्नो नित्य पूजा गर्दै हुनुहुन्थ्यो। त्यसैवेला वाहिर एउटा योगी आएर 'अलग जगाउनु भयो। सामान्यतया भ्रुट्ट हेर्दा तेजयुक्त अनुहार भएका योगीजीलाई भित्रबाट मानिस आ हेर्दा उहाँको प्रश्न थियो- खै यो घरका मूली कहाँ छन् बोलाऊ ? भन्दा पूजाकोठामा वसे लक्ष्मीनारायणलाई खवर पुग्यो र उहाँ पूजाकै भेषमा बाहिर आई योगीज्यूलाई शिष्टाचार भन्नुभयो– "महात्मालाई के टक्रयाउँ ?" महात्मा भन्नहुन्छ– "तिमीहरुको सन्तान धेरै पुस्तादेखि एक हुँदै आएका रहेछन् त्यसैले मैले तिमीवाट केही लिदैन बरु उपदेश गर्न आएको हुँ" भ लक्ष्मीनारायण भन्नुहुन्छ– "आज्ञा होस् महात्मा म उपदेश सुन्न लालायित छु।" पुनः महात भन्नुहुन्छ– "तिमीले परम्परादेखि देउखुरीको चर्सा रकम ब्राह्मणले खान नहुने द्रव्य खाएका रहे सन्तान वृद्धि नहुने कारकतत्व समेत भएकोले आजसम्म आर्जित उक्त रुपियाँ जम्मा गरी एक ठाउँ राखेर त्यसमाथि शिवलिङ्ग स्थापना गर्नु र त्यस ठाउँमा बगैचा लगाउनु त्यसपछि तिम्रो सन्तान व हुनेछ" भनी महात्मा अन्तंर्धान हुनुभयो।

महात्माको भनाई अनुसार, उनका पुत्र रत्न सूदयराम जन्मिसकेकोले उनको नामलाई जो सूदयरामेश्वर महादेवको स्थापना गर्नुभयो। यहाँनेर विचारणीय विषय के छ भने मानिस जीवित उसको नामबाट कसरी शिवालय स्थापना भयो भन्ने पनि छ। तर सन्तान वृद्धिकै परिप्रेक्षमा स्थाप गरिएकोले युक्तिसङ्गतनै मानिन्छ।

यसरी सूदयरामवाट ४ छोराहरु भएकोले सन्तान वृद्धिकोलागि स्थापित सन्तानेश्वर महादेवस्व सूदयरामेश्वर भए।

महात्माको भनाइँ अनुसार, शिवलिङ्ग स्थापना गरी बगैचा समेत लगाइएको थियो। तर ह बगैचाको नाम निशान देखिदैन। हालको शिवालय त्यही बगैचा भएको ठाउँमा सरेको छ। प लक्ष्मीनारायणले स्थापना गरेको स्थान कुलाको तट भएको र ठाउँ पनि सानो भएकोले सारिए हो।

हाल मन्दिर भएको ठाउँमा पहिले गुम्वज आकारको पुरानो ढाँचाको मन्दिर थियो। उ मन्दिरलाई जीवनारायण र वामदेवको प्रमुखत्वमा १९९१ सालमा वलरामपुर भारतका मिस्त्रीह वनाएका हुन् भन्ने कुरा उनीहरुको भरपाईवाट सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि पं. रामप्रसादज्यूको जनता महाविद्यालय सञ्चालक समितिको सचिवत्वको कालमा २०२२ सालमा मन्दिर बन्यो र उक्त मन्दिर पनि फुटेर जीर्ण भैसकेकोले पुन: वर्तमान मन्दिर श्रीधर मजगैयाको अध्यक्षताको कार्यकालमा २०५३ सालमा १,३१,३५२।– रु. को लागतमा बनेको हो ।

शिवालयको स्थापना भएदेखि नित्य पूजालाई निरन्तरता दिईरहेको छ । २००७ सालसम्म प्रति महिना १२ रु. पाउने गरी मरासिनी ब्राह्मणलाई पुजारीमा नियुक्त गरिएको थियो । २००७ सालको क्रान्तिताका साङलेबाबालाई पुजारीमा नियुक्त गरियो । उनी आर्य समाजमा विश्वास राख्ने हुनाले पूजा पद्धतिको सनातनताभित्र केही विचलन आयो र एक दिन जुत्ता लगाएर ल्याएको जल शिवजीलाई चढाएकोले उनलाई भगवानप्रति अनास्था जगाउने र संस्थाभित्र राजनैतिक प्रभाव जमाउन खोजेको भनी हटाइयो । त्यसपछि केही दिन मजगैयाहरुले पालैपालो नित्य पूजालाई थमाई राखे । तर आशौच आदिले त्यसलाई नित्यता दिन नसकेपछि पुन: साहु वाहुनले पुजारीको रुपमा पूजा सञ्चालन गरे । उनलाई मजगैयाहरुबाट २२ मुरी धान पूजा गरे वापत दिइन्थ्यो । उनले गङ्गाको जल वैजनाथ धाममा चढाई त्यहाँबाट ल्याएको जल सबैका घरमा वाँड्दथे ।

मजगैयाहरुले विद्यालयलाई दिएको जग्गाबाट १२ खण्डको १ खण्ड अर्थात १०० विगाह जग्गा भएदेखि नियमित श्रोत र संस्थागत विकास हुँदै आएको हो । तर दुवैको सञ्चालक एउटै समिति भएको र विद्यालयतर्फ बढी व्ययभार भएकोले खासगरेर शिवालयतर्फवाट विद्यालयतर्फ नापटी भन्दै लगेको पिताजी मोहनप्रसादका महाविद्यालय सम्वन्धी खाताबाट थाहा पाएको हुँ ।

साहु वाहुन पश्चात् पुजारीको रुपमा मनिकापुर बस्ने बालारामलाई ल्याई ७/८ वर्ष पूजा गर्ने जिम्मा दिईयो । उनले व्यवहारले असमर्थता देखाए पछि हाल २०२८ सालदेखि दैलेखका तिलकराम पोखेलले राम्रो किसिमवाट पूजा आजा चलाई आएका छन् ।

शिवालय सञ्चालन

पहिले पारिवारिक रुपमा सञ्चालित शिवालय १२ खण्डको १ खण्ड १०० विगाहा जग्गा प्राप्त गरिसकेपछि एउटा संस्थागतरुपमा देखापर्‍यो । विद्यालय सञ्चालक समितिको रेखदेख र संरक्षणमा सञ्चालन हुन थाल्यो ।

नयाँ शिक्षा योजना लागूभएपछि विद्यालयद्वारा सञ्चालित देउखुरीको जग्गा अञ्चल शिक्षा समितिले आफ्नो पकडमा लियो । १२ खण्डको १ खण्डको केही हिसाव भएन । खाली हचुवा भरमा रकम निकासा हुन्थ्यो ।

यसरी अव्यवस्थित बन्न लागेको बेलामा पारिवारिक आराध्यदेव समेत भएकोले यसको संरक्षण विना पारिवारिक हित नहुने ठानिनुका साथै अरु कसैले यसको संरक्षणमा चासो नदेखाएकोले २०३१ सालमा संस्थागतरुपबाट विकास गर्न रमाकान्त मजगैयाको अध्यक्षतामा सूदयरामेश्वर शिवालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समिति गठन गरियो। उक्त समितिको पालादेखि शिवालयमा नित्यपुराण सञ्चालन भयो। शुरु शुरु पं. रामेश्वर शर्माले पुराण वाचन गर्नु भएको थियो भने उहाँ पछि हाल २१ वर्षसम्म पं. स्थानेश्व पौडेलले पुराण वाचन गर्दै आउनु भएको छ। उहाँले १८ पुराण, उप–पुराण, उपनिषद आदिको वाच गरिसक्नु भएको छ।

सञ्चालक समिति

क्र.सं.	अध्यक्ष	सचिव	कार्यकाल
१.	रमाकान्त मजगैया	जागेश्वर ब्राह्मण	०३१।११।१२–०३७।२।१०
२.	रामेश्वर शर्मा	नन्दप्रसाद शर्मा	०३७।२।११–०३९।९।२५
३.	रामेश्वर शर्मा	कृष्णप्रसाद शर्मा	०३९।९।२६–०४२।४।२३
४.	रामप्रसाद शर्मा	श्रीधर मजगैया	०४२।४।२४–०४४।५।१५
५.	जागेश्वर ब्राह्मण	श्रीधर मजगैया	०४४।५।१६–०४७।५।१५
६.	श्रीधर मजगैया	विश्वराज शर्मा	०४७।५।१६–०५०।५।१४
७.	श्रीधर मजगैया	विश्वराज शर्मा	०५०।५।१६–०५३।५।१५
८.	श्रीधर मजगैया	विश्वराज शर्मा	०५३।५।१६–..........

१०० विगाहा जग्गा भए पनि खास त्यसको पूर्ण आयस्ता भने यसले कहिले पनि पाए तर पनि सानातिना निर्माण भने भैरहेकै छन्। हाल पुरानो देखिएको आवास धर्मशाला र कुवाँ निर्म गर्नमा श्री दीननाथ उपाध्याय र श्री गेदलाल शर्माको महत्वपूर्ण लगनशीलता थियो। मि २०४१।५।८ गते गठित निर्माण समितिका अध्यक्ष श्री टेकनप्रसाद उपाध्याय र सचिव श्री मजगैयासमेतको सक्रियतामा पार्क निर्माण, भान्सेघर र विद्यालयदेखि शिवालयसम्म बाटोमा खण्डासि र कलवर्ड बनाई शिवालयमा दर्शन गर्न आउने वातावरणलाई गुल्जार बनाइएको थियो। शिवालय उत्तरपट्टि शोभाकरकी धर्मपत्नी इन्द्रकुमारीले वनाएको धर्मशाला पनि छ। यस शिवालयका प्र विशेषताहरु मध्ये ०३१ सालदेखि अविच्छिन्न पुराण वाचन, र एकादशी र शिवरात्री जस्ता पर्वहर कीर्तन तथा प्रवचन कार्यक्रम र सामूहिक ब्रतवन्ध, विवाहका कार्यक्रमहरु हुँदै अएका छन्।

यसको पुनः सञ्चालन श्रोत व्यवस्था श्री ५ को सरकार सवारी मन्त्रालय सुर्खेतको मि २०४५।११।३० को पत्रानुसार महेन्द्र संस्कृत विश्वविद्यालय अर्न्तगत आएको छ। विश्वविद्यालय आएपछि १२ खण्डको १ खण्ड आयस्ता नियमितरुपमा प्राप्त भएको छ। जसको उदाहरण भव्य मन्दिर निर्माण गरिनु हो। यसप्रति विश्वविद्यालयका पदाधिकारी उदार देखिएका छन्।


पं. श्री स्थानेश्वर पौडे

त्यस्तै सूदयरामले देउखुरीको च्याहारमा बगर बाबाको मन्दिर पनि निर्माण गर्नु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूदय रामेश्वर शिवालय समितिको कार्य समिति

२०५० – २०५३

प्रथम अध्यक्ष
स्व. श्री रमाकान्त मजगैया

अध्यक्ष
श्री श्रीधर शर्मा मजगैया

उपाध्यक्ष
श्री विष्वेक्सेन मजगैया

सचिव
श्री विश्वराज मजगैया

सह–सचिव
श्री शंकर मजगैया

सदस्य
श्री कृष्णप्रसाद मजगैया

सदस्य
श्री नारायणप्रसाद मजगैया

सदस्य
श्री सावित्रादेवी मजगैया

सदस्य
श्री कोमानन्द मजगैया

सदस्य
श्री उदय मजगैया

सदस्य
श्री सुनिल मजगैया

सदस्य
श्री मुरारी मजगैया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूदयराम मजगैयाको व्यक्तित्व

(क) जीवन वृत्त

लक्ष्मीनारायण उपाध्यायका एकमात्र सुपुत्र श्री सूदयराम एक अद्वितीय व्यक्तित्व तथा गरेर तन्त्र साधकको रुपमा हुनुहुन्थ्यो भन्ने कुरा उहाँको इतिहास अध्ययन गर्नेहो भने हुन्छ । आफ्ना बाबुबाजेको पैतृक परम्पराबाट विद्याध्ययनको क्रम यहाँमा पनि आएको कर्मकाण्ड, धर्मशास्त्र, कोष, व्याकरण, पुराणको घरैमा वसी अध्ययन गर्नु भएको थियो । गरेर तन्त्र साधनामा उहाँको वैशिष्ट्य देखिन्छ ।

तात्कालिक परम्परा अनुरुप सानै उमेरमा सिद्धेश्वरा र लालमता दुई पत्नीका पति भएका सूदयराम जेठी पत्नीबाट गंगाधर र गोकुलराम तथा कान्छी पत्नी लालमताबाट हेर वेणिराम समेत जम्मा ४ पुत्रका पिता बन्नु भएको थियो । सूदयराम रुपी वृक्षका दुई हाँगाको गंगाधर र गोकुलरामले आज विशेष वटवृक्ष तैयार पारिसकेका छन् ।

पोखेल थर भएर राजाबाट मजगैया पदवी प्राप्त गरेका सूदयरामले आफ्नो अलौ व्यवहारबाट छिल्लीकोटे राजालाई प्रभाव नपारी छाडेनन् । अपितु विर्ताको अन्तिम सीमा मजगाउ बनाएर दाङकै विर्तावारहरुमा उच्च स्थानमा रहने र लगभग ३ हजार विगाह जग्गाका धनी वित सूदयराम बन्न पुगें । त्यसैले सूदयरामलाई 'विना टीकाका राजा' भनिन्थ्यो । त्यो शब्द विर्ता रह बढी प्रयोग हुने गर्दथ्यो । अझै पनि बुढापाकाका मुखबाट मजगैयालाई "विना टीकाका राजा" गरेको सुनिन्छ ।

पोखेल मजगैया कसरी भए भन्ने प्रसङ्ग संक्षेपमा पहिले बताई सकिएको छ । यसै प्र छिल्लीकोटे राजा वीरभद्र शाहले आफ्नी रानी सूदय तथा उनको व्यक्तित्वबाट खुशी भए 'मजगाउँ' भन्ने मौजा (गाउँ) विर्ता दिएर 'मजगैया' भन्ने पदवी दिएका हुन् । त्यो पदवी दि लेखपत्रमा सरदार रुद्रराज र अचार्ज हरदास थिए ।[1] १८३० सालमा जन्मनु भएका सूदयराम १ सालमा गोर्खा प्रवेश गर्दा उहाँ १३ वर्ष को हुनुहुन्थ्यो । प्रथमपटक छिल्लीकोटे राजाले आत्मस गर्न नमानेपछि त्यहाँ संघर्षको वातावरण तयार भयो र राजालाई सहयोग मजगैयाहरुका २०० ज कमारा कमारीहरुले गरेका थिए । १३ वर्षका सानो उमेरका सूदयराम र छिल्लीकोटे राजामा संकट रहेको अवस्थामा उनलाई पकडी कान चिर्न पाए सारा मजगैयाको सम्पत्ति चौघेराको गुठी भएकोले अघिल्ला सवारी चौघेरा रतननाथका योगीहरुले संगठन गरी बाबु आमा पनि नभ सूदयरामलाई पक्री आफूमा समाहित गर्ने निधो गरे । चौघेरामा विवाह भएकी मजगै कमारा कमारीकी छोरीले एककान दुईकान थाहा पाई रातारात विजौरीमा खवर पुर्याईन् । सूद पनि आफ्ना इष्टमित्रको सरसल्लाह अनुसार तत्काल उक्त घटनाबाट बच्न मामाहरु लाग्ने

(१) परिशिष्ट पेज ९३ मा हेर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नकोटमा गएर बस्नुभयो । उता चौघेराबाट ३०,४० जना योगीहरु आई सूदयरामको खोजतलास र्दा, एक किसिमको कमारा कमारीहरुसंग लडाई समेत भएको थियो भनिन्छ । सूदयरामका वलीहरु बनहरीका देवकोटा हुन् । यस परिस्थितिमा मामाघर गएका सूदयरामले केही समय घर ड्नु पऱ्यो । जुन वाध्यात्मक परिस्थितिको उपज थियो ।

कुनै दिन सूदयरामकी जेठी ब्राह्मणी सिद्धेश्वरादेवी र उनकी माइजू मूलकोटको ढुङ्गेधारा को पँधेरामा नुहाउन गएको बेला सामान्य भनासुनी भएछ र त्यसको परिणामस्वरुप सिद्धेश्वराले मी आफ्नै घर फर्कनु पर्दछ। त्यत्रो ऐश्वर्य छोडेर अर्काको घरमा कतिसम्म बस्ने भन्ने पत्नीको बढी ग्रह भएपछि उहाँ आफ्नो घर विजौरीमा फर्कनु भयो ।

यस घटनामा आधारित तथ्य पनि छ। रतननाथको प्रसादको रुपमा कालीरोटी लगभग सवै ङका विर्तावारका घरमा जान्थ्यो तर त्यो पुरानो मनमुटावका कारणले मजगैयाका घरमा आउदैनथ्यो ने कुरा बावु बाजेले भनेको सुनेको थिएँ ।

सूदयरामको भविष्यवाणी

मलाई छोरातर्फबाट पिण्ड
ा क्रम छुटेपछि विर्ता रहने
छैन ।"

नका पनाती जीवेन्द्रनाथको
रलोक भए पछि विर्तामा
पोत लागेको थियो ।



पुरानो शिवालय मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूदयरामको उदारता र दाङवासीको विर्ता

लगभग १८६५ सालतिर पश्चिम नेपालको 'नाल निशाना'[1] लखनौका नवाबले लुटी गरेका रहेछन् । नेपाल सरकारका सल्यानमा रहेका सुव्वा रुद्रबीर शाहीले दाङ विजौरीस्थित सूदयरामेश्वर शिवालयको बगैचामा दाङ सल्यानका रैतिहरुलाई लुटिएको सीमाना फिर्ता विषयमा ठूलो भेला गराएका थिए । रुद्रवीरले सभाको ध्यान आकृष्ट गर्दै हामीलाई दबाएर लख नवाबले सीमाना लुटी लगे, लखनौंसंग लड्न जाने या के गर्ने भन्ने प्रस्ताव राखेपछि उ सभासद्हरु मध्येवाट सूदयरामले अरु कसैलाई दुःखदिन पर्दैन मैले त्यो लुटिलगेको सीमाना गराउन सक्छु भनेकोले उपस्थित सबै विर्तावार लडाईको भयवाट जोगिए भने, नेपाल सूदयरामको आत्मविश्वासमा आश्चर्य भयो । अन्य विर्तावारहरुले पनि सूदयरामको विचार पछि जे गर्नु पर्छ गरौंला भन्ने निर्णय गरे ।

सूदयराम जोगीको भेषगा लखनौ जानु भई 'लखनौ वाग' भन्ने वगैचामा आफ्नो वा गराउनु भयो । शङ्करको जस्तो भेष, शिवलिङ्ग स्थापना र पार्थी पूजाद्वारा उहाँ तन्त्र साधनमा हुनुभयो । आफूमा तान्त्रिक शक्ति आइसकेपछि लखनौमा हरेक किसिमका रोगव्याधि हावा एकाएक ठाउँ ठाउँमा बढ्न थाले । सूदयराम पनि आफ्नो तान्त्रिक चमत्कार र नवाबलाई स गराउने प्रक्रियामा व्यग्र भैरहनु भएको थियो । आफू बसेको बगैचामा त्यसको कुनै प्रभाव थिएन । बगैचाका नजिकका मानिसहरुले योगीको प्रभावलाई यत्र तत्र सर्वत्र विस्तार गर्न लागे गर्दा यो कुरा लखनौ दरवारसम्म पनि पुग्यो । नवाबले प्रहरीलाई लखनौ वागमा बसेका यो बोलाएर ल्याऊ भन्ने आदेश दिए । तदनुसार प्रहरीहरु आएर योगीजीलाई नवाबको स सुनाएं । "योगी कसैको दर्शन गर्न जाँदैन बरु योगीको दर्शन गरे पुण्य मिल्दछ ।" भन्ने सूदयरा जवाफ पाएपछि प्रहरीहरु फिर्ता भए । यो क्रम ३–४ पटकसम्म भयो । योगीजी हलचल गर्नु र साधनामै लीन भैरहनु भयो ।

ठूलो अनुरोध गर्दा पनि नआएको र लखनौमा उपद्रव नथामिएकोले नवाब स्वयं बग्गी महात्मालाई भेट्न आए । जति जति नजिक आउँछन् त्यति त्यति चमत्कारहरु बढ्दै गए । उनको बग्गी समेत पल्टाउन थाल्यो, असिना वर्षियो तर महात्मा बसेको ठाउँमा केही पनि न दैविक चमत्कार देखाए पछि । केही छिनमा पानी असिना बन्द भयो र नवाब महात्माको नजिक दुई प्रश्न गरें । "तपाई कहाँबाट आउनु भएको हो ? कहाँ जाँदै हुनुहुन्छ ?" यसको उत्तरमा मह "तिमी जहाँवाट आयौ म पनि त्यहीबाट आएँ तिमी जहाँ जान्छौ म त्यहाँ जान्न ।" अर्थात् तिमी आमाको गर्भवाट आयौ म पनि त्यहीबाट आए तिमी पापी छौं नरकमा जान्छौ म जादैन भन्ने धेरै कुरा भएपछि प्रभावित भएको नवावले तपाईलाई मैले दरबारमा उच्च ओहदामा राख्छु धन

(१) दुई देश विचको सीमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छु यही बस्नुहोस् भन्दा सूदयराम भन्नुहुन्छ "मैले नेपाल सरकारको निमक खाएको छु बेईमानी र्दैन, बरु तिमीले लुटेको नालनिशान फिर्ता गरिदेऊ यदि गरेनौ भने ३,४ दिनभित्र लखनौमा के के न्छ त्यसको जिम्मेवार तिमी नै हुनु पर्छ।" भन्दै पुनः केही चमत्कार गर्न थाल्नु भयो। प्रभावित ादशाहले नालनिशान फिर्ता गर्ने कवुल र आदेश समेत गरिदिए। उनलाई नवाबले सम्मान साथ पाल फर्काए।

सूदयराम घर फर्की सकेपछि भएको सम्पूर्ण वृतान्त सहित नालनिशाना फिर्ता राएको कुरा समेतका खवर सल्यानको सुव्वा रुद्रवीर शाहीलाई पठाईदिनुभयो। सो मुताविक शाहीले नि नेपाल सरकारमा जाहेर गरे। जाहेरी अनुसार नेपाल सरकारबाट सूदयरामलाई बोलावट यो। केही आन्तरिक कारणले नेपाल सरकारसंग चित्त नबुझेकोले नेपाल जान इन्कार गर्नुभयो। हाँको चित्त नबुझेको कुरा शाहीलाई थाहा थियो र सो अनुसार रुद्रवीरले नेपाल सरकार समक्ष जाहेर रे। नेपाल सरकारबाट पनि 'मजगैंयाका हरण भएका सम्पूर्ण विर्ता थामिदिने भन्ने आदेश भयो र ो मुताविक सूदयरामलाई खवर भयो। यस कुरालाई पनि सूदयरामले स्वीकार्नु भएन बरु उहाँले मैले ात्र खाएर हुन्छ ? छोरी, भान्जा, ससुराली र अन्य सबै ब्राह्मण मेरा दाङवासी अन्य मित्रहरुले समेत ान पाउनु पर्छ, मैले मात्र खान चाहदैन, भन्ने ठाडो जवाफ पठाइदिनु भयो। १८६७ सालमा विर्ता ाचकीहरु आई कसकसका कति विर्ता रहेछन् भन्ने जाँच गरे अनुसारका नेपाल सरकारबाट दयरामले भने वमोजिमका विर्ता थामी दिने भन्ने पत्र अनुसार थामिदिएको र १८७७ सालमा स्वयं दयराम नेपाल गई १८६७ सालमै जाँचकीहरुले जाचिदिएको ४८ जना विर्तावारहरुको नामावली ा गरी लालमोहर समेत गराई सबैका चित्तलाई खुशी तुल्याई सूदयराम दाङमा फर्कनु भयो। पुनः दयरामेश्वर शिवालयको वगैचामा दाङका सम्पूर्ण विर्तावारलाई जुटाई लालमोहर बाँटी दिनु यो। साच्चै भन्ने हो भने सूदयरामको उदारतानै दाङवासीको विर्ताको रुपमा प्रतिष्ठापित यो।[1]


स्व. शोभाकर मजगैंया

स्व. मेदनीप्रसाद मजगैंया

स्व. टेकनप्रसाद मजगैंया

[1] दाङका संपूर्ण विर्तावारहरुको विर्ताको मेमो सदरको कागज परिशिष्ट ८० पेजमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रसाधक सूदयराम

सूदयराम विर्तावार मात्र थिएनन्, उनलाई काललाई पनि नियन्त्रण गर्न सक्ने दैविक समेत प्राप्त थियो । यसै प्रसङ्गको छोटो कथा यसप्रकार छ । कुनै दिन छिल्लीकोटे राजाले विजयको लागि साइत हेराउनु भएको थियो । राजाले तोकेको दिनमा भद्रा परेकोले यस नक्षत्रमा कार्य गर्न ठीक हुँदैन भन्ने सूदयरामबाट निषेधात्मक जवाफ पाए पछि राजाबाट पण्डितजी जसरी भए पनि आज जानै पर्ने छ के गर्ने कुनै उपाय छ भने गर्नु पर्‍यो ? भनेपछि यसरी वाध्यात् परिस्थिति भएकोले सूदयरामले पनि राजालाई ठीकै छ नगई नहुने छ भने कार्य अविघ्न यात्रासिद्धिकालागि तन्त्रद्वारा भद्रालाई यहाँ मुट्ठीमा राख्दछु यो मुट्ठी तपाई नफर्कदासम्म खोल्ने तर कार्य समाप्ति पछि भने विलम्व नगरी जति सक्यो चाँडो फर्कनु पर्ने संकेत दिनुभयो । सूदयरामको वचन पाए पछि राजा दलवल सहित हिंडे ।

केही दिन पछि राजा फर्कनासाथ सूदयरामलाई बोलाएर काम सफल भयो, राम्रो स परेको रहेछ भन्नु भयो । सूदयरामले राजालाई मुट्ठीमा राखेको भद्रालाई उद्देश्य गर्दै यसलाई कहाँ यतिसम्म नियन्त्रित भद्राले केही सानो भए पनि अनर्थ गर्न सक्दछ भनेपछि राजाले त्यहाँबाट ऊ!!! त्यो डाँडामा छोड्नुहोस् यसले गरेको अनर्थले कसैलाई प्रभाव नपारोस् । सूदयरामले पनि डाँडामा पुगी मुट्ठी खोलिदिए भद्रा आगोको रुपलिई त्यो डाडामा रहेका खर र साना तिना रुख वृक्ष डढायो । तत्पश्चात् त्यो भद्रे डाँडो भनेर चिनिने र जानिने समेत भयो [1] । अद्यापि त्यो डाँडो नउम्रने मरुभूमि जस्तो देखिन्छ । यसरी सूदयरामको दैवी चमत्कार भएको पाउँछौं । कसै सूदयरामलाई सिद्ध थिए भन्ने कुरा पनि गर्छन् ।

त्यस्तै अर्को प्रसङ्गमा–एक पटक नेपाल सरकारको निमन्त्रणामा सूदयराम काठमाडौं भएको रहेछ । उक्त अवसरमा भाइभारदार रैतिहरु वसेको सभामा सूदयरामको दौरा (कुर्थी बाउलाबाट पानी चुहुन लाग्यो र कुइनासम्म भिज्दै आयो । त्यो देखेर नजिकमा ब भाइभारदारहरु अचम्म पर्दै यो के हुदैछ कताबाट पानी आयो भन्दै एकछिन भए पनि सूदयरामतिर आकृष्ट भयो । सोधपुछ गर्दा ध्यान मुद्राबाट मुक्त सूदयराम भन्नुहुन्छ– बाग्मतीको घाटमा दुई जना बुढाबुढी नदी तर्न लाग्दा बग्न लागेको देखेर उनीहरुलाई उद्धार गर्दा यी बा भिजेका हुन् । आश्चर्यचकित भएका राजा तथा भारदारले परीक्षाको लागि तुरुन्तै सिपाइ खटाई ठाउँमा हेर्नजाँदा दुई जना बुढाबुढी पानीले निथ्रुक्क रुझी ओल्लो ढिकमा बसेका देखी सोधपुछ हामी नदी तर्दातर्दै बग्न लाग्यौं एउटा ब्राह्मण आई हामीलाई बचाउनु भयो । ती ब्राह्मण कता भन्ने प्रश्नको उत्तरमा बुढाबुढी भन्छन् आठ–दश पाइला हिंड्नु भएको हो त्यसपछि हा

(१) उक्त डाँडो छिल्लीकोटमा पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेनौं । यी सब बृतान्त ल्याई दरवारमा विन्ती गरेपछि उपस्थित सभासद् र राजा समेतमा राम्रो प्रभाव जमाएका थिए भन्ने कुरा लोक श्रुति छ ।

भनिन्छ राजदरवारमा ठूला ठूला सभा समारोहमा मजगैयालाई एउटा कुर्सी दिईएको थियो । जसको प्रतिनिधित्व पछि गएर त्यसताका काठमाडौं पढ्ने जीवेन्द्रनाथलाई सबै मजगैयाले प्रतिनिधित्व गर्नु भन्ने खवर पठाए पछि उहाँले नै प्रतिनिधित्व गर्नु भएको थियो । त्यस्तै राजा महेन्द्रको राज्याभिषेकमा मजगैयाको तर्फबाट मोहनप्रसादले प्रतिनिधित्व गर्नु भएको थियो ।

यसरी इहलोकमा ख्याति कमाएका सूदयराम छिल्लीकोटस्थित आफ्नो घरको तुलसीमठमा विहान सबेरै पूजा गर्दै हुनुहुन्थ्यो । एकछिन ध्यान मुद्रामा लीन हुनुभयो र ध्यान खुलेपछि एकाएक एउटा सुपाडी उहाँको काखमा खस्यो । उहाँले आफ्नी ब्राह्मणीलाई बोलाएर "हेर मलाई त माथिबाट निमन्त्रणा आयो अब छिटो गुण्टा कस्न लगाऊ, यो खवर गंगाधर र गोकुलहरुलाई समेत गर, जाने निर्देशन रामजन्मभूमि अयोध्यामानै छ" भने पछि खवर यत्र तत्र फैलियो । राजारानीबाट विदाभई ठूलो विदाईकासाथ कालिकाबाट पूर्वतर्फ लाग्नुभयो । यो साँच्चै नै सूदयरामको अन्तिम दर्शन थियो । यहाँका विदाई गर्ने व्यक्तिहरु स्तब्ध थिए । सबैका आँखामा आँशु डल्वल थिए, महामानवको महायानमा ती छिल्लीकोटका दुई चुचुरामा अवस्थित कालिका मालिका आशीर्वाद दिदै थिए । गणेश स्थानलाई दाहिने पारेर सधैकोलागि रामको अनुचर बन्न सम्वत १८९६ मा सरयूको शान्त शीतल प्रवाहमा पाञ्चभौतिक शरीरलाई लीन गर्न सूदयलाई रामसंग पठाए पनि आज आफ्नो परिवारको जीवन्त इतिहासमा सधै सूदय अमर रहेका छन् ।

छिल्लीकोट



" मजगैंयाहरुमा आपसी कलह भई समाप्त हुन लागेमा म पुनः यस कुलमा जन्मनेछु ।"

– सूदयराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गंगाधरको व्यक्तित्त्व र प्रभाव

संभ्रान्त परिवार, उदार विचार र विद्वत्ताका धनी गंगाधरलाई ३३ वर्षको उमेरमा पितृ परे पनि परिपक्व विचार र विद्या साधनानै उहाँका अलङ्कार थिए ।

पिताद्वारा अर्जित वैभवका धनी गंगाधर सूदयरामका ज्येष्ठ सुपुत्र हुनुहुन्थ्यो । सिद्धे लालमता दुई आमाबाट चार भाइ भए पनि अन्ततोगत्वा सिद्धेश्वराका पुत्रद्वय गंगाधर र गोकुलरा सन्तति आज एउटै बृक्षका दुई शाखाको रुपमा विकसित र निर्मित देखिन्छन् । अन्य दुई हेरम वेणिरामका सन्तान हुन सकेनन् । चार भाइको सम्पत्ति घरसारमा बण्डागरी खाए पनि यी दुई भा मृत्यु पछि १९४६ सालमा गंगाधरपट्टिको र कान्छा गोकुलपट्टिको बण्डापत्र भएको हो । मजगैयाह पहिलो बण्डापत्र भएको पनि त्यही हो ।

गंगाधरले आफ्नो बाबुको पैतृक परम्परालाई जगेर्ना गर्दै घरको अनौपचारिक अध्यय काशीको पूर्व अध्ययनबाट आफ्नो विद्वत् परम्परालाई संरक्षण गर्नु भएको थियो । भनिन्छ, उहा पुराण कर्मकाण्डका पुस्तकहरु समेत मुखाग्र थिए । आफ्नो नैष्ठिक परम्परालाई जगेर्ना समेत भएको थियो । सूदयरामको मृत्युपछि सम्पूर्ण ऐश्वर्यको भार र समाजको नेतृत्व पनि उहाँम पऱ्यो ।

उहाँका मना र सन्तोषा नाम गरेका दुई पत्नी थिए । १८८० देखि १९०१ सम्म उहाँले ६ छोराहरु प्राप्त गरिसक्नु भएको थियो । मनाबाट जेठा त्रिलोचन, साइँला मोतीराम, काहिँला बोध र कान्छी सन्तोषातर्फबाट माहिला बीरभद्र, साइँला चन्द्रलाल र कान्छा विश्वम्भर भएकोमा मा र कान्छाको अपुताली पऱ्यो । माहिला बीरभद्र शक्तिशाली र विद्वान् पनि थिए । कान्छीपट्टिका २ निसन्तान भएकोले आधा विजौरी चन्द्रलालको र आधा विजौरी जेठी पट्टिका तीन भाइको भ हो । पहिले छुट्टी भिन्न भए पनि बण्डापत्र हुन बाँकी भएकोले १९४६ सालमा औपचारिक बण्ड भयो जुन बण्डापत्र नै चक्रपाणि, जीवराज, टीकाराम समेतले बण्डा लिएको मजगैयाको बण्डापत्र बन्यो [1]।

परिवारमा छुट्टिने क्रम अलि मन्द देखियो । त्यसमा पनि चन्द्रलालका वंशजहरु २०११ सा मात्र छुट्टाभिन्न भए । चक्रपाणि, तारानाथ ठाकुरप्रसादमा सर्वप्रथम तारानाथ छुट्टिनु भए उहाँहरुको सन्तानलाई छुट्टयाघर परिवार अझै पनि भनिन्छ । सन्तान बृद्धिको क्रमलाई हेर्ने हो ठाकुरप्रसादका सन्तानहरुमा सांख्यकी विकास निकै भएको पाइन्छ ।

गंगाधर छुट्टिभिन्न हुँदा कचिली र व्यासपुर मौजा जेठाक पाउनु भएको थियो ।

---

(१) उक्त बण्डापत्रको नक्कल परिशिष्ट पेज ११२ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिल्लीकोट र कालिका मालिका

क) पृष्ठभूमि

चल्ल वंशका राजाले दङ्गिशरणलाई परास्त गरी दाङको राज्य लिएपछि उनी बस्ने कोटलाई छिल्लीकोट भन्ने गरियो । राजाहरुले स्वभावतः शक्तिको आराधना गर्ने हुनाले कालिका भगवतीको थापना गरेका थिए । मन्दिरदेखि पूर्वतर्फ राजदरवारको खण्डहर मात्र अवशेष छ । मालिकाको चुरो भन्दा १५ फिट तल गुप्तेश्वर नाम गरेको गुफा छ । त्यसभित्र देव देवीका मूर्तिहरु छन् र हिलेकाँही राती त्यस गुफाभित्र बाजागाजा बज्ने, पूजापाठ हुने र तपस्वीहरु आई तपस्या गर्छन् भन्ने नश्रुति छ । कालिकाको पूर्वतर्फको चुचुरोमा सिद्धपीठको रुपमा मालिकाको पूजाआजा रिन्छ । स्वस्थानी व्रत कथाको दशौं अध्यायमा मल्लागिरिमा गई बायाँ कुम पतन भयो र लिकादेवी उत्पन्न भइन् भन्ने प्रसङ्ग छ । हाल त्यस पर्वतमा मलागेडीको बन छ, मलागेडीबाट ल्ला भयो गिरिको अर्थ हुन्छ पर्वत यसरी मल्लागिरि भएको हो भन्ने सुनिन्छ । मालिका देवीको न्दिरभित्र रहेको मूर्ति स्वरुप ठूलो पत्थर वीचबाट पट्ट फुटेको छ । त्यसमा नै सतीदेवीको बायाँ कुम तन भएको थियो भन्ने किंवदन्ती छ । त्यसठाउँमा दशैं र चैत्राष्टमी आदि पर्वहरुमा श्रद्धालुहरुको लो भिड लाग्छ । बोका, राङा, कुखुरा, परेवा आदि बली दिने प्रचलन छ ।

२०१७ साल भन्दा अघि दाङमा मलेरिया (औलो) लाग्ने भएकोले कोटलाग्ने चलन थियो । महिना दाङ र ६ महिना कोट (छिल्लीकोट र त्यसको वरपर) बस्ने गर्दथे । त्यस समयमा टवासीहरुले दशैं भरी पाठ पूजा गरी हवन गर्नको लागि सवैजना मालिका मन्दिरमा जम्मा र्थे । ती हवनीय कुण्डहरु अझै छन् । त्यसबेला एकपटक कोटी होम पनि भएको थियो । उक्त कुण्ड झै पनि देखिन्छन् । उत्खनन् गर्ने हो भने अङ्गारहरु अझै भेटिन्छन् ।

मालिका मन्दिरको करिव २०० फिट तल एउटा पहरोमा गणेशको शिला छ । त्यहाँ पनि ल्लीकोट जाने मानिसहरुले पूजाआजा गर्ने गर्दछन् । उर्पयुक्त कालिका मालिका मन्दिरहरु पहिले ठले बनाएर गारो लगाएका थिए । हाल जीर्ण भएपछि संस्कृत अध्ययन संस्थान बेलझुण्डी दाङले क्की कालिका मालिकाको मन्दिर २०३३/०३४ सालतिर निर्माण गरेको हो । हाल ती मन्दिरहरु नि जीर्ण भै सकेका छन् तर विश्वविद्यालय भैसकेपछि त्यति चासो देखाइएको छैन ।

ख) पूजा चलाउने व्यवस्था

छिल्लीकोटे राजाको शासन समाप्त भैसकेपछि त्यहाँको पूजा चलाउने परम्परा अस्थायी मा मजगैयाहरुले व्यवस्था गरिदिएको पाइन्छ । लगभग १९०४ तिर श्री ३ जङ्गबहादुर राणा दाङमा एका थिए । दाङ आउनु भन्दा पनि अघि मजगैयाको घरमा बस्ने भन्ने खवर आइसकेको थियो । णाजीका साथमा सिपाई समेत धेरै जना आउने भएकोले गोठलाई लिपाई पोताई गरी बस्नको लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार पारिएको थियो । तमाखु खानको लागि सोते बनाइयो । यसबेलाका दाङकै भद्र भला सरकारी मानिसहरुको उपस्थिति पहिले नै भैसकेको थियो । दिउँसो लगभग २ बजेतिर हात्ती आएपुगेका राणाजीले त्यही गोठमै नास्ता पानी गर्नु भयो । कुराको प्रसङ्गमा जंगवहादुर मजगैयाको सारा घर हेर्दछु भन्ने विचार गरी सो अनुसार घरभित्र गई बुइगलसम्म पुगे । ता ठूला ठूला कुरुवामा राखेका तेल, घिउ, मह, खुदो, बेसारमा पालैपालो हात चोप्दै अर्को भाँडामा हाल्दै अब त सवै हेरी सकियो भन्दै तल ओर्ले । ओर्लदा सुत्ने कोठामा समेत हेर्न जान लाग्दा को स्वास्नीमानिस देखेर “ब्राह्मणीलाई छोई पाप रानीलाई देखी पाप” भन्ने उखान हाल्दै तल लगाएका कपडामा जम्मै चिज लागेकाले कपडा समेत वदल्न परेको थियो । पुनः गोठमा विर्तावारहरुसंग भेटघाट गरी साँझ वास बस्ने क्याम्प काला खोलामा गए ।

काला खोला क्याम्पबाट शिकार खेल्ने कार्यक्रम बन्यो, सो कार्यक्रममा जङ्गवहादुरको अनुसार मजगैया गंगाधरलाई पनि बोलाइएको थियो । आफ्नो दल बल सहित मजगैया गंगाध साथ लिई मनिकापुर[1] को जंगलमा शिकार खेल्न गए । शिकार खेल्दै खेल्दै हालको मनिका मध्यभागमा पुगेपछि राम्रो मिलेको एउटा डाँडो देखियो । त्यसमा साना साना गह्रा बनाएका पनि देखिन थाले । उक्त वीच भागमा भएको जमीनलाई उद्देश्य गर्दै जङ्गबहादुरले गंगाधरलाई भयो र गंगाधरले यो पहिले आवादी थियो अहिले पर्ति रहेको सम्पूर्ण वृतान्त सुनाए । राणाजीले छेउछाउमा कुनै देवी देउताका मन्दिर छन् कि छैनन् भनेपछि गंगाधरजीले उत्तरतर्फको प चुचुरा देखाउँदै कालिका मालिकाको इतिहास समेत सुनाउनु भयो । जंगबहादुरले पनि यो भू गुल्जार बनाई पूजाआजा चलाउने आदेश दिए । गंगाधरजीले पनि उक्त आदेशलाई स्वीकार आफ्नो जिम्मामा लिई यौटा ब्राह्मण राखी पूजा चलाई आयस्ता खानु भनी बन्दोबस्त मि भयो । आफ्ना कमाराकमारी विजौरीबाट ५,६ घर मनिकापुर पठाई आवाद समेत गर्न लगाउनु थियो । यसरी मनिकापुर आवाद भयो ।

पूजाकै प्रसङ्गमा १२ मुरी मकै लिएर खरदार लक्ष्मीप्रसाद देवकोटाले कालिका मालि पूजा गर्नुहुन्थ्यो । त्यत्तिकैमा कसैले वेसनदी विर्ता मनिकापुर खाए भन्ने पोल पर्‍यो । गं जङ्गबहादुरले भने अनुसारको जग्गाको आयस्ताबाट पूजा चलाएकाँ छौं अरु जग्गा पछि आवाद हो भन्ने प्रतिवाद गरेपछि कुरा त्यत्तिकै सिद्धियो । त्यतिबेलाको मूल्य अनुसार १२ मुरी १७।–, बोकाको १।–, पाठ दक्षिणा १।–, पूजा सामान १।– गरी जम्मा २० रु. दिइन्थ्यो ।

उक्त जग्गा १९७२ सालमा रैकर भयो र नाघु चौधरीले रैतान जिंदारी प्राप्त गरे । त्य घनिवगिया भीमकान्तजीले चौधरीबाट खरीद गरी त्यो जिंदारी पछि डाडागाउँ रामप्रसादका हुन आयो । यो जग्गा जेठापट्टिका अरु भाइको भएन र चन्द्रलालपट्टिकोसम्म ११ विगाहा भयो । हाल सबैले बिक्री गरिसके । रैकरमा परिणत गराईसकेपछि सरकारले नै पूजा खर्च

(१) हाल विजौरी गाउँ विकास समितिको वडा नं. ३ मा पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्दथ्यो । माल कार्यालयबाट १००।– रु. प्राप्त गरी पूजा गर्दै आएको देखिन्छ । तर पनि नियमित जाको भने कहिलेकाही अभाव देखिन्थ्यो । त्यसलाई स्थायित्व दिन अनेक किसिमका प्रयासहरु नस्तरबाट भइरहन्थ्यो । धेरै समयसम्म माल कार्यालयबाट दिइएको पैसाले पूजा चल्दथ्यो । २०१० ालमा देउखुरीको जग्गा विद्यालयलाई दिंदा मोहनप्रसादको प्रस्तावमा कालिका मालिकाको पूजा मित चलाउने भन्ने उल्लेख भएको थियो । विद्यालय संचालक समितिले पनि पटकै सहयोग दिदै ाएको देखिन्छ । छिल्लीकोटमा पूजा गर्न अमृतामाता नियुक्त भएपछि, उनले कालिकाको मन्दिर ल्लीकोटे राजाले दाङ बासगढीमा स्थापना गरेको कालिका मन्दिरलाई कोटबाट झरेको र लागेको ै गरी कालिका देवी र गणेशस्थानको नित्य पूजा पनि बासगढीमै गर्न लागिन् । डाँडागाउँ जेठी ामा विष्णु कुमारीले कालिकाको र डाडागाउँ रामप्रसादले गणेशको मन्दिर वनाइदिनु भएको हो । मृता माताले छिल्लीकोटमा दशैंमा सम्म यौटा ब्राह्मणलाई राखी पाठ गराउँदै आएकी थिइन् ।

यी सब कुरालाई विश्लेषण गरी प्राचीन परम्परालाई कायम राख्न प्राचीन स्थल छिल्लीकोटमा कालिका मालिकाका मन्दिरको संरक्षण र नित्यपूजा चलाउने समेत अभिप्राय लिएर ०३९।३।२३ मा श्री रामेश्वर शर्माको क्याम्पस प्रमुखत्वकालमा स्थायी कोषको धर्मपत्र तयार गरी सञ्चालक मितिको निर्माण भयो । हालसम्म पुजारी श्री कृष्णानन्द गिरीले छिल्लीकोटलाई पर्यटक केन्द्रको पमा गुलजार गरी आएका छन् । दान पत्र अनुसार, जनता क्याम्पसका शिक्षक, कर्मचारीले प्रति हिना आफ्नो पारिश्रमिकबाट सयकडा ५० पैसाका दरले उठाएको कोषबाट मासिक तलब जारीलाई ९००।– र बाँकी रकमले हाल सम्म धर्मशाला निर्माण गरेको छ । क्याम्पस परिवारले र्षमा एक पटक छिल्लीकोटमा गई महापूजा गर्ने परम्परा बसालेका छन् । त्यस्तै सं.अ.सं.कै लादेखि वर्षमा एक पटक मार्ग शुक्ल अष्टमीका दिन वर्षवन्दी पूजा गरी बली अर्पण गर्ने रम्परा हालसम्म पनि मं.सं.वि. केन्द्रीय कार्यालयले कायम राखेको छ ।

तल वासगढीस्थित देवीको मन्दिरमा अमृता माताको समाधि भएपछि केही अस्तव्यस्त स्तो देखिए पनि त्यहाँ भएको नित्यपूजालाई जीवन्तता दिन सूदयरामेश्वर शिवालय समितिले फ्नो जिम्मामा लिई पूजाआजा खण्डित हुन दिएन । २०४६।२।१४ मा बासगढीमा वसेको सार्वजनिक ठकले अवदेखि उक्त मन्दिर व्यवस्थापन प्रशासन पूजाआजा सूदयरामेश्वर शिवालय समितिले नै र्ने भन्ने निर्णय गरे अनुसार केही समयसम्म सू.रा.शि.स. कोषबाट खर्च व्यहोर्ने गरी चलाई आएको यो । हाल म.सं.वि.वि. जग्गा सञ्चालक समितिको निर्णय अनुसार वार्षिक १५००।–रु. अनुदान पलव्ध भएको छ । केही समयसम्म शिवालयले १५००।– मा थप गरी वार्षिक ३००।– त्यहाँका जारीलाई वार्षिक अनुदान दिदै आएको हो तापनि गत वर्ष देखि श्रोतको अभावले शिवालयले दिने नुदान बन्द गरको छ हाल उक्त मन्दिरको जग्गा देवी स्थानमा ८ कठ्ठा र बजार खेतको पुछारमा कठ्ठा छ । गुठी संस्थानबाट परंपरागतरुपमा प्राप्त बार्षिक ३६५।– रु. देवीस्थानकै पुजारीले पाउने वस्था भै आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय खण्ड

ऐतिहासिक सती प्रथा

चन्द्रशमशेरले वि.स. १९२० मा कानूनी रुपले सती प्रथालाई अन्त गरे पनि त्यो का चन्द्रलालकी पतिव्रता पत्नी नैनेश्वरालाई छुन सकेन ।

सती प्रथाका सम्बन्धमा हाम्रा धर्म ग्रन्थहरुले विशद व्याख्या गरेका छन् । त्यसको पनि वैज्ञानिक अर्थ छ । तर जवरजस्ती आत्महत्याको रुपमा सती गराइनेको फल धर्मशास्त्रले छैन । पति पत्नीको प्रगाढताको द्योतक तथा प्रेमको अमरगाथामा आधारित स्वत:स्फूर्त सती लीन हुनु नै शास्त्रको मर्यादा हो । त्यसमा विकृति आयो र सही ढङ्गबाट प्रयोग भएन भने उपहास हुन सक्छ, मर्यादा भङ्ग हुन सक्छ । तर शास्त्रीय मर्यादालाई आत्मसात गरेकी शायद नेप इतिहासमा अन्तिम सतीको रुपमा परिचित चन्द्रलालकी धर्मपत्नी नैनेश्वराको आफ्नो अलग इ वनिसकेको छ ।

चन्द्रलालकी दुई वटी ब्राह्मणी थिए । जेठी सुमित्रा र कान्छी नैनेश्वरा । सुमित्रा सालतिर स्वर्गवास हुनुभयो । उहाँको मृत्युपछि सम्पूर्ण ऐश्वर्यको भार एक मात्र नैनेश्वरामा प हुन त सुमित्रातर्फका जेठा छोरा जीवनारायणको खगेश्वरासंग विवाह भैसकेको थियो । दुवैतर्फ भाइ बहिनीलाई स्याहार सुसार गर्दै गृहस्थ जीवनको निष्ठामा नैनेश्वराले दिन व्यतीत हुनुहुन्थ्यो । ६ भाइबहिनी मध्ये जेठा जीवनारायण र पर्सेनीकी छोरी सुमित्रातर्फका थिए भने म अमरराज, कान्छा पद्मनाभ, भैंसाहीकी छोरी टीका र मसिनाकी छोरी अन्नपूर्णा गरी चार भाइ नैनेश्वरातर्फका थिए ।

५९ वर्षको उमेरमा चन्द्रलाल दम खोकीको रोगबाट पीडित हुनुहुन्थ्यो । उहाँलाई समयमा रुघाखोकी सोत्रेले पीडा गऱ्यो र त्यसबाट मुक्त हुन सक्नु भएन । त्यस्तो स्थितिमा पतिव्रता नैनेश्वरा कत्ति पनि विचलित हुनु भएको थिएन । गोरी छोटो कदकी हँसिलो मुहार व्यस्त रहने उहाँ उदार दिलकी हुनुहुन्थ्यो । पतिको विरामीको अन्त्य अवस्थामा पनि अन्तिम सम पर्खेर आफ्नो दृढ निश्चयलाई बलियो पार्दै हुनुहुन्थ्यो ।

चन्द्रलालको साथसाथै उहाँको पनि दश दान र वैतरणी समेत भयो । ४ पाथी धानका ४ पाथी चामल, २०० का पैसा र सती जाने सरसामान आफ्नै हातले तयार पार्नु भई दो भोलाप्रसाद रेग्मीको पौरोहित्यमा नैनेश्वराको गौरी पूजा भएको थियो । उक्त पूजामा आफ्नो आफै गर्नुका साथै रेशमी पाट र तासकुचीन (सुनको जरीले बनेको लुगा) को धोती समेत ल भएको थियो । उहाँले गौरी पूजा हुनुभन्दा अगाडि ३ दिन देखि फलफूल मात्र खाई शरीर गरिराख्नु भएको थियो भने जेठी छोरीलाई र जेठा छोरालाई सान्त्वना दिदै आफ्नो उद्देश्यप्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खिनुहुन्थ्यो । गौरी पूजा गरेपछि उहाँको चिन्तन मनन परमधामतर्फ लागेकोले मुख सुक्न थाल्यो, गत गल्न थाल्यो, चित्त एकाग्र भैसकेकी उहाँ चिन्ता र ममताशून्य जस्तो भैसक्नु भएको थियो ।

त्यसबेला एक किसिमको सानो सानो मेला जस्तो भीड लागेको थियो। इष्टमित्र, बन्धुवान्धवहरुको भीड शोकसभामा परिणत हुँदै थियो । कति मानिस पैसा राखेर सतीदेवीको अन्तिम दर्शन भन्दै शोकाकुल भई आँसुका धारा बगाउँदै दर्शन गर्दथे भने कति सती जाने मानिसको थुकयुक्त जन्तर लगाएमा सबै रोग जान्छन् भन्ने बलियो धार्मिक धारणा बनाउँदै बज्यै मलाई थुकी दिनोस् भन्दथे ।

१९५७ सालको माघे औंसीको दिन थियो। सिर्सिरे जाडो, आकाशमा हल्का बादलले छोए पनि यहाँ उपस्थित सबै भावविह्वल देखिन्थे । सबैका आँखामा आँसु र भावुक स्वभाव नेश्वरामा केन्द्रित थिए ।

विजौरी मालका अमिनहरु आएर बज्यै बालक छोराछोरीलाई पाल्नु र सती जानु भनेको एउटै । यी केटाकेटीलाई छोडेर नजानोस् भन्दै जति बिन्ती गरे पनि उहाँ भन्नुहुन्थ्यो “म आफ्नो धर्ममा डीग छु के मलाई रोकेर यसको प्रतिवाय बोक्न तैयार छौ ?” भन्दै सबैलाई अवाक् बनाइदिनुहुन्थ्यो जेठा छोरा जीवनारायणतिर लक्ष्य गर्दै यिनले भाइबहिनीहरुको हेरचाह गर्दछन् भन्नु भएको थियो ।

सबैको अनुरोध आग्रहलाई नमानेर जति जति चन्द्रलाल गल्दै जानुहुन्थ्यो त्यति त्यति नेश्वरा पनि गल्दै जानुभयो। अन्तिम समय आइनै हाल्यो। तुलसीमठको अगाडि गाईको गोबरले पी दुबैलाई बाहिर ल्याई सुताइयो। त्यहीं उत्क्रान्ति दान पनि गरिएको थियो। उत्क्रान्ति दान पछि नेश्वरा चेतनामुक्त जस्तो बनिसक्नुभएको थियो ।

चन्द्रलाललाई बाँसको डट्टी तथा नैनेश्वरालाई डोली बनाई लावा लस्करको साथ सिन्दूरे त्रा गरी अविर छर्कदै गुहार खोलाको खार खोला मिसिने ठाउँको दोभानमा[1] विजौरीदेखि त्यहाँसम्म का मलामी तथा शोकसन्तप्त परिवारजनको बीचमा अन्त्येष्टि कार्य संपन्न गरिएको थियो ।

चन्द्रलाललाई दिगम्बर बनाई शलोमाथि राखेपछि उहाँको दाहिने हातको शिरान गराएर नेश्वरलाई सुताइयो र उहाँ मूर्दातुल्य भैसक्नु भएको थियो। त्यसबेला गर्नु पर्ने सम्पूर्ण संस्कार तथा गबत्ती दिइसकेपछि अचेतन अवस्थामा नैनेश्वरा भए पनि अन्तरआत्मा निस्कने बेला केही आवाज सैले सुन्लान् र दुःख मान्लान् भनेर बाजागाजा पनि बजाइएको थियो ।

यो वास्तवमा कलिको यस शताव्दीभित्रको नेपालकै पनि शायद अन्तिम सतीको इतिहास न सक्छ ।

स्व. श्री जीवनारायण मजगैयाकी पत्नी
स्व. श्री गोमता मजगैंया →

[1] हलवार गाउँ विकास समितिको वडा नं. ६ मा पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजगैयाभित्रको पट्टि व्यवस्था र त्यसको उत्पत्ति

जव मजगैया परिवारको सन्तान वृद्धिको क्रम निर्वाधरुपमा अगाडि बढ्यो तव गं गोकुलरामका सन्तानहरु सातपट्टिको रुपमा विभक्त भए । सातपट्टिको व्यवस्था सामूहिक नें बाँडफाँड र पारिवारिक तथा संस्थागत उन्नति र प्रगतिको लागि सहायक पनि हुन्थ्यो । चाहे देउखुरीको मामलामा होस्, चाहे त्यो विद्यालयकै स्थापनामा होस, नेतृत्व पङ्तिको छनोट र निर्ण सरलतालाई यसले निरन्तरता दिइरहेको हुन्थ्यो ।

सामूहिक कामकाज देउखुरीको प्रशासन र बाँडफाँड, मुद्दामामिला, महाविद्यालयको व्यवस् र विकासको निम्ति र सामूहिक पारिवारिक नेतृत्वको विकास गर्न नै पट्टि व्यवस्थाको शुरुवात भ हो । जसमा प्रत्येक पट्टिका पट्टेदारहरुको नेतृत्वमा आफ्नो पट्टिको नेतृत्व भएको कुरालाई स्वी पर्दथ्यो । त्यसमा नै आफ्नो पहिचान हुन्थ्यो । अहिले पनि हाम्रो गाउँले जन जिब्रोमा आउने र भ सातपट्टिका नाम उपनामहरु पनि छन् । त्यसलाई पनि क्रमवद्धरुपमा प्रस्तुत गरेको छु । भाषिकाबाट पनि ती नाम प्रचलित छन् ।

(क) डाडागाउँ पट्टि :– यसलाई जेठा पट्टि र थारु भाषामा डड्ग्यान्पट्टि भनि यसभित्र त्रिलोचनका सन्तानहरु पर्दछन् । त्रिलोचनको मूल स्थल डाडागाउँ भएं पनि हाल उ सन्तानहरु डाडागाउँ, पर्सेनी, तुलसीपुर, कर्जाही, भरतपुर, देउखुरी बनघुस्री, सुनडवरीमा बसो गर्दछन् । मूल थलो बिजौरी भएकोले त्यसको अनुपातमा डाँडोमा अर्थात् ढिकमा गाउँ भए डाडागाउँ भएको हो भन्ने सुनिन्छ ।

(ख) ढिक्वाघर पट्टि :– यसलाई सँल्लान् पट्टि पनि भनिन्छ । तल्लाघर गहिरोमा भएकोले त्यसको अपेक्षा ढिकमा घर भएवाट ढिक्वाघर पट्टि भएको भन्ने भनाइ छ । भ साइँलो भएकोले सँल्लान् भनिने गरिन्छ । यसभित्र मोतीरामका सन्तानहरु पर्दछन् । उहाँको मूल विजौरीमा भएपनि हाल उहाँका सन्तानहरु विजौरी, स्थानगाउँ, बाँसगढी, कचिला, बम्नि घोराही, बर्दिया, डाडागाउँ, देउखुरी उच्चानिम्बुवामा बसोबास गर्दछन् ।

(ग) बबाघर पट्टि :– बाबाघरवाट अपभ्रंश हुँदै बबाघर भएको हो । य वोधनाथका सन्तानहरु पर्दछन् । वोधनाथ छिल्लीकोटमा चार भाइ र सम्पत्ति छाडेर तपस्या गर्न भएको थियो । साधु तथा सन्त विचार भएका हुनाले बावा जस्तो स्वभाव भएकाको घर बा भएको हो । उहाँको मूल थलो विजौरी भएपनि उहाँका सन्तान विजौरी, तुलसीपुर, मौली, मज वर्दियामा वसोवास गर्दछन् ।

(घ) तल्लाघर पट्टि :– यसलाई पन्तान् पट्टि पनि भन्दछन् । गहिरोमा घर भ तल्लाघर भयो भन्ने, चन्द्रलाल पण्डित थिए । थारु भाषामा अपभ्रंश हुँदा पण्डितान्वाट पन्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाएको हो । चन्द्रलालले लेखेका २ सन्दूश पुस्तक उहाँ मरेपछि खोलामा लगेर बगाइएको थियो भन्ने ैले सुनेको थिएँ । यस पट्टि भित्र चन्द्रलालका सन्तानहरु पर्दछन् । शुरुमा निकै सानो रुपमा वंश वृद्धि ाए पनि हाल पट्टि भित्रको जनघनत्वमा मध्यममा पर्दछ । चन्द्रलालका नातीहरु २०११ सालमा छुट्टिएका हुन् । गंगाधरका छोरा वीरभद्र र विश्वम्भरको अंश समेत चन्द्रलालले पाएकाले मजगैयाको म्पूर्ण जग्गाको आधाको आधा जग्गा चन्द्रलालको भागमा थियो । विजौरी मूलघर भएपनि हाल उनका सन्तानहरु विजौरी, दोघरिया, बासगढी, देउखुरी सोनपुरमा वसोवास गर्दछन् ।

(ङ) **छुट्याघर पट्टि :–** यस पट्टिमा गोकुलरामका सन्तानहरुमध्ये सर्वप्रथम छुट्टीभिन्न ाएकोले छुट्याघर भनेको हो । पारिवारिक जनघनत्वभित्र सवभन्दा सानो पट्टिको रुपमा चिनिने छुट्याघरपट्टिका प्रमुख तारानाथ हुनुहुन्छ । तारानाथकी बुहारी टीकारामकी धर्मपत्नी हाल चार स्ताको प्रतिनिधित्व गर्ने प्रतिनिधिको रुपमा जीवित हुनुहुन्छ । स्थायी बसोबास हाडिमे भएपनि ाहदागाउँ, मजगाउँ, बर्दियामा उहाँका सन्तानहरु बस्दछन् ।

(च) **कोट्टेघर पट्टि :–** गोकुलरामको हाडिमेमा घर थियो । हालको कोट्टेगाउँमा ्लो करेसाबारी (कोट्टेवारी) थियो । गोकुलरामका सन्तान ठाकुरप्रसाद छुट्टीभिन्न भइ कोट्टेबारीतर्फ घर नाएकोले कोट्टेघरपट्टि नाम भएको हो भन्ने छ । जनघनत्वको हिसावले ठूलो पट्टिको रुपमा विकास एको यस पट्टिभित्र २ वटा ठूला हाँगा छन्– मानपुरपट्टि र वासडवरापट्टि । पछि मानपुर किनेपछि वदत्तका सन्तानहरु सबै मानपुरमा बसोबास गर्न थाले र पछि मानपुरपट्टि भयो र अर्को जीवराजका न्तान बाँसडवरामा बस्न थालेकोले बाँसडबरा पट्टि हुन गयो । सूदयरामबाट ९ पुस्तासम्मको तिनिधित्व गर्ने यस पट्टिका सन्तानहरु हाडिमे, मानपुर, बाँसडवरा, बनकट्टा, जहदागाउँ, हापुर, पूर्व ाडागाउँ, करङ्गा, बेलहरी, डोक्रेनी र बर्दियामा छन् ।

(छ) **लूटपुर पट्टि :–** यसपट्टिको मूल घर खरखरे हो । त्यहाँ ठूलो कलशे महल ायो । हालको हेमन्तपुर भन्दा उत्तरतर्फ लूटपुरमा गुहारखोलाको पानी जान लागेपछि ९ विगाहा ग्गा किनिएको थियो र बसोबासको पनि प्रवन्ध मिलाउने व्यवस्था हुँदै थियो तर पानी नजाने एकाले पुनः हाडिमेमा नै बसोबास भयो । लुट्न गएको जस्तो भएकाले तात्कालिक समाजले लूटपुर ट्टि नाम राख्यो । चक्रपाणिका सन्तानहरु यही पट्टि भित्र पर्दछन् । कान्छी पट्टीका चारभाइ काशीराम, ण्डिराम, ढुण्डिराम, जीवेन्द्रनाथ राताघरमा आउनु भयो । जेठी पट्टिका दुई भाइ खेमकान्त र ल्सीराम खरखरेमा नै वस्नुभयो । कान्छी पट्टिका ४ भाइका ११ छोरा छोरीहरुको १५ दिनभित्रै मृत्यु एको थियो । यस पट्टिमा तुलसीराम धर्मशास्त्र, इतिहास, पुराण, कानूनवेत्ता समेत हुनुहुन्थ्यो । दाङका र्मशास्त्र सम्वन्धी सम्पूर्ण निर्णय को निर्णयकर्ता उहाँ नै हुनुहुन्थ्यो भन्ने उहाँसङ्ग पढेका व्यक्तिहरुले नेको सुनेको थिएँ । हाल यस पट्टिका सन्तान खरखरे, हाडिमे, कुर्रे, जहदागाउँ, विजौरी, बाँसगढी, लालीमा अवस्थित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजगैयाहरुको साँस्कृतिक व्यवस्था

धर्मप्राण हिन्दुहरुमा आफ्नै साँस्कृतिक धारणाले परम्परागतरुपमा जरो गाडेको देखिन्छ। सर्वमान्य तथ्यलाई भनिरहनु पर्दैन। तर यस पुस्तकमा लेख्नु पर्ने मूल अर्थ– मजगैयाहरुको केही साँस्कृतिक परम्परा बेग्लै छ भन्ने देखाउन खोजिएको मात्र हो।

हाम्रा साँस्कृतिक व्यवस्थाका मुख्यतया ३ वटा कुराहरुलाई यहाँ प्रस्तुत गर्न खोजिएको

(क) कुलपूजाको परम्परा

(ख) अष्टमी पूजा र त्यसको वास्तविकता

(ग) देउताबाजे पूजा र अन्य पूजाहरु।

(क) कुलपूजाको परम्परा

वंशवृद्धि र वंश विभाजनको मूल हाँगालाई मूलपूर्खा वा कुल बनाएर पूजा गर्ने प्रचलन हिन्दुहरुमा पाइन्छ। सामान्यतया कुल पूजा गर्ने दिन भनेर बैशाखी पूर्णिमा वा मार्ग पूर्णिम लिइन्छ। त्यस दिनलाई कुलायन पूज्ने दिन पनि भन्दछन्। कुलमा एक जनाले पनि बर्खी खण्डमा कुलपूजा नगर्ने परम्परा छ। सम्पूर्ण कुल नै शुद्ध हुनु पर्दछ भन्ने धारणा हो।

कुलपूजामा कसैले बोका काट्ने, कसैले भेंडा काट्ने, कसैले खीर अथवा हलुवा पकाएर परम्परा छ। तर धेरैजसो कुलपूजामा बोका नै काटेको देखिन्छ। पुत्रोत्पादन र विवाह उपलक्ष्यलाई लिएर बोका काट्ने र कसैले सेता, कसैले काला भनी रङ्गभेद गरेको पनि देखिन्छ अहिले कहीं कतै प्रत्येक घरले बोका काट्नु पर्नेमा अर्थाभावले होला सामूहिक रुपमा बोका पनि देखिन्छ।

तर मजगैया छिल्लीकोटमा आइसकेपछि वंशगत आएको श्रुति परम्परा अनुसार दे गरेको थाहा पाईदैन। देवाली गर्ने भनेर १९९० सालतिर तुलसीराम मजगैयाले प्यूठानमा गरी आएको विधि सिकी आफ्नो घर खरखर्रेमा देवाली पूजाको शुभारम्भ गर्नु भएको थाहा हुन्छ। अनुसार घरलाई लिपी पोती ७ दिनसम्म शुद्ध राखेर त्यस घरभित्र रजस्वला भएकी प्रवेशसम्म गर्न नदिएर अति पवित्र स्थानको रुपमा देवाली गर्ने घरलाई बनाइएको थियो। पुत्रोत्पत्ति र विवाह गरेका घरवाट १,१ वटा सेता बोका ल्याई बलीसमेत दिइएको थियो प्रामाणिक भनाइ पाइन्छ। उक्त अवसरको एउटा रोचक प्रसङ्ग भएकोले प्रस्तुत गरेको छु।

वनकट्टा दत्तात्रेय मजगैया त्यतिबेला वृन्दावनबाट भागवत पढेर आउनु भएको परिवारको कुलपूजा भएकोले उहाँ पनि उक्त पूजामा सम्मिलित हुन खरखरे पुग्नु भएको थियो। सेता बोकाका रंगतका टाटा देखेर ठूला बुवा तपाई जस्तो यत्रो विद्वान्ले आफ्नो परिवारलाई के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दनु भएको ? के यी रगतले पितृलाई तर्पण दिने हो ? के शास्त्रले यसलाई छुट दिएको छ ? भनी के भन्न पाउनु भएको थियो तुलसीरामजीले तिमीहरु २,४ महिना वृन्दावन गएर त्यत्रो शास्त्रको ाक ! हाम्रो शास्त्र त अगाध छ । हाम्रो कुल परम्परालाई समेटेको छ, के सम्पूर्ण शास्त्रले भने मोजिम सम्पूर्ण व्यवहार गर्न सकेका छौ ? आफ्ना पूर्वज (पूर्खा) हरु हिंडेको बाटो हिड्नु पनि धर्मको क्षण हो ।

यसरी १ पटक मात्र भएको देवाली पुनः २०४२ आश्विन २५ गते शिवालयमा बसेको जगैयाहरुको साधारण सभाले २ वर्षमा १ दिन मार्ग शुक्ल पूर्णिमाका दिनमा प्रत्येक मजगैयाका रको सदस्यले अनिवार्यताका साथ विजौरीस्थित देउता बाजे मन्दिरमा देवाली गर्ने निर्णय गरेको यो । उक्त निर्णय अनुसार, चामल २ माना, पीठो २ माना, तेल १/४ लिटर, घ्यू १/४ लिटर, दूध माना, दही २ माना, चिनी १/४ किलो आवश्यक खाद्य सामग्री ल्याउने समेत प्रस्ताव पास भएको यो ।

यस निर्णयमा टाढाका बन्धुहरु बाहेक ४३ घरकाले हस्ताक्षर गरे पनि जम्मा ७ घरका मात्र सम्मिलित हुनु भएको थियो ।

वास्तवमा देवाली यस्तो पर्व हो जुन वर्षमा १ पटक आफ्ना बन्धुबान्धव जम्मा भई खुशी नाउने गरिन्छ । त्यसैले कुनै पनि आशौचमा गरिदैन । मेरो विचारमा पनि यो क्रम पुनः कायम गर्नु र्दछ ।

छ) अष्टमी पूजा र त्यसको वास्तविकता

वडा दशैंको महा–अष्टमी पर्व मजगैयाहरुको लागि विशेष महत्वको छ । शास्त्र र वहारलाई केलाएर हेर्ने हो भने पनि सप्तमीको रात्रि नै कालरात्रि हो त्यस दिनलाई र समयलाई शेष महत्वको मानिन्छ । फूलपाती भित्र ल्याउने काम पनि सप्तमीकै दिनमा गरिन्छ ।

अहिलेसम्मको खोज अनुसार अष्टमीको दिनदेखि विशेष पूजाको रुपमा अखण्ड दीप बाल्ने र ना गर्ने चलन कही कसैको पनि देखिएको र सुनिएको पनि छैन ।

त्यसैले अष्टमीका दिनदेखि दशमीका दिनसम्म गरिने विशेष पूजा हाम्रो कूलको विशेष नाको रुपमा मान्य हुँदै आएको छ । हाल वर्तमान समयमा सबैले यसलाई पालना गरुन् अथवा गरुन् केही मजगैयाका घरमा भने यो पूजा चलेको देखिन्छ । यस पूजामा सबैभन्दा महत्वपूर्ण पवित्रता र पुरुष प्रधानतालाई लिइएको छ ।

मजगैयाहरु छिल्लीकोटमा आएपछि शक्तिपीठ मालिका देवीको नित्य पूजा आराधना गरेर क्तिको आधान र श्रीवृद्धि प्राप्त गरेकोले मजगैयाहरुले पूर्खाले गरी आएको शक्ति कवचको रुपमा दिनलाई पूर्खाको विशेष शक्ति पूजा, कुल देवी पूजा मान्दै आएको जस्तो लाग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पूजामा गर्ने गरेका खास प्रायोगीक कुराहरु :–

– घरको मूल पुरुष अथवा उपनयन गरेकाले छुट्टै दीप, कलश, गणेश र मूल स्थान वनाई दुर्गा पूजाको विधिले पूजा गरिन्छ । ढोकामा पर्दा लगाई गोतियार भिन्न व्यक्ति, केटाकेटीलाई पस्न र हेर्न दिइदैन ।

– अष्टमीमा बालेको वत्ती दशमीको दिनमा पाठ समाप्त गरी समापन नहुँदा अखण्ड रुपमा बालिराख्नु पर्दछ । भैपरि आउने कारण बाहेक एकाएक बत्ती निभ्यो भने पछि अनर्थ हुन्छ भन्ने प्रवल धारणा छ ।

– अष्टमीको दिनदेखि सप्तशती पाठ गर्ने र पाठ गर्दा १२ अध्यायको १ श्लोकको क्रम आएपछि मासु खानेले बोकाको र मांस नखानेले कुभिण्डाको बली दिने चलन

– नैवेद्यहरु दशमीको पूजा समाप्त गरेपछि मात्र ग्रहण गरिन्छ ।

– पूजा कोठामै विशेषरुपले गरिने पूजा भएकोले आफ्नो कुल भन्दा बाहिरका व्यक्तिहरुद्वारा दशैंको पाठ गराएमा पूजा कोठा बाहिर नै पाठ गर्नु पर्ने हुन्छ । अष्टमी, नवमी, दशमीको पाठ पूजा गरिसकेपछि पर्दा खोली पूरै घरका परिवारसहित सामूहिक पुष्पाञ्जली अभिषेक लिई विशेष पूजाको समाप्ति गरिन्छ । पूजा समाप्ति पछि नैवेद्यलाई महाप्रसादको रुपमा ग्रहण गरिन्छ । यसरी दूर्गा पूजा र विशेष पूजा गर्नेहरुले पूजा कोठामै दुई वटा अलग अलग स्थान गराई पूजा गर्ने चलन छ ।

उपर्युक्त कुराहरु बाहेक सबै विधि दुर्गापूजाविधिबाट गरिन्छ । यसरी सर्वमान्य विधि भन्दा केही प्रमुख विशेषता भएको पूजा मजगैया बाहेक अरुको घरमा भएको देखिदैन ।

(ग) देउताबाजे पूजा

देवाली बाहेक सामान्य धार धूप हाल्न पऱ्यो भने देउतावाजेको स्थान भएको विजौरी मजगाउँमा जसको जहाँ नजिक पऱ्यो त्यही गएर पूजा गर्ने परम्परा छ । देउतावाजेका सम्बन्धमा छोटो जानकारी गराउनु प्रासङ्गिक हुने भएकोले यहाँ उल्लेख गरिएको छ ।

हाम्रो मूल पूर्खा बस्ने मजगाउँको ठाँटीमा सल्यानी राजाहरुले आगो लगाई दिएपछि देउतावाजेको मन्दिर छानो नभएको हो । उक्त प्रसङ्ग माथि भनिसकिएको छ । पूर्खा (कुल) स्थानलाई देउतावाजे भनेर पहिलेदेखि भनिआएको ठाउँ मजगाउँ हो । जनघनत्व र बसाइ सराइको चापले विजौरी हाडिमेतिर सर्न लागेपछि र हाम्रा पूर्खा टाउको काटिएको चौरासी लगाएको घोडामा चढी सम्पूर्ण विर्तामा मात्र घुम्दछन् र विजौरी विर्तामा आई विश्राम लिन्छन् भन्ने अनुरुप विश्राम स्थल भनेर भनिदै आएको विजौरीमा मजगाउबाट निराकृति पत्थर ल्याई देउताको स्थान बनाइएको थियो । विजौरीको स्थान जीर्ण शीर्ण भैसकेपछि जीर्णोद्धारको रुपमा डाडागाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

. रामप्रसाद मजगैयाले चारैतिर गारो लगाएको पुरानै आकारको देउताबाजे स्थान पुनः बनाउनु एको थियो । चारैतिर थारु गाउँ र निश्चित एक व्यक्तिको रेखदेख विना मन्दिर फोहर र अति पवित्र चिजहरुले भरिन लाग्यो । त्यस्तो स्थितिमा त्यसको विकास, स्थायित्व र पवित्रताको ष्टिकोणलाई आत्मसात् गरी सबै मजगैयाहरुको सहमतिमा मजगैयाहरुको पुरानो विर्ता जग्गा भएको ल सूदयरामेश्वर शिवालयको पूर्व दक्षिण कोणमा मजगैयाहरुबाट चन्दा उठाई स्थान (मन्दिर) र्माण गरिएको हो । सूदयरामेश्वरको संस्थागत विकास भैसकेकोले त्यसको साथमा यस मन्दिरले मेत जीवन्तता पाओस् भन्ने उद्देश्य नै सार्नुको तात्पर्य हो ।

यसरी स्थापित देउताबाजेको मन्दिरमा मजगैयाहरुले सातु, न्वागी (नवान्न प्राशन) गर्दा रिने पूजा परम्पराको विधि छोटकरीमा प्रस्तुत गर्दछु ।

बाहनको रुपमा माटाको टाउको नभएको घोडा चढाउने यसको प्रमुख विशेषता हो । र्घ्यपाद्यादि बनाई सर्वप्रथम दीप र कलशको पूजा गरी गाईको गोवरलाई चेप्टो बनाई कान्छी लाले ७ वटा खोबिल्टा पारी प्रत्येकमा दूवो राखी त्यस माथि गाईको काँचो दूधको धार हाल्नु र्छ । धार हाल्ने खास मन्त्र त छैन, आफ्नो कुललाई संझेर, पितृ, परिवार, बस्तुभाउ सबैको सुख रोग्य, श्रीवृद्धिको कामना गर्दै धार हाल्नु पर्दछ । त्यसपछि त्यहाँ स्थापित देवतालाई पनि धार हाली डशोपचारले पूजा गर्ने अन्य मन्त्रको प्रयोगमा मन्त्रको अन्तमा "कुलशेखर" भन्दै विद्याधरदेखिका र्ता र सन्तान वृद्धिका प्रमुख सूदयरामलाई संझने प्रचलन छ ।

) अन्य पूजाहरु

आफ्नो घरमा विशेष काम गर्दा देउताबाजेको साथ सूदयरामेश्वर मन्दिरमा पनि पूजा गर्ने लन छ । न्वागी सातु दुवै ठाउँमा चढाइन्छ । एक किसिमले देउताबाजे कहाँ गरिने गोबरमा धार ल्ने विधि बाहेक शिवजीलाई धार हाल्नेदेखि षोडशोपचारको पूजा विधिको आधारमा पूजा रन्छ ।

परम्परागतरुपबाट आफ्नो घर घरमा दूर्गा पूजा र पाठ गर्ने प्रचलन त प्रत्येक हिन्दू ातनीहरुको हो तर पनि अज्ञानता र धर्मप्रति भएका शिथिलताले गर्दा मानिसहरुमा पाठ गर्ने म्पराको ह्रास भएकाले २०४२।६।२५ गते सूदयरामेश्वर शिवालयमा बसेको मजगैयाहरुको धारण सभाले ०४२ सालको दशैंदेखि प्रत्येक मजगैयाका घरबाट पैसा उठाई देवी स्थान बाँसगढीमा दिनसम्म ब्राह्मणद्वारा सामूहिक पाठ गराउने नयाँ परम्पराको शुरुवात भयो । ०४२ सालदेखि गैयाहरुको प्रतिनिधि वरण गराएर पूजा पाठ गराउने परम्परा आजसम्म त चलेकै छ त्यस म्पराको जगेर्ना पछिका सन्ततिले पनि गर्नु पर्दछ । आफ्नो इच्छानुसार गर्ने पाठ घरघरमा पनि ने क्रम यथावत छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) नित्य पूजा

पहिले ब्राह्मणको कर्म अनुसार आशौंचको दिनबाहेक अविच्छिन्न पाञ्चायन पूजा प वलिवैश्वदेव र रुद्री पाठ हुने गर्दथ्यो । त्यसमा पनि विशेष गरेर तुलसीराम र तल्लाघर अमररा पूजा सबैको लागि अनुकरणीय हुन्थ्यो । चार बजे उठेर स्नान गरी पूजामा बस्नु हुन्थ्यो र गीता समेत गर्ने गर्नुहुन्थ्यो । धर्ममा सबै आस्थावान् थिए । पूजा पाठ नगरी कसैले पनि खाँदैनथे त क्रम छुट्दै गएको देखिन्छ । सायंकालीन पूजामा ५ सुते बत्ती शिव, विष्णु, सूर्य, गणेशस्वरुप ४ र एउटा ९ सुते बत्ती भगवतीको बालिन्छ । त्यस्तै ७ सुते एउटा देवता बत्ती र ठीक त्यसको त अन्नपूर्णा बत्ती वालिन्छ । धुरीखामा, ढोका–ढोका, तुलसीमठमा अलग–अलग बत्ती बाल्ने प छ ।

यसरी मोटामोटी रुपमा मजगैयाहरुमा हालसम्म धार्मिक संस्कार र सांस्कृतिक भावना पाउँछौं । दाङकै पूर्व र पश्चिमको दाजोमा मजगैयाहरु बसोबास गरेको क्षेत्र सुसंस्कृत र ध वातावरणयुक्त छ । त्यसको कारक तत्व यस क्षेत्रमा संस्कृत विद्यालयको स्थापना पनि हो क्षेत्रबाट बसाइ सराइ गरेर गएका मजगैयाहरुको पनि संस्कारजन्य धारणाले गर्दा सांस्कृतिक व र अवस्था राम्रो देखिन्छ ।

मजगैयाहरुले शिव पाञ्चायन पूज्दछन् र पूजा गर्दा देवताहरुको स्थान यसरी राखिन्छ

यदा तु शङ्करं मध्ये ऐशान्यां श्रीमतिं यजेत् ।
आग्नेय्यां च तथा हंसं नैर्ऋत्यां पार्वतीसुतम् ॥
वायव्यां च सदा पूज्या भवानी भक्तवत्सला ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजगैंयाहरुको शैक्षिक योगदान

ज्ञानमूलक शिक्षाले नै इहलोक र परलोकलाई आत्मसात गर्दछ भन्ने पूर्वीय मान्यता र मूल्यको सिद्धान्तले त्यतिबेलाको शिक्षामा गहिरो छाप पारिसकेको थियो । आचार व्यवहार र ायश्चित्तको त्रिवेणीमा हाम्रा स्मृतिहरु निर्माण भए । त्यही नै हाम्रो संस्कृति भयो, त्यसले प्रतिपादित त्व नै संस्कार भए । त्यही धरातलमा उभिएर हिजोको मूल्यलाई आज धर्म र Religion को पबाट हेरिदैछ । तर धर्म र Religion मा धेरै भिन्नता छ । धर्म र संस्कृतिलाई प्रतिपादित गर्ने ाषा संस्कृत भाषा थियो । त्यही भाषाको माध्यमबाट शिक्षाको प्रसार प्रसारको आरम्भ गरिएको थयो ।

संस्कृत शिक्षाको प्रचार प्रसारको ऐतिहासिक थलोको रुपमा परिचित यो क्षेत्र र मजगैया रिवारको राष्ट्रिय दृष्टिकोणले पनि संस्कृत शिक्षामा महत्वपूर्ण योगदान गरी आएको छ । जनता द्यालयदेखि विश्वविद्यालयसम्मको ऐतिहासिक विकासक्रम नै यस परिवारको संस्कृतप्रतिको प्रतिवद्धताको तीक हो ।

इतिहास भन्ने कुरा लिपिबद्ध मात्र नभएर "बुढा मरे भाषा सरे" भन्ने युक्तितिर पनि अडिग न्छ । त्यसैले यसमा धेरैजसो प्रमाण सिद्ध र केही मौखिक श्रुति परम्परामा आधारित इतिहासलाई नि उचित स्थान दिइएको छ । विजौरी नै दाङको शिक्षा केन्द्र विन्दु भएकोले यसै प्रसङ्गमा मैले जनता द्यालयको स्थापना सञ्चालनदेखि लिएर विश्वविद्यालयको पूर्वाधारको साथै स्थापना र केही उत्तर ालका तथ्यपूर्ण कुराहरु समेत लेख्ने जमर्को गरेको छु । यहाँको शैक्षिक ऐतिहासिक पृष्ठभूमिको ौपचारिक र अनौपचारिकरुपबाट सञ्चालित अध्ययन अध्यापन प्रणालीलाई समष्टिगतरुपमा तीन ागमा बाँड्न सकिन्छ ।

क) पूर्वकालीन शिक्षा

पूर्वकाल भन्नाले यहाँ मुख्यतया १९८५ साल भन्दा अगाडिको अवस्थालाई निर्देशित गरिएको । यसै समयमा शिक्षा आर्जन तथा प्रचार प्रसार संस्थागतरुपबाट नभएर व्यक्तिगत अथवा ारिवारिक हिसाबले समाजको संरचना संस्कृति तथा व्यवहारमा आधारित शिक्षापद्धतिलाई आत्मसात् र्ने विषयको अध्ययन अध्यापन गराइन्थ्यो । अधिकारीको रुपमा ब्राह्मण नै शास्त्र विहित थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यापनमध्ययनं यजनं याजनं तथा ।
दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत् ॥ मनु १/८८

यसरी ब्राह्मणका पढ्नु, पढाउनु, यज्ञ गर्नु, गराउनु, दान लिनु, दिनु, षट् कर्म छ
यसरी चलेको वर्णाश्रम व्यवस्थाले हाम्रो परिवारलाई प्रभाव नपारी रहन सकेन ।

लगभग पन्ध्रौं शताब्दीमा प्यूठान दाखाकोटबाट छिल्लीकोटे राजा मेघनाथ शाहका पुरोहितको रुपमा छिल्लीकोटमा आएका हाम्रा पूर्खा विद्याधर उपाध्याय व्याकरण, कोष, धर्म इतिहास र पुराणमा निपुण थिए । उनीद्वारा नै आफ्नो वंशज मात्र नभएर यस क्षेत्रमै शिक्षाको सू गरेको मानिन्छ । यसरी परम्परागतरुपमा विद्याधरदेखि उनकै सन्तान लक्ष्मीनारायणसम्मका किंव तथा कथाहरु तान्त्रिक कुरामा आधारित छन् । त्यसपछि पनि सूदयरामका पार्थी पूजाको इतिहास तन्त्र साधना उनको ऐतिहासिक पृष्ठभूमिमा आधारित छन् ।

यसरी १८६० सालसम्म यस क्षेत्रमा मात्रै किन पूरै जिल्लामै शिक्षण संस्था थिएनन् । गरेर संभ्रान्त परिवारका ब्राह्मण क्षेत्रीले आफ्ना छोराछोरीलाई व्यवहारोपयोगी रुद्री, चण्डी, पुराण, अमरकोष, चाणक्य नीति आदि संस्कृत ग्रन्थ पढाउने गर्दथे । सुगौली सन्धि अ नेपालद्वारा शासित हालको भारतको गोण्डा जिल्ला अर्न्तगत तुलसीपुरमा रहेका संस्कृत अध्ययन र वाराणसीबाट संस्कृतको बिशेष ज्ञान प्राप्त गरी यहाँ आएर संस्कृत ग्रन्थहरु पढाउने गर्दथे

मजगैयाको विर्ता देउखुरीको चर्सा मदभट्टीको ठेक्का लिने दिने अधिकार नेपाल सरक मजगैयालाई दिएको थियो । उक्त चर्सा रकम ब्राह्मणले खान हुँदैनथ्यो भन्ने मान्यता अनुसार उ निजी काममा प्रयोग नगरी उक्त आय श्रोतबाट शिक्षाको अध्ययन अध्यापन गरांउने परम्परा वि त्यसैले १९८४ साल भन्दा अघि पारिवारिकरुपमा कुनै पण्डित राखी आफ्ना आफ्ना छोराछोरीह पढाउने प्रचलन थियो । त्यस अनुसार पं. गंगाधर मजगैया १८८५ सालतिर यस क्षेत्रको विद्व रुपमा परिचित हुनुहुन्थ्यो । यसरी पारिवारिक शिक्षा दीक्षाको क्रम विस्तारै विस्तारै विस्तृ गयो । त्यसपछि मजगैया परिवारका चन्द्रलाल र तुलसीराम (खरखरे) आदि संस्कृतका विद्व तयार भए । उनीहरुको विशेष शिक्षा दीक्षा वाराणसीमा नै भएको थियो । उनीहरुले आफ्ना सन्त र बर परका मानिसहरुलाई समेत शिक्षा दिएका थिए । उनीहरुले लेखेका लेखौट पुस्तकहर पश्चात् खोलामा बगाइएको थियो भन्ने छ । खोजेको खण्डमा १,२ लेखौट पुस्तक अझै पाइन

१९५३ सालतिर पोखराका भीमप्रसाद पण्डितलाई बोलाई सामूहिक अध्ययन अध्या परम्पराको जग बसालियो । यो नै सामूहिक पाठशालाको शुरुवात मान्न सकिन्छ । पण्डित थर उपाधि हो स्पष्ट नभए पनि कसैको भनाई भने भीमप्रसाद पराजुली हुन् उनको पण्डित भन्ने हो भन्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) मध्यकालीन शिक्षा

मध्यकाल भन्नाले यहाँ १९८४ सालदेखि नयाँ शिक्षा योजना २०२८ लागू नहुदासम्मलाई लिइएको छ। यसरी स्थापित पारिवारिक शिक्षाको स्वरुपलाई विकसित भएको समाजले देशकाल परिस्थिति अनुसार स्वाध्याय र व्यवहारमूलक मात्र नबनाई सम्पूर्ण समाजलाई समान रुपमा ज्ञानको आलोक फिजाउने अठोट गऱ्यो।

यस कार्यको निम्ति सामान्य पूर्वाधारको श्रोत देउखुरीको चर्सा रकम थिदैथियो। त्यस माध्यमबाट यस क्षेत्रमानै ज्ञानको बत्ती बलोस् भन्ने पवित्र भावना राखी जीवनारायण आदि सम्पूर्ण मजगैयाहरुको सक्रियतामा पाल्पा मरमुङ बस्ने पं. चेतोनाथ उपाध्यायलाई यस क्षेत्रमा अध्यापनको निमित्त ल्याइयो। उहाँले १९८४ साल फल्गुण २६ गतेदेखि आफ्नो वैतनिक कार्यभार सम्हाल्नु भयो। जसको प्रमाण पं. चेतोनाथले जीवनारायण मजगैयालाई १९८४ साल फाल्गुण २६ गतेदेखि पाठशालामा रुजु भई पढाउँला भन्ने कवुलियत कागज गरिदिनु भएको रहेछ। उक्त कागज अनुसार वार्षिक रु. ३२०।– एकमुष्ट पारिश्रमिक लिएको देखिन्छ।[1]

भाषा पाठशाला

यसरी संस्थागत रुप लिएको विद्यालयका संस्थापक जीवनारायण आदि हुनुहुन्थ्यो भने पण्डितमा चेतोनाथ उपाध्याय हुनुहुन्थ्यो। संस्थापित विद्यालयले आफ्नो स्वरुपलाई राजकीय मान्यता प्राप्त गराउन केही समयसम्म तल्लीन रह्यो। मानिसका इच्छा आकांक्षाहरु विस्तारित हुँदै गए। यस परिवारले पनि आफूलाई र क्षेत्रलाई शिक्षा प्रचार प्रसारको थलो बनाई केन्द्रसम्म पनि स्वीकृतिका लागि मागपत्रहरु प्रस्तुत गरेको थियो। यसै क्रममा तुला विक्रम राणाको दाङमा दौडाही भयो त्यस अवसरको मौका छोपी विजौरी भाषापाठशालाका तत्कालीन विद्यार्थी मोहनप्रसादको नेतृत्वमा प्रतिनिधि मण्डलले भेट गरी आफ्नो माग प्रस्तुत गऱ्यो। फलस्वरुप नेपाल सरकारबाट राजकीय पाठशालाको रुपमा १९८६ साल ज्येष्ठ ९ गते स्वीकृति प्राप्त गऱ्यो। त्यसपछि पारिवारिक पाठशाला राजकीय पाठशालाको रुपमा जनसमक्ष आयो।

जन चेतनाको विस्तार र भावनात्मक विकासले विद्यार्थीहरुको संख्या दिन प्रतिदिन बढ्न थाल्यो। गुरु चेतोनाथले माथिल्लो तहका विद्यार्थीहरुलाई पढाउनुहुन्थ्यो र तलका विद्यार्थीहरुलाई आफ्ना शिष्यहरुबाट पढाउने व्यवस्था मिलाउनु हुन्थ्यो। यसरी गरेको व्यवस्था धेरैसम्म चल्न नसकेकोले उदयपुर प्यूठानका स्थानेश्वर अधिकारी १९८८ सालतिर नियुक्त हुनुभयो। स्थानेश्वर पछि त्यही दरवन्दीमा १९८९ मा दामोदर मजगैया नियुक्त हुनुभयो।

(१) उक्त कागज परिशिष्ट नं. ११४ मा उल्लेख गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यता शिक्षाको प्रचार तीव्र गतिमा चलेको थियो १९८८ सालदेखि नै यस व[illegible] मानिसहरुले काठमाडौं तथा भारतको मथुरा, वृन्दावन, अयोध्या, वाराणसीमा पुगी अनौपचारिक[illegible] प्राप्त गरे । उनीहरुबाट पनि परिवारभित्र र बाहिर शैक्षिक जगतमा चहल पहल ल्याउन गरियो ।

भाषा पाठशालाका सहायक शिक्षक दामोदर मजगैयाले १० वर्षसम्म सेवा गरेर स्वे[illegible] अवकाश लिएपछि उहाँको ठाउँमा १९९९ सालदेखि पं. नन्दप्रसाद मजगैया नियुक्त हुनु[illegible] यसरी पं. चेतोनाथ उपाध्याय र नन्दप्रसाद मजगैयाले २००६ सालसम्म संयुक्त रुपमा अध्याप[illegible] भयो । २००६ साल आषाढ १६ गते चेतोनाथ गुरुको स्वर्गारोहण भयो ।



स्व. पं. श्री चेतोनाथ अर्याल



स्व. पं. श्री दामोदर मजगैया

स्व. पं. श्री नन्दप्रसाद मजगै[illegible]

भाषा पाठशालाका शिक्षकहरु

क्र.सं.	नाम ठेगाना	समय
१	श्री चेतोनाथ उपाध्याय, अर्घाखाँची	१९८४।११।२६–२००६
२.	श्री स्थानेश्वर अधिकारी, उदयपुर कालढुङ्गा, प्यूठान	१९८९ पौष–१९८९चैत्र
३.	श्री दामोदर मजगैया, हाडिमे दाङ	१९८९।१२–१९९९ सम्म
४.	श्री नन्दप्रसाद मजगैया, स्थान गाउँ दाङ	१९९९–२०३३।९।१ सम्म
५.	श्री रामेश्वर मजगैंया, हाडिमे दाङ	२००६–२००८ सम्म
६.	श्रीभीमकान्त पौडेल, जीतपुर दाङ	....
७.	श्री चेतनाथ पण्डित वाग्दुला प्यूठान	....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनता विद्यालय

नेपालको जहानियाँ शासनलाई समाप्त गर्ने अठोटका साथ शुरु भएको २००७ सालको ान्ति निश्चय पनि राजनैतिक मात्र नभएर यस क्षेत्रमा शैक्षिक क्रान्तिको रुपमा समेत देखापऱ्यो । नतालाई शिक्षादेखि टाढा राखेर आफ्नो स्वार्थसिद्ध गर्न पल्केका राणाहरुको दरवारिया शिक्षा ातिदेखि सबै आक्रोशित थिए । त्यही वातावरण र भावनाले यस क्षेत्रका साथै मजगैया परिवारलाई छोई छाडेन र भाषा पाठशालाको रुपमा प्रस्फुटित शिक्षा पुनः माध्यमिक शिक्षातिर उन्मुख भयो ।

माध्यमिकको प्रस्ताव भए पनि आर्थिक श्रोतको अभावमा स्थानीय शिक्षाप्रेमीहरु चिन्तित खेन्थे । पहिलो प्रयासको रुपमा चन्दा अभियान नै गर्नुपर्छ भन्ने अठोटका साथ तत्कालीन सभापति ाहनप्रसादको सभापतित्वमा २००८ मा संस्कृत शिक्षाको विकास गर्ने उद्देश्य लिई पञ्चायत घरको ङ्गणमा यस क्षेत्रका र मजगैया परिवारका बुद्धिजीवी तथा शिक्षाप्रेमीहरुको वैठक बसेको थियो । उक्त ठकले सर्वप्रथम जनस्तरबाट माध्यमिक विद्यालयको स्थापना गर्ने भनी विचारी डिल्लीराज शर्माको चिवत्वमा सञ्चालक समिति गठन गऱ्यो । उक्त समितिलाई माध्यमिक विद्यालयको आयश्रोत जम्मा र्ने र स्वीकृतिको लागि कार्यवाही चलाउने भन्ने जिम्मा दिइयो । तदनुरुप तुलसीराम मजगैयाबाट ०।–, स्वयं डिल्लीराज शर्माबाट ४००।– र मोहनप्रसादबाट ३००।– रु. प्राप्त भयो । रेकर्ड र नाम हा नभएकोले यहाँ उल्लेख नभए पनि मजगैया, गौतम, रेग्मी, आचार्य आदि परिवारका शिक्षाप्रेमी ग्रानुभावहरुबाट समेत गरी जम्मा २३००।– चन्दा उठेको थियो ।

माध्यमिक विद्यालय स्वीकृतिको लागि जितेन्द्रबहादुर शाह मार्फत नेपाल सरकारमा माग पत्र ने प्रस्तुत गरिएको थियो । उपर्युक्त कार्यमा जागेश्वर ब्राह्मणका साथै जनसरकारको मन्त्री समेत केका अमरराज शर्माको पनि विशेष महत्वपूर्ण योगदान रहेको थियो ।

आरम्भमा यो विद्यालयको नाम तत्कालीन राजनीतिक उत्कर्षमा पुगेका व्यक्ति विशेषको मबाट राख्नु पर्ने प्रस्ताव भए पनि व्यक्तिको अपकर्ष भएको वेला समाजलाई त्यो नाम अपाच्य होला नेर जनताकै नामबाट राख्ने निधो भएको थियो । यसै क्रममा २००८ साल बैशाख १६ गतेका दिन दयरामेश्वर मन्दिरका पूर्वतर्फ ठूलो रुखको छहारीमा जनता विद्यालयको उद्घाटन शङ्खध्वनिका साथ टेकनाथ गौतमले गर्नु भएको थियो ।

सो विद्यालयलाई स्थायित्व दिन भाषा पाठशालामा रहेका रामेश्वर शर्मालाई ल्याइयो भने धुनिक शिक्षकको आवश्यकता अनुसार भारत बलरामपुर निवासी डा. विनोद तिवारीलाई ल्याई रम प्रधानाचार्यमा नियुक्त गरियो । यस विद्यालयमा प्रथमा अर्थात् ८ कक्षासम्म पढाइ हुन्थ्यो । नस्तरबाट निर्माण भएकोले सरकारबाट भने स्वीकृति प्राप्त गरेको थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनता प्रधान पाठशाला

जनता विद्यालयमा प्रथमासम्मको पढाइ हुन्थ्यो भने जनता प्रधान पाठशालामा पूर्व (वर्तमान S. L. C.) सम्मको पढाइ सञ्चालन हुन्थ्यो । तात्कालीन सरकारका शिक्षा विभागका तर्फका डाइरेक्टर जीतेन्द्रबहादुर शाह दाङ आउनु भएको समयमा शिक्षाको उत्तरोत्तर वि प्रयासरत यस क्षेत्रका जनतासंग शिक्षा संवन्धमा छलफल भएको थियो । उहाँबाट पनि स्थायित्व तथा स्वीकृतिको लागि मौखिक आश्वासन मिलेको थियो । त्यसै समयमा स्वीकृतिको शिक्षा विभागमा पेश गर्न आवश्यक कागज तयार पारी शाहज्यू मार्फत काठमाडौं पठाइयो रकम र चर्सा रकमबाट मात्र संस्था चलाउन धौ धौ परेको बेला स्वीकृतिका प्रक्रिया र आश्व त्यतिबेलाको समाजलाई ठूलो राहत मिलेकी जस्तो भान हुन्थ्यो । २००९ साल श्रावणमा स समितिको पुनर्गठन भयो जसको सचिवमा दुई जना हुनुहुन्थ्यो । सचिव जागेश्वर ब्राह्मणले व्यवस्थापन पक्षलाई हेर्नुहुन्थ्यो भने अमरराज शर्माले आर्थिक तथा प्रशासन हेर्नुहुन्थ्यो कोषाध्यक्षमा मोहनप्रसाद मजगैयाले लेखालाई चुस्त तथा दुरुस्त राख्दै देउखुरीतर्फ जिम्मेवारी निभाउनु हुन्थ्यों । यसरी निर्माण भएको संचालक समितिले विद्यालयको उत्तरोत्तर प्र लागि आफ्ना कार्यक्रमहरु विद्यालयको स्थायित्वका निम्ति तर्जुमा गर्ने गर्दथ्यो । सञ्चालक स निर्णय अनुसार सचिव जागेश्वर ब्राह्मणलाई स्वीकृति लिनको निमित्त काठमाडौं पठाइयो काठमाडौं गई शिक्षा डाइरेक्टरसंग भेट गरी केही समयको लामो प्रतीक्षामा बस्नु भयो । त्यति संस्कृततर्फका डाइरेक्टर नयनराज पाण्डे हुनुहुन्थ्यो । लामो प्रतीक्षा पछि कुनै प्रगति न ब्राह्मणजीले तत्कालीन शिक्षामन्त्री शारदा शमशेर ज.व.रा.सङ्ग भेट गर्नु भयो । संस्कृतप्रतिको पारिवारिक लगानी र अनुरागबाट प्रभावित भएका शिक्षामन्त्रीले आफ्नो स बोलाएर काम गरिदिने निर्देशन दिए । शुरुदेखि कार्यबाही गर्न परेकोले पुन: निर्देशनको खाँचो पहिले जनता विद्यालयको स्वीकृति मागे पनि त्यहाँ गएर जनता प्रधान पाठशालाको स्वीकृति कागजात पेश गरियो । यसरी २००९ साल माघ महिनामा स्वीकृति पनि प्राप्त भएको

विद्यालयकोस्तर र शैक्षिक गुणस्तर कायम गर्नको निमित्त संस्कृतका प्रकाण्ड दिगम्वर झालाई प्रधानाचार्य गराई शैक्षिक प्रशासनको जिम्मा दिइयो । दिगम्वर झा भैसकेपछि उच्च शिक्षाको पठनपाठन पनि व्यक्तिगतरुपमा हुन थाल्यो । संस्कृतको उत्तरोत्तर उन्मुख हाम्रो परिवारको आकांक्षा झन झन बढ्न थाल्यो । अन्य शिक्षाप्रेमीहरुको सहयोग पनि भैरहेको थियो । यसरी स्थापित जनता प्रधान पाठशालाले सरकारी सहायता वार्षिक ३६०० गर्दथ्यो । प्रधान पाठशाला र महाविद्यालय एउटै संस्थाको रुपमा २०३० सालसम्म महाविद्यालयबाट अलग रहेपछि प्रधानाध्यापकहरुमा लोकमणि देवकोटा, मेघराज पौडेल, पाण्डेय, विष्णुप्रसाद शर्मा र हाल कार्यरत शम्भु पोखेल हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिदान यज्ञ

विद्यालयलाई स्थायी आर्थिक श्रोत जुटाई यहाँको परिवार तथा जनतालाई सधैंको विद्यालयीय र्थिक बोझबाट मुक्त गरेमा संस्थाको भविष्य पनि राम्रो हुने र निर्वाधरुपमा अध्यापनको क्रम गाडि बढ्ने भएकोले सबैको मन मस्तिष्कमा एउटा स्थायी श्रोतको परिकल्पना घुमिरहन्थ्यो । सम्पूर्ण जगैयाको साझा सम्पत्तिको रुपमा रहेको र केही अंश परम्परागतरुपमा शिक्षा क्षेत्रमै प्रयोग गरिएको ङ जिल्ला देउखुरी अर्न्तगतका ५ मौजा गंगदी, जेंग्रहवा, भतरकुण्डी, सिम्रेनी, खेजडी गरी जम्मा ०० विगाहा जग्गातिर सबैको आँखा केन्द्रित हुन पुग्यो । यस विषयमा शुरु शुरुमा विभिन्न मिश्रित तक्रियाहरु भए । भावनाले दिन प्रतिदिन विस्तारित रुप लिदै गयो र जसको अन्तमा पूरै जिल्ला समेटिन पुग्यो ।

भूमिदान प्रस्ताव सम्पूर्ण मजगैया परिवारका घरघरमा टेवुल भैसकेपछि केही समय लाग्नु र फ्नो त्यत्रो संपत्ति दिदा केही विचार तर्क वितर्क तथा चिन्तन हुनु स्वाभाविक हो । यसलाई गलत र्थ लगाइ जसले संस्थाको नाममा १२ धुर जग्गा दिएका छैनन् त्यस्ताले अर्काको संपत्तिमा आफ्नो नुत्व जमाएर लियौं भन्नु आफ्नो अहं मात्र हो । त्यस्ता लिनसक्ने वीरले दाङमा पनि अरु ग्गाधनी थिए को कसले कति दिए त ? नेपालमै पनि ठूलठूला विर्तावार थिए । त्यति ठूलो परि णमा जग्गा कसैबाट दान भएको छ ? शायद नेपालकै इतिहासमा जनताले त्यति ठूलो परिमाणको गा दिएको देखिदैन । जग्गा दान दिंदा संस्कृत शिक्षाको उत्तरोत्तर प्रगतिको आकांक्षा खेएको छ । त्यही आकांक्षाको आधारमा यहाँका जनताले जनता विद्यालयदेखि विश्वविद्यालयसम्मको कांक्षा राखेका हुन् । यो विश्वविद्यालय भन्दा ठूलो संस्था बन्यो भने पनि त्यहीं आकांक्षाको प्रतिविम्व छ । त्यत्रो सर्वस्व दिंदा निश्चय पनि धेरै मानसिक कसरत भए होलान् । त्यसमा पनि हाम्रै रवारकै दत्तात्रेय, जागेश्वर, अमरराज समेतको महत्वपूर्ण भूमिका तथा गणेश कुमार र टेकनाथ तमको शिक्षाप्रतिको प्रेम र सद्भावले सम्पूर्ण मजगैयाहरु उत्प्रेरित हुनपुगे । भूमिदान–यज्ञको ताव सहर्ष स्वीकृत भयो । मजगैयाहरुको इज्जत प्रतिष्ठाको ध्वज सधै उच्च रहने एउटा चिरस्थायी ायज्ञ सम्पन्न भयो । जुन यज्ञशाला विद्यामन्दिर बन्दै नेपालकै विशिष्ट शिक्षा केन्द्रको रुपमा कसित हुने सौभाग्य प्राप्त गऱ्यो । साच्चै भनौं भने यो मजगैयाहरुको पूर्व जन्मको अपूर्व थियो ।

यसरी भूमि प्राप्त गर्ने क्रममा मोहनप्रसाद तथा टेकनप्रसाद समेतको एउटै तल्ला घरबाट ०० विगाहा प्राप्त भएको थियो । तीन वटा दानपत्रद्वारा प्रदत्त दानमा सम्पूर्ण मजगैयाहरुको स्वत्व र दान गर्ने क्रममा घरको मूली तथा सम्वन्धित जग्गा जसको नाममा थियो उसैबाट दान भएको खन्छ । कसैको दान पत्रमा नाम भए पनि नभए पनि सम्पूर्ण मजगैयाहरुको जग्गा प्राप्त भएको । आफ्ना आफ्ना बाबु, दाजु, काका, आमाका नामबाट जग्गा दान भएको देखिन्छ ।

दानपत्र अनुसार १२ खण्डको १ खण्ड सूदयरामेश्वर शिवालय विजौरीलाई दिइएको छ । दान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा सङ्कल्प पढेर गरिएको थियो भने पछि गएर रजिष्ट्रेशन पास गरियो । [१] उक्त दान पत्रमा
दुई कुरा पनि लेखिएको छ ।

(१) महिला विद्यालयका नाममा खर्च गर्ने :– यस क्षेत्रमा महिला विद्यालयको
भैरहेको र त्यसलाई मूर्तरुप दिन २०१६ साल पौष २१ गते हाल आयुर्वेदिक अस्पतालको
रहेको बगैचाको पूर्व उत्तरतर्फको कोणमा श्री ५ महेन्द्रबाट "श्री ५ बडा महारानी इन्द्रराज्यलक्ष्मी
स्कूल" को नयाँ भवनको शिलान्यास गरिवक्सेको थियो ।[२]

(२) शिवप्रसाद उपाध्यायको दानपत्रमा जहदागाउँ प्राइमरी स्कूललाई समेत
सहायता दिने भन्ने उल्लेख गर्नु भएको छ । यी दुई कुरा लागू हुन सकेनन् ।

यसरी बलियोरुपमा संस्था सञ्चालन हुन शुरु भएपछि यस परिवारको तथा दङाली ज
उत्साह मौलाउँदै गयो ।

जनता महाविद्यालय

जब आर्थिक श्रोतको समाधान भयो तब सबैमा फेरि उच्च शिक्षाको महत्वाकांक्षा ज
तदनुरुप मध्यमासम्मको पढाइ पनि सञ्चालन हुन थाल्यो । परीक्षा दिलाउने स्वीकृति लिनका
सचिव अमरराज शर्मा र गणेश कुमार शर्मा वाराणसी जानु भयो र वाराणसेय गभर्नमेण्ट का
स्वीकृति लिएर आउनुभयो । आवश्यक शैक्षिक पूर्वाधार तयार भै सकेकोले शास्त्रीसम्मको
सञ्चालनको निमित्त स्वीकृति लिन सञ्चालक समितिले सचिव जागेश्वर ब्राह्मणलाई वा
पठायो । स्वीकृतिको लागि पहिले व्यवधान खडा जस्तो भए पनि आनन्द झा गुरुले "म महावि
दाङ नेपालमा जाने भएँ " भन्नासाथ "केदारनाथ शुक्ल प्रस्तोता वाराणसेय संस्कृत विश्ववि
उत्तरप्रदेश वाराणसीबाट" न्याय, साहित्य आचार्यसम्म र व्याकरण शास्त्रीसम्म पढाउने गरी स
प्राप्त भयो । आनन्द झा आइपुगेपछि नयाँ शैक्षिक चहल पहल शुरु भयो । महाविद्यालयको
र प्रशासनिक पूर्वाधार १० महिनासम्ममा पूरा गरी लखनौ विश्वविद्यालयले बोलाएकाले उहाँ
जानुभयो । महाविद्यालयको भूमिका बलियो बनाई जानु भएकोले जनता महाविद्यालयमा
गरी शास्त्री, आचार्यका विद्यार्थीहरु वाराणसीमा परीक्षा दिन जाने परम्परा चल्न थाल्यो ।
सालमा वाराणसीबाट उत्तर मध्यमासम्मको परीक्षा केन्द्र स्वीकृत भई श्री ५ को सरकार
मन्त्रालयको उत्तरदायित्वमा २०१६ सालसम्म चल्यो । ०१६ सालमै श्री ५ को सरकारले महावि
स्वीकृति दियो । २०१७ साल माघ १ गते प्रधानाचार्य दिगम्बर झा घर जानु भएकोले उत्त
रामेश्वर शर्मालाई नियुक्त गरियो । २०१८ सालमा त्रि.वि.संग सम्वन्ध भएकोले २०१८

(१) दानपत्रको फोटो कपी परिशिष्ट ११७ पेजमा छ ।
(२) नेपालको राजनीति दर्पण (दोश्रो भाग) लेखक गृष्मबहादुर देवकोटा काठमाण्डौ पेज ३१५ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शैक्षिक वर्षदेखि परीक्षा पनि त्रि.वि.बाट सञ्चालन हुन थाल्यो। २०१९ सालमा रामप्रसाद उपाध्यायको सचिवत्वमा नयाँ सञ्चालक समितिको गठन भयो । नयाँ सञ्चालक समितिले आचार्य पूर्णचन्द्र ढुङ्गेललाई ल्याई प्रधानाचार्य बनायो। २०२१ सालमा यस महाविद्यालयले त्रि.वि. बाट शास्त्रीसम्मको परीक्षा केन्द्रको रुपमा पनि स्वीकृति प्राप्त गऱ्यो। २०२३ सालमा तत्कालीन शिक्षा सचिव दीर्घराज कोइरालाको दाङ भ्रमणको अवसरमा देउखुरीतर्फ केही अव्यवस्था भएकोले अञ्चलाधीशको अध्यक्षतामा सञ्चालक समितिको गठन भयो। रामप्रसादको सचिवत्वपछि सञ्चालक समितिमा अस्थिरता आयो र साना साना अवधिका सञ्चालक समितिहरु पनि बने । अञ्चलाधीशको अध्यक्षतामा गठित समितिमा पनि स्थानीय संस्थापकहरुलाई नलिएर संस्था नचल्ने देखी सहायक सचिवमा जागेश्वर ब्राह्मणलाई राखियो । यो एक किसिमको सरकारी हस्तक्षेप थियो । यसरी संस्थापित संस्थाका प्राचार्यहरु र सञ्चालक समितिको प्राप्त भएसम्मको तथ्याङ्क प्रस्तुत गरेको छु।

स्व. पं. श्री आनन्द झा



श्री आचार्य पूर्णचन्द्र ढुङ्गेल

प्रा. श्री रामेश्वर शर्मा

२०२४ साल जेठ २ गते बसेको सञ्चालक समितिको बैठकले "नेपालका ख्यातिप्राप्त विद्वान गंगाधर पराजुली न्यायाचार्यलाई अनुरोध गरी यस विद्यालयको सर्वोच्च स्थानमा राख्ने भन्ने वर्तमान प्रधानाचार्य पूर्णचन्द ढुङ्गेलज्यूको प्रस्ताव सर्वसम्मतिले पारित गर्दछ" भन्ने निर्णय गरे अनुसार संस्कृत विश्वविद्यालयको समेत पृष्ठभूमि तयार पार्न निर्देशक पद दिएर गंगाधर पराजुलीलाई ल्याई यतिबेला उहाँको तलव ११००।– रुपियाँ थियो त्यसलाई सबैले ठूलो धनराशिको रुपमा हेर्दथे । प्रधानाचार्यको पदमा आचार्य पूर्णचन्द्र ढुङ्गेल नै हुनुहुन्थ्यो ।

तुलसीराम मजगैयाले आफ्नी आमा रम्भादेवीको पूण्यस्मृतिमा १९ कोठा भएको २ तले छात्रावास दान गरेर महाविद्यालयको भवन नबनेको अवस्थामा विद्यालय चलाउनको लागि ठूलो सहयोग गर्नु भएको थियो । त्यस्तै दामोदर मजगैयाले आफ्ना बुवा भागवत मजगैयाको स्मृतिमा ६ कोठा भएको २ तले छात्रावास र खुमाकुमारी मजगैयाले पति बामदेवको स्मृतिमा ६ कोठा भएको २ तले छात्रावास दान गर्नु भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाविद्यालय सञ्चालन भएदेखि हालको क्याम्पससम्मका प्रधानाचार्यहरु

महाविद्यालयका		जनता क्याम्पसका	
	नाम		नाम
१–	श्री आनन्द झा	१–	श्री रामेश्वर शर्मा
२–	श्री दिगम्वर झा	२–	श्री सिद्धिनाथ गौतम
३–	श्री नारायणदत्त शास्त्री	३–	श्री रामेश्वर शर्मा
४–	श्री रामेश्वर शर्मा	४–	श्री स्थानेश्वर गौतम
५–	श्री केशव दीपक शर्मा	५–	श्री तीर्थराज सुवेदी
६–	श्री आचार्य पूर्णचन्द्र ढुंगेल	६–	डा. श्री भोजराज पन्त
७–	श्री गंगाधर शास्त्री पराजुली		

विद्यालय तथा महाविद्यालय सञ्चालक समितिको तालिका

मिति	अध्यक्ष	उपसभापति	मन्त्री, सचिव	सहसचिव	कोषाध्यक्ष	सदस्य
२००६	–	–	डिल्लीराज विचारी	–	–	मोहनप्रसाद, अमरराज जागेश्वर, टेकनाथ आ
२०१०।१।२६	वडाहाकिम	गणेशकुमार	अमरराज शर्मा जागेश्वर ब्राह्मण	–	मोहनप्रसाद शर्मा	कुलप्रसाद, शिवप्रसाद कृष्णप्रसाद, धाताराम दत्तात्रेय शर्मा ।
२०१३।११।२४	"	जागेश्वर ब्राह्मण	अमरराज शर्मा	–	मोहनप्रसाद शर्मा	जीवराज आचार्य, नरे आचार्य,तुलसीराम(वि ऋषिराम शर्मा, कृष्ण शर्मा (विजौरी) ।
२०१५।८।१	"	दत्तात्रेय शर्मा	अमरराज शर्मा	देवीप्रसाद शर्मा	मोहनप्रसाद शर्मा	जीवराज आचार्य, नरे शर्मा, गणेशकुमार,दा शर्मा, शिवप्रसाद ।
२०१९।४।१२	"	पूर्णचन्द्र गौतम	रामप्रसाद शर्मा	डिल्लीराज शर्मा	रामकुमार गौतम	मोहनप्रसाद, मोहनला दीननाथ, कृष्णप्रसाद, टीकाराम वली ।
२०२२।८।२	"	–	ललितवहादुर शाह	–	–	यो चुनाव नहुँदासम्म अस्थायी समिति थियो
२०२३।३।२३	"	–	देवमणि देवकोटा	–	कृष्णप्रसाद शर्मा	यो समितिले ०२३।६ सम्म काम गर्‍यो ।
०२३।७	अञ्चलाधीश	–	जागेश्वर ब्राह्मण	–	–	मोहनप्रसाद, अमरराज टेकनाथ आदि
०२९	जागेश्वर ब्राह्मण	–	केशवदीपक	–	एकराज शर्मा	मोहनप्रसाद, अमरराज टेकनाथ आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्चालक समितिका पदाधिकारीहरुको फोटो परिचय

उप सभापति
स्व. श्री दत्तात्रेय मजगैया

सचिव
श्री अमरराज शर्मा

सचिव
स्व.श्री डिल्लीराज शर्मा

सचिव
स्व. श्री रामप्रसाद शर्मा

सह–सचिव
श्री देवीप्रसाद शर्मा

सदस्य
स्व.श्री कृष्णप्रसाद शर्मा

सदस्य
स्व.श्री दीननाथ शर्मा



छात्रावासदाता
स्व.श्री तुलसीराम शर्मा

भ्रमणशील कार्यकर्ता
स्व.श्री केशवराज शर्मा

कार्यालय प्रमुख
बुद्धिप्रकाश शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐतिहासिक विद्वत् सम्मेलन

संस्कृत शिक्षाको उत्तरोत्तर प्रगतिको आकांक्षा राख्ने जनता महाविद्यालयका संस्थापक शुभेच्छुक पुनः चलमलाउन थाले । विश्वविद्यालय स्थापनार्थ विभिन्न सोचाइहरु आउने वाता बन्न थाल्यो । त्यसमा पनि २०२२ साल चैत्र १ गते श्री ५ महेन्द्रबाट दाङ तुलसीपुरमा उद्घाटित आध्यात्मिक सम्मेलनले नेपालमा संस्कृत विश्वविद्यालय हुनुपर्दछ भन्ने प्रस्ताव पास गऱ्यो । सम्मेलनका सदस्य–सचिवमा केशव दीपक शर्मा हुनुहुन्थ्यो भने योगी नरहरिनाथ आदि विद्वानह सक्रिय नेतृत्व तथा सहभागिता थियो । देउखुरीको दानपत्रमा उल्लेख भएअनुसार " उच्च शिक्ष प्रोत्साहित भएका हामी........" भन्ने वाक्यले मजगैया परिवारलाई निकै प्रेरणा दिएको हुन्थ्यो । अभियानमा दाङकै बुद्धिजीवी तथा शिक्षाप्रेमीहरु पनि कटिवद्ध थिए । यसै क्रममा दाङमा वृहत् वि सम्मेलनको कल्पनामा २०२४ साल आश्विन १६ गते जनता महाविद्यालयको सञ्चालक समि "........देशका समस्त मनीषीहरुमा आवश्यक प्रतीत भइरहेको संस्कृत विश्वविद्यालयको पूर्ति लागि १२०० विगाहा भूमि आर्थिक श्रोत भएको जनता महाविद्यालय दाङलाई ३ वर्षभित्र संस विश्वविद्यालयको रुपमा परिणत गर्ने पवित्र संकल्प यो समितिले गर्दछ र अवदेखि महाविद्यालयका सम्पूर्ण क्रियाकलाप यसै लक्ष्यलाई अगाडि राखेर गरिनेछन् ।"[1] भन्ने निर्णयानु सम्मेलनको उद्घाटन श्री ५ बाट गराउने स्वीकृति लिन गंगाधर पराजुलीलाई काठमाडौं पठाइ उहाँले वडाकाजी पुष्पराजको सहयोगबाट २०२४ साल चैत्र १ गते दाङ विजौरीमा वृहत् वि सम्मेलनको समुद्घाटन श्री ५ महेन्द्रबाट गरिवक्सने स्वीकृति लिएर आउनु भयो ।

२०२४ साल माघ २१ गते बसेको सञ्चालक समितिको वैठकले राप्ती अञ्चलाधीश अध्यक्षतामा तथा केशव दीपकको सचिवत्वमा १२१ जनाको आयोजक कमिटी गठन गऱ्यो । विभि उप समितिहरु गठन गरिए । सम्पूर्ण दाङवासीहरुले यथा स्थानमा खटेर चन्दा अभियान अभूतपूर्व सहयोग र समर्पण भाव देखाएका थिए । काठमाडौंबाट प्रा. विद्यानाथ भट्ट पहिलेदेखि आ वस्नु भएको थियो । कार्यक्रम अनुसार वाराणसी, लखनौ, हरिद्वार, अयोध्या, दिल्ली आदि विदेश स्वदेशबाट विशिष्ट ख्यातिप्राप्त विद्वानहरुलाई आमन्त्रण गरिएको थियो । राजा महेन्द्रको उदारता हवाईजहाज बक्सी चैत्र १ गते नै वाराणसीबाट विद्वानहरुलाई दाङ तुलसीपुर एयरपोर्टमा ल्या व्यवस्था मिलाइएको थियो । पाल्नु हुने ख्यातिप्राप्त विद्वानहरुमा शङ्कराचार्य, करपात्री आदि भार विशिष्ट विद्वानहरु र स्वदेशी विद्वानहरुमा रुद्रराज पाण्डे, पण्डितराज सोमनाथ, रामनाथ, शेष आदि विद्वानहरुको उपस्थिति थियो । ती विद्वानहरु नेपालगञ्ज, कोइलावासबाट २,३ दिन अगाडि नै आइरहनु भएको थियो । विद्वान, योगी, महर्षिहरुलाई हालको जनता संस्कृत माध्यमिक विद्याल अगाडिको मैदानमा अलग अलग स्वच्छ एवं मनोरम पर्णशालाहरु वनाई राखिए

(१) विद्वत् सम्मेलनको प्रतिवेदन २०२४, प्रकाशक जनता महाविद्यालय विजौरी पेज ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो । देश विदेशका मूर्धन्य विद्वानहरुको समुपस्थितिले दाङवासीहरु निकै हर्षित तथा पुलकित बन्थे । शायद सरस्वतीले नै बास गरेको यस विजौरी क्षेत्रमा यसै अवसरमा नै विश्वविद्यालयको धारण भएको मान्नु पर्दछ । यस सम्मेलनमा तात्कालीन अञ्चलाधीश रामनारायण श्रेष्ठको पनि त्वपूर्ण भूमिका थियो ।

पूर्व निश्चित कार्यक्रम अनुसार चैत्र १ गते २.३० बजे हाल जनता विद्यापीठको पुस्तकालय नको दक्षिणतिर रहेको मञ्चमा श्री ५ महेन्द्रको सवारी भएको थियो । उपस्थित अपार जन हहरु चिर प्रतीक्षित सम्मेलनको उद्घाटन हेर्न राप्ती, लुम्बिनी, धवलागिरि, भेरी, कर्णाली र ायणी अञ्चल समेतका असंख्य नरनारीहरुको भिडले सम्मेलन मैदान शोभायमान भएको थियो । वीच श्री ५ महाराजाधिराजबाट विद्वत् सम्मेलनको उद्घाटन भयो ।



उद्घाटन पछि श्री ५ मा विशिष्ट विद्वानहरुको परिचय गंगाधर पराजुलीले गराउनु भएको ो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वागताध्यक्ष उपकुलपति रुद्रराज पाण्डेद्वारा संस्कृत भाषामा स्वागत भाषण, महाविद्या स. सचिव जागेश्वर ब्राह्मणले माल्यार्पण तथा महाविद्यालयका निर्देशक गंगाधर पराजुलीले अ पत्र पढेर सुनाउनु भएको थियो ।

अभिनन्दन पछि सम्मेलन आयोजक समितिका सचिव केशव दीपक शर्माज्यूले स सम्वन्धी प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । त्यसपछि श्री ५ महेन्द्र सरकारबाट संस्कृत सम्वन्धमा सूत्ररुप संवोधन भाषण वक्सेको थियो । [1]

श्री ५ महेन्द्रको भाषणलाई संस्कृतमा अनुवाद गरी प्रा. हरिप्रसाद आचार्यले विद्वान सुनाउनु भएको थियो । अन्तमा जनता महाविद्यालयका सहसचिव जागेश्वर ब्राह्मणले भाषामा धन्यवाद ज्ञापन गर्नु भएको थियो । सम्मेलन चैत्र १,२ र ३ गते सम्म चलेको थियो तीनवटै विशेष समारोहमा विभिन्न विद्वान वक्ताहरुले संवोधन गर्नु भएको थियो ।

(१) भाषणको साल परिशिष्ट पेज १३५ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवोधन गर्नुहुँदै करपात्री





संवोधन गर्नुहुँदै शंकराचार्य

सभाले अन्तमा ४ वटा महत्वपूर्ण प्रस्ताव पास गरेको थियो ।[1] चार वटा प्रस्तावहरु मध्ये न्तम प्रस्तावको रुपमा विश्वविद्यालयको रुपरेखा र सम्मेलनको यथार्थ तस्वीर श्री ५ मा प्रस्तुत गर्न सदस्यीय प्रतिवेदन समिति गठन गरेको थियो ।

प्रतिवेदन समिति

१. श्री गंगाधर पराजुली – सदस्य
२. श्री छविलाल पोखेल– सदस्य
३. श्री केशव दीपक शर्मा "
४. श्री रामेश्वर शर्मा "
५. श्री टेकनाथ गौतम "
६. श्री एकराज शर्मा "
७. श्री योगी नरहरिनाथ "

केही समय ढीलो भए पनि प्रतिवेदन पुस्तिका २०२५ साल कार्तिक ४ गते माननीय ामन्त्री वासुदेव ढुङ्गाना मार्फत सरकारमा जाहेर हुने गरी जागेश्वर ब्राह्मण र गंगाधर पराजुलीले ुत गर्नु भयो ।

परिशिष्ट पेज १३६ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावित संस्कृत विश्वविद्यालय (२०२५)

विद्वत् सम्मेलनमा संस्कृत विश्वविद्यालय प्रस्तावित भै सकेपछि यसलाई दिन विभिन्न समितिहरु निर्माण गरिए। पहिले राप्ती अञ्चललाई नै जगाउने उद्देश्यले प्यूठान, रोल्पा, सल्यानतिर २०२५।११।२३ गते योगी नरहरिनाथ, मेघराज शास्त्री, प्रा. गोविन्द आचार्य, शंकर गौतम, नारायण तर्ताल र रामचन्द्र सुवेदीको टोली प्रस्थान गऱ्यो । सर्वप्रथम प्यूठानमा दुर्गाप्रसाद सुवेदीको अध्यक्षतामा, रोल्पामा बालाराम घर्ती मगरको अध्यक्षतामा, गेहेन्द्रबहादुर शाहको अध्यक्षतामा, सल्यानमा रेशमबहादुर राईको अध्यक्षतामा प्रस्तावित विश्वविद्यालय सहयोग उपसमिति गठन गरियो । त्यस्तै प्रचार प्रसार तथा अर्थ संकलन दाङको लागि प्रा. दीर्घराज घिमिरेको नेतृत्वमा र पश्चिम दाङ तथा देउखुरीको लागि दत्तात्रेय दाहाल र प्रा. श्यामकुमार गौतमको नेतृत्वमा टोलीहरु गठन भए । चैत्र २५ अञ्चलस्तरीय प्रधानाध्यापकहरुको बैठकले दाङ विजौरीमा हुन लागेको प्रस्तावित सं.वि. सवैले सहयोग गर्न अनुरोध गरेको थियो । चैत्र १९ गते राप्ती अञ्चलस्तरीय सभाले विश्व बनाउन कटिवद्धता जाहेर गरी केही चन्दा रकम समेत संकलन गरेको थियो । उक्त सभामा महाविद्यालयका प्रधानाचार्य पूर्णचन्द्र ढुङ्गेलले समस्त महाविद्यालयका प्राध्यापकहरुको ७ दिन प्र.सं.वि.लाई दिने वचन दिनुभएको थियो । त्यस्तै अन्य विद्यालय संघ संस्थाहरुबाट पनि आर्थिक जम्मा गर्ने आश्वासन समेत प्राप्त भयो ।[1]

पहिले योगी नरहरिनाथलाई विश्वविद्यालय आयोजक समितिको अध्यक्ष बन्न अनुरोध म एक काममा मात्र लाग्न पाउन्न वाहिर बसेर पनि सक्रिय सहयोग गर्दछु भने पछि २० श्रावण १६ गते श्री ५ को सरकारले जागेश्वर ब्राह्मणको अध्यक्षतामा २१ सदस्यीय विश्व आयोजक समिति गठन गऱ्यो ।[2] आयोजक समिति र योगी नरहरिनाथ दाङ विजौरी विश्वविद्यालयको भौतिक तथा आर्थिक पूर्वाधार निर्माण गर्न कम्मर कसेर लाग्नु भयो ।

श्री जागेश्वर ब्राह्मण


श्री योगी नरहरिनाथ

स्व. श्री गंगाधर पराजुली

(१) ऐजन विद्वत् सम्मेलनको प्रतिवेदन पृष्ठ १–२५ सम्म ।
(२) परिशिष्ट पेज १३७ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबभन्दा ठूलो कुरो अर्थ संकलन भएकोले सबैको ध्यान त्यतैतिर केन्द्रित हुन पुग्यो । ब्राह्मणजीले म.सं.वि.वि. को लागि १ करोड रुपियाँ जम्मा नगर्दासम्म गृह त्याग गर्ने भीष्म प्रतिज्ञा गरी सूदयरामेश्वर शिवालय बिजौरीमा पर्ण कुटी बनाई बस्न थाल्नु भयो । शुरुमा स्थानीय जनताहरुबाट चन्दा अभियानको शुभारम्भ गर्नु भएको थियो ।

२०२६ साल फाल्गुणदेखि दाङ विजौरीमा आचार्य कक्षा सञ्चालनार्थ त्रि.वि.ले अवैतनिक काजमा प्रा. रामेश्वर शर्मा र प्रा. हरिप्रसाद शर्मा आचार्यलाई पठाइसकेको थियो । हरिप्रसादज्यूले आदर्श विश्वविद्यालयको कल्पनामा संस्कृतमय वातावरणको पूर्वाधारको रुपमा जनता महाविद्यालयमा साना केटाकेटीहरुलाई संस्कृत बोल्ने अभ्यास गराइराख्नु भएको थियो । फलस्वरुप दिल्लीमा भएको विश्व संस्कृत सम्मेलनमा वालिका सरस्वती शर्माले ख्यातिप्राप्त विद्वानहरुका सामुन्ने संस्कृत भाषामा भाषण गरी सबैलाई चकित पारेकी थिइन् ।[1] रामेश्वर शर्मा र हरिप्रसाद शर्मालाई ल्याउन योगी नरहरिनाथ आदि सबैबाट विशेष अनुरोध भएको थियो । योगीजीकै विशेष प्रयासले छापिएको प्रतिवेदन पुस्तिकामा “प्रस्तावित संस्कृत विश्वविद्यालय” भन्ने भवनमा बसेर केही दिन काम समेत गर्नु भयो ।



प्रस्तावित नेपाल संस्कृत विश्वविद्यालय भवन

त्यस वीचमा २०२६ साल भाद्र १७ गते प्रतिनिधि मण्डलले श्री ५ महेन्द्रबाट महेन्द्र संस्कृत विश्वविद्यालयको नामको स्वीकृती मागेकोमा “नेपाल संस्कृत विश्वविद्यालय” को स्वीकृति वक्स्यो ।[2] काठमाडौंमा पनि पूर्णप्रसाद ब्राह्मणको अध्यक्षतामा उपसमिति गठन भई प्रचार प्रसार गरिदै थियो ।[3] दाङ विजौरीमा विश्वविद्यालयको कार्यारम्भकै क्रममा स्थान सानो हुने भएकोले ५ हजार बिगाहाका दरले १५ विगाहा (हाडिमेको डब्रा) जग्गा किन्ने आयोजक समितिको सोंचाई सफल हुन नपाउँदै योगीजीले यही पृष्ठभूमिलाई ठूलो ठाउँमा विस्तार गर्न खोज्ने क्रममा बेलझुण्डीतर्फ आँखा

(१) सम्मेलनमा प्राप्त गरेको प्रमाण पत्र परिशिष्ट १४८ मा छ ।

(२) परिशिष्ट पेज १३७ मा छ ।

(३) परिशिष्ट ऐ. ऐ. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाउनु भयो । स्थायी रुपमा संस्थागतरुपबाट "ढीलो भए पनि छोरो" हुने हिसावले आयो कमिटीले आफ्ना कार्यक्रमहरु अगाडि बढाउँदै थियो ।

यसै विचमा योगीजीको विश्वविद्यालय बनाउने लक्ष्यलाई केही व्यक्तिहरुले आफ्नो स्थ विकासको स्वार्थमा प्रयोग गर्न खोजे पनि आयोजक समितिले योगीजीलाई स्थान भन्ने कुरा गौ विश्वविद्यालय दाङमा हुन नदिने तत्वलाई फाइदा हुने भएकोले आपसमा द्वन्द्व नदेखाई काम गर्नु भन्ने निवेदन गर्‍यो ।

ठाउँ पनि ठूलो भएकोले योगीजीले यसैबीचमा नेपाल संस्कृत विश्वविद्यालयको शिला गर्नुभयो । विभिन्न समितिहरु निर्माण गरी श्रमदान लिई कच्ची घर समेत निर्माण गर्नुभयो। नभएको डाँडो गुल्जार भई विश्वविद्यालय निर्माणमा थप पूर्वाधार बन्न थाल्यो । वेलभ्रु योगीजीको साथमा स्थानीय व्यक्तिहरु देवमणि देवकोटा, गोकुल बस्नेत, हरिप्रसाद बस्नेत र दा बस्नेत (दुधरास), भक्तिराम ज्ञवाली आदि पनि हुनुहुन्थ्यो भने दाङमा विश्वविद्यालय हुनु पर्दछ वलदेव घिमिरे, खगराज लोहनी, एकराज शर्मा, ऋषिराज शर्मा, शोभाकर आचार्य र रेवती आचार्य आदि पनि योगिजीका साथमा विश्वविद्यालय निर्माणमा दत्त चित्त हुनुहुन्थ्यो ।

जागेश्वर ब्राह्मण चन्दा अभियानको क्रममा नेपालगञ्जमा कृष्ण गोपाल टण्डनको अध्यक्ष सहयोग समिति गठन गरेर ९ लाखसम्म रुपिया उठाउने आश्वासन समेत प्राप्त गर्नु थियो । त्यस्तै पूर्वी नेपालकै क्रममा पोखरामा चन्दा अभियानमा संलग्न हुनुहुन्थ्यो । २०२७ श्रावण २७ गते ब्राह्मणजीको अध्यक्षतामा भएको वि.वि. तयारी समिति विघटन भयो । सदस्यीय महा समिति र कार्यकारिणी समिति बनाई स्वयं योगीजी प्रधान सञ्चालक भई समि अध्यक्ष अञ्चलाधीशलाई बनाइयो। वेलभ्रुण्डीमा महत्वाकांक्षी योजनाहरु बन्न थाले। विश्वविद्याल निमित्त लामो लडाई लडेको दङाली जनताले विश्वविद्यालयको पूर्वाधार बनाउन योगीजीलाई मद्दत गरेका होइनन् । योगीजी समेतले पूर्व निर्माण गरेको र राष्ट्र अन्तर्राष्ट्रले समेत स्वी गरेको स्थानलाई पनि नछोडी बेलभ्रुण्डीसम्मको क्षेत्र संस्कृत क्षेत्रको रुपमा विकास गरी वि विश्वविद्यालयको कल्पना गर्न त्यसबेलाको समाज तथा व्यक्तिहरुले किन सोचेनन् ? क्षेत्र वि गरी वेलभ्रुण्डीमा अन्य वि.वि. निकाय राख्न सकिन्थ्यो, जुन अहिले छ । जस्तै त्रिपुरेश्व कीर्तिपुरमा त्रि.वि. रहेको थियो। तर त्यत्रो उत्साह देखाएको दङाली जनताले विश्वविद्यालयको १५ वर्ष पर्खनु पर्‍यो, यसलाई दुर्भाग्य नै मान्नु पर्दछ ।

"२०२७ साल मार्ग महिनामा राजा महेन्द्रसंग भेट गर्न वर्दिया जिल्लामा जानु भएका यो आफ्ना साथीहरुलाई एउटा पत्रसम्म नपठाई १० महिनासम्म हिम मानवको खोजीमा भयो । योगीजीको अनुपस्थितिवाट निराश भएका उपस्थित कार्यकर्ता आ–आफ्ना घरतिर जमीन अञ्चलाधीश नन्दवहादुर मल्लले हिनामिनावाट जोगाए ।[1] वेलभ्रुण्डीको लहरमा ख

(१) राप्ती अञ्चलको इतिहास, लेखक टेकनाथ गौतम दाङ घोराही । पेज ११६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोहनीजीले कुवा खनाई दिनुभयो भने भैसाही चेतनाथ शर्माले मील तथा कसैले प्रेस, कसैले केही दान गरी चल सम्पत्ति जम्मा गरेका थिए ।

यसरी नेपाल संस्कृत विश्वविद्यालयको विकास प्रगति र निर्माणको अध्याय समाप्त भयो । योगीजी भारतको विच्छिया भन्ने ठाउँमा सं.वि.वि खोल्न थाल्नुभयो । बेलझुण्डी डाँडो वडो निराश हुँदै भोलिको स्वर्णीम दिन पर्खेर बस्न लाग्यो । नरहरिनाथज्यूले लगभग ९५ विगाहा जग्गा दानपत्रद्वारा विश्वविद्यालयको नाममा ल्याउनु भएको थियो । अन्य पर्ती जग्गा दिने धेरैबाट आश्वासन प्राप्त गर्नु भएको थियो । त्यसपछि दाङमा संस्कृत क्षेत्रको पूर्वाधारको रुपमा बेलझुण्डी पनि स्थापित हुन पुग्यो । विजौरी भन्दा जग्गाको दृष्टिले बेलझुण्डी ठूलो थियो ।

संस्कृत अध्ययन संस्थानको स्थापना

२०२८ सालमा नयाँ शिक्षा योजनाको कार्यक्रम जन समक्ष आयो । उक्त योजना अन्तर्गत नेपालमा एउटा मात्र वि.वि. रहने र १० वटा अध्ययन संस्थान स्थापना गर्ने ऐन बन्यो । त्यत्तिकैमा नरहरिनाथज्यूको नेतृत्वमा बनेको ने.सं.वि.वि. समिति विघटन भयो । ने.सं.वि.वि.प्रति समर्पित व्यक्तिहरुलाई तत्काल ठूलो चोटको महशूश भयो । तर विश्वविद्यालय गए पनि अध्ययन संस्थान त ल्याउनु पर्‍यो भनी एकराज शर्मा, बद्रीनाथ योगी, टेकनाथ गौतम, जागेश्वर ब्राह्मण, शेरबहादुर खड्का, केशवदीपक समेत भएको जिल्ला पञ्चायतको प्रतिनिधिमण्डल काठमाडौं पुगी दाङमा संस्कृत अध्ययन संस्थानको माग गर्‍यो र पुनः तात्कालीन जनता महाविद्यालय सञ्चालक समितिका अध्यक्ष जागेश्वर ब्राह्मण तथा सचिव केशव दीपक शर्माको प्रतिनिधिमण्डलले २०२९ मार्ग २७ गते श्री ५ महाराजाधिराजका हजूरमा विन्ती पत्र चढायो ।[1] उक्त विन्ती पत्र अनुसार, २०२९ पौष १५ गतेको राजदरवारको पत्रद्वारा अध्ययन संस्थानको केन्द्रीय क्याम्पस दाङमा रहने र डिग्री तहको अध्ययन गराउने भन्ने जानकारी हुन आयो ।[2] यसैलाई आधार मानी दाङमा संस्कृत अध्ययन संस्थान स्थापना भयो । जसको प्रथम डीन अम्बिकाप्रसाद अधिकारी हुनुहुन्थ्यो । उहाँको सक्रियतामा विभिन्न भवनहरु निर्माण र जग्गा दर्ता भए । त्यतिबेलाको केही सुविधा नभएको ठाउँमा सं.अ.सं. चलाउनु कम कठिनको कुरा थिएन । वेलझुण्डीको नजिक पर्ने हेमन्तपुर रेवती बुढाथोकीको घरमा सर्वप्रथम काम चलाउ कार्यालय खुलेको थियो । उहाँका साथमा सहायक डीनको रुपमा योजना बनाउनमा कुशल प्रा. विद्यानाथ भट्ट आउनु भएको थियो । शैक्षिक तथा परीक्षा सम्वन्धी कार्य त्यसबेलाको विषम परिस्थितिमा पनि दाङबाट सञ्चालन भएको थियो । अम्बिकाप्रसाद अधिकारीले वेलझुण्डीमा खानेपानी योजना (सक्रामको जुरपन्ने) शुरुवात गराउन लाग्नु भएकोमा, विजौरीतर्फका मानिसले

१) उक्त विन्ती पत्रको फोटो कपी लेखकसंग सुरक्षित छ ।
२) उक्त राजदरवारको पत्रको फोटो कपी लेखकसंग सुरक्षित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाहा पाएर प्रतिनिधिमण्डल काठमाडौं गई बेलभुण्डी खानेपानीको नाममा गुहार खोलाको मूल सफल भएका थिए । उहाँले गुहार खोला सिंचाई आयोजनाको पनि शुभारम्भ गर्नु भएको पानीको श्रोतको अभावमा बेलभुण्डीसम्म गुहार खोलाको पानीले सिँचाइ हुन सकेन । हेमन्तपु भने हिउँदे पानी सिँचाइ गर्न सजिलो बन्यो । अम्बिकाज्यूले विश्वविद्यालय निर्माणको ऐतिह पृष्ठभूमिमा आधार भएको मजगैया परिवारको सहयोगको अपरिहार्यतालाई हृदयङ्गम गरी जा ब्राह्मणलाई संस्कृत अध्ययन संस्थानको परामर्श समितिको सचिवमा र अमरराज शर्मालाई स मनोनयन गर्दै सं. अ. सं.लाई सञ्चालन गर्नु भएको थियो । दोस्रो तथा अन्तिम डीनको तोयनाथ पाण्डे नियुक्त हुनुभयो । उहाँले अध्ययन संस्थानको पूर्वाधारलाई मलजल हाल्नु भयो व्यवस्थापन पक्षलाई अझ मजबूत बनाउनु भएको थियो । अञ्चल शिक्षा समितिद्वारा बिगा देउखुरीको व्यवस्थापन पक्षलाई संरक्षण गरी देउखुरीको जग्गालाई सं.अ.सं. अर्न्तगत फ महत्वपूर्ण काम गर्नुका साथै शैक्षिक पूर्वाधार बनाउनमा समेत महत्वपूर्ण योगदान गर्नु थियो ।

डीनहरु	सहायक डीनहरु
१. प्रा. श्री अम्विकाप्रसाद अधिकारी २. प्रा. श्री तोयनाथ पाण्डे	१. प्रा. श्री विद्यानाथ भट्ट, प्रा. श्री राधाकृष्ण अधि ३. प्रा. श्री बाबुराम पोखेल, प्रा. श्री गोविन्द कोइ

केन्द्रीय विद्यापीठ (हालको विश्वविद्यालय विद्यापीठ)

यसका संस्थापक डीन तोयनाथ पाण्डे हुनुहुन्थ्यो । उहाँको निकै ठूलो प्रयासको वावजू विद्यापीठ खडा भएको हो । तात्कालीन रजिष्ट्रार नेत्रबहादुरसङ्ग ठूलो जोडले २० मिनेटको सन्निक विजौरीमा क्याम्पस भए पनि बेलभुण्डीमा अर्को क्याम्पस खोल्ने पाण्डेयजीको योगदानलाई पर्दछ । प्रा. रामेश्वर शर्मा र प्रा. हरिप्रसाद शर्मा आचार्य कक्षा सञ्चालन गर्न दाङ विजौ आएदेखि नै आचार्य कक्षा विजौरीमा नै चलेको थियो । क्याम्पस संवन्धी कुनै पूर्वाधार बेलभुण्डीमा शिक्षण भवन र छात्रावास बन्नाले विजौरीलाई एकीकरण गर्ने भन्ने कल्पना न होइन । तर जनता क्याम्पसका संस्थापक दाता परिवारको अभिप्राय अनुसार पाण्डेज्यूबाट क्याम्पसमा सञ्चालन भएको आचार्य कक्षालाई केन्द्रीय क्याम्पस वेलभुण्डीमा सञ्चाल कार्यक्रम २०४० सालमा भएको हो । शुरुमा साहित्य, व्याकरण , न्याय, धर्मशास्त्र गरी चार सञ्चालन गरिएको थियो । सर्वप्रथम उक्त क्याम्पसमा कार्यक्रम संयोजकको रुपमा श्री पराजुली हुनुहुन्थ्यो भने सं.अ.सं. को खारेजी पछि श्री गोविन्द कोइराला, त्यसपछि क्रमश वीरदेव विष्ट, श्री हरिप्रसाद आचार्य, श्री दत्तात्रेय दाहाल र हाल श्री स्थानेश्वर गौतम प्रा नियुक्त हुनु भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्र संस्कृत विश्वविद्यालयको पृष्ठभूमि

नयाँ शिक्षा योजनाले तत्काल संस्कृत विश्वविद्यालय सम्वन्धी नीतिलाई अस्वीकृत गरे पनि न अम्विकाप्रसाद अधिकारी सं.अ.सं. को नयाँ संरचनामा व्यस्त हुनुभयो । वास्तवमा त्यतिबेला .अ.सं. लाई नै फुलाउने फलाउने काममा नै सवै दङाली समर्पित थिए । बेलभुण्डीमा पनि स्थायी र आवास, शिक्षण भवन, छात्रावास बनी सकेपछि तोयनाथ पाण्डे डीनमा नियुक्त हुनुभयो । उहाँले ने केही निर्माण र प्राज्ञिक व्यवस्थापनतिर लाग्नु भयो । बेलभुण्डीमा पनि विश्वविद्यालयको स्थायी र्वाधार बन्न थाल्यो । केन्द्रीय विद्यापीठ पनि चलेकोले शैक्षिक पूर्वाधार पनि तैयार भैसकेको यो । अर्को ऐतिहासिक शैक्षिक पूर्वाधार विजौरीमा पहिलेदेखि नै थियो । यी दुई संस्था एक अर्काको क भैसकेका थिए । पुनः सं.वि.वि. सम्वन्धमा दाङ जुर्मुराउन थाल्यो ।

व्यक्तिगत, संस्थागतरुपबाट प्रतिनिधिमण्डलहरु दाङमा विश्वविद्यालय हुने आवश्यकता र चित्यको पृष्ठभूमि देखाउँदै भेटघाट गर्न थाले । शाही उच्च शिक्षा आयोग गठन भैसकेपछि त वि.वि. को निमित्त राष्ट्रव्यापी माग समर्थन हुन थाल्यो । त्यसमा पनि उच्च शिक्षा आयोगले दाङ भुण्डीसम्म आएर अध्ययन गरी सं.वि.वि.को आवश्यकताको ठहर गरिसकेपछि शताब्दीदेखिको ङवासीको त्याग तपस्यालाई वास्ता नगरी विश्वविद्यालय जनकपुरमा, देवघाटमा, काठमाडौंमा पर्छ भन्ने आवाज आउन थाले । दाङमा विजौरी र बेलभुण्डी भन्ने कुरा डीन कार्यालय स्थापना ा नै समाप्त भैसकेको थियो । ठूलो ठाउँ र यतिबेला पूर्वाधार पनि तयार भैसकेकाले सबैको ध्यान भुण्डीमै केन्द्रित भैसकेको थियो । त्यतिबेला दाङकातर्फबाट निकालेका पर्चा पम्प्लेटहरुमा एउटै वाजमा दाङको २००८ सालको पूर्वाधारदेखि लिएर आध्यात्मिक सम्मेलन, विद्वत् सम्मेलन, योजक समितिका गठन, विघटन, डीन कार्यालयको स्थापनासम्मका कुराहरुमा दङालीहरुले पैरवी को देखिन्छ ।

काठमाडौंतिरका केही व्यक्तिहरुले पत्रिका मार्फत दाङको विरोधमा विषवमन गर्न थाले । अरु अरु योगीनरहरिनाथज्यू ले पनि त्यसै अवसरमा देवघाटमा विश्वविद्यालय बनाउन समिति समेत न गर्नु भयो ।[1] त्यही निहुँ बनाएर नरहरिनाथ समेतले दाङमा विश्वविद्यालय नबनाएर देवघाटमा ाउने भन्नुहुन्छ भने दाङमा हुनै सक्दैन भन्दै गोरखापत्रमा समेत छपाए ।[2] त्यस्तै दङालीले मसुधार लाग्ने डरले देउखुरीको १२०० विगाहा जग्गा दान गरेका हुन् भन्ने अवास्तविक प्रलाप ित गोरखापत्रमा छपाउन पुगे । काठमाडौंका केही व्यक्तिहरु दाङलाई असुविधा भएको भन्दै विधायुक्त देवघाटमा नै वि.वि. वनाउनु पर्दछ भन्ने जोडदार माग गर्न थाले । दाङको विरोधमा

---

[1] परिशिष्ट पेज १३८ र १३९ मा छ ।
[2] परिशिष्ट पेज १४९ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न वक्तव्य, पत्राचार र पम्प्लेटहरु छर्न थालियो ।[1] त्यसको प्रतिवाद प्रतिनिधि मण्डल दङालीहरुले गरिराखेकै थिए ।

उच्च शिक्षा आयोगको प्रतिवेदनमा डा. वल्लभमणि दाहालको विचारमा भने–" द संस्कृत विश्वविद्यालयको स्थापना हुनु पर्ने" कुराको उल्लेख भएकाले पनि दाङको विरोध एकजुट हुन थाले ।

२०४०।२।७ गते काठमाडौंमा पढ्ने विद्यार्थीहरु श्रीधर मजगैया, महेश मजगैया स प्रतिनिधि मण्डलले तात्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापासंग भेट गरी दाङमा विश्वविद्याल पर्छ भन्ने निवेदन दिएको थियो ।[2]

श्री महेश मजगैया, श्री श्रीधर मजगैया

त्यसपछि संस्कृत अध्ययन संस्थानका तर्फबाट २०४० साल भाद्रमा जागेश्वर ब्राह्म नेतृत्वमा केशव दीपक, अमरराज शर्मा, श्रीधर मजगैया, दुर्गाप्रसाद मजगैयाको प्रतिनिधि काठमाडौं पुग्यो । उक्त प्रतिनिधिमण्डलले तात्कालीन रा.पं.स. श्री एकराज शर्मा, श्री देव के.सी., श्री रणबहादुर शाहको नेतृत्वमा तात्कालीन रा.पं.स.हरुलाई दाङमानै विश्वविद्यालय भन्ने प्रधानमन्त्रीलाई लेखेको पत्रमा हस्ताक्षर गराएको थियो । उक्त निवेदनमा खिमबहादुर खेमराज पण्डित, ताराबहादुर घर्तीले जिल्ला सभापतिको हैसियतले हस्ताक्षर गर्नु भएको उपर्युक्त प्रतिनिधिमण्डलले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द समक्ष विश्वविद्यालयको माग प गऱ्यो । ८४ जना रा.पं.स.ले हस्ताक्षर गरेको फोटोकपी साथ श्री ५ महाराजाधिराज समक्ष प्र मण्डलले विन्ती पत्र प्रस्तुत गरेको थियो । त्यसबेलाका राजदरवारका सचिवद्वारा "अव दाङमा भयो दुई तिहाई सदस्यले दाङमा भने पछि एक किसिमले ऐन बने बराबर भयो । जानोस पर्दैन" भन्ने आश्वासन प्राप्त भएको थियो । यो विश्वविद्यालय निर्माणको इतिहासमा प्र निर्णायक प्रतिनिधिमण्डल थियो । जतिसुकै पूर्वाधार भए पनि दुई तिहाई रा.पं.स. लाई ध्यान नगराएको भए नारायणघाटतिर जान बेर थिएन ।

(१) परिशिष्ट पेज १५० मा छ ।
(२) परिशिष्ट पेज ११६ मा छ ।
(३) हस्ताक्षरको फोटोकपी १४० देखि १४३ सम्मको पेजमा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दाङवाट काठमाण्डौ गएको पाँच सदस्यीय विशेष प्रतिनिधिमण्डल। (क्रमशः दायाँबाट जागेश्वर ब्राह्मण, अमरराज शर्मा, केशव दीपक, श्रीधर मजगैया, दुर्गा मजगैया)

२०४०।५।१......गते प्रकाशित "संस्कृत शिक्षाको विकास" भन्ने गोरखापत्रको संपादकीयले ङमानै विश्व विद्यालय हुनु पर्छ भन्ने संकेत दियो।[1] २०४० असोज ८ गतेको गोरखापत्रमा "संस्कृत श्व विद्यालय कता ?" भन्ने शीर्षकमा सम्पादकलाई चिठीको कालममा विभिन्न प्रतिक्रियाहरु पिए।[2] ०४० साल कार्तिक २६ गते काठमाडौंमा भएको विश्व हिन्दू सम्मेलनले सं.वि.वि. हुनु पर्छ न्ने पास गऱ्यो तर स्थानको निश्चित गर्न भने मानेन। दाङबाट सम्मेलनमा भाग लिन जानु भएका कनाथ गौतम, देवमणि देवकोटा आदिले त्यहाँ भाग लिन आएका १२ अञ्चलका ५० जनालाई तखत गराई विन्ती पत्र श्री ५ महाराजाधिराजका हजूरमा चढाएका थिए।

२०४२ साल माघ महिनामा दाङमा विश्वविद्यालय स्थापनार्थ गंगाधर शास्त्री पराजुलीको तृत्वमा रामेश्वर शर्मा, जागेश्वर ब्राह्मण, टेकनाथ गौतम र केशव दीपक समेतको ६ सदस्यीय तिनिधि मण्डलले श्री ५ महाराजाधिराज सरकारको हजुरमा विन्ति पत्र चढाएको थियो।

दाङवाट काठमाण्डौ गएको पाँच सदस्यीय प्रतिनिधिमण्डल। (क्रमशः दायाँबाट गंगाधर पराजुली, केशव दीपक, रामेश्वर शर्मा, जागेश्वर ब्राह्मण, टेकनाथ गौतम।)

दङाली जनताको शताब्दीदेखिको त्याग तपस्यालाई मूल्याङ्कन गर्ने हो भने पनि श्व विद्यालय दाङमा भन्दा अन्यत्र बन्ने कुनै विकल्प नै थिएन। त्यसको फलस्वरुप श्री ५ को कारले सात सदस्यीय संस्कृत विश्वविद्यालय प्रतिवेदन समिति वडागुरुज्यू जुननाथ पण्डितको

[1] परिशिष्ट पेज १४८ मा छ।
[2] परिशिष्ट पेज १४९ मा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोजकत्वमा गठन गऱ्यो। डीन प्रा. तोयानाथ पाण्डे सदस्य सचिव हुनुहुन्थ्यो भने सदस्यहरु डा. हरिदेव मिश्र, प्रा. विद्यानाथ भट्ट, प्रा. खेमराज केशव शरण, प्रा. सरस्वतीप्रसाद घिमिरे शिवराज आचार्य हुनुहुन्थ्यो।

उक्त आयोजक समितिमा सदस्य सचिव हुनु भएका डीन तोयनाथ पाण्डेयलाई सं दाङमा हुनु पर्छ भन्ने तर्क पेश गर्न निकै मुश्किल परेको थियो। उहाँले अन्तमा संस्कृतको दाङमा छ भन्नु भयो। यस भन्दा पनि अगाडि २०४० साल माघ १३ गते मध्य पश्चिमाञ्चलको अर्न्तगत दाङको भूमिमा राप्ती अञ्चलवासीको तर्फबाट जिल्ला सभापति खिमबहादुर अभिनन्दन गर्दै श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव समक्ष संस्कृत विश्वविद्या माग गर्नु भएको थियो।

यसरी सिद्धान्ततः दाङमा संस्कृत विश्वविद्यालय राख्ने स्वीकृति भैसकेपछि २०४३ सा १६ गते शिक्षामन्त्री केशरबहादुर विष्टले सदनमा "दुई दशकदेखिको जनताको त्याग तपस्या स्व. श्री ५ महेन्द्रको सपना साकार पार्न पनि दाङमा म.सं.वि.वि. स्थापना गर्ने विज्ञप्ति पढेर भयो।[1] यस विज्ञप्तिलाई संस्कृतप्रेमी दङालीहरुले मुक्त कण्ठले प्रशंसा गरेका थिए।

तर पनि दाङ विरोधी शक्तिले कहिलेकाहीं कतै कुनै बेला पनि केही गर्न सक्छ त्रासले पुनः दत्तात्रेय मजगैया र टेकनाथ गौतमको अर्को प्रतिनिधिमण्डल २०४३ मार्ग काठमाडौं पुग्यो। भू.पू. प्रधानमन्त्री नगेन्द्रप्रसादको नेतृत्वमा वर्तमान तथा भू.पू. माननीय भए सदस्यीय प्रतिनिधिमण्डलले प्रधानमन्त्री मरिचमान श्रेष्ठसंग भेट गरेको थियो।[2] उहाँले अव गर्नु पर्दैन विधेयक ल्याउँछौं भन्नु भयो।

श्री टेकनाथ गौतम र श्री दत्तात्रेय मजगैया



प्रतिनिधिमण्डल व्यक्तिगत संस्थागत माध्यमबाट दाङमा विश्वविद्यालय हुनु पर्छ भने प्रयास गर्नु भएको हुन सक्छ। मैले प्राप्त गरेका प्रमाण र थाहा पाएसम्मको मात्र लेखेको हुँ। पनि सं.वि.वि. निर्माणमा केन्द्रीय नीति निर्माण सम्पर्क विभिन्न प्रतिनिधिमण्डलको अ माननीय एकराज शर्माको अहं भूमिका देखिन्छ।

नेपालका शिक्षा क्षेत्रका तीन मूर्ति शिक्षामन्त्री केशरबहादुर विष्ट, त्रि.वि.वि. उप महेश कुमार उपाध्याय, शिक्षा सचिव नरसिंहनारायण सिंहले बेलभुण्डी दाङको विश्वविद्यालय भएर सबै हल हुन सक्दैन यहाँको जनतालाई अब प्रतिवद्धता, स्थायित्व,

(१) परिशिष्ट पेज १५२ मा छ।
(२) परिशिष्ट पेज १५४ मा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्रोतको चिन्तन गर्दै सम्पन्नतातिर विश्वविद्यालयलाई अगाडि लैजान आग्रह गर्नु भएको थियो ।

२०४३ साल मार्ग २५ गते महेन्द्र संस्कृत विश्वविद्यालयको ऐन बन्यो । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट ०४३ साल पौष २७ गते महेन्द्र संस्कृत विश्वविद्यालयको विधिवतगठन गरिवक्स्यो ।

१.कुलपति श्री ५ महाराजाधिराज
२.सह कुलपति माननीय शिक्षामन्त्री
३.उप कुलपति डा. हरिदेव मिश्र
४.शिक्षाध्यक्ष प्रा. विद्यानाथ भट्ट
५.कुल सचिव केशव "दीपक" शर्मा

उक्त म.सं.वि.वि. गठन भैसके पछि श्री ५ महाराजाधिराज सरकारबाट २०४४ साल आषाढमा राजदरवारमा बसेको म.सं.वि.वि. प्रथम सभालाई ९ सूत्रीय निर्देशन वक्स भयो ।[1] २०४५ माघ १९ गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट दाङ बेलझुण्डीमा महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन गरिवक्सियो ।



विश्वविद्यालयको समुद्घाटन गरिवक्सदै श्री ५ वीरेन्द्र सरकार

२०४६ सालको जन आन्दोलनबाट पञ्चायती व्यवस्था समाप्त भैसकेपछि व्यवस्था परिवर्तन कै क्रममा पुराना पदाधिकारीहरुले राजिनामा दिएर नयाँ पदाधिकारीहरुको चयन भयो ।

१. उपकुलपति श्री श्रीकृष्ण आचार्य
२. शिक्षाध्यक्ष श्री पुरुषोत्तम भट्टराई
३. कुल सचिव श्री माधव गौतम

यसरी नियुक्त भैसकेपछि लामो समयसम्म गर्न बाँकी रहेको शिक्षक कर्मचारीको स्थायी र पदोन्नतिको कार्य द्रुत गतिले बढाइयो । वीचमा आफ्नो घरायसी कारण देखाई शिक्षाध्यक्ष पुरुषोत्तम भट्टराईले राजिनामा दिनु भयो । रिक्त ठाउँमा टीकाराम पन्थी नियुक्त हुनुभयो । २०५० साल माघमा उपकुलपति श्री कृष्ण आचार्यले आफ्नो असन्तुष्टि पत्रिका मार्फत जनाई राजिनामा दिनु भयो । रिक्त उपकुलपतिमा ०५० चैत्र महिनामा प्रा. चूडानाथ भट्टराय नियुक्त हुनुभयो । कुलसचिव

(१) परिशिष्ट पेज १५७ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माधवराज गौतमले देउखुरीको दर्ता हुन बाँकी जग्गा दर्ता गराउनमा महत्वपूर्ण भूमिका निभाउनु भएको थियो । २०५१ साल आषाढ १ गते प्रा. दत्तात्रेय दाहालको कुल सचिव पदमा नियुक्ति भयो । ०५२ साल मार्ग महिनामा श्री माधवराज गौतम शिक्षाध्यक्ष पदमा नियुक्त हुनुभयो । उपकुलपति चूडानाथ भट्टरायले महेन्द्र संस्कृत विश्वविद्यालयलाई काठमाडौंकरणमा जोड दिए पनि काठमाडौंमा अन्तर्राष्ट्रिय संस्कृत सम्मेलन र दाङमा श्री ५ युवराज दीपेन्द्र वीर विक्रमको सवारी चलाई विश्वविद्यालयको पूर्वाधार तयार पार्ने व्यक्तिहरु भनी जागेश्वर ब्राह्मण, अमरराज शर्मा, स्व. गणेश कुमार, स्व. दत्तात्रेय र टेकनाथ गौतमलाई सम्मान दिन लाउनु भयो । विश्वविद्यालय संस्थापकको नाममा हजारी साहुलाई सम्मान दिने कुरा भने ऐतिहासीक भावना विपरीत थियो । दाताहरुको आकांक्षा अनुसार दाङ बेलझुण्डीमा स्मारक स्तम्भ बनाई देउखुरीका जग्गादाता, चन्दादाता, बेलझुण्डीका जग्गा दाताहरुको शिलालेख आफू छँदै राखी छाड्नु भयो । श्री ५ महाराजाधिराजबाट श्री ५ महेन्द्रको प्रतिमा तथा दाताहरुको कीर्तिस्तम्भ उद्घाटन गराउने प्रण गरेकोमा विधिको विडम्वना चूडानाथ भट्टरायज्यूको हृदय गति बन्द भई असामयिक निधन भयो ।

२०५३ साल मार्ग १७ गते उपकुलपति पदमा माधवराज गौतमको नियुक्ति भयो । उहाँले आफ्नो स्वागत कार्यक्रममा प्राज्ञिक उन्नति र विश्वविद्यालयलाई नयाँ बाटोमा लैजाने अठोटका साथ केन्द्रीय पुस्तकालयको निर्माण गर्ने बचनवद्धता प्रकट गर्नु भएको थियो ।

यसरी भाषा पाठशालादेखि विश्वविद्यालयसम्मको इतिहास टिपोट गर्दा थाहा नभएर कसैको नाम क्रम छुटेको भए क्षमा प्रार्थी छु ।

विश्वविद्यालयका पदाधिकारीहरु

उपकुलपति	शिक्षाध्यक्ष	कुलसचिव
डा. प्रा.श्री हरिदेव मिश्र	प्रा.श्री विद्यानाथ भट्ट	श्री केशव दीपक शर्मा
प्रा. श्री श्रीकृष्ण आचार्य	प्रा. श्री पुरुषोत्तम भट्टराई	प्रा. श्री माधवराज गौतम
प्रा. श्री चूडानाथ भट्टराय	डा.प्रा. श्री टीकाराम पन्थी	प्रा. श्री दत्तात्रेय दाहाल
प्रा. श्री माधव गौतम	प्रा. श्री माधवराज गौतम	
	डा.प्रा. श्री बाबुराम पोखेल	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

मजगैयाहरुको सामाजिक तथा राजनैतिक योगदान

(क) सामाजिक तथा धार्मिक योगदान

मनुष्य सामाजिक प्राणी हो तापनि अहिलेको भन्दा त्यतिबेलाको समाजमा प्रचुर मात्रामा सामाजिकता पाइन्छ । समाजसापेक्ष कामहरुको आवश्यकता स्वाभाविक थियो, ऊ समाजविना एक छिन पनि रहन सक्दैनथ्यो । सृष्टिको परिवर्तित क्रममा राज्यको संरचना नै समाजपरक बन्न पुग्यो । व्यक्तिवादले कहिलेकाहीं समाजको मूल्य र मान्यतालाई धोका दिन्छ कि भन्ने डरले त्यही समाजको न्यूनतम आवश्यकता तथा बहुजनहिताय गरिने कार्य प्रणालीबाट नै वादको उत्पत्ति बन्यो जो अहिले समाजवादको नाममा परिभाषित हुन पुग्यो ।

हाम्रो परिवारमा पनि हाम्रा पूर्खा सूदयरामले सामाजिकताको नमूना देखाइदिएका थिए । लखनौको नवाबलाई प्रभाव पारी दाङको सुनारको सीमा लखनौराज्यबाट फिर्ता गराएपछि उनको वीरताबाट प्रभावित तात्कालीन सरकारले उनलाई सन्तुष्ट गर्ने वचन दिएको थियो । तर उनी आफू मात्र सन्तुष्ट हुन चाहेनन् अपितु सारा दाङवासीहरुमाथि परेको अन्यायलाई शर्तको रुपमा अगाडि सारे ।

१– हरण भएका विर्ताहरु थमौती हुनुपर्दछ,
२– जैसी वाहुनलाई उपाध्याय बाहेकले पूज्न पाउने व्यवस्था हुनुपर्छ (जुन व्यवस्था पहिले थिएन)
३– थारुको पानी चल्नु पर्दछ ।

विर्ता सम्वन्धमा तत्काल ४८ जना विर्तावारको विर्ता थमौती गरेको कागज प्राप्त भयो भने त्यसको आधारमा १८७७ सालमा वीज विर्ताको नाममा सबैले लालमोहर प्राप्त गरेका थिए । त्यस्तै जैसी ब्राह्मणहरुलाई १८६९ को रुक्का बमोजिम अधिराज्यस्तरमा आफू खुशी पूज्न पाउने व्यवस्था भयो । थारुहरुको पानी चल्ने व्यवस्था पनि बस्यो । यसरी तत्कालीन समाजमा सूदयरामले समाज सेवाको महत्त्व र आदर्श देखाएका थिए । उनले देउखुरीमा बगारबाबाको मन्दिर बनाउन लगाएका थिए ।

गंगाधरले छिल्लीकोटको पूजा आजा र विर्ता जग्गामा सिंचाइ बाँधको व्यवस्थापन गरेका थिए । त्यस्तै शिक्षा प्रचार त बाहुनको कर्म नै थियो । सूदयरामदेखि तेस्रो पिंढीका ठाकुरप्रसादले सामाजिक सम्मानको रुपमा चौधरी भन्ने पद पाएका थिए । जीवनारायणले सात गाउँले कुलो खनाएका थिए भने त्यस्तै जलौरामा अमरराज (तल्लाघर) ले कुवा खनाएका थिए । तुलसीराम, दामोदर मानपुर र वामदेवकी पत्नी खुमा कुमारीले छात्रावास बनाइ विद्यालयलाई दान गर्नु भयो । शोभाकरकी पत्नी इन्द्रकुमारीले सूदयरामेश्वर शिवालयलाई धर्मशाला बनाई दान गर्नु भयो । डाँडागाउँ रामप्रसादले बराह क्षेत्र र देवीस्थान आदि विभिन्न ठाउँमा मन्दिर बनाउनु भयो । उहाँका छोरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वक्सेन मजगैयाले देउखुरी बनगाउँमा शिव मन्दिर बनाउनु भयो । ठाकुरप्रसादकी पत्नी विष्णु कुमारीले देवीस्थान बाँसगढीमा "भगवतीको मन्दिर" र तुलसीपुरमा "शिव मन्दिर" बनाउनु भएको छ। अमरराज शर्मा मानपुरले सूदयरामेश्वर शिवालयमा "शिवद्वार" बनाउनु भएको छ भने डाँडागाउँ रामप्रसादले "लक्ष्मीनारायण मन्दिर" बनाउनको लागि केही रुपियाँ दिईसक्नु भएको छ । त्यस्तै सूदयरामेश्वर शिवालय विजौरीमा ईश्वर पोखेलले "सूर्यको मन्दिर", श्रीधर मजगैयाले "बसाहा", लक्ष्मण पोखेल (जहदागाउँ) ले "पानी टंकी", दुर्गा मजगैयाले धर्मशाला र मन्दिरकोवीचमा "ढलान" बनाउनको लागि कार्यारम्भ गरिसक्नु भएको छ ।

(ख) राजनैतिक योगदान

राणा कालमा हालको ५ गाउँ विकास समिति बराबरको एक पञ्चायतको सभापति भएर मोहनप्रसादले त्यतिबेलाको अधिकार बमोजिम न्यायिक क्षेत्रमा सफलता प्राप्त गर्नु भएको थियो। त्यस्तै कुलप्रसाद शर्माले उपसभापति भएर योगदान गर्नु भएको देखिन्छ। मोहनप्रसादले राणाकालमा विर्तावार प्रतिनिधि भएर काठमाडौं गएको देखिन्छ।[1]

२००२ सालमा श्री ३ पद्मशमशेरसंग विर्तावारहरुको प्रतिनिधि मण्डल

२००७ सालको जनक्रान्तिमा लगभग मजगैया परिवारका सबैले आ–आफ्नो क्षेत्रमा रहेर योगदान गरेका थिए तापनि हाम्रो परिवारमा तथा जिल्लाकै नेतृत्वतहमा अमरराज शर्मा र दत्तात्रेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

शर्मा अग्रपंक्तिमा देखिनु हुन्छ । स्थानीय पञ्चायत तहमा जिल्लाले दिएका निर्देशनलाई पालना गराउने र व्यवस्थालाई मिलाई राख्न सभापति भएकोले पनि मोहन प्रसादको विशेष भूमिका थियो । माल कब्जा गरेपछि उहाँलाई केही दिनसम्म मालको प्रमुख बनाएर राखिएको थियो । एक जना बृद्धका अनुसार– "मोहनप्रसादलाई गभर्नर धर्मवहादुर थापाले अधिकारपत्र सहित आवश्यक परेको बेलामा कसैलाई पनि केही गर्न सक्ने बन्दूक सहितको अधिकार दिएका थिए रे ।" अमरराज शर्मा स्थानीय सरकारको शिक्षामन्त्रीसम्म बन्न पुगे, त्यसले पनि विद्यालयलाई अगाडि बढाउन बल तथा मद्दत मिलेको थियो । त्यतिबेला कांग्रेसमा चर्चित नाम देवीप्रसाद शर्माको पनि थियो । कांग्रेस भएकोले उहाँले छोएको घर परिवारले खाँदैनथे । क्रान्तिकै क्रममा कुलपतिको नेतृत्वमा नेपालगञ्ज कब्जा गर्न एउटा मुक्ति सेनाको समूह गएको थियो जसमा टेकनप्रसाद, जागेश्वर, विजुलीप्रसाद, तुलसीराम (विजौरी) गदाधर आदि हुनुहुन्थ्यो ।

पछि गएर मोहनप्रसाद, शिवप्रसाद आदि राष्ट्रिय प्रजातन्त्र पार्टीतिर (मातृकातिर) लाग्नु भयो भने, १३,१४ सालतिर पद्मप्रसाद र ऋषिराम आदि कम्युनिष्ट पार्टीतिर लाग्नु भयो । संयुक्त प्रजातन्त्र पार्टीमा तीर्थराजले सांसदको टिकट पाएर विजुली प्रसाद आदिलाई आफ्नो पार्टीमा ल्याउनु भएको थियो भन्ने सुनेको थिए ।

२०१७ साल पछि प्रथम सांसद भएर दत्तात्रेय मजगैयाले मजगैया परिवारको परम्परागत राजनैतिक नेतृत्वलाई उच्च स्थानसम्म पुचाउनु भएको थियो । प्रधानपञ्चमा दामोदर शर्मा र जिल्ला सभासद् एवं जि.पं.मा क्रमशः मोहनप्रसाद शर्मा एवं जागेश्वर ब्राह्मणले पनि नेतृत्व संहाल्नु भएको देखिन्छ । त्यसपछि प्रधानपञ्चको रुपमा भरतराज शर्मा र तीर्थराज शर्माले नेतृत्व लिनु भयो भने उपप्रधानपञ्चमा भरतराज (खरखरे) र विजुलीप्रसाद रहनु भयो । उता बर्दिया जिल्लाबाट दुर्गा मजगैया वामपन्थी लाइनद्वारा जिल्ला पंचायत सदस्य भई सुकुम्वासीको नेतृत्वमा जेल समेत पर्नु भयो । त्यसपछि रा.पं.स.को टिकट समेत प्राप्त गर्नु भएको थियो । पंचायती व्यवस्थाको प्रभावबाट राजनैतिक नेताहरु समाजसेवातिर उन्मुख भैरहनु भएको समयमा कम्युनिष्ट पार्टीतिर लागेका गोपाल तथा भरतलाई देखेको थिए । बनारसमा पढेर यहाँ आइ युवा जमातमा कांग्रेसतर्फ श्रीमणि "कमल" लाई र वामपन्थीतर्फ देवी पोखेललाई सक्रिय देखेको थिए । प्रजातन्त्रको लागि प्रबासमा बसेर पनि ने.वि.संघको प्रवास अध्यक्ष जस्ता जिम्मेवारी लिएर नेपाली कांग्रेसको रुपमा बलदेव मजगैयाले लामो लडाइँ लड्दै जेल जीवन पनि बिताउनु भएको थियो । त्यतिबेला पनि विद्यार्थीको रुपबाट धेरै मजगैयाका छोराहरु समर्पित थिए ।

०३६ सालतिर यस पंक्तिका लेखकले पनि काठमाण्डौमा पढ्दा राप्ती अञ्चल विद्यार्थी संपर्क समितिको अध्यक्ष भएर काम गरेको थिएँ । उता प्रवास क्षेत्रमै अखिल भारतीय विद्यार्थी युनियनको अध्यक्ष भएर वामपन्थी राजनीतिमा शंकर पोखेल देखिए । उनले नेपालमा अनेरास्ववियू केन्द्रीय अध्यक्ष र त्रि. वि. स्व. वि. यू. को अध्यक्ष पद समेत सम्हाल्न पुगे । प्रजातन्त्रप्राप्तिकै लागि मजगैया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवारकै दुर्गा मजगैया, गोविन्द मजगैया, श्रीमणि मजगैया, शंकर पोखेल, कुमुद मजगैया, खगेश्वर मजगैया मजगैयाकी छोरी मेनका पोखेलले जेल जीवन विताउनु परेको थियो भने कतिले भूमिगत र छद्मभेषबाट काम गरेका थिए ।

प्रजातन्त्रको पुनर्वहाली पछि नेपाली कांग्रेस जिल्ला अध्यक्ष पदमा बसेर बलदेव मजगैयाले आफ्नो पार्टीभित्र महत्वपूर्ण भूमिका निभाउनु भयो । एमाले पार्टीमा दुर्गा मजगैयाले पनि अञ्चल सचिव भएर पार्टीभित्र महत्वपूर्ण भूमिका निभाउनु भएको थियो । आफ्नो पार्टीभित्रको योगदानस्वरुप हाल दाङ क्षेत्र नं. २ बाट बलदेव मजगैया र क्षेत्र नं. ३ बाट शंकर पोखेल प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भई सदनमा समेत महत्वपूर्ण भूमिका निभाउँदै आउनु भएको छ । वर्तमान अवस्थामा दुर्गा मजगैया एमाले अञ्चल कमिटीमा सदस्य छन् भने नेपाली कांग्रेस दाङ जिल्लाको सचिव पदमा कुमुदराज शर्मा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीमा जिल्ला सह–सचिवमा तिलक मजगैया देखिन्छन् । हाल एमाले विजौरी गा.वि.स.पार्टी प्रमुखमा गोपाल शर्मा र मानपुर गा.वि.स.माअध्यक्ष पदमा गोविन्द मजगैया भएको देखिन्छ ।



श्री भरत शर्मा



श्री दुर्गा मजगैया



श्री खगेश्वर मजगैया

श्री श्रीमणि मजगैया

श्री गोविन्द मजगैया

श्री कुमुदराज शर्मा

(ग) सामूहिक नेतृत्व र प्रतिवद्धता

मजगैयामा सातपट्टिको वर्गीकरण हुनु भन्दा पहिले कुनै खास नेतृत्वको विविधता थिएन । एउटै निर्णय, एउटै प्रतिबद्धता देखिन्थ्यो । मुख्यरुपमा मोहनलाल, नन्दाराम, शशीधर, जीवनारायण, तुलसीराम, जीवराज र देवदत्त नै सातपट्टिका प्रमुख व्यक्तित्व थिए । खास गरेर देउखुरी सम्वन्धी व्यवस्थापन र वाँडफाँडको निमित्त जमघट र छलफल हुने गर्दथ्यो । त्यतिवेला देउखुरीको वाँडफाँडको जिम्मा जीवनारायणलाई दिइएको थियो । आ-आफ्नो जिम्मा समकालीन सवैले निभाएकै थिए । त्यसपछि देउखुरीतर्फ र विर्ताका कागज पत्रको संरक्षण व्याख्या विश्लेषणको व्यवहार मोहनप्रसादतर्फ बढी भएको देखिन्छ । तर विर्ता संरक्षणमा जागेश्वर, अमरराज, दत्तात्रेय, केशवराज, कुलप्रसाद,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामप्रसाद, शिवप्रसाद आदिको पनि अहं भूमिका थियो । हरेक मजगैयाहरुको विशेष कामकाजमा २००७ सालसम्म सबैका विर्ताका मानिसको सहयोग भएको सुनिन्छ, ००७ सालपछि भने क्रमशः समाप्त हुँदै गयो । २०१० सालमा देउखुरीको विर्ता दान गरेपछि संचालक समितिको माध्यमले देउखुरी सञ्चालन भयो । सञ्चालन गर्दा मजगैयाहरुको अतिरिक्त टेकनाथ गौतम र झग्गुप्रसाद (भमके) को पनि महत्वपूर्ण स्थान थियो ।

नयाँ शिक्षा लागेपछि देउखुरी अञ्चल शिक्षा समिति मार्फत प्रशासन र व्यवस्थापन चलेको थियो । त्यतिबेला दाताहरुको इच्छा विपरीत दाङका अन्य स्कूलहरुमा पनि देउखुरीबाट प्राप्त आय विनियोजन गरियो । त्यसको विरोधमा र आयश्रोत हिनामिना सम्वन्धमा मजगैया परिवारको विजौरीमा बसेको बैठकले करिव १२ लाख जति विगोमा अख्तियार दुरुपयोग आयोग "काठमाण्डौमा आवश्यक कार्यार्थ पठाउने" निर्णय गरेको थियो । उक्त निवेदन मैले नै आयोगमा गएर दर्ता गराएको हुँ । त्यसपछि २०३७।१०।१० मा अंचलाधीश, शिक्षा मन्त्रालयका प्रतिनिधि, डीन, क्याम्पस प्रमुख समेत भएको बैठकले देउखुरीको आयस्ता वाँडफाँड र प्रवन्ध गर्न डीनको अध्यक्षतामा ७ जनाको स्थायी कमिटीको निर्णय गरी काम कार्यबाहीलाई अगाडि बढायो ।

मजगैया प्रतिनिधिको रुपमा सर्वप्रथम दत्तात्रेय शर्मा र अमरराज शर्माको प्रतिनिधित्व हुन गयो । ०३८।१०।२० गतेदेखि दत्तात्रेय शर्माको ठाउँमा श्रीधर मजगैयाको प्रतिनिधित्व भयो । २०४०।१०।१८ गते उपर्युक्त समितिको कार्यकाल समाप्त भएकोले पुनः अमरराज शर्मा र श्रीधर मजगैयाले नै मजगैया प्रतिनिधिको रुपमा प्रतिनिधित्व गर्नु भएको थियो । यस कार्यकालभित्र लगभग ८०० विगाहा देउखुरीको जग्गा दर्ता गरेर लालपूर्जा प्राप्त भयो । साथै देउखुरीको छूट जग्गा दर्ता सम्वन्धमा विभिन्न पूर्वाधार खडा गऱ्यो ।

२०४२ सालमा डीन कार्यालय विघटन भएपछि त्रि. वि. वि. ले देउखुरी जग्गा संचालक समिति क्याम्पस प्रमुख रामेश्वर शर्माको अध्यक्षतामा गठन गऱ्यो । ०४२ सालमा शिक्षा मन्त्रालयको पत्र अनुसार मजगैया परिवारको प्रतिनिधित्व श्रीमणि "कमल", बुद्धिप्रकाश शर्मा, भरतराज शर्माले गर्नु भयो भने शिवालयको अध्यक्ष रामप्रसाद उपाध्यायले पदेन प्रतिनिधित्व गर्नु भएको थियो । यो समितिको कार्यकाल समाप्त भएपछि पुनः परिवारमा चुनाव नहुनु पर्नेमा ०४४।१२।२७ गते चुनाव भयो, परिणामस्वरुप अत्यधिक मत पाई श्रीधर मजगैया निर्वाचित हुनु भयो । अन्य निर्वाचितमा भरतराज शर्मा, गोविन्द मजगैया, कुमुदराज शर्मा हुनुहुन्थ्यो । महेन्द्र संस्कृत विश्वविद्यालय दाङमा स्थापित भैसकेपछि २०४४ सालमा श्री ५ महाराजाधिराजको सुर्खेत सवारी भएको समयमा देउखुरीको जग्गा उचित संरक्षणको निमित्त र दाताहरुको दानपत्रको इच्छानुसार महेन्द्र संस्कृत विश्वविद्यालयमा नामसारी भयो । ०४६ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयले अलग विनियम वनाई देउखुरी जग्गा संचालक समिति गठन गरी मजगैया प्रतिनिधि श्रीधर शर्मा र गोविन्द मजगैयालाई मनोनयन गऱ्यो । देउखुरी विशेषज्ञका रुपमा अमरराज शर्माको प्रतिनिधित्व अद्यापि चलेको छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हालसम्म श्रीधर मजगैया र गोविन्द मजगैयाको पनि कार्य संलग्नता भइरहेको छ । उक्त समितिमा मजगैया प्रतिनिधिको रुपमा टेकनप्रसाद उपाध्याय मनोनित हुनु भएको थियो । उहाँको निधन पछि हाल मजगैया प्रतिनिधिमा विष्वक्सेन मजगैयाको मनोनयन भएको छ ।

०५२ सालमा विश्वविद्यालयको देउखुरी खोजीगाउँको कोठार तोडफोडका साथै गहुँ बाली र अन्य बाली समेत लुटेकोले विजौरीमा बसेको २०५२।१।३० को मजगैया परिवारको बैठकले उपकुलपति र प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र दिएको थियो । उपकुलपतिज्यूले पठाएको मजगैया परिवारका नामको पत्र पनि परिशिष्टमा प्रस्तुत गरिएको छ ।[1]

त्यस्तै मिति २०५३ साल कार्तिक ६ गते विजौरीमा बसेको मजगैया परिवारको बैठकले श्रीधर मजगैयाद्वारा लिखित मजगैयाको इतिहास छिटो प्रकाशन गर्न अनुरोध गर्‍यो भने महेन्द्र संस्कृत विश्वविद्यालयको यथार्थ इतिहास सम्वन्धमा सम्वन्धित व्यक्ति संस्था र संचार मिडियासंग जानकारी गराउने र सुझाव समेत दिन एउटा समिति निर्माण गरेको छ ।

१–	श्री रामेश्वर शर्मा	संयोजक
२–	श्री अमरराज शर्मा	सदस्य
३–	श्री गदाधर शर्मा	सदस्य
४–	श्री श्रीधर मजगैया	सदस्य
५–	श्री भैरव मजगैया	सदस्य
६–	श्री ईश्वर पोखेल	सदस्य
७–	श्री विश्वराज पोखेल	सदस्य

प्रा. श्री गदाधर पोखेल

प्रा. श्री ईश्वर पोखेल

प्रा. श्री भैरव मजगैया

(घ) साहित्यिक योगदान

१– श्री भागवत मजगैया – दाङका प्रथम कवि हुनुहुन्छ । वार्णिक छन्दमा उहाँले वि. सं. १९७२ तिर "नीला भया चन्द्रमा" भन्ने समस्या पूर्ति र आद्य अक्षर नाम भएको गरी २ श्लोक कविता लेख्नु भएको थाहा लागेको छ ।[2]

२– पं. तुलसीराम मजगैया (खरखर्रे) – उहाँ संस्कृतका विद्वान हुनुहुन्थ्यो । उहाँले पनि

(१) परिशिष्ट १५९ पेजमा छ ।

(२) उक्त कविता नयाँ युगवोध २०५३ मंसिर ४ गतेमा प्रकाशित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविताहरु लेख्नुहुन्थ्यो भन्ने परम्पराबाट सुनिएको छ ।

ऐश्वर्य सन्तानवृद्धि बाट हुने सुखशान्ति सन्तोष को आध्यात्म नैवेद्य मैले समेत संधी सबैले

विद्यालयको उन्नतिमा निष्कपट दिल बाट काम गरी सो विद्यालय लाई चाडो फुल्ने फल्ने गराई

ला भनी अतुल भक्ति श्रद्धा का साथ यो दानपत्र लेखी जनता विद्यालय सञ्चालकलाई सुम्पेको छ

दिन्छु यो दानपत्र दाइ विर्ता विजौरी श्री सुई रामेश्वर महादेव का मन्दिर मा बसी ले । विनै लाख

विनारामा लेखिदिएँ शुभम्

तपसिल

अंसामी	मौजे तेश्रो को मेडी किता	मौजे जे प्रहरण की भागी सकलको किता	मौजे मडी भागी किता	मौजे पहलका को मेडी किता	मौजे किनेको मेडी ...
ठाकुर प्रसाद को नाती भीनाथ को छोरा दाइ बेल्हरी बस्ने वर्ष ३३ को पं. दत्तात्रेय शर्मा ले ०९ साल मा कृषि दान लेख लिएर दाइ का दिएको ईत हाल सोही जग्गा रजिष्टेशन भएको किते	२।।।२	१२१५	१४५४	२६।।	३३६२
पं. चक्रपाणी को नाती दुःखी राजको छोरा दाइ विजौरी बस्ने वर्ष ३१ को जागेश्वर शर्मा	७।२	२१।।।५	३६।।।१	७०५४	३८

साक्षी [illegible]
[illegible]

साक्षी [illegible]
[illegible]

लेखक साहि पशुपति
शर्मा दाङ् छिल्ली
विजौरी
अध्यापक
दाङ् विजौरी
पाठशाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठकुर प्रसाद का नाती जीवराज का छोरा . दाड़ विर्ता
करेका बसे वर्ष ५८ का ओलाभ्रतार उपाध्याय — ४।१ १८॥५ २५।२ ३१॥५ २५॥३

खेमलाल का नाती गङ्गाधर का छोरा दाड़ बिर्तीकर
दिबाबसे राम प्रसाद उपाध्याय वर्ष ३२ का — ७।४ ३१॥५ ३६॥ ७०५४ ३८

जीवराज का नाति चूडामणि का छोरा वर्ष ३५ का दाड़
बिर्तिडीठेनी बसे अनन्ता उपाध्याय — ०॥२ २।१ २॥२ ५।१ ४॥५

तुलसीराम का नाती मीनकेतु का छोरा वर्ष ३४
का दाड़ बारागदी बसे इनराजा उपाध्या
य — — — — ७।२ ३१॥५ ३६॥ ७०५४ ३८

मोहन लाल का नाती केशवराज का छोरा दाड़
गैरपुर बसे वर्ष ४८ का दामोदर उपाध्याय — १८३ ४॥२ ५।५ १०।२ ८॥५

नन्दाराम को नाति नारायणप्रसाद को छोरा वर्ष ३५ का पं.
नरप्रसाद उपाध्याय दाड़ बारागदी — २॥ १२८१ १३॥१२५॥१ २२१

गोविराम का नाती देवीप्रसाद का छोरा धनाराम
उपाध्याय दाड़ बिर्तािवेनी बसेका — ५॥२ २४। २७॥३ ४१॥ ४६॥१

(१२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सा. हि. रामेश्वर शर्मा … चक्रपाणी का नाती दाजिराम का छोरा वर्ष ३० का पं. [illegible] दाइ बिजौरी	७१४	३१॥।४	३६॥।	७०।	३८
[illegible] थउपाध्या पक्तिति … केशीनाथ को नाती मस्तीमउ को छोरा वर्ष २५ को [illegible] नाथ उपाध्याय दाइ बिती बिजौरी	२॥२	२६।	२७॥२	५१॥	४४॥
मोहनलाल को नाती केशवराम को छोरा [illegible] प्रसाद … वर्ष २० को दाइ [illegible]	१५२	५॥।२	५॥१	१०।१	९
बोधनाथ का नाती भुवनेश्वर का छोरा वर्ष ४३का दाइ बिती बिजौरीवाले कृतलीम उपाध्याय	३।१	१२॥।	२२५२	४१५४	३५॥।२
बोधनाथ का नाती उद्धिप्रकाश का छोरा वर्ष ३८ का दुर्गा प्रसाद उपाध्याय दाइ बिती बिजौरी	६॥५	१४५३	३३५३	३१॥।१	२८५४
भुवनेश्वर को नाती रुद्रप्रसाद का छोरा वर्ष ३१ को बुद्धि प्रकाश उपाध्याय दाइ बिती बिजौरी	३।१	१२॥।	२२५२	४१५४	३५॥।२
भुवनेश्वर को नाती गुरुप्रसाद का छोरा वर्ष १८ को [illegible] राज उपाध्याय दाइ बिती बिजौरी	३।१	१२॥।	२२५२	४१५४	३५॥।२
मोतिराम का नाती [illegible] का छोरा वर्ष ३१ का [illegible] प्रसाद उपाध्याय दाइ [illegible]	२॥।१	१२		१३॥।१	२५॥।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीपदम सादउन थापा

मोतिरामका नाती होतारामका छोरा दाङ छिवी
गाउँ जंगीगाउँ पंवेन्द्रका पत्नी प्रसाद उपाध्याय रु. १ ८।२ १८।४ २२।२ ४९।२ ३२।।२

गोपीरामको छोरी कविरामको नातेनी वर्ष ६२ की पं.
भगवानजीकी धर्मपत्नी दाङ विजौरी बस्ने मुंगा
देवी उपाध्यायानी पं दामोदरकी आमा — १ ६।।२ २९५३ ३२३२ २१।।२ ३१३।।८

गोविन्दको छोरी तुलसीराम जीको धर्म पत्नी पं.
अमर राजकी आमा रुक्मादेवी उपाध्यायानी
वर्ष ४२ की दाङ विजौरी — — ६।। २९५३ ३३५२ ६१।।२ ९३।।४

शिवदत्तको नातेनी जनबोधकी छोरी पं.
डिल्लीराजको बहिनी प्रजला कुमारी वर्ष १८
की दाङ विजौरी बस्ने — — ६।। २९५३ ३३५३ ६१।।२ ५३।।४

जीवराजको नाति राधाकृष्णको छोरा वर्ष १८
का मोहन गोपाल शर्मा दाङ विजौरी ... २।।३ १२।। १४५५ २६।। २३५३

(१२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	...रका दाङ् ... शर्मा					२४॥२
८.	मोतिराम का नाति लम्बोदरका छोरा दाङ् गी धातुगाउं वले रेवतीप्रसाद उपाध्याय वर्ष ७७ का	५॥३	२४।१	२७॥३	२१॥१	४४॥
९.	धर्मीरामको नाति यमनारायणको छोरा वर्ष २२ को मीत्रचन्द्र उपाध्याय दाङ् निर्ति मजगाउं वलो	३।२	१४॥२	१६॥१	३०॥५	२६॥४
१०.	बौआकरको नातेनी वेदप्रकाशको छोरी ईश्वर की धर्मपत्नी दाङ् विर्ति मजगाउंवले वर्ष २५ की भिमा कुमारी उपाध्यायानी	३।२	१४।५	१६॥२	३०॥५	२६॥२
११.	अभिरामका नाति दिवाकरका छोरा वर्ष २९ का खुशाल राम उपाध्याय दाङ् निर्ति मजगाउं वले	२	८॥१	६॥४	१८॥१	१६।२
	ठाकुर प्रसाद का नाति जीवराज का छोरा वर्ष ५० का रमाकान्त उपाध्याय दाङ् बाबडराराको	२॥३	१२।	२४।४	८६॥	२३।२

Margin notes: मोहिनी... मोहन... लालउपाध्याय...; मीत्रचन्द्र उपाध्याय बीर्ति मजगाउं; ...प्रसाद शर्मा दाङ् बीर्ति मजगाउं; ...टरमाकान्त उपाध्याय ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवराज का नाति रत्नेश्वर का छोरा वर्ष ३१ को वासुदेव उपाध्याय दाह वकुलाई बस्ने	२॥।२	११।५	१४५२	२६॥	२३५३
चक्रपाणि का नाति पं.जीवेन्द्र नाथ का छोरा वर्ष ३१ का कृष्ण प्रसाद उपाध्याय दाइ विर्ता [illegible] माउं बस्ने	७।२	३१॥।५	३६॥।	७०५५	३८
भूपारामकी नातिनी हरिप्रसादकी छोरी चूडामणि की पत्नी दाइ प्र.पाढित्का तथा [illegible] गांधर्व देवी [illegible]	॥२	२१७	२॥।८	२१७	०॥८
जीवराजका नाति चूडामणिका छोरा वर्ष २१ का चिन्तामणि उपाध्याय दाइ प्र.पाढित्का बेनी बस्ने	॥२	२१७	२॥।२	५१७	४॥५

ह्री वासुदेव उपाध्यायको बकुलाई

ह्री कृष्णप्रसाद उपाध्याको दाइ तीजहदागा उ[illegible]

सहीछाप [illegible]

सम्वत् २०१०साल कार्तिक २७गते वार ५शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानपत्र १८५

श्री [illegible] जीउ जनता [illegible] दिनेहाला [illegible] [illegible] [illegible] दिएको [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] ... दी. [illegible] [illegible] आफ्नो [illegible] [illegible] दिने दान [illegible] [illegible]

हितैको		
दा	बा	[illegible]
		[illegible]

धनिको			धनिको			[illegible]को			[illegible]को		
दा	बा	औंठाछाप	दा	बा	औंठाछाप	दा	बा	औंठाछाप	दा	बा	औंठाछाप
		[illegible]			[illegible]			[illegible]			[illegible]
		[illegible]			[illegible]			[illegible]			[illegible]
		[illegible]			[illegible] छाप						

[illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] दानपत्र [illegible] [illegible] [illegible] [illegible] [illegible] मंजुर भै [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] दान [illegible] [illegible] [illegible] [illegible] दान मंजुर [illegible] [illegible] [illegible] [illegible] दानपत्र [illegible] गरी दिऊँ

[illegible] [illegible]

[illegible] [illegible]

[illegible] २०१० [illegible] २४ गते रोज १ [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

लिखितमें नगाजमवली हामे नपासिल्वको जिंदा छुदैराम मजमैयाडा उनाा छिहारी संतान हद आ
पुरवा जिन छुदैराम का नाडना १८७७ साल का लाल पोट मैं हासिले आज मैंद मोगको गरी आ
हाडा हकभोग को दस्तुर नलागने विर्ता मध्ये दसै लाइ दुर्गै वेङ्गाल ले हक लाई नदीएको जि
देउखुरी प्रगन्ना पडिल्ला। मौजे मत(कुरा)को पाति विघा २२२ ५।।।१ है गजादीको पा
११८ २ माहर से जंङ्गर हवाको पाति विघा १०४८।। है सिहै गैको पाडि विघा १८७१५३१८ पु
पहीको मौजे देजीको पाडि विघा २४१५२ भोटको हाकुवाबु वाजे हदका नाम मा था
हासिले मैं मोगचले गरी आएको नवीजगा स्मेत को ५ मौजा को जम्मा पाडि विघा ६४
३ मध्ये नपासिल्वको जिंदो आफ्ना आफ्ना अंस भाग्मा पर्दको मौ पाणि लोखिहे दा गगा
ल्ल विर्ता विजौरीमा श्री प्रावी [illegible] नापना नीलो स्थापना गर्दा श्री छुदै लगे [illegible]
देव जिनिमीना को विजौरीमा १९८७ साल देखि हाजि ईहलै मैं उक्त विर्ताको आयलो
ले वाट स्थापना गरो पछि सरदार का सहयोग वाट स्कोल चलाइ आएको विजौरी पाठशाला
उन्नति हुँदै आएको फलस्वरूप उच्च शिक्षा प्रचार मा प्रोत्साहित हुँदा हामि छुदैराम
परिवार स्कोल ले गत ८ सालका खडा गरी उक्त विर्ताको आयस्ता बाट चलाइ आए
जनता विद्यालय संस्कृत प्रधान पाठशाला दाङ विजौरी क्याम्पस भै २०१० साल
दा वाली देविलाइ श्री कृष्ण पेरा मसु भने दान गरी दीवो [illegible]
गरी दिइल्या विर्ताको साल साल को सर्व (हे)को आयस्ता मध्ये [illegible]
१ विद्यालय का सञ्चालक समिति ले १२ बहार खेत [illegible] खेत ले [illegible]
हाददेव दीक्षी पूजा स्कोल चलाइ बाकि ११ ज्या खेत लो विजौरी विद्यालय [illegible]
गत महिला विद्यालय का काम मा खर्च गर्नु [illegible] जमि दान गर्ने
दाता छुदैराम [illegible] वाट हामि हरुका ओढात को विर्ता गर्दा धेरै अन्ना [illegible]

साक्षी
[illegible] प्रसाद
[illegible] शर्मा
(१३९)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दी विलाइज्जिर्व
ले देशावरजद्दा
मका बादी होला
नागवाणी प्रसाद
शर्मा
ले स्वयं की दृगा
नपे कामा
दरु
मोहर
वमो

श्री नारायण प्रसाद शर्मा
विद्यालय

व्याव हारिक दृष्टि दो छ पर नारी पार पारिई दृष्टि अर्थात् भविष्य का शिक्षा प्रत्या
शक्ष्य दो आएको वाट दुःख शान्ति सन्तोष दो फुल वारी वन्ने सैन्धी जाकि दी एदी
ले आल्ला नसले का बाट समाज दो विष्य ढ आफ्नो स्वार्थ सिद्धा दो चेष्टा मात्र गर्ने
गाली वा गाउला तिन असंख्य जन्म सैन आप आरोग्य ऐश्वर्य सुख सम्मान
बालो सर्वदा बञ्चित रहन पर्नेछ । रोग दुःख द्वेष इत्यादि छ छ । जे जा
विद्यालय को उन्नति द्वारा समाज सेवा गर्नाको प्रयास गर्ने आई असंख्य जन्म सैन
आयु आरोग्य ऐ स्वर्ग सन्तान विद्विवार इते सुख शान्ति सम्मोख को भाग्यवान बनेछ
स्नो संघी सबैले विद्यालय का उन्नती का निम्ति दिलवार काम गरी स्व विद्यालयला
द चाडो फुर्ती पूर्वदी गाउला दानि अनुल मस्के भ दा ।
तत्ता विद्यालय नियत ताधिरि लाई नाथा पा दान पत्र दाऊ विर्ता विर्जोर्ती यो
दे तापि भए पहा देव चौदा मान्दिर दा वसी लेगविदो साक्षी रक्तागा पाले
रिवन मह होद

(१३२)

तर्पसिल्.

असामी	मौजे हुँजो दी माडवि का चा	मौजे नेहराहवा दा माडिविख	मौजे गगनी दी माडिविता	मौजे मात फुलवादी गांडिविता	मौजे टेलो दो नाडि विका
चन्द्रलाल दा नाति जिव नारायण दा छोरा दाऊ विर्ता विर्जोर्ती नले वर्ष २६ दा रिक्का प्रसाद शर्मा	५॥।१	२६५४	२८॥।२	५५।२	४८।
लाल ध्यान दी नातिनी चेतनाथ की छोरी पद्मनाभ की रामेपाली दाऊ विर्ता विर्जोर्ती वर्ले वर्ष ६१ की निरा कुमारी उपाध्याया नी	११॥।	५२।२	५८॥३	११।।२	२६॥२

सा.
सा.
सा.
सा.

चन्द्रलाल दी नाति जिवनारायण दा
छोरा दाऊ विर्ता विर्जोर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

छिमा कुमारी उपाध्यायनी —— ११॥१ — ५२।२ — ५८॥३ — ११९।२ — ८६॥२

चन्द्रलाल को नाति जिवनारायणका छोरा दाङ बिर्ता बिजौरी बस्ने वर्ष ४६ का गौ माधव उपाध्याय —— ५॥।१ — २६५५ — २८॥।१ — ५५।२ — ४८।१

चन्द्रलाल का नाति जिवनारायणका छोरा दाङ बिर्ता बिजौरी बस्ने वर्ष ४१ का मोहनलाल उपाध्याय —— —— ५॥।१ — २६५४ — २८॥।१ — ५५।३ — ४८।२

चन्द्रलाल का नाति अमररत्नका छोरा दाङ बिर्ता बिजौरी बस्ने वर्ष ३५ का देवेन्द्र प्रसाद उपाध्याय —— ८॥५ — ३८।। — ४४॥५ — ८३॥१ — ७४।४

... लाल कोषाकी नातिनी चेतनाथकी ... देवेन्द्र प्रसाद की धर्मपत्नी ... वेदकुमारी उपाध्यायनी —— ८॥५ — [illegible] — ४४॥५ — ८३॥१ — ७४।३

... आकृत की नातिनी रविलालकी छोरी टिकाराम की धर्मपत्नी दाङ बिर्ता हाडिमे बस्ने वर्ष ७८ की छिमा कुमारी उपाध्यायनी —— —— २०५२ — ७०॥। — + — १९८ — १३०

... तारानाथ का नाति टिकारामका छोरा दाङ बिर्ता हाडिमे बस्ने वर्ष ७७ का केशव राज उपाध्याय —— —— + — + — ८० —— —— ——

चक्र पानि को नाति कासीराम को छोरा दाजु विरोधि ... ले वर्ष ४६ को मेदनिप्रसाद उपाध्याय २५४ — १५ — २१ — ...२० — १५१२

हिरालाल को नाति छातारी को छोरी शिव प्रसाद को धर्म पत्नि ... गाउँ वर्ष ४८ को प्रमाकुमारी उपाध्याय — + — + — + — + — २२१

जीवराज को नाति चूडामणि को छोरा दाजु ... वर्ष ३५ का खड्गलाल उपाध्याय — ११२ — २१९ — २।।। — ५१२ — ४।।५

इति सम्वत २०१० साल फाल्गुन १८ गते रोज ...

जनता विद्यालयलाई संस्कृतको उत्तरोत्तर प्रगतिको निमित्त जग्गादान गर्ने आन्पु मजगैंया परिवार सदस्यहरु

(१) श्री मेन कुमारी मजगैंया, डाडाँगाउँ (२) श्री विष्णु कुमारी मजगैंया, डाडाँगाउँ

(३) श्री पं. रामप्रसाद मजगैंया, डाडाँगाउँ (४) श्री देवीप्रसाद मजगैंया, डाडाँगाउँ

(५) श्री यज्ञमूर्ति मजगैंया, डाडाँगाउँ (६) श्री स्थानेश्वर मजगैंया, डाडाँगाउँ

२०३१ सालमा जनता संस्कृत माध्यमिक विद्यालयलाई जग्गा दान गर्ने गौतम परिवार

(१) श्री दीपराज गौतम, विजौरी (२) श्री रामकुमार गौतम, विजौरी

(३) श्री ठाकुरप्रसाद, विजौरी (४) श्री युवराज गौतम, विजौरी

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज महेन्द्र सरकारबाट विद्वत् सम्मेलनमा विद्वद्वर्गलाई वक्सेको भाषण

उपस्थित विद्वद्वर्ग, महिला तथा सज्जनवृन्द !

आज गौरवमय इतिहास, परम्परा र संस्कृतिले ओत–प्रोत भएको हाम्रो नेपालको यस भागमा संस्कृतिसंग सम्वन्ध भएको संस्कृतका विद्वानहरुकोवीच आफूलाई पाउँदा हर्ष लाग्नु स्वभाविकै हो र उपस्थित सबै अतिथिवर्गको हार्दिक स्वागत गर्दछु। संसारको सभ्यताको इतिहासको विकासमा संस्कृतको महत्वपूर्ण देन छ। वैदिककालमा कस्ता उच्च आदर्शहरु र उत्कृष्ट भावनाहरुको उठान भएर आर्य संस्कृतिको प्रवाह बग्दै आयो, हाम्रो दैनिक जीवनमा नै त्यसको कस्तो प्रभाव परेको छ, प्रत्यक्ष छ। संस्कृतको ज्ञान नभई हामीले आफ्नै आचार–विचारको मर्म पनि बुझ्न सक्दैनौं। शायद समयको परिवर्तनले गर्दा होला त्यही ज्ञान नभएर हामीले हाम्रा गहकिला कुराहरुमा पनि नवुझेर श्रद्धा घटाउँदै लगेका छौं र खासगरी हाम्रा नेपाली नवयुवक युवतीहरु यस विषयमा दुविधामा परी नअल्मलिएका छैनन् भन्न करै लाग्छ।

..........तर समय परिवर्तनशील छ र समयले पल्टा खाँदै आयो। संसारका विभिन्न उन्नत राष्ट्रहरुमा भौतिकवाद जतासुकै व्याप्त हुन थाल्यो, सांसारिक भोग–विलासनै मानव–जीवनको लक्ष्य बन्दै आयो। अनि आध्यात्मिकवादलाई चाहिदो नचाहिदो रुढी वुढी र मतमतान्तरले धमिल्याउनु प्रायः स्वभाविकै भयो। हाम्रो प्राचीन र उपयुक्त ग्रन्थहरुको अध्ययन पश्चिमी विद्वानहरुले गर्न थाले, सार निकाले आलोचना गरेर फाइदा पनि उठाए। पश्चिमी शिक्षा र चालचलनमा विस्तारै रंगिएका हामीहरुले पनि उतैतिर आँखा लगाउन लाग्यौं। उनीहरुले प्रतिपादन गरेका विषयहरुमा क्षणिक सुखभोगको लालसाले आँखा चिम्लेर बढ्‌ता आस्था देखाउन लाग्यौं र हाम्रो महत्ता चिनाउने आज उनीहरु भए भन्न कुनै अत्युक्ति हुँदैन र यतातिर संस्कृतज्ञहरु सेलाउँदै गए। हामी खाली हाम्रो शास्त्रमा यस्तो छ भन्ने कुरामा मात्र गर्व लिन लाग्यौं र व्यवहारिक हुन सकेनौं। रटन्ते विद्यामा मात्र ज्यादा जोड दिन लाग्यौं। समयलाई चिन्ने कोशिश गरेनौं, आवश्यक अनुसन्धानपट्टि दृष्टि नै दिएनौं। यो ज्यादै दुःखको कुरा छ, यसको फलस्वरुप आज हामीहरुमा क्रमशः आत्महीनता आयो, मानसिक दुर्वलता हुन लाग्यो, अनुशासन, आचरण र सच्चाईबाट हामी पछि पर्न थाल्यौं। यसैले अब हामीले यस्ता कुरामा लाज मान्नु हुँदैन वरु भएका भूलहरु सुधारेर समयलाई चिन्ह र सुहाउँदो ज्ञान र विज्ञानका समन्वयले प्राचीन इतिहास र परम्पराको जग नखल्वल्याई, तर आधुनिक व्यवहारिक कर्म चरित्रमा कसरी आवश्यक सुधार गर्नु पर्दछ, आज म यसै विद्वत् सम्मेलनद्वारा संसारका संपूर्ण संस्कृतका अनुयायी, लेखक, कवि, विद्वान, पण्डित, विशेषज्ञ सबै छेउँ हार्दिक अनुरोध गर्दछु कि अब यस कुरामा ठोस अनुसन्धान र व्यावहारिक कार्यान्वयन हुनु नितान्त आवश्यक भएको छ, हुनु पर्दछ।

हुन त यस्ता गहन विषयमा बढ्‌ता कुरा गर्नु म कुनै विद्वान् होइन तैपनि यो खुशीको कुरा छ कि आज हाम्रा संस्कृतज्ञहरुको दृष्टिकोणमा पनि परिवर्तन देखिन लागेको छ र त्यसकै फलस्वरुप हामी आज यहाँ जम्मा भएका छौं, उदारता र आत्मगौरवका साथ समय सुहाउँदो गरी हामीले हाम्रा पुस्तकालयहरुमा भएको ग्रन्थहरुको अध्ययन र अनुसन्धान निष्पक्षढंगले गर्दै गयौं भने हामीले यो पनि फेरि एक दिन देख्नेछौं कि विज्ञान पश्चिमी सभ्यताको मात्र पेवा होइन। हामीसंग पनि एकसे एक वैज्ञानिक ग्रन्थहरु छन्। जसबाट जीव–शास्त्र, वनस्पति–शास्त्र, आयुर्वेद र रसायन शास्त्रमा ठूलो असर पर्न सक्दछ। विज्ञानज्ञाताहरुलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरुलाई विज्ञानमा अभिरुचि भएन भने अब हामीले यो समस्या हल गर्न सक्दैनौं र यी दुवैको समन्वय हुनु पर्दछ। अनि मात्र शुद्ध अनुसन्धानको वातावरण बन्दछ र अनि मात्र संसारमा ज्ञान र विज्ञानद्वारा सुख, सुविधा र शान्ति हुनेछ, मानव–समाज फल्नेछ, फुल्नेछ।

.....................आज एकमात्र हिन्दू राष्ट्र नेपालमा संस्कृत विश्वविद्यालयको खाँचोको हामी नेपाली सबै र खासगरी नेपाली विद्वान्‌हरुवाट महसूस नगरेका होइनौं तर यो कैले सम्भव हुन सक्छ, कस्तो साँचोमा ढाले देश सुहाउँदो हुन सक्ला, के गरेर आधुनिकढंगले हाम्रो विद्वताको परम्परा कायम रहन्छ भन्ने कुरामा यहाँ उपस्थित विद्वानहरुबाट यो छलफल हुन लागेको छ, त्यसको म सहर्ष र सहृदय स्वागत गर्दछु तथा यो भन्न चाहन्छु कि अब हामी कसैले पनि आँखा चिम्लेर अन्धविश्वासमा विना कारण कुनै कुरामा पछि लाग्नु नेपाली समाजलाई शोभा दिदैन र जुनसुकै शिक्षालय तथा विश्वविद्यालयसम्मले पनि त्यस्तो कार्यक्रम तैयार पार्नु पर्दछ कि त्यस शिक्षालय वा विश्वविद्यालयबाट निस्केको कुनै पनि नेपाली विद्यार्थी सर्वप्रथम अनुशासित, चरित्रवान् र आधुनिक नेपाली हुन सकोस् बन्न र बनाउन सकोस्, यसमा अर्को कुनै तर्क हुन सक्दैन, यो पनि म आज यहाँ भन्न चाहन्छु।

........अन्तमा उपस्थित सबै विद्वानवर्गमा माथिका कुराको फेरि एक पल्ट संझना दिलाउँदै यस सम्मेलनको सफलताको कामनाका साथै यस समारोहमा सम्वन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वत् सम्मेलनले पारित गरेका चार महत्वपूर्ण प्रस्तावहरु

(१) २०२४ साल चैत्र १ गते दाङ विजौरी जनता महाविद्यालयको प्राङ्गणमा हिन्दू राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट आफ्ना करकमलद्वारा नेपाली र भारतीय विशिष्ट विद्वान् एवं महान् योगीश्वरहरुको जो सम्मेलनको उद्‌घाटन गरिवक्स्यो त्यसमा सम्मिलित विद्वानहरु र अरु सबै हामीहरुले मौसूफ राष्ट्रनायकका भाषण अनुसार आवश्यक अनुभव गरिएका संस्कृत विश्वविद्यालयको स्थापना विषयलाई लक्ष्य गरेर संकल्प गर्छौं कि यो संस्कृत विश्वविद्यालय प्रकृतिले मनोहर संस्कृतको सम्वर्धन गर्ने उत्साहलेयुक्त जनता भएको नेपालको दाङ विजौरी स्थलमा नै त्यसप्रकार संस्थापित गरौं जसवाट निस्केका स्नातकहरु गम्भीर विद्वताले संपन्न होउन् ।

(२) त्यस संस्कृत विश्वविद्यालयको रुप रेखाका सम्वन्धमा हामीहरुले एकमत भएर निश्चय गर्दछौं कि "आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती" यो वचन अनुसार (क) तर्कशास्त्र (ख) वेद (ग) कृषि पशुपालन वाणिज्य (घ) राजनीति र अर्थशास्त्र चार संकाय (फैकल्टी) राखियून् र यिनैमा अरु विभागहरु गाभियून् ।

(३) यो संम्मेलन श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवका जुनाफमा धन्यवाद चढाउँदै धेरै धेरै शुभाशिष टक्रयाउँछ कि मौसूफको संस्कृत वाङ्मयको संरक्षणको सदिक्षा सर्वथा पूर्णहोओस् ।

(४) यस सम्मेलनले विश्वविद्यालयको प्रतिवेदन तयार पार्नका लागि निम्नलिखित महानुभावहरुको एक प्रतिवेदन समिति गठित गर्दछ ।

(१)	श्री गङ्गाधर शास्त्री पराजुली	(निर्देशक ज. म. वि. वि.)	–	संयोजक
(२)	श्री छविलाल पोखेल	(प्र. आ. पि. स. म. वि. धरान)	–	सदस्य
(३)	श्री केशव दीपक	(सचिव वि. सं. आ. स.)	–	सदस्य
(४)	श्री रामेश्वर शर्मा	(प्रा. त्रि. वि. वि.)	–	सदस्य
(५)	श्री टेकनाथ शास्त्री गौतम	(हापुर)	–	सदस्य
(६)	श्री एकराज शास्त्री शर्मा	(वर्गदी)	–	सदस्य
(७)	श्री योगी नरहरिनाथः		–	सदस्य

" संस्कृत विश्वविद्यालस्ये प्रतिवेदनम् " जनता महाविद्यालय
विजौरी दाङबाट प्रकाशित २०२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विश्वविद्यालयको स्थापना सम्वन्धी केही तथ्यहरु

संस्कृत विश्वविद्यालय स्थापनाको सन्दर्भमा आयोजक समिति गठित

(गोरखापत्र २०२६)

काठमाण्डौं, श्रावण १६ गते ।

श्री ५ को सरकारले दाङमा संस्कृत विश्वविद्यालय स्थापना गर्ने सन्दर्भमा आवश्यक साधन, सामग्री र अर्थ संकलन गर्न श्री जागेश्वर ब्राह्मणको अध्यक्षतामा २१ सदस्यीय संस्कृत विश्वविद्यालय आयोजक समितिको गठन गरेको छ ।

साथै दाङ जनता संस्कृत महाविद्यालयमा आचार्य कक्षाको अध्ययन अध्यापनको स्वीकृति पनि प्रदान गरेको छ ।

सो समितिको सचिवमा श्री दत्तात्रेय शर्मा, कोषाध्यक्षमा श्री गिरिराज शर्मालाई नियुक्त गरिएको छ ।

उक्त आयोजक समितिको सदस्यमा राष्ट्रिय पञ्चायतका सदस्यहरु सर्व श्री गिरिराज उपाध्याय, ध्रुवविक्रम शाह र बालाराम घर्तीका अतिरिक्त सर्वश्री रेशमबहादुर राई, टेकनाथ गौतम, केशव दीपक, एकराज शर्मा, दामोदर शर्मा, अमरराज शर्मा, ऋषिराम आचार्य, मोहनप्रसाद उपाध्याय, गंगाधर पराजुली, धर्मराज शर्मा, दाङका प्रमुख जिल्ला अधिकारी र राप्ती अञ्चल शिक्षा अधिकारी पनि हुनुहुन्छ ।

सो समितिको कार्यविधि तोकिएको छैन ।

रासस

दाङमा प्रस्तावित संस्कृत विश्वविद्यालय

श्री ५ बाट 'नेपाल संस्कृत विश्वविद्यालय' नाममा स्वीकृति

(गोरखापत्र २०२६)

काठमाण्डौं, भाद्र ७ गते ।

श्री ५ महाराजाधिराज सरकारबाट दाङमा स्थापना गरिने संस्कृत विश्वविद्यालयको "नेपाल संस्कृत विश्वविद्यालय" नामाकरण गर्ने स्वीकृति बक्सेको छ । राप्ती अञ्चलका राष्ट्रिय पञ्चायत सदस्यहरुको हालैको दर्शन भेटमा मौसूफ सरकारमा सो विश्वविद्यालयको नाम महेन्द्र संस्कृत विश्वविद्यालय राखी पाउँ भनी विन्ती चढाउनु भएको विन्ती पत्रको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट प्रस्तावित महेन्द्र संस्कृत विश्वविद्यालयको सट्टा नेपाल संस्कृत विश्वविद्यालय नामाकरण गर्ने स्वीकृति बक्सेको हो ।

संस्कृत विश्व–विद्यालयको नाम नेपाल संस्कृत विश्वविद्यालय राख्ने स्वीकृति बक्सेकोमा राप्ती अञ्चल राष्ट्रिय पञ्चायत सदस्यहरु सर्वश्री ध्रुवविक्रम शाह, गिरिराज उपाध्याय, नरबहादुर शाह, बालाराम घर्ती मगर, नारायणप्रसाद चन्द, रेवन्त बहादुर शाहले मौसूफ सरकारमा हार्दिक कृतज्ञता चढाउनु भएको छ । रासस

संस्कृत विश्वविद्यालयको काठमाण्डौमा उपसमिति

(गोरखापत्र २०२६)

काठमाण्डौं, आश्विन ६ गते ।

नेपाल संस्कृत विश्वविद्यालयको राजधानीमा प्रवन्ध, प्रचार प्रसार एवं संपर्क आदिको कार्यको निमित्त प्रमुख निर्वाचन आयुक्त श्री पूर्णप्रसाद ब्राह्मणको अध्यक्षतामा एक ११ सदस्यीय उप–समिति गठन गरिएको छ । केही दिन अगाडि श्री ५ को सरकारले त्यस विश्वविद्यालयको आचार्य कक्षा संचालन गर्ने स्वीकृति दिई सकेको छ र राप्ती अञ्चलस्थित दाङमा कार्य प्रारम्भ पनि भईसकेको छ ।

समितिका सदस्यहरुमा राजसभा स्थायी समितिका सदस्य भरतमणि, राष्ट्रिय पञ्चायतका सदस्य वीरेन्द्रकेशरी उपाध्याय, मुख्य अञ्चलाधीश सरदार श्री विष्णुमणि आचार्य, प्राध्यापक श्री सरस्वती घिमिरे, श्री नारायण श्रेष्ठ, श्री धनशमशेर, डा. पिनाकीप्रसाद आचार्य, श्री अब्दुल मकबुलारी, श्री दुर्गाप्रसाद मजगैया र श्री तिलकप्रसाद शर्मा हुनुहुन्छ ।रासस

पाश्चात्य विज्ञानका विषय संस्कृतमा अनुवाद गर्ने निर्णय

काठमाण्डौ, आश्विन ११ गते । (गोरखापत्र २०२६)

नेपाल संस्कृत विश्वविद्यालय प्रवन्ध उपसमितिको हिजो बसेको बैठकले
पाश्चात्य विज्ञानका विषयहरुको विशेषज्ञहरुद्वारा संस्कृतमा अनुवाद गराई संस्कृतमा
उपलब्ध आयुर्वेद, ज्योतिष दर्शन, साहित्य आदि ज्ञान विज्ञान विषयमा संस्कृत
विश्वविद्यालयमा समन्वयात्मक अध्ययन गराउने निधो गर्‍यो ।

बैठकले श्री ५ महाराजाधिराज सरकारबाट संस्कृत विश्वविद्यालयको स्वीकृती
वक्सी नेपाल संस्कृत विश्वविद्यालय दाङ नामाकरण गरिवक्सी विश्वको एक मात्र हिन्दु
सम्राट श्री ५ महाराजाधिराज सरकारमा सहर्ष विनम्र कृतज्ञता व्यक्त गरी श्री ५ को
सदिच्छालाई पूर्णतया सफलीभूत पार्ने प्रतिज्ञा गर्‍यो ।

साथै बैठकले नेपाल संस्कृत विश्वविद्यालयको योजना गर्न श्री ५ को
सरकारको सम्वन्धित सबै संस्था तथा अन्य व्यक्तिहरुसंग सहयोग लिइ तथा श्री ५ को
सरकारमा एक प्रतिनिधि मण्डल पठाउने निर्णय गर्‍यो ।

प्रमुख निर्वाचन आयुक्त श्री पूर्णप्रसाद ब्राह्मणले बैठकको अध्यक्षता गर्नु
भएको थियो । रासस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बागीश्वरी बृहत संस्कृत विश्वविद्यालय

बृहत् संस्कृत विश्वविद्यासेवासंगठन केन्द्रीय आयोजना परामर्श समिति

श्री संवत् २०३९ साल चैत्र ८ गतेको मितिमा गठन भएको बृहत् संस्कृत विश्व विद्या सेवा संगठन केन्द्रीय आयोजक समितिको निर्णय बमोजिम २०४० साल जेष्ठ १ गते वैशाख शुक्ल अक्षय तृतीयाको शुभ मुहूर्तमा चितवन भरतपुर नगर पञ्चायत अन्तर्गत देवघाट धाम बागीश्वरी स्थानमा वागेश्वरी बृहत् संस्कृत विश्वविद्यालय नामाकरण गरी संस्कृत विश्वविद्यालय स्थापना गर्न संस्कृत विश्वविद्यालय भवनको शिलान्यास समारोह सुसंपन्न भयो । भवन निर्माणार्थ निम्नलिखित महानुभावहरु बागीश्वरी बृहत् संस्कृत विश्व विद्या सेवा संगठन केन्द्रीय आयोजना परामर्श समिति गठन गरियो । बृहत् संस्कृत विश्व विद्या सेवा संगठन केन्द्रीय आयोजना समितिका पदाधिकारीहरुको नाम निम्नप्रकार छ ।

व्यवस्थापक :–

१. योगीनरहरिनाथ:
२. सभापति – मुक्तिलाल चूके भरतपुर नगर पंचायतका प्रधान पञ्च
३. उपसभापति – केशवराज सापकोटा लक्ष्मनारायणघाट
४. सचिव – कृष्णलाल सापकोटा शिवनगर गा. पं.
५. महासचिव – भूषण पं. विष्णुप्रसाद उपाध्याय नारायणघाट
६. सहसचिव – पं. भूमिनन्द उपाध्याय कोइराला शिवनगर
७. कोषाध्यक्ष – प. प्रजानाथ उपाध्याय पौडेल रत्नगर गा. पं. टिकौली
८. स. सदस्य – पं. भैरवप्रसाद बस्ताकोटी शारदानगर गा. पं.
९. सदस्य – टेकप्रसाद गुरुङ्ग जि. पं. सभापति चितवन भरतपुर
१०. " – पूर्णकान्त जि. ने. कि. स. जि. सभापति
११. " – मानबहादुर गुरुङ ने. यु. सं. जि. सभापति
१२. " – शीला खरेल ने. म. स. जि. सभापति
१३. " – रामप्रसाद घले ने. भू. पू. सं. जि. सभापति
१४. " – लालकुमार टेकबहादुर ने. मजदुर सं. सभापति
१५. " – चूडामणि चौधरी जि. पं. उपसभापति
१६. " – नरप्रसाद कोइराला ने. प्रौ. स. जि. सभापति
१७. " – बखान सिंह गुरुङ कानून तथा न्यायमन्त्री
१८. " – सन्तकुमार चौधरी रा. पं. स.
१९. " – लीलाराज विष्ट रा. पं. स.
२०. " – मोहनलाल पाठक शिवनगर गा. पं. प्र. पं.
२१. " – प. बामदेव अधिकारी गा. पं. प्र. पं.
२२. " – प. लोकनाथ भण्डारी गा. पं. प्र. पं.
२३. " – पं. कुलचन्द्र कोइराला गा. प. प्र. पं.
२४. " – प. बासुदेव तिमसेना गा. पं. प्र. पं.
२५. " – नारायणप्रसाद कोइराला गीतानगर गा. पं. प्र. पं.
२६. " – केदारनाथ रेग्मी गीतानगर गा. पं.
२७. " – प. कोमलनाथ कोइराला गीतानगर गा. पं.
२८. सदस्य – विष्णुप्रसाद अधिकारी गीतानगर गा. पं. उप प्र. पं.
२९. " – ज्योतिष नीलकण्ठ होमनाथ गीतानगर देवनगर
३०. सदस्य – पं. बालमुकुन्द पोखेल गीतानगर पारसनगर
३१. " – पं. देवेन्द्र पौडेल गीतानगर
३२. " – भुवनराज पाण्डे पटीहानी गा. पं.
३३. " – मुक्तराज पन्त जि. पं. स.
३४. " – मुरलीधर शर्मा पटीहानी गा. पं.
३५. " – पं. रामनाथ उपाध्याय पटीहानी गा. पं.
३६. " – कमलराज पाण्डे पटीहानी गा. पं. प्र. पं.
३७. " – पं. खेमराज शास्त्री शारदानगर गा. पं.
३८. " – पं. श्यामानन्द पौडेल शारदानगर गा. पं.
३९. " – पं. अग्निविलास पण्डित शारदानगर गा. पं.
४०. " – मा. गोविन्दप्रसाद बराल शारदानगर गा. पं.
४१. " – तोपमान सिंह गुरुङ शारदानगर गा. पं.
४२. " – गञ्जसिंह गुरुङ जि. पं. स.
४३. " – देवानसिंह घले शारदानगर गा. पं.
४४. " – पं. रामचन्द्र ढकाल नारायणघाट
४५. " – मा. केदारनाथ खनाल चितवन छापाखाना
४६. " – सु. केशवराज उपाध्याय पञ्चकन्या
४७. " – मुक्तिनाथ रेग्मी निपनी
४८. " – पं. आनन्दमणि उपाध्याय भ. न. प. गौरीगञ्ज
४९. " – पं. श्रीधर शास्त्री भ. न. प. गौरीगञ्ज
५०. " – पं. जनार्दन शास्त्री भ. न. प. देवघाट
५१. " – पं. लक्ष्मीशरण उपाध्याय भ. न. प. देवघाट
५२. " – पं. खगेश्वर ब्रह्मचारी देवघाट
५३. " – रामचन्द्र कौशिक

प्रचार समिति

चितवन भरतपुर नगर पञ्चायत बागीश्वरी स्थान
देवघाट गण्डकी नारायणी
संस्कृत प्रजातन्त्र रामराज्य नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बागीश्वरी बृहत संस्कृत विश्वविद्यालय

बृहत् संस्कृतविश्वविद्यासेवासंगठन केन्द्रीय आयोजक समिति

श्री संवत् २०३९ साल चैत्र ८ गतेको मितिमा गण्डकी अञ्चल तनहुँ जिल्ला देवघाट गा. पं. त्रिवेणी गलेश्वर वावाको आश्रममा दण्डिस्वामी आशुतोषानन्दज्यूको अध्यक्षतामा बसेको उपस्थित महानुभावहरुको विशेष धार्मिक बैठकले देवघाट धाम पवित्र भूमिको आसपासमा बृहत् संस्कृत विश्वविद्यालय स्थापना गर्नका निमित्त निम्न उल्लेखित महानुभावहरु भएको एक "बृहत् संस्कृत विश्व विद्या सेवा संगठन केन्द्रीय आयोजक समिति गठन गर्‍यो । बृहत् संस्कृत विश्व विद्या सेवा संगठन केन्द्रीय आयोजक समितिका पदाधिकारीहरुको नाम निम्न प्रकार छ ।

१- व्यवस्थापक – योगीनरहरिनाथः

२- अध्यक्ष – रामनाथ मिश्र तनहुँ जि. पं. स. देवघाट गा. पं.

३- उपाध्यक्ष – टङ्कनाथ पराजुली देवघाट कल्पवास

४- महासचिव – पं. कमलाकान्त छत्कुल

५- सचिव – पं. प्रेमप्रसाद प्याकुरेल

६- सह-सचिव – इन्दिरादेवी

७- कोषाध्यक्ष – सीताराम सापकोटा

८- स. स. – आशुतोषानन्द दण्डि स्वामी गर्लेश्वर आश्रम देवघाट

९- स. स. – रामानन्द स्वामी

१०- स. स. – दीप्ति नारायण शर्मा फापर थुम गा. पं. स्याङ्जा

११- – पं. लक्ष्मीशरण उपाध्याय देवघाट

१२- – गोकर्ण सुवेदी देवघाट यज्ञशाला

१३- – चूडामणि कुंवर देवघाट यज्ञशाला

१४- – बालकृष्ण रेग्मी देवघाट यज्ञशाला

१५- – प्र. पं. यमवहादुर थापा देवघाट गा. पं.

१६- – नें. कि. सं. सभापति कृष्णवहादुर वगाले देवघाट यज्ञशाला

१७- ने. यु. सं. सभापति गिरिराज अधिकारी देवघाट यज्ञशाला

१८- डिल्लीराज पाण्डे

१९- भ. पू. सं. सभापति चन्द्रवहादुर गुरुङ

२०- भ. पू. सं. उपसभापति रामवहादुर खड्का

२१- नें. प्रौढ सं. सभापति मधुकर पण्डित

२२- प्रौढ सं. स. नन्दलाल पाण्डे

२३- नें. कि. स. जि. स. त्रिलोचन तिवारी

२४- नें. प्रौढ सं. चन्दवहादुर गुरुङ

२५- हिमलाल तिवारी

२६- जयनारायण खराल

२७- नें.म.स. सभापति गौमाया थापा

२८- शंशेर वहादुर पाण्डे देवघाट

२९- पं. रामनाथ शर्मा खनाल

३०- छपन्न अर्याल जैसीडाँडा स्याङ्जा

३१- पं. मुकुन्दशरण उपाध्याय देवघाट

३२- पं. अनिरुद्ध उपाध्याय देवघाट

३३- अम्वर वहादुर कार्की कास्की जि. पं. सभापति

३४- टेकनाथ पौडेल पोखरा छोरे पाटन

३५- पं. खेमराज शास्त्री पुम्दि भुम्दि गा. पं.

३६- चन्द्रध्वज खाँड स्याङ्जा जिल्ला सभापति

३७- महानिप्रसाद पौडेल आरुखर्क गा. पं.

३८- दयाविक्रम शाह ने. कि. सं. केन्द्रीय सभापति

३९- शालिग्राम शाह रुपन्देही जिल्ला फर्साटिकट गा. पं.

४०- शोभाकान्त उपाध्याय रा. पं. स.

४१- पीताम्वर थापा रा. पं. स.

४२- डम्वरवहादुर मल्ल रा. पं. स.

४३- तेजेन्द्रवहादुर खड्का वनमन्त्री

४४- श्रीभद्र शर्मा रा. पं. स.

४५- विष्णुवीर आले तनहुँ जि. कि. स. सभापति

४६- कृष्णप्रसाद अधिकारी तनहुँ जि. कि. स. सभापति

४७- पं. डम्वरराज रेग्मी विन्ध्यवासीनी पोखरा

४८- पं. भोलानाथ पराजुली पोखरा, भीमकाली

४९- पं. शुकदेव वराल पोखरा पार्दि

५०- परमानन्द कंडेल आवाल ब्रह्मचारी वीर्हं बाग्लुङ

५१- पं. केशवकान्त घिमिरे मुडिकवा गा. पं. फलेवास पर्वत – संयोजक मण्डल

५२- पं. रुद्रमणि अधिकारी तनहुँ पिपलतार – संयोजक मण्डल

५३- प्रचार समिति रामचन्द्र कौशिक

देवघाट त्रिवेणी गण्डकी नारायणी
संस्कृत प्रजातन्त्र राम राज्य नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विश्वविद्यालय स्थापनार्थ प्रतिनिधि मण्डलद्वारा प्रस्तुत पत्र

सम्माननीय प्रधानमन्त्रीज्यू,
नीजि सचिवालय, काठमाण्डू नेपाल ।

विषय :- दाङमा संस्कृत विश्वविद्यालय स्थापनाबारे ।

सम्माननीय महोदय,

२००७ सालको राजनीतिक परिवर्तनपछि देशमा आएको शैक्षिक जागरणले हाम्रो क्षेत्रलाई निकै प्रभावित पाऱ्यो । हरेक शिक्षित युवा र बुद्धिजीवीहरु युगौंदेखिको अज्ञानतालाई मिटाउन प्रतिस्पर्धात्मक रुपमा अगाडि सरे । कहीं अंग्रेजी स्कूलहरु खुले भने कहीं हिन्दू संस्कृति र सभ्यताको मूल श्रोत संस्कृत वाङ्मयको युगानुकूल शिक्षा प्रसारमा स्थानीय समाज समर्पित भै अगाडि सऱ्यो ।

जसको परिणाम मुक्त हस्तले १२०० विगाहा जमीन दान जनता महाविद्यालयको नाममा मजगैया परिवारबाट संस्कृत शिक्षाको प्रसारको लागि प्राप्त भयो । सानो रुपमा १९८४ सालदेखि चलेको संस्कृत स्कूललाई ठूलो रुपमा संचालन गर्ने मौका प्राप्त हुन गयो । राप्ती अञ्चलको मात्र हैन कर्णाली, भेरी र लुम्बिनीका संस्कृत शिक्षाप्रेमीहरुको लागि पनि आकर्षणको केन्द्र बन्न गयो । अहिलेसम्म त्यस महाविद्यालयबाट कैयौं आचार्य, प्राचार्यहरु तयार भैसकेका छन् । राष्ट्रियस्तरका ख्यातिप्राप्त संस्कृतका मूर्धन्य विद्वानहरुको न्यानो मायाँ पाएर जनता महाविद्यालय दाङ संस्कृत जगतको निम्ति "प्रकाश दीप" को रुपमा रही आएको तथ्यलाई कसैले विर्सन सक्दैन ।

संस्कृतप्रति जनताको बढ्दै गैरहेको आकर्षण र अभिरुचिलाई जीवित राख्न योगीराट् नरहरिनाथजीको प्रेरणादायी नेतृत्वमा २०२२ सालमा दाङ तुलसीपुरमा राष्ट्रियस्तरको आध्यात्मिक सम्मेलन गरियो, जसको समुद्घाटन स्वर्गीय श्री ५ महेन्द्रको पवित्र बाहुलीबाट संपन्न हुन गयो । जसले संस्कृत वाङ्मयको रक्षाको लागि र सांस्कृतिक निधिको सुरक्षाको लागि संस्कृत विश्वविद्यालयको स्थापनालाई महत्वपूर्ण आवश्यकता ठानियो ।

यसको ठीक २ वर्ष पछि अर्थात् २०२४ सालमा दाङ विजौरीमा अन्तर्राष्ट्रियस्तरको विद्वत् सम्मेलन गरियो । जहाँ स्वामी करपात्री महाराज, जगद् गुरु शंकराचार्य जस्ता मूर्धन्य भारतीय विद्वानहरुको पनि उपस्थिति रह्यो । जसको समुद्घाटन राष्ट्रिय संस्कृतिका प्रतीक स्वर्गीय श्री ५ महेन्द्र सरकारको प्रातःस्मरणीय बाहुलीबाट सुसंपन्न भयो । विद्वत् सम्मेलनमा उपस्थित राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका विद्वान्‌हरुको सहमति र सल्लाहमा प्रतिवेदन समिति गठन गरियो, जसले संस्कृत विश्वविद्यालयको स्थापनालाई पुनः जोड दियो । युगनायक स्वर्गीय श्री ५ महेन्द्रबाट आध्यात्मिक सम्मेलन, विद्वत् सम्मेलन जस्ता महत्वपूर्ण सम्मेलनहरुको निर्णय एवं मनसायहरुलाई हृदयङ्गम गरिबक्सियो । २०२६ सालमा साधन सामग्री जुटाउन संस्कृत विश्वविद्यालय संयोजक समितिको गठन भयो । त्यसै साल "नेपाल संस्कृत विश्वविद्यालय दाङ" नामाकरण गरिबक्सी आध्यात्मिक सम्मेलन, विद्वत् सम्मेलन र स्थानीय जनताको संस्कृत शिक्षाप्रतिको अभिरुचिलाई प्रोत्साहित गरिबक्सियो ।

लक्ष्य र उद्देश्यविहीन शिक्षा पद्धतिबाट तयार भैरहेको शिक्षित समाज देश विकासको निम्ति दक्ष र कुशल जनशक्तिको रुपमा उपयुक्त भूमिका खेल्न नसकेको अनुभव गरी नयाँ शिक्षा योजना मुलुकमा संचालन गरिएपछि एउटै विश्वविद्यालयको मात्र योजनामा परिकल्पना गरिए अनुरुप संस्कृत विश्वविद्यालयको परिकल्पना र सोंचाइलाई तत्काल स्थगित राखियो र उत्साहवर्धकरुपमा राप्ती अञ्चल दाङमा तयार भैसकेको संस्कृत शिक्षाको वातावरणलाई यथावत् राख्न संस्कृत अध्ययन संस्थानलाई संस्कृत विश्वविद्यालयको निम्ति तोकिएको क्षेत्रभित्र राष्ट्रनायक श्री ५ वीरेन्द्र सरकारका निगाहापूर्ण हुकुमबाट राखियो । संस्कृत वाङ्मयको प्रभावकारी संरक्षणको लागि संस्कृत विश्वविद्यालय स्थापनाको धोको बोकेर हिडेका राप्ती अंचलवासीहरुले मात्र होइन सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलवासीहरुले कठोर धैर्यताको साथ संस्कृत विश्वविद्यालयको स्थापनाको दिनलाई पर्खेर बसी रहे । शाही शिक्षा आयोगलाई डीन कार्यालयमा विशाल जन उपस्थितिमा संस्कृत विश्वविद्यालयको स्थापनाबारे अनुरोध एवं ऐतिहासिक गतिविधिको संस्मरण गराईयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिवेदनमा हाम्रा भावना र सोंचाई अनुरुप संस्कृत विश्वविद्यालयको मूर्त कल्पना पाउँदा हर्षविभोर वनेका छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

वर्तमानले सधै ऐतिहासिक जिम्मेदारीलाई इमान्दारीसाथ वोकेर हिंडेको हुनुपर्छ जस्तो हामीलाई लाग्दछ । दाङले सधै संस्कृत विश्वविद्यालयलाई खोजेर हिंडेको छ भने संस्कृत विश्वविद्यालयले दाङलाई खोजेर हिंडेको छ भन्ने अनुभूतिमा तन, मन, धनले पूर्ण समर्पित भै यसको तयारीमा जुट्न, जुँध्न, समुचा अञ्चल तयार पाइन्छ । जसको प्रमाण अञ्चलस्तरीय पंच भेलाले सर्वसम्मतिवाट प्रस्ताव पनि पारित गरेको छ ।

अखण्ड स्वर्गद्वारीको पवित्र यज्ञ धुँवाले पवित्र रहेको एवं गुरु गोरखनाथका शिष्य रतननाथको स्नेह एवं आशीर्वादमा जीवित रहेको दाङ जस्तो पवित्र भूमिलाई विर्सेर स्वर्गीय श्री ५ महेन्द्रको राष्ट्रिय संस्कृतिप्रतिको अक्षुण्ण अनुरागलाई जीवित राख्ने संस्कृत विश्वविद्यालयको स्थापना सम्वन्धी सबै ऐतिहासिक पूर्वाधारहरुलाई नथाहापाएर सं. वि. वि. कहाँ राख्ने ? कता राख्ने ? जस्ता उठ्नै नपर्ने तर्क एवं विवादलाई उठाउन खोजेको देख्दा समयमै सोंचिएन भने इतिहास मेटिएला कि ? भन्ने डरले भयभीत भै प्रतिनिधिमण्डल मार्फत वस्तुस्थिति अवगत गराउन आवश्यकता महसूस गर्चौं । कसैको घरपायक वा ढोका आँगनमा कतिपय व्यक्तिहरुको सन्तुष्टिकालागि विश्वविद्यालय स्थापना गरिने होइन, यो त राष्ट्रिय हित एवं राष्ट्रिय संस्कृति संरक्षणको लागि संस्कृत विश्वविद्यालयको आवश्यकता महसूस गरिएको हो ।

हालसम्म सं. वि. वि. को निम्ति १५३५ विगाहा जमीन प्राप्त भैसकेको छ । सडक, हवाई, यातायात, विद्युत, खानेपानी, सिंचाईको व्यवस्था भैसकेको र जनस्तर एवं सरकारीस्तरवाट निर्मित एवं संकलित निर्माणाधीन जस्तै कार्यालय भवन, शिक्षण भवन, आवासीय भवन, छात्रावास, संस्कृत मन्दिर, १५ शैयाको आयुर्वेदिक औषधालय आदिमा २ करोड भन्दा वढी लगानी भैसकेको भौतिक पूर्वाधारहरु पनि खडा भैसकेका छन् । त्यसैले भौतिक तयारी समेत भैसकेको दाङ बेलझुण्डीमा बाहेक अन्यत्र सं. वि. वि. को स्थापनावारे सोंचिनु इतिहासप्रति नै धोका हुनेहुँदा सम्माननीय प्रधानमन्त्रीज्यूबाट निष्पक्ष विवेकशीलता र इमान्दारीको पूर्ण निर्वाह हुने विश्वास राखेका छौं ।

केही पूर्व तयारीहरु पहिलेदेखि नै भैसकेकोले यथाशक्य छिटो सं. वि. वि. को स्थापनाको लागि तयारी समिति गठन गरी संचालन गरिने प्रक्रियालाई अगाडि वढाइयोस् भनी अनुरोध गर्दछौं । विश्वविद्यालयको लागि चाहिने संपूर्ण सहयोग सदा उपलब्ध गराउने छौं भन्ने वचन र विश्वास पनि दिलाउन चाहन्छौं ।

नोट :- पूर्वाधार प्रमाणित गर्नको लागि २०२६ साल श्रावण १६, भाद्र १७, २२ र आश्विन ६, ११ गतेको गोरखा पत्रको ५ थान फोटो कपी यसै साथ संलग्न छ ।

भवदीय,

संस्कृत विश्व विद्यालयीय प्रतिनिधि मण्डल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible]

देवेन्द्र बहादुर शाह [illegible]

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाङबाट आएका प्रतिनिधि मण्डल

दाङबाट आएका प्रतिनिधि मण्डल

1- जागेश्वर नाहरा
2- ... शर्मा
३ उमरराज ...
४ ...
५ दुर्गा प्रसाद ...

स्थायी ठेगाना

संस्कृत अध्ययन संस्थान
... को कार्यालय
... दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विश्वविद्यालय स्थापनार्थ काठमाण्डौ गएको प्रतिनिधिमण्डलद्वारा प्रस्तुत प्रतिवेदन

श्रीमान् डीनज्यू,
डीनज्यूको कार्यालय
संस्कृत अध्ययन संस्थान
वेलझुण्डी दाङ ।

विषय :– प्रतिनिधिमण्डलद्वारा प्रतिवेदन प्रस्तुत गरेको सम्वन्धमा ।

महोदय,

उपर्युक्त सम्वन्धमा हामी जग्गा व्यवस्था समितिको मिति २०४० । ४ । १८ को दाङमा संस्कृत विश्वविद्यालय स्थापना गर्ने सम्वन्धी वस्तुतथ्य सामग्रीहरुलाई र प्रतिनिधिमण्डल मार्फत् यहाँको भौतिक तथा शैक्षिक वातावरणका पूर्वाधारहरुलाई सम्वन्धित निकाय समक्ष जानकारी गराउनको निमित्त काठमाण्डौ पठाउने भन्ने निर्णय भए अनुसार यहाँबाट मिति २०४० । ४ । २० मा विश्वविद्यालय निर्माण सम्वन्धी सफल आकांक्षा राख्दै काठमाण्डौ पुग्यौं । यस मनोकांक्षालाई सफलीभूत पार्न भगवान् श्री पशुपतिनाथको दर्शन गरी श्रीमान्को निर्देशन अनुसार दाङमा राजकीय संस्कृत विश्वविद्यालय निर्माण गर्ने र यसको ऐतिहासिक पृष्ठभूमि वर्तमान शैक्षिक भौतिक पूर्वाधारको विषयमा राजदरवार, श्री ५ को सरकार र त्यसका उच्च पदस्थ अधिकारी, शाही उच्च शिक्षा आयोग, शिक्षाविद् तथा शिक्षा क्षेत्रसंग सम्वन्धित व्यक्तिहरुसंग प्रतिनिधिमण्डल छलफल भेटघाटको माध्यमवाट आफ्ना शसक्त आवाजलाई पुचाउन सफल भयौं र सो सम्वन्धी यथार्थ प्रतिवेदन पेश गरेका छौं ।

(१) सर्वप्रथम माननीय एकराज शर्माज्यूसंग भेट गरी प्रतिनिधिमण्डलका निश्चित कार्यक्रमको साथै प्रधानमन्त्री समक्ष भेटघाटको कार्यक्रम र सामूहिक प्रतिनिधि मण्डलको भावी रुपरेखा तयार पारी राष्ट्रिय पञ्चायतमा उठेका संस्कृत विश्वविद्यालयको समर्थन सम्वन्धी यथार्थ कुराको जानकारी पायौं ।

(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष मरिचमानज्यूसंग उहाँको निवासमा दाङको शैक्षिक जागरणका क्रममा भएका १९८४, २००८, १६, २२, २४, २९, ३० को ऐतिहासिक पृष्ठभूमिको चर्चा गर्दै यहांको वर्तमान स्थिति शैक्षिक तथा भौतिक पूर्वाधारको पनि विस्तृत व्याख्या गरेका थियौं । अन्तमा लामो कालसम्म गर्भमा रहेको सं. वि. वि. को जन्म दाङमा नै हुनुपर्छ भन्ने माग राख्दै अध्यक्षज्यूसंग सो कुरा आफू माध्यमबाट पुचाउनु पर्ने ठाउँमा पुचाइयोस् भन्दै प्रधानमन्त्री समक्ष जाने प्र. म. मा सहभागीको लागि अनुरोध गर्दा विश्वविद्यालय मेरो विचारमा दाङ भन्दा अन्यत्र होला जस्तो लाग्दैन । त्यति ठूलो पूर्वाधार भएको दाङमा नै विश्वविद्यालय हुनु पर्दछ भन्ने कुरामा म आफ्नै किसिमले पूर्ण सहयोग गर्नेछु भन्ने आश्वासन पायौं ।

(३) शिक्षा राज्यमन्त्री श्री फत्तेसिंह थारुसंग उहाँकै निवासस्थानमा अतीतका इतिहास र वर्तमानका उपलब्धिहरुको चर्चा गर्दै सं. वि. वि. राजकीय हुनु पर्दछ त्यो राजा र प्रजाको संस्कृतप्रतिको सामूहिक इतिहासलाई कायम राख्न दाङमानै राख्नु पर्दछ । रा. पं. मा कहिलेकाहीं विकल्पका कुरा सुनिन्छन् त्यसमा इतिहासप्रति धोका कहिले पनि हुनुहुँदैन भन्ने वार्ताक्रमको प्रसंगमा मन्त्रीज्यूबाट तपाईहरु नहडबडाउनुहोस् प्रतिवेदन श्री ५ महाराजाधिराज सरकार समक्ष प्रस्तुत भएको छ, यदि सं. वि. वि. को स्थापना हुन्छ भने अहिलेसम्मको पूर्वाधारलाई हेर्दा दाङभन्दा अर्को देखिएको छैन दाङलाई छोडेर अन्यत्र हुन पनि सक्दैन भन्ने ओजपूर्ण आश्वासन पाएपछि हामीहरुले पनि खुशीको अनुभव गर्‍यौं ।

(४) शाही उच्च शिक्षा आयोगको सदस्य वल्लभमणि दाहालज्यूको प्रेरणादायी सहयोग सुझाव संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालय र दाङप्रतिको स्पष्ट धारणाको साथै संस्कृतको परम्परागत पाण्डित्य र अनुसन्धानमूलक पाश्चात्य शिक्षा सम्वन्धी गहकिला विचार र भावी कार्यक्रमका लागि गरिने पूर्वाधारका माध्यमहरुलाई आत्मसात् गर्दै सहयोग यस प्र. म. को उपादेयता सम्वन्धी धारणा संस्कृत विश्वविद्यालयको माग समर्थन यसप्रति अन्य जनजातिको दवाव आदि विपयमा र खास गरेर यस आयोगले पनि सं. वि. वि. दाङमा नै हुनु पर्दछ भन्ने नाम नतोके पनि दाहालजीले शाही उच्च शिक्षा आयोगको प्रतिवेदनमा आफ्नो खुला विचार राख्नु भएको छ भन्ने कुरा देख्यौं र पायौं पनि। त्यसपछि हाम्रा ऐतिहासिक सामग्री संकलन गर्ने क्रममा गोरखापत्र संस्थानको पूर्ण सहयोग लिएर २०२६ सालमा संस्कृत विश्वविद्यालय स्थापनाको सन्दर्भमा श्री जागेश्वर व्राह्मणको अध्यक्षतामा २१ सदस्यीय संस्कृत विश्वविद्यालय आयोजक समिति, दाङमा श्री ५ बाट नेपाल संस्कृत विश्वविद्यालय दाङमा स्वीकृती, विश्वविद्यालयको काठमाण्डौंमा श्री पूर्णप्रसाद व्राह्मणको अध्यक्षतामा ११ सदस्यीय उपसमिति र त्यसका निर्णयहरु छापिएको गोरखापत्रको फोटोकपी लियौं। त्यो नै हाम्रो इतिहासको पहिलो प्रामाणिक दस्तावेज थियो। उक्त फोटोकपी पनि यसैसाथ संलग्न गरेका छौं।

यस वीचमा प्रतिनिधिमण्डलले मुख्य तीन विषयलाई अगाडि साचो।

(१) शाही उच्चशिक्षा आयोगले आफ्नो प्रतिवेदनमा पेश गरेको संस्कृत विश्वविद्यालय हुनु पर्छ।

(२) राष्ट्रियस्तरको उच्चस्तरिय तयारी समिति गठन हुनु पर्छ।

(३) विश्वविद्यालय संपूर्ण पूर्वाधार तयार भएको दाङमा नै हुनु पर्दछ।

यसरी आफ्नो कार्यक्रमलाई अगाडि बढाउँदै प्रधानमन्त्रीसंग जाने प्रतिनिधिमण्डलको तयारीको क्रममा माननीय एकराज शर्मा र देवबहादुर के. सी. को सहयोगबाट राष्ट्रिय पञ्चायतमा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल माननीयस्तरीय भेला गरायो र वहाँहरुवाट यसलाई राष्ट्रियस्तरीय वनाई संपूर्ण माननीयहरुको सहमति प्रकट गराउनु पर्दछ भन्ने सल्लाह अनुसार माननीयद्वयको सक्रियतामा एक जना सहायक मन्त्री र ८४ जना माननीयज्यूहरुको प्रधानमन्त्री समक्ष पेश हुने प्रतिनिधिमण्डल पत्रमा हस्ताक्षर गरायौं। जुनकुरा निकै महत्वपूर्ण थियो र रहिरहने छ पनि। रा. पं. सदस्यको ६०% (प्रतिशत) माननीयले समर्थन जनाए नेपालको संविधानमा प्रधानमन्त्री वन्न सक्ने स्पष्ट उल्लेख छ भने त्यही राजनीति र मर्यादामा रहेको यस राष्ट्रले त्यस हस्ताक्षर संकलनलाई सं. वि. वि. निर्माणमा अस्वीकार गर्ने कुनै प्रसंग नै नभएको ठोस अभूतपूर्व आधार वने जस्तो ठान्दछौं। हस्ताक्षर गरेको फोटोकपी पनि यसैसाथ संलग्न छ।

(५) यसै क्रममा माननीयज्यूहरु र हामी प्रतिनिधिमण्डलका सदस्य समेतले सामूहिक नेतृत्व गरेको प्रधानमन्त्रीसंग भेट्ने प्रतिनिधिमण्डलमा १४ जना थियौं। उक्त अवसरमा १९८४ सालदेखिको क्रमिक इतिहासको साथै भूमि दान, विद्वत् सम्मेलन र श्री महेन्द्रवाट ने. सं. वि. वि. को नामकरण आदि उल्लेखित ऐतिहासिक पृष्ठभूमि वर्तमान भौतिक पूर्वाधार समेत र ८५ जना माननीय सदस्यज्यूहरुको समर्थन भएको प्रतिनिधिमण्डल पत्र पेश गर्यौ। वार्ताको क्रममा प्रधानमन्त्रीज्यूबाट वडो गंभीर शव्दमा– श्री ५ बाट श्री ५ को सरकारमा उक्त प्रतिवेदन आएपछि म आफ्नो कर्तव्यबाट पछि हट्ने छैन। माननीयज्यूहरुको सहमति नै मेरो लागि ठूलो आधार हो। यदि विश्वविद्यालय वन्दक छ भने दाङभन्दा दोस्रो विकल्प देखिएको छैन यसलाई म राम्रोसंग हेर्छु भन्ने दाङप्रतिको उदार भाव र आश्वासन पनि पायौं।

(६) यसै प्रसंगमा श्री ५ महाराजाधिराज सरकारका हजूरमा विन्ती पत्र चढाई मौसूफको दर्शन भेटको आकांक्षा पनि राखेका थियौं। हाल शाही उच्च शिक्षा आयोगवाट श्री ५ महाराजाधिराज सरकारमा प्रस्तुत गरिएको प्रतिवेदनमा अध्ययनरत श्री ५ का निजी सचिव श्री चिरण शमशेर थापाज्यूसंग नारायणहिटी राजदरवारमा भेटघाटको अवसरमा पनि दाङ संस्कृत क्षेत्रको सम्वन्ध, त्यसको पूर्वाधार, स्व. श्री ५ महेन्द्रको दाङप्रतिको धारणा, स्व. श्री ५ महेन्द्र सरकारवाट नेपाल संस्कृत विश्वविद्यालयको स्वीकृती सम्वन्धमा विस्तृत जानकारी दियौं सचिवज्यूबाट पनि सकारात्मक धारणाको साथै पूर्वाधार ऐतिहासिक पृष्ठभूमिका बुँदाहरुलाई उल्लेख गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालय भएको खण्डमा पूर्वाधार भएको दाङ नै छ भन्ने मनसाय व्यक्त गर्दै यस प्रतिनिधि मण्डलले गरेका कुरा श्री ५ मा जाहेर गर्नेछु भन्ने जानकारी पायौं ।

(७) यसै क्रममा श्री ५ मुमा वडामहारानी सरकारका जुनाफमा विन्ती पत्र चढाई मौसूफको दर्शन भेट संवन्धमा अनुरोध गर्न निजी सचिव मधुसूदनराज राजभण्डारीज्यूको निवासमा पुग्यौं उहाँले दाङप्रतिको स्व. श्री ५ महेन्द्रका उद्‌गार, तात्कालिक संस्कृत विश्वविद्यालयको वातावरणको स्मरण गराउँदै उच्च शिक्षा आयोगको प्रतिवेदनको प्रसंगमा यदि संस्कृत विश्वविद्यालय बन्दछ भने दाङ भन्दा अर्को ठाउँमा पूर्वाधार नै तयार छैन भन्ने जस्ता आफ्ना मनसायलाई प्रकट गरेको पायौं र यही कुरालाई श्री ५ मुमा वडामहारानी सरकारका समक्ष जाहेर गर्ने छु भन्ने आश्वासन पायौं ।

(८) यसै क्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति श्री रामचन्द्रबहादुर सिंहसंग उहाँको कार्यालयमा भेट गरी संस्कृत विश्वविद्यालय दाङप्रतिको खुला समर्थनको साथै त्रि. वि. वि. सरह यसको भविष्य उज्ज्वल हुने कामना गर्दै यही आउँदो जाडोमा विश्वविद्यालयको घोषणा हुने कुराको प्रसंग हामीले पाएका थियौं ।

यसरी प्रतिनिधिमण्डलले शिक्षा सचिव नरसिंह नारायण सिंह, त्रि. वि. आयोगको अध्यक्ष श्री क्षेत्रविक्रम राणा, शाही उच्च शिक्षा आयोगका सदस्य मदनवहादुर प्रधान र भू. पू. निर्वाचन आयुक्त पूर्णप्रसाद ब्राह्मण आदि शिक्षाविद् तथा शिक्षा क्षेत्रसंग सम्वन्धित व्यक्तिहरुसंग भेटघाट छलफल परामर्श समेत गर्दा पनि सबैको मनसाय १ प्रतिशत अपवादलाई छोडेर दाङ भन्दा अन्यत्र हुनु कोरा कल्पना मात्र हो भन्ने पायौं ।

यस प्रतिनिधिमण्डललाई जिम्मा दिएको देउखुरी जग्गा व्यवस्था सम्वन्धी र अन्य डीनको कार्यालय जनता क्याम्पसका केही काम गरी अन्य काम कारवाही समयाभाव र मन्त्रीमण्डलको अस्तव्यस्तताबाट तत्काल हुन नसक्ने भएकोले माननीय एकराज शर्मालाई त्यस सम्वन्धी जिम्मा लिनको लागि अनुरोध गर्दै उहाँबाट जिम्मा दिएका काम गर्ने आश्वासन पनि पायौं । संक्षेपमा हाम्रो प्रतिनिधि मण्डलद्वारा प्रस्तुत प्रतिवेदन यहाँ टुङ्ग्याउछौं र भाद्र १२ गते यहाँ उपस्थित भएको व्यहोरा पनि अवगत गराउँछौं । त्यस सम्वन्धमा प्रकाशित गोरखापत्रहरु पनि प्रस्तुत गरेका छौं ।

प्रतिनिधिमण्डल :–

१– श्री जागेश्वर ब्राह्मण
२– श्री केशव दीपक शर्मा
३– श्री अमरराज शर्मा
४– श्री श्रीधर शर्मा मजगैया
५– श्री दुर्गाप्रसाद मजगैया

वोधार्थ :–

१– श्री डीनको कार्यालय
सं. अ. सं. वेलभुण्डी दाङ ।

२– श्री जनता क्याम्पस
विजौरी दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत विश्वविद्यालय खोल्ने प्रस्तावको समर्थन

(२०४० गोरखापत्र)

काठमाण्डौ, भदौ ६ गते ।

दाङमा संस्कृत विश्वविद्यालय स्थापना गरिनु पर्ने मागलाई १ जना सहायक मन्त्री, ८४ जना रापंस र ३ जना जिल्ला पंचायत सभापतिले समर्थन गर्नु भएको छ ।

सो मागलाई समर्थन गर्नेहरुमा गृह सहायक मन्त्री टंकबहादुर विष्टका साथै रापंसहरुमा एकराज शर्मा, देववहादुर के. सी., रणवहादुर शाह, सुश्री वम कुमारी वुढा, रेगवहादुर सुवेदी, गोपालजीजंग शाह, वालाराम घर्ती मगर, कल्पना विष्ट, दिलवहादुर श्रेष्ठ, रामध्यान राय, यादवप्रसाद पन्त, श्रीभद्र शर्मा, कर्णवहादुर सिंह, काशीनाथ गौतम, सूरवीर शाही, तेजवहादुर भाम, केशववहादुर शाह, हरिश्चन्द्र महत, दमनध्वज चन्द, गणेशदत्त लेखक, देवेन्द्रवहादुर शाह, तुलसी सुव्वा, भगवतीदास श्रेष्ठ र वद्री मण्डल हुनुहुन्छ ।

यस्तै रापंसहरु उपेन्द्र दैवज्ञ, नरसिंह गिरी, केशरबहादुर विष्ट, तिलकबहादुर नेगी, गोविन्दमान सिंह अधिकारी, गोविन्द उप्रेती, कुन्जविहारीप्रसाद सिंह, नानीमैया दाहाल, भरतध्वज इवाहाङ, रामशंकर श्रेष्ठ, इन्द्रदेवप्रसाद यादव, भागवतप्रसाद यादव, द्रोण शमशेर राणा, लीलाराज विष्ट, श्यामप्रसाद गुप्ता, सत्यमान लामा, रुद्रप्रसाद गिरी, आङवाङ शेर्पा, राधेश्याम कमारो, तिलकवहादुर खत्री, हीरालाल विश्वकर्मा, बैकुण्ठवहादुर चन्द, लालवहादुर खडायत, छिरिङ तेन्जिङ्ग लामा, यदुप्रसाद भट्ट र अर्जुननरसिंह के. सी.ले पनि सो मागको समर्थन गर्नु भएको छ ।

सो मागको समर्थन गर्नेहरुमा रापंसहरु नवराज सुवेदी, बुद्धिमान तामाङ, टंकप्रसाद ढकाल, त्रिवेणीप्रसाद कुर्मी, कृष्णचरण श्रेष्ठ, दीपवहादुर सिंह, नरवहादुर गुरुङ, श्रीमती कमल शाह, शरद सिं भण्डारी, मोहम्मद इकवाल इराकी, श्रीधर शंशेर ज.व.रा., भीमप्रसाद गौचन, सन्तकुमार चौधरी, चक्रबहादुर वस्नेत, नरवहादुर हीराचन, गगनजंगबहादुर सिंह, परशुराम राई, रामचन्द्र राय, डम्वरवहादुर मल्ल, मोहनराज मल्ल, मोतीप्रसाद पहाडी, श्रीमती सरस्वती राई, त्रियुगी नारायण चौधरी, नेत्रविक्रम थापा, डम्वरजंग गुरुङ, देवनारायण यादव, कृष्णप्रसाद उप्रेती, लवरु राना थारु, पुहातु चौधरी, छविलाल लामा तामाङ, मोहनलाल प्रसाद चौधरी, भगवानदास गुप्ता, नयनवहादुर स्वाँर, जनकबहादुर शाह तथा प्यूठान, दाङ र रुकुम जिल्ला पंचायत सभापतिहरु क्रमशः खेमराज पण्डित र खिमवहादुर शाह, ताराप्रसाद घर्ती हुनुहुन्छ ।

यसैगरी वडा गुरुज्यू श्री जुननाथ पण्डितको अध्यक्षतामा बसेको नेपाल संस्कृत परिषद्को बैठकले शाही उच्च शिक्षा आयोगद्वारा संस्कृत विश्वविद्यालयको स्थापना हुनु पर्छ भनी दिइएको सुझावको स्वागत गरेको छ ।

सो बैठकले संस्कृत विश्वविद्यालय हिन्दू राष्ट्रको धर्म, संस्कृति, आचार विचारको संरक्षण गर्ने तदनुकूल शिक्षणको व्यवस्था गर्ने प्राचीन, ज्ञान विज्ञानको समन्वयपूर्वक शिक्षणको व्यवस्था गर्ने र आधुनिक ज्ञान विज्ञानको समालोचनात्मक र तुलनात्मक अध्ययनको व्यवस्था गर्ने हुनु पर्छ भन्ने पनि सुझाव दिएको छ ।

नेपाल संस्कृत परिषद्को स्पष्टीकरण

२०४० साल भदौ ७ गते । मंगलबारको गोरखापत्रमा प्रकाशित "संस्कृत विश्वविद्यालय खोल्ने प्रस्तावको समर्थन" शीर्षक समाचारप्रति यस परिषद्को ध्यान आकृष्ट भएको छ ।

एउटै शीर्षक अन्तर्गत दाङमा संस्कृत विश्वविद्यालय स्थापना गरिनु पर्ने मागको प्रसंगमा संस्कृत परिषद्को समाचार प्रकाशित भएकोले यस परिषद्को पनि दाङमा नै संस्कृत विश्वविद्यालय स्थापना हुनुपर्दछ भन्ने धारणा रहेको हो कि भन्ने पाठकवर्गमा भ्रम पैदा भएको बुझिएकोले उक्त भ्रमको निवारणको निमित्त गोरखापत्रको माध्यमबाट यो स्पष्टीकरण दिइएको छ ।

जहाँसम्म संस्कृत विश्वविद्यालय स्थापना गर्ने स्थानको प्रश्न छ, प्रस्तावित संस्कृत विश्वविद्यालय अधिराज्यको तराई र पहाडी क्षेत्र दुवैलाई समान रुपले पाइक पर्ने, भरसक नेपालको मध्यस्थलमा, तीर्थस्थलको रुपमा मान्यता प्राप्त भएको पवित्र नदी तटमा नै विश्वको एक मात्र हिन्दू अधिराज्यमा संस्कृत विश्वविद्यालयको स्थापना हुनुपर्दछ भन्ने यस परिषद्को धारणा रहेको छ । दाङमा नै संस्कृत विश्वविद्यालय हुनु पर्दछ भन्ने यस परिषद्को धारणा रहेको होइन ।

दुर्गाप्रसाद दवाडी, सचिव

नेपाल संस्कृत परिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीघ्रकवि: कविचूडामणि: गोस्वामी हरिकृष्ण शास्त्री
प्रिन्सिपल

राजकीय संस्कृत कालेज, अजमेर, राजस्थान

श्री सरस्वती मजगैंया

द्वारा दिनाङ्क ३१–३–१९७२ मा नयाँ दिल्लीमा संम्पन्न विश्वसंस्कृत सम्मेलनका अवसरमा प्रदान गरिएको प्रशंसा–पत्र

सरस्वतीति प्रथिता कुमारिका
नेपालके संस्कृतशिक्षणालये ।
पठत्यहो पञ्चमकक्षसंस्थिता
सरस्वतीवेयमहो प्रजल्पति ॥
चिरायुरेषा ह्यपरेव "विज्जिका"
"विद्योत्तमा" संस्कृतमञ्जुभाषिणी ।
भाषा–निवन्धादिषु काव्यकल्पने
पारङ्गतास्याद् विदुषी ममाऽऽशिषः ॥

तथैव–

सरस्वती कुमारीयं सुकुमारी विलोक्यताम् ।
अधीते पञ्चमश्रेण्यां जनताशिक्षणालये ॥
विजौरी दाङ्ग नेपाले स्वल्पवर्षात्मिकाऽपि सा
भाषते संस्कृतं सम्यक् वैदुष्यं लभतां हरेः ॥

संस्कृत शिक्षाको विकास

सम्पादकीय———————————————————————

गोरखापत्र २०४०।५।१३

हालै शाही उच्च शिक्षा आयोगले नेपाल अधिराज्यमा संस्कृत विश्वविद्यालय स्थापना गर्ने सुझाव दिएकोमा जनजीवनका विविध क्षेत्रबाट खुशी प्रकट गरिएको छ। यसको साथै दुई जना सहायक मन्त्री लगायत ८५ जना राष्ट्रिय पञ्चायतका सदस्य र अन्य केही राजनीतिक कार्यकर्ताहरुले प्रस्तावित संस्कृत विश्वविद्यालय दाङमा राख्ने मागको समर्थन गर्नु भएको छ।

संस्कृत विश्वविद्यालयको स्थापनाले हिन्दू अधिराज्य नेपालको आदर्श र मर्यादाको अभिवृद्धिमा सघाउ पुराउने धेरैले अपेक्षा राखेका छन् । यसप्रकारको विश्वविद्यालय नेपालको कुन भागमा खोल्ने भन्ने कुरा महत्वको प्रश्न हैन। तर यो भन्दा पनि मूल प्रश्न यस्तो विश्वविद्यालय कसरी स्थापना गर्ने र यसबाट वाञ्छित लक्ष्य के के हुन सक्छन्, साधन श्रोतको परिचालन तथा आपूर्ति कुन रुपमा हुन सक्नेछ जस्ता पक्षहरुमा गंभीर तासाथ विचार गरिनु उपयुक्त हुनेछ। शाही उच्च शिक्षा आयोगको प्रतिवेदनमा विश्वविद्यालय स्थापनाका विविध पक्षबारे विशेष उल्लेख नभएबाट एक छुट्टै अध्ययन समूहले यस सम्वन्धमा अध्ययन गर्नु उचित हुनेछ।

विश्वविद्यालयको स्थापना र संचालन श्रम साध्य र लगानीमूलक प्रस्ताव हो। तसर्थ भौतिक सुविधा र आय श्रोतका बुँदाहरु उपेक्षित हुनुहुँदैन। अहिले संस्थानको तहमा मात्र संचालित संस्कृत शिक्षाको पठन–पद्धतिलाई वढी साधन संपन्न बनाइनु पर्ने अनिवार्यता त छँदैछ, यसकै प्रवर्द्धित स्वरुपमा विश्वविद्यालय स्थापनाको कार्यक्रमलाई अघि वढाइएमा अनुपयुक्त हुने छैन। हाल संस्थानको कार्यालय रहेको दाङमा १५३५ विघा जमीन र अरु भौतिक सुविधाहरु पनि उपलव्ध भएकोले विश्वविद्यालय विकासकालागि प्रारम्भिक कदमहरु चाल्न खास कठीनाई पर्ने देखिन्न। संस्कृत विश्वविद्यालय दाङमा रहोस् वा अन्य कुनै पाएक पर्ने ठाउँमा, मुख्य कुरा त संस्कृतको पठन पाठनलाई व्यापक गराउनु हो। यस उसले संस्कृतका महाविद्यालयहरु मुलुकका विभिन्न भागमा खोली आधारशीलालाई फराकिलो पार्नेमा सरोकारवाला निकायले अग्रसरता देखाउनु पनि सामयिक महत्वकै कुरा हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संपादकलाई चिठी (२०४० असोज १८ गते गोरखापत्र)

संस्कृत विश्वविद्यालय कहाँ ? किन ?

विद्या मानवीय जीवन पद्धतिको दर्शन भएकोले प्रेरणाप्रद पृष्ठभूमि यसको आवश्यक तत्वका रुपमा सकार्नु पर्ने हुन आउँछ, परिचालन गर्ने साधन र श्रोत पनि महत्वपूर्ण नै हुन्छ, आजको परिवेशमा आवश्यक भौतिक सुविधा पनि अनुपेक्षणीय नै हो । संस्कृत विद्याको मर्यादा, संरक्षण, सम्वर्धन र विकास आध्यात्मिक महत्वको ऐतिहासिक क्षेत्रले गरी आएको कुरा पनि नकार्न सकिदैन, "विद्या हराए काशी जानु" को सट्टा "काश्मिर जानु" भन्ने लोकोक्ति पाइने गर्दैन । प्रस्तुत प्रसंगमा अतीतका अनुभवलाई आदर्श हाम्रो नेपाली भाषा हिन्दू धर्म एवं संस्कृतिको मूल आधार नै संस्कृत हो । सही रुपमा जान्न संस्कृतको ज्ञान हुनु जरुरी छ । हाम्रो भाषाका ७५ प्रतिशत शब्द संस्कृत भाषाबाट आएका छन् । नेपाली भाषाको पूर्णरुपमा वैज्ञानिक अध्ययन गर्न संस्कृत भाषा अत्यन्त अनिवार्य हुन आउँछ । संस्कृत भाषा हतपति जान्न सकिदैन भन्ने गलत धारणा जनमानसमा पाइएको छ । तर हालसालै संचालन गरिएको दश दिने संस्कृत भाषा सिक्ने शिविरले संस्कृत चाँडै सिक्न सकिन्छ भन्ने कुरा प्रमाणित गरेको छ । भावी संस्कृत विश्वविद्यालय पनि सबैलाई पायक पर्ने गरी उपयुक्त ठाउँमा खोलियोस् भन्ने विनम्र अनुरोध गर्दछु । – निरेशनाथ ढुंगाना, विजेशनाथ ढुंगाना, चावहिल काठमाण्डौं ।

हालसम्मको अनुभवबाट यो भन्न सकिन्छ कि छात्रावास, छात्रवृत्ति र निःशुल्क पढाइ पनि यसतर्फ विद्यार्थीको संख्या नगण्य नै देखिन्छ । यस्तो किन भो यसको उपलब्धि भन्ने हो भने जागिर खान त्यत्तिकै गाह्रो छ । संस्कृतका विद्वान् गुरुका सब छोराछोरी अंग्रेजी र विज्ञान पढ्छन् ।

अतः संस्कृत विश्वविद्यालय खोल्नु अघि दुई वटा कुरामा ध्यान दिइनु जरुरी देखिन्छ । (१) विद्यार्थीहरुलाई यसतर्फ झुकाव हुने वातावरण तयार गरिनु पर्ने र (२) उत्पादित विद्यार्थीहरु रोजगारको समस्या समाधान गरिनु पर्ने । – लक्ष्मण ज्ञवाली, गुल्मी हाल– त्रिचन्द्र क्याम्पस

संस्कृत विश्वविद्यालयको पूर्वाधार नरचिएको कुनै ठाउँलाई सं. वि. वि. राख्न उपयुक्त मानी विकल्पमा समावेश गर्नु ठीक होइन । दाङमा नै यसका लागि पूर्वाधार छ, सं. वि. वि. पनि त्यहीं राख्नु पर्छ ।

अरुतिर पाइने भवन निर्माणको लागि चाहिने ढुंगा, काठपात, बालुवा आदि सामग्री दाङमा अझ सुपथ मोलमा पाइन सक्लान् । त्यसमा पनि काम चलाउने भवनहरुको पूर्वाधार दाङमा प्रशस्त तयार छ र अन्यत्र तयार छैन । सन्देह भएका संस्कृतप्रेमीहरुलाई दाङ देउखुरीमा आई "संस्कृत विश्वविद्यालयको पूर्वाधार हेरी जानु हुन अनुरोध गर्दछौं । – श्रीधर पोखरेल, दाङ

संस्कृतमा अटूट आस्था राखी गर्नुपर्ने सहयोग गर्न आजसम्म पछि नपरेका दाङका जनताले नै संस्कृत विश्वविद्यालय स्थापना गर्ने सम्वन्धमा बढी हक पाउँछन् । तसर्थ संस्कृत विश्वविद्यालय दाङमै हुनु पर्दछ भन्ने हाम्रो जोडदार भनाइ छ । – सुनील आचार्य, राजेन्द्र गौतम, उपेन्द्र पोखरेल, महेन्द्र गौतम

........वर्तमानको लक्ष्य र परम्परा फराकिलो पार्न भौगोलिक स्थिति, इतिहास, क्षेत्र, वातावरण, यातायातको अवस्था, दैनिक उपभोग्य वस्तुको बजार सुविधा र पायक आदि अपेक्षित साधन अवस्थाको विचार गरेर स्थानको चयन गरिएमा सम्भावित लक्ष्य प्राप्त गर्न असजिलो हुने छैन । यस दृष्टिले चितौनको "देवघाट" क्षेत्र, धनुषाको "जनकपुरधाम" यी दुई क्षेत्रमध्ये कुनै यौटामा संस्कृत विश्वविद्यालय संस्थापन गर्न उपयुक्त छ भन्ने मलाई लागेको कुरा जनसमक्ष पुचाई दिन अनुरोध गर्दछु ।

– रोहिणी बल्लभ शर्मा पोखरेल, अनुसन्धाता, सं.सं.वि.वि.बाराणसी

दाङमा नै सं. वि. वि. हुनु पर्छ भन्ने धारणा त्यति युक्तिसंगत लाग्दैन । संपूर्ण यातायात आदिको सुविधा पाइरहेका ठाउँको सट्टा दाङ जस्ता एक किसिमको दुर्गम ठाउँमा सं. वि. वि. राख्दा दाङवासी बाहेक सबैलाई कठिन हुन्छ । जहाँसम्म दाङमा सं. वि. वि. को शिलान्यास भइसकेको भन्ने प्रश्न छ, शिलान्यास गर्ने योगी नरहरिनाथ स्वयंले हालै सं. वि. वि. चितवन नारायणी नदीको किनारमा हुनुपर्छ भन्नु भएको कुरो उल्लेखनीय छ ।

संस्कृतलाई फुलेको फलेको देख्न चाहने हार्दिक सदिच्छा दाङवासीमा छ भने उनीहरुले सुगम ठाउँमा सं. वि. वि. का लागि उनीहरुले जग्गादान दिएका छन् भन्ने देवघाट मै पनि त्यो आय पठाउन सक्छन् । दाङमै सं. वि. वि. राख्नु पर्छ भन्नु त अरुलाई जे जस्तो भए पनि हुँदै गरोस् भनेर आफ्नो निरर्थक अभियान कायम गर्नु मात्र हो जस्तो मलाई लाग्छ । सं. वि. वि. देवघाटतिर रहोस् भन्ने अरु सबैको भनाइ छ, दाङमा रहोस् भन्ने त दाङवासीको मात्र भनाइ हो । कसको भनाइ ग्राहय होला त ? –मनोहर घिमिरे, कालिमाटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावित संस्कृत–विश्वविद्यालय किन र कहाँ ?

(प्रस्तावित संस्कृत विश्वविद्यालय सुझाव टोली नेपाल प्राध्यापक संघ वाल्मीकि क्याम्पस काठमाण्डौद्वारा निकालिएको पर्चा)

प्रस्तावित संस्कृत विश्वविद्यालय राजधानीमा राखिनु पर्छ भन्ने औचित्यका कारणहरु :–

(१) विकासका आधारहरुको सर्वाधिक सुलभता :–

काठमाण्डौ उपत्यकामा यातायात, विद्युत, सञ्चार आदि भौतिक विकासका आधारहरुको जति मात्रामा सुलभता छ, त्यति अधिराज्यका अन्य भागमा छैन । यहाँको समशीतोष्ण सुन्दर प्राकृतिक भूमि नै संस्कृत विश्वविद्यालयको निमित्त अत्यधिक उपयुक्त देखिन्छ । भौतिक साधनहरुको पूर्वाधार तयार नभएको ठाउँमा विश्वविद्यालय राख्न खोज्दा यसको विकासमा लगाउनु पर्ने श्रम, साधन र समय पूर्वाधारहरु जुटाउनमा नै क्षीण भई संस्कृतका विकास धेरै नै पछि पर्न जान्छ ।

(२) राष्ट्रिय अन्तर्राष्ट्रिय संपर्कको पूर्ण सुविधा :–

विश्वविद्यालयको राष्ट्रका विभिन्न क्षेत्र र अन्तर्राष्ट्रिय क्षेत्रसंग पनि बराबर संपर्कको आवश्यकता परिरहन्छ । संपर्क साधन टेलिफोन, ट्रंक, टेलेक्स, रेडियो प्रसारण र पत्रपत्रिका आदिका आधुनिक संचार सुविधाहरु पनि राजधानीमा नै पर्याप्त मात्रामा उपलब्ध छन् ।

(३) शैक्षिक क्रियाकलापका पूर्वाधारहरुको विकास :–

त्रि. वि. अन्तर्गत संस्कृत अध्ययन संस्थानको डीन कार्यालय यद्यपि हाल दाङमा अवस्थित छ । तर भौगोलिक दूरी एवं दुर्गमताको स्थितिले गर्दा डीन कार्यालयमा हुनु पर्ने विषय समितिका बैठकहरु, विद्या परिषद्का गोष्ठीहरु, अनुसन्धान कार्यक्रमहरु, पाठ्यक्रम निर्माण आदि संपूर्ण प्रमुख शैक्षिक कार्यहरुका साथै अन्य क्याम्पसभन्दा बढी ११ मूल विषय र प्रमाणपत्रदेखि विद्यावारिधि तहसम्मको शिक्षण समेत वाल्मीकि क्याम्पस, काठमाण्डौमा नै हुने गरेका छन् । यसबाट प्रस्तावित संस्कृत विश्वविद्यालयका पूर्वाधारहरुको विकास राजधानी उपत्यकामा नै भएको कुरा स्वतः सिद्ध हुन्छ ।

(४) पुस्तकालय तथा कलात्मक संपदाहरुको अवस्थिति :–

संस्कृत विश्वविद्यालय अन्तर्गत संचालन गरिने शोध कार्यका लागि प्राचीन पुस्तकालयहरु तथा मठमन्दिरहरुमा रहेका कलात्मक, सांस्कृतिक गरिमापूर्ण वस्तुहरुको अति आवश्यकता पर्दछ । अन्यत्र स्थानान्तरित गर्न नसकिने यस्ता पुस्तकालय तथा प्राचीन कलात्मक संपदाहरु राजधानी उपत्यकामा मात्र अवस्थित छन् । साथै अन्य विविध प्रकारका आधुनिक पुस्तकालयहरुको सुविधा यहाँ बराबर अधिराज्यमा अन्यत्र पाइने कुनै संभावना छैन ।

(५) धार्मिक तीर्थस्थल र पर्यटन केन्द्रको रुपमा मान्यता :–

धर्म र दर्शनसंग संस्कृत शिक्षाको विशेष सम्बन्ध भएको र राजधानी उपत्यकाले विशिष्ट धार्मिक तीर्थस्थल र आकर्षक ऐतिहासिक पर्यटन केन्द्रको रुपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मान्यता समेत प्राप्त गरी सकेको हुनाले समस्त हिन्दूहरुको आस्था केन्द्रको रुपमा विकसित हुनु पर्ने प्रस्तावित संस्कृत विश्वविद्यालयको स्थापनार्थ पाशुपत क्षेत्र राजधानी उपत्यका अति नै उपयुक्त हुन जान्छ ।

(६) विद्वान्हरुको उपलब्धि :–

राजधानी उपत्यकाले प्राचीनकालदेखिनै अधिराज्यको मुख्य विद्या केन्द्रको रुपमा अग्रणी भूमिका खेल्दै आइरहेको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका संस्कृतका विद्वानहरु जति यहाँ उपलब्ध हुन्छन्, त्यति अधिराज्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यत्र हुँदैनन् । विशिष्ट विद्वानहरुको सक्रिय सहयोग र सान्निध्य विना कुनै पनि विश्वविद्यालयको संचालन गर्ने परिकल्पनासम्म गर्न सकिन्न ।

(७) विद्यार्थीहरुको समुपलब्धि :–

पर्याप्त छात्रहरुको अभावमा विश्वविद्यालयको स्थापना निरर्थक हुन्छ। विभिन्नस्तर, वर्ग, जाति र पेशाका संस्कृत पढ्न चाहने विद्यार्थीहरुको जति बढी संख्या राजधानीमा पाइने संभावना छ, त्यति अन्यत्र कही पनि पाउने विश्वास गर्न सकिदैन । हाल पनि अधिराज्यका अन्य क्षेत्रहरुमा भन्दा संस्कृतका छात्रछात्राहरु काठमाण्डौमै बढी छन् ।

(८) केन्द्रीयस्तरको प्रशासनसंगको सन्निकटता :–

संस्कृत शिक्षाको आफ्नै प्रकृति र मौलिकता छ । वर्तमान समयमा त्यसलाई सबैले बुझेका हुँदैनन् र कसैले बुझेर पनि आन्तरिक आस्था नराखेको अनुभव हामीले भोगी आएकै कुरा हो । यस्ता स्थितिहरुको समाधान गर्न केन्द्रीय प्रशासनका विभिन्न निकायहरुसंग निकट संपर्क गरिरहनु पर्ने हुन्छ । यसरी राष्ट्रियस्तरको नीतिनिर्धारण गर्ने निकायहरुको सद्भाव, सहमति र राजकीय संरक्षण समेतको वातावरण कायम गर्न प्रस्तावित सं. वि. वि. को स्थापना राजधानीमै हुनु अनिवार्य देखिन्छ ।

(९) विगतको अनुभव :–

उच्च शिक्षा समुचित विकास गर्ने पवित्र उद्देश्य राखी त्रि.-वि. अन्तर्गतका विभिन्न डीन कार्यालयहरु राजधानी वाहिर विभिन्न स्थानमा स्थापित गरिएका हुन् । तर विभिन्न असुविधाले गर्दा तिनलाई आफ्नो कार्य संचालनमा अप्ठेरो परेको र अत्यधिक खर्चिलो समेत भएको हुँदा अधिकांश डीन कार्यालयहरु पुनः राजधानीमै फिर्ता गरिएको हालैको प्रत्यक्ष घटनाबाट पनि प्रस्तावित सं. वि. वि. राजधानी वाहिर स्थापना गर्ने विचारै गर्नु नपर्ने स्पष्ट भएको छ ।

(१०) संस्कृतलाई पन्छाइएको भन्ने भावनाको निराकरण :–

विश्वविद्यालय जस्तो राष्ट्रव्यापी विशाल दायरा भएको उच्च संस्था संचालन गर्न प्राज्ञिक र भौतिक साधनहरु सुलभ हुनु पर्ने र राजधानीबाहिर टाढा अपायकमा स्थापना गरिएमा विश्वविद्यालयले आफ्ना क्रियाकलापहरु संचालन गर्न ज्यादै कठिनाई पर्ने हुँदा जनमानसमा निश्चयनै संस्कृतलाई पन्छाइएको भन्ने भावना पैदा हुन गई अपेक्षित रुपमा सार्थक र फलदायी नहुने मात्र नभई यसको भविष्य नै असमंजसतामा पर्ने देखिन्छ। यस स्थितिको निराकरण गर्नको निम्ति पनि सं. वि. वि. स्थापना राजधानीमा नै गर्नु आवश्यक छ ।

(११) मर्मज्ञ विद्वानहरुको अनुभव र संमति :–

प्रस्तावित सं. वि. वि. को सुसंचालन कहाँ र कसरी हुन सक्तछ भन्ने कुरा आग्रह, कोरा सोंचाई र परिवन्दसंग भन्दा वास्तविक धरातलवाट सोंच्ने संस्कृतका मर्मज्ञ अनुभवी बहुसंख्यक विद्वानहरुको राय सम्मतिसंग बढी संवद्ध हुन जान्छ । संकीर्णतावाट माथि उठी यस स्थितिलाई विवेकपूर्ण केलाई हेर्दा पनि प्रस्तावित संस्कृत विश्वविद्यालयको स्थापनाको लागि सर्वाधिक उपयुक्त स्थल राजधानी उपत्यका नै ठहर्ने निश्चित छ ।

जयतु संस्कृतम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री
त्रिभुवन विश्वविद्यालय
संस्कृत अध्ययन संस्थान

जनता विद्यापीठ (क्याम्पस)

चलानी नम्वर :– ६४६
पत्र संख्या :– प्र.शा. १९०।०४२।०४३

विजौरी दाङ
राप्ती अञ्चल, नेपाल
मिति २०४२ माघ २५

विषय :– प्रमाणित गरिएको बारे ।

श्री त्रिभुवन विश्वविद्यालय समेतको सिफारिश समेतमा श्री ५ को सरकार शिक्षा मन्त्रालयवाट गठित दाङ देउखुरी जग्गा व्यवस्था समिति वा अध्यक्ष जनता क्याम्पसका क्याम्पस प्रमुख श्री रामेश्वर शर्माको अध्यक्षतामा उक्त समितिका सदस्य श्री ५ को सरकार दाङ देउखुरी जिल्ला कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री रघुनाथ भण्डारीको समेत उपस्थितिमा २०४२।१०।१७ गते जनता विद्यापीठ / क्याम्पस दाङमा बसेको उक्त दा. दे. ज. व्य. स. को बैठकमा विशेष छलफलबाट पारित संलग्न निर्णय नं. ८ अनुसार निम्नलिखित विघटित संस्कृत विश्वविद्यालय आयोजक समितिमा विभिन्न पदाधिकारी भै सेवा गरी यस जिल्लामा संस्कृत विश्वविद्यालयको आर्थिक र शैक्षिक समेत पृष्ठभूमि निर्माणमा विशेष देन भएका विद्वान्, प्रशासक, सञ्चालक, समाजसेवी समेत भएको प्रतिनिधिमण्डललाई काठमाण्डौमा भावी संस्कृत विश्वविद्यालय जग्गा जमीन र तत्सम्वन्धी प्रशासनिक कार्य समेतको निमित्त पठाउन पाउँदा दाङको संस्कृतप्रेमी जगतलाई खुशी लाग्नु स्वभाविक हो । यसमा संस्कृत सम्वन्धी प्रगाढ पाण्डित्य प्रशासनिक लामो अनुभव आर्थिक र शैक्षिक आधार निर्माण संचालन सेवा समेतको समन्वयको साथसाथै संस्कृत संस्कृति देश नरेशप्रति दृढ आस्था र विश्वासको आदर्श समेत भएकोले यस प्रतिनिधिमण्डलले देशका वरिष्ठ पञ्चहरुको सहयोग लिई दाङमा संस्कृत विश्वविद्यालयको पृष्ठभूमि संपन्न भएको समेत संपूर्ण वास्तविकता वोध गराउनुको साथै सं. वि. वि. को स्वरुप त्यसको पृष्ठभूमि जग्गा जमीन आय प्रशासनमा समेत आफ्नो सुझाव संम्वन्धित विशिष्ट निकायहरुमा प्रस्तुत गरी आवश्यक निकासा समेत लिई आउने छ भन्ने वारेमा यो समिति र दाङ जिल्लावासी समेत विश्वस्त रहेको कुरा सहर्ष प्रमाणित गरिएको छ ।

प्रतिनिधिमण्डल :–

१–	श्री पं. गंगाधर शास्त्री पराजुली, के. सं. क्याम्पस बेलझुण्डी	–	अध्यक्ष
२–	श्री पं. रामेश्वर शर्मा सह–प्राध्यापक क्या. प्रमुख जनता क्याम्पस	–	सदस्य
३–	श्री जागेश्वर ब्राह्मण वरिष्ठ समाजसेवी दाङ विजौरी	–	सदस्य
४–	श्री पं. टेकनाथ गौतम वरिष्ठ समाजसेवी दाङ हापुर	–	सदस्य
५–	श्री पं. केशव दीपक शर्मा वरिष्ठ समाजसेवी दाङ हापुर	–	सदस्य

द. रामेश्वर शर्मा
विद्यापीठ (क्याम्पस) प्रमुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षा राज्यमन्त्रीद्वारा महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना गरिने विषयमा सदनलाई जानकारी

(२०४३ साल गोरखापत्र)

काठमाण्डौं, भदौ १६ गते ।

शिक्षा तथा संस्कृति राज्यमन्त्री केशरबहादुर विष्टले राष्ट्रिय पञ्चायतको हिजो बसेको बैठकमा शाही उच्च शिक्षा आयोग २०३९ को प्रतिवेदनको कार्यान्वियनका क्रममा अंगालिने विश्वविद्यालय नीति, कार्यक्रम र संगठनात्मक रुपरेखा सम्वन्धी सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

उहाँले भन्नुभयो– श्री ५ महाराजाधिराज सरकारबाट त्रिभुवन विश्वविद्यालय सभाको सिफारिसमा २०३९ साल भदौ १ गते देशको बृहत् हितका लागि अपनाउनु पर्ने उच्च शिक्षाका नीति र परिपाटीबारे प्रतिवेदन तयार पार्न कार्य क्षेत्र र कार्य प्रणालीको निर्धारण सहित गठन गरिवक्सेको शाही उच्च शिक्षा आयोगले साउन ८ गते २०४० मा मौसूफका हजूरमा आफ्नो प्रतिवेदन चढाएको थियो ।

मौसूफ सरकारबाट निर्देशन वक्स भए बमोजिम उपर्युक्त प्रतिवेदनको अध्ययन गरी गराई विचारगर्दा श्री ५ को सरकारले देशका उच्च शिक्षाको क्षेत्रमा कतिपय सामयिक सुधारका साथै दीर्घकालीन नीतिहरु समेतको अवलम्वन गर्नु पर्ने ठहराएको छ ।

............महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापनाबारे चर्चा गर्दै शिक्षा तथा संस्कृति राज्यमन्त्रीले भन्नुभयो– हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका उच्च शिक्षा प्रदान गर्ने विभिन्न क्याम्पस (विद्यापीठ) हरुलाई एक विश्वविद्यालय अन्तर्गत सुसंगठित गरी संस्कृतको प्राज्ञिक परम्परालाई संरक्षण प्रदान गर्ने र युग सुहाउँदो संवर्धन गर्ने मुख्य उद्देश्यले यसको अध्ययन अध्यापन र अनुसन्धानलाई सुव्यवस्थित रुपमा संचालित गर्नु राष्ट्रिय दृष्टिले आवश्यक हुन आएको छ । नेपाल अधिराज्यमा अति प्राचीन समयदेखि नै राजसंस्थाबाट प्राप्त हुँदै आएको संस्कृतको संरक्षण क्रमको प्रतीकस्वरुप स्वर्गीय श्री ५ महेन्द्रको पुण्यस्मृतिमा यस संस्कृत विश्वविद्यालयको नामकरण महेन्द्र संस्कृत विश्वविद्यालय राख्नु अत्यन्त वाञ्छनीय रहेको छ ।

श्री विष्टका अनुसार विगत दुई दशक अगावै दाङमा संस्कृत विश्वविद्यालयको स्थापनामा प्रयास थालिएको र त्रि. वि. वि. संस्कृत अध्ययन संस्थान दाङमा भएको समेत परिप्रेक्ष्यमा पौषसम्ममा त्यहाँ विश्वविद्यालय स्थापनाका लागि चाहिने आवश्यक केही पूर्वाधार खडा भइसकेको हुँदा यस विश्वविद्यालयको केन्द्रीय कार्यालय दाङमा रहने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

श्रीमान् क्याम्पस प्रमुखज्यू,
जनता क्याम्पस विजौरी दाङ ।

महोदय,

श्री ५ को सरकारसित संपर्क राखी चाँडोभन्दा चाँडो संस्कृत विश्वविद्यालयको स्थापनाको निर्णय गराउनका लागि श्री वीरदेव विष्ट (केन्द्रीय क्याम्पस प्रमुख)–१, श्री दत्तात्रेय शर्मा–१, श्री टेकनाथ गौतम–१ समेत हामी ३ जनाको प्रतिनिधिमण्डल पठाइएकोमा हामीहरु आफ्नो आफ्नो सुविधाले १०/११ गते काठमाण्डौ पुग्यौं । सर्वप्रथम त्रि. वि. का उपकुलपतिसित भेट गर्‍यौं । तदनुसार प्रधानमन्त्री र शिक्षामन्त्रीसित भेटको समय मिलायौं । त्यसपछि भू. पू. प्रधानमन्त्री श्री नगेन्द्रप्रसाद रिजाल, माननीय मन्त्री हरिनारायण रजौरिया आदि स्मरण पत्रमा लेखिएका धेरै प्रमुख व्यक्तिहरुसित संपर्क राखी वहाँहरुलाई समेत लिई प्रधानमन्त्री कहाँ भेट गर्न जाँदै थियौं । त्यही अवसरमा भाद्र १६ गतेका दिन माननीय शिक्षा तथा संस्कृति राज्यमन्त्रीज्यूले "दाङमा श्री महेन्द्र सं. वि. वि. को स्थापना गर्ने मन्त्री मण्डलले गरेको निर्णयको जानकारी रा. पं. मा दिनु भएकाले हामीले स्मरणपत्र दिनु पर्ने आवश्यकता रहेन । त्यसपछि हामीहरुले सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शिक्षा तथा संस्कृति राज्यमन्त्रीज्यू, शिक्षा सचिवज्यू आदिसित भेट गरी चाँडो विधेयक पास गराई यही २०४३ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसका दिनमा नै श्री ५ महाराजाधिराज सरकारका करकमलबाट म. सं. वि. वि. को उद्घाटन गराइयोस् भनी अनुरोध गरी हामी प्रतिनिधि फिर्ता आएका हुँदा भएका व्यहोराको यो प्रतिवेदन प्रस्तुत गर्दछौं ।

भवदीयौं
(दत्तात्रेय शर्मा)
(टेकनाथ गौतम)

दिनाङ्क :– २०४३ मार्ग ६ गते ।

प्रतिनिधिमण्डल :–

१– भू. पू. प्रधानमन्त्री हाल रा. पं. स. श्री नगेन्द्रप्रसाद रिजाल
२– माननीय आपूर्ति मन्त्री श्री परशुनारायण चौधरी
३– माननीय कृषि न्याय तथा कानून मन्त्री श्री हरिनारायण रजौरिया
४– माननीय रेगबहादुर सुवेदी
५– ध्रुवविक्रम शाह
६– माननीय खेमराज पण्डित
७– माननीय भरतमणि शर्मा
८– माननीय यज्ञबहादुर बुढाथोकी
९– भू. पू. माननीय दत्तात्रेय शर्मा मजगैया
१०– भू. पू. माननीय देवबहादुर के. सी.
११– भू. पू. माननीय टंकबहादुर विष्ट
१२– भू. पू. माननीय लोकमणि गिरी
१३– जि. पं. सभापति दाङ श्री खिमबहादुर शाह
१४– श्री टेकनाथ गौतम
१५– माननीय वैकुण्ठबहादुर चन्द
१६– माननीय रविन्द्रनाथ शर्मा
१७– माननीय सीतादेवी गर्ग
१८– माननीय घनश्याम गिरी
१९– माननीय इन्दिरा आत्रेय
२०– माननीय शिवराज पन्त
२१– माननीय चम्पक सुनुवार
२२– माननीय तेजबहादुर शाही
२३– माननीय डा. प्रेमबहादुर शाही
२४– माननीय फत्तेहसिंह थारु
२५– माननीय गगनबहादुर शाही
२६– माननीय पदमबहादुर सापकोटा
२७– माननीय गंभीरजंग कार्की
२८– माननीय भगवानदास गुप्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन समारोहमा बक्सेको सम्वोधन !

महिला तथा सज्जनबृन्द,

१– आज महेन्द्र संस्कृत विश्वविद्यालयको उद्घाटन गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

२– यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य स्वर्गीय बुबाज्यूबाट २०२४ सालमा दाङ विजौरीमा संस्कृत–जगत्का विद्वानहरु सम्मिलित विद्वत् सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो । प्रातःस्मरणीय पूज्य बुवाज्यूबाट संस्कृत वाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसूफमा श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

३– हाम्रो देशमा ऐतिहासिककालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जन–जीवनमा समेत महत्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्र एवं संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरुबाट प्रष्ट हुन्छ । त्यसैँगरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवं दर्शनसम्वन्धी विभिन्न विषयहरुमा लेखिएका संस्कृतका पुस्तकहरुले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुचाएका छन् भन्ने हामीलाई लाग्दछ ।

४– हाम्रो धर्म, दर्शन र संस्कृतिको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकता अनुसार उपयोग र प्रवर्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्वविद्यालयको गतिशील भूमिका हुनु पर्ने देखिएको छ । यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोध कार्यको संगसंगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवं मान्यता अनुरुप निष्ठावान नागरिक बन्न सघाउ पुचाउने छ भन्ने कुरामा हामी विश्वस्त छौं । त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरुको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्न गराउन यस विश्वविद्यालय पनि कटिवद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं ।

५– अन्त्यमा, महेन्द्र संस्कृत विश्वविद्यालयको चौतर्फी सफलताको कामना गर्दै यस समारोहका आयोजकहरु सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

माघ १९, २०४५ बुधबार
दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री
हिन्दुसंस्कृतेः संरक्षकाणां प्रजावत्सलानां महेन्द्रसंस्कृतविश्वविद्यालयस्य कुलपतीनां
श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानां करकमलेषु सभक्ति

समभिनन्दनम्

राष्ट्रनायकाः नेपालभूपालाः,

आर्य–सदाचार–विचार–संस्काराणामाधारभूता हिन्दुसंस्कृतिर्नेपालीय–प्रजासु गौरवास्पदं पदमादधाति । हिन्दुसंस्कृति–मर्मस्वरुपाणां धर्म–संस्कृति–नैतिकतासम्वन्धिनीनां मान्यतानाम्, ज्ञानविज्ञानयोः, विविधदर्शनानाञ्च समुन्नतपरम्परायाःसंवाहकस्य संस्कृतवाङ्मयस्य अन्तरराष्ट्रियपरिवेष–केन्द्ररुपेण नेपालेऽभिवर्धनाय "राजा परं देवतमिति" वैदिकभावानुकूलायां राजर्षेर्जनकस्य स्वपूर्वजानां शाहवंश्यानां नेपाल–भूपालानां च गौरवमय्यां सरण्यां महेन्द्रसंस्कृतविश्वविद्यालयस्य संस्थापकानां महनीयगुणविभूषितानां श्री ५ महाराजाधिराजानां समभिनन्दन–शुभावसरे प्रजानां हर्षप्रसरः सातिशयः ।

शान्तिप्रस्तावसमुद् भावकाः नृपतयः,

भौतिक समृद्धिदृशा भौगोलिकाकृतिदृशा च विशालकायै राष्ट्रान्तरैः साम्यमभजत्यपि संस्कृतेः सभ्यताया आध्यात्मिकचिन्तनस्य शान्तिकामनायाश्च दृशा गौरवपूर्णपदाञ्चिते जनकादिमहामानवमहिते अत्रैव नेपाले वर्षाणां सहस्रशः पूर्वमेव युवराजेन सिद्धार्थगौतमेन शान्तेरालोकः प्रसारितः । स एवाक्षय्यनिधिरस्माकं वैशिष्टयम् । नेपालीयराजकुलस्य तामेव महिम–मण्डित–परम्परां पोषयितुं शान्तिसद्भावना–महित–विश्वभ्रातृत्व भावनाद्वारा सञ्चालिता राज्यव्यवस्थैव वर्तमानेऽन्तरराष्ट्रजगति समुपयुक्तेति विविच्य प्रभुवर्य–देवैः स्वकीय शुभराज्याभिषेकावसरे विश्वसमक्षं प्रस्तुतस्य शान्तिप्रस्तावस्य साम्प्रतं शताधिक–राष्ट्रैः समर्थनात् स्व–वंश्यधन्यतां गतानां श्री ५ महाराजाधिराजाना स्वागतार्चन–सम्पादनायै लब्धावसराणाममन्दानन्दसौरभःप्रसरति सर्वतः ।

प्रजावत्सलप्रभवः,

भाषा न केवलं भाषादृष्टया महनीया, अपि तु तत्र विद्यमानानि विचाराः, दर्शनानि, कलाः, साहित्यानि, प्रयोगप्रविधय एवं संस्कारा इतिहासाश्च माहात्म्यभाञ्जि भवन्ति । मनु–व्यास–जनक–याज्ञवल्क्य–गौतम भरद्वाज–प्रभृतीनां तपोधनानां महर्षीणां ज्ञानविज्ञानानि, प्रयोगप्रविधिराशीन्, पौरस्त्य–मुनि–मनीषिणां चिन्तनानि, लिच्छवि–मल्ल–शावंशोद्भवानां गुणग्राहिणां राज्ञामनुसन्धानानि, तथाऽनादिनिगमागमानपि संस्कृतभाषैव सम्भरन्ती सततमालोकं ददती विराजते । अद्यत्वे पाश्चात्यानां मनीषिणामनुसन्धातृणामपीत आकर्षणात् संस्कृतस्य महत्वमधिकं विद्योततेतमाम् । सन्दर्भेऽस्मिन् प्रभुवर्यदैवैः संस्थापितेऽत्र महेन्द्रसंस्कृतविश्वविद्यालये शिक्षिता दीक्षिताश्च विद्वांसो नीतिमन्तः सदाचारशीलाः सुसंस्कृता अनुशासनाञ्चिता राष्ट्रभक्ता राजभक्ताश्च सम्पद्यमानाःप्रभुवर्यदेवानां नेतृत्वे विश्वस्मिन् नेपालस्याऽऽदर्श प्रसारयितुं समर्था भविष्यन्तीति विश्वासविनतिसमर्पणाय मानसमुत्सुकतामाश्रयति ।

परमपितृभक्ताः देवाः,

अस्यामेव दाङभूमौ वेद–बाहु–व्योम–नेत्र (२०२४) मिते वैक्रमाब्दे पूज्यपादाः स्व.श्री ५ महेन्द्रवीरविक्रम–शाहदेवाः स्वदेश्यानां विदेश्यानां च विशिष्टविदुषां तथा शङ्कराचार्यप्रभुतीनां सतां महात्मनामप्युपस्थितिमहिते समारोहे ऐतिहासिकविद्वत्सम्मेलनलस्य समुद्घाटनं विहितवन्त आसन् । अद्य पुनरत्रैव स्थाने स्वर्गीयप्रभुवर्यदेवानामेव पुण्यस्मृतये संस्थापितस्य महेन्द्रसंस्कृतविश्वविद्यालयस्य समुद्घाटनेन स्वकीयपूर्वजनां गौरवपरम्परां समुज्ज्वलयतां युगनायकानां श्री ५ महाराजाधिराजदेवानां कीर्तिस्तम्भो ऽनन्तयुगावधि देदीप्यमानरुपेण विराजतामिति सविनयप्रार्थना पुरःसरति ।

राष्ट्रप्राणप्रभुदेवाः,

भगवतः श्रीरामस्य पादार्पणेन, अहल्याया जीवनसञ्चार इव अद्यात्र श्री ५ बडामहाराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवीशाह समेतानां श्री ५ महाराजाधिराजप्रभुदेवानां मङ्गलमयशुभयात्रयाऽस्यां दाङ भूमौ प्रभुदेव – सेवायां समर्पिते संस्थाजगति च जागरा स्फुरन्ती वर्तते । संस्कृतवाङ्मयविकासस्य सुवर्ण–प्रभातमुदयमानं वर्तते । अद्यत्वे राष्ट्रे प्रभुदेवानामेव प्रेरणया राष्ट्रविकासस्वर्णकाल–द्रढिमाऽऽधापिनि शुभेऽवसरे सदेवीक–प्रभुवर्यदेवानां स्वागतोचितैः "जय जयेतिजयेति" मङ्गलध्वनिभिः समंसेवायां समर्पितस्य महेन्द्रसंस्कृतविश्वविद्यालयपरिवारस्य भक्तिश्रद्धा समन्वितमभिनन्दनं समर्पयति ।

यदाज्ञापयन्ति महाराजाः !

अनन्य–राजभक्तः
(डा. हरिदेव मिश्रः)
उपकुलपतिः महेन्द्रसंस्कृतविश्वविद्यालयस्य

मिति :– २०४५/१०/१९/४
बेलझुण्डी दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलपति श्री ५ महाराजाधिराज सरकारबाट म.सं.वि.वि.लाई वक्स भएका निर्देशनहरु

१– देशमा आज विभिन्न शास्त्रीय विषयहरुमा आधिकारिक विद्वानहरुको खाँचो छ। महेन्द्र संस्कृत विश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययन–अध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकतानुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्ने काममा अगाडि बढ्नु पर्छ।

२– आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकोले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनु पर्दछ।

३– यस विश्वविद्यालयले संस्कृत वाङ्मयमा निहित ज्योतिष, आयुर्वेद योग विज्ञान कला कौशल आदि प्रयोग प्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ।

४– विश्वविद्यालयले स्वतन्त्ररुपमा आफ्नै आर्थिक श्रोत पनि बढाउँदै र जुटाउँदै जानु पर्दछ।

५– दाताले दिएका चल अचल संपत्तिको संरक्षण तथा सुव्यवस्थित रुपमा परिचालन गर्ने व्यवस्था विश्वविद्यालयले गर्नु आवश्यक छ।

६– संस्कृत छात्र जुनसुकै कार्य क्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाउन् र अरुलाई पनि त्यससंग परिचित गराउन सक्षम हुनाका साथै यसबाट प्रभावित समेत पार्न सकुन भन्ने उद्देश्य राखेर विश्वविद्यालयले आफ्नो शैक्षिक कार्यक्रमहरुको तर्जुमा गर्नु पर्दछ।

७– संस्कृत छात्रहरु आफ्नो संस्कृतिको गौरवमय परम्परा निष्ठावान्, नैतिकवान्, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशमा उदाहरण बन्न सकुन् संस्कृतका शिक्षक स्वयं उनीहरुको प्रत्यक्ष मार्गदर्शक बनुन् यसको निमित्त विश्वविद्यालयले प्रयास गर्नु पर्दछ।

८– संस्कृत विद्यालाई संपूर्णरुपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरु पनि नेपालप्रति आकृष्ट होउन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको विशिष्ट केन्द्रको रुपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ।

९– संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरुलाई मानव मात्रको हित र कल्याणका लागि व्यावहारिकढंगले सदुपयोग गर्न विश्वविद्यालयले शोध कार्य गराउनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमान् उपकुलपतिज्यू,
म. सं. वि. दाङ ।
श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
दाङ ।

मिति :– २०५२।२।२ गते

विषय :– ज्ञापन–पत्र

संस्कृत शिक्षाको उत्तरोत्तर प्रगति र प्रचार प्रसारको निमित्त २०१० सालमा हामी तथा हाम्रा पूर्वजहरुले देउखुरीस्थित असहनी, भरतकुण्डा, जेंग्रहवा, गंदी र खेजडी मौजाको लगभग १२ सय विगाहा जग्गा जनता विद्यालयका नाममा दान दिइएको थियो । त्यसकौ संस्थागत विकासकै क्रममा जनता महाविद्यालय र उक्त पूर्वाधार मै खडा भएको महेन्द्र संस्कृत विश्वविद्यालय देख्न पाउँदा हामी दाता परिवार हर्ष विभोर भएका हुन्छौं ।

सूदय रामेश्वर मजगैयाका वंशज हामी स्तव्ध छौं । दान अपमान तथा लूटमा परिणत भएको छ । कन्यादान गरेर दिएकी छोरीको अस्मिता लुटिदा जसरी माइतीहरुले संरक्षण गरी मानवीय दायित्व निभाउनु पर्ने हुन्छ । त्यस्तै दान दिए पनि त्यसको उचित संरक्षण र अस्तित्व नै लोप हुने स्थितिमा हामी जुर्मुराएका हौं । हाम्रो गास र वास काटेर दिएको संपत्ति हामीलाई अपार मायाँ छ । जुन उद्देश्यले दिइएको दान हो, त्यसको प्रगति र विकासका कथाहरु सुन्न पाए हामीलाई सन्तोष तथा गौरव हुन्छ ।

तर अहिले आएर हामीहरु सुन्दैछौ संपूर्ण वाली लुटिएको छ । त्यतिमात्र नभएर खोलीगाउँस्थित विश्वविद्यालयको कोठार वैशाख १ गते राति तोडफोड र लूट भएको छ, त्यसको संरक्षणको जिम्मा कसले लिने ? अपराधीलाई थुनी कार्यवाही किन नगर्ने ? जवसम्म स्वार्थयुक्त चश्माले संस्थालाई हेरिन्छ तवसम्म संस्थाको उन्नति हुन सक्दैन भन्ने कुरामा दुई मत छैन । खै कहाँ गयो २०५० सालमा प्र. जि. अ. कार्यालयमा, दाङका पूरै नेता, समाजसेवी, बुद्धिजीवी, किसान, विश्वविद्यालयका दाता समेतको हस्ताक्षरित संझौता पत्र ?

यी तमाम विसंगतिहरु देख्दा हामीलाई लाग्छ अव कसैले किन, दान, दातव्य चन्दा, सहयोग दिने ? त्यो पनि त कसैको स्वार्थवस लूटमा परिणत हुन सक्छ । तसर्थ यो दान निश्चित समूह वा व्यक्तिले लिएको पनि हैन यो त समष्टि ज्ञान पिपासुलाई तिर्खा मेट्न शिक्षण संस्थालाई दिइएको हो ।

आज दाता राष्ट्रहरुको सहयोगमा एन. जि. ओ.हरु शिक्षा, स्वास्थ्य, विकास निर्माणमा खटिरहेका छन् । के त्यस्तै यो पनि शिक्षाको न्यानो घाम सबैलाई दिन दाताहरुबाट प्राप्त भएको हैन र खै त यसको निम्ति कसैले आवाज उठाएको ? संस्कृत विश्वविद्यालयको संपूर्ण शक्ति म मा निहित छ मैले जे पनि गर्न सक्छु भन्ने उपकुलपतिज्यू, यत्रो लूट र तोडफोडमा केन्द्रीय कार्यालय, दाङमा नवसी काठमाण्डौमा लुकेर १ दिन प्र. जि. अ.संग भेट गर्दैमा समस्या समाधान हुन सक्छ ? के २ महिनासम्म काठमाण्डौ बसेर जग्गाको संरक्षणमा एउटा सिन्कोसम्म भाँच्नु भएको छ ?

प्रमुख जिल्ला अधिकारीज्यूले वाली लूट गर्नेलाई तारेख दिएर लामो प्रशासनिक परिवेश रच्न खोज्नु भयो । ७ दिनको तारेखमा आउँदा उनीहरुले संपूर्ण लूट गरिसकेका थिए । जग्गा प्रशासन जटिल प्रशासन हो । तात्काल निर्णय र समाधान नखोज्ने हो भने १ रातमा सारा मौजा लुटिन सक्छ । उहाँले कत्तिको आफ्नो दायित्व निभाउनु भयो ? प्रजातन्त्रमा प्रशासन वलियो चाहिन्छ नेता पार्टी समूहका दवाव पनि पर्न सक्छन् । तर संस्था सबैको साझा हो । शक्ति प्रदर्शनकै कुरा गर्ने हो भने पनि एक दुई सौ जना लुटाहाहरु आएर कुनै व्यक्ति समाजलाई प्रभाव पार्न सक्दछन् भने पवित्र उद्देश्यले हामी दाता परिवार पनि दानको सदुपयोग होस् भनेर जुलूस, धर्ना, प्रदर्शन अनशन समेत गर्न पछि पर्ने छैनौं । त्यो भन्दा पनि पहिले सम्वन्धित निकायले आफ्नो दायित्वलाई बुझिदिएमा कति ठूला ठूला समस्याहरु पनि समाधान हुन सक्दछन् भने यो कुनै ठूलो समस्या होइन र मौकामा सम्हाल्न नसके ठूलो रुप समेत लिन सक्छ ।

अत: पहिलो कार्यक्रमको रुपमा मजगैया परिवारको दाङ विजौरीमा २०५२।१।३० गते बसेको सामूहिक वैठकले निर्णय गरे अनुसार सम्वन्धित निकायले अविलम्व वाली दिलाई समस्या समाधान र अपराधीहरुलाई कडा कार्यवाही समेत गरेको देख्न र सुन्न पाउने इच्छाकासाथ यो ज्ञापनपत्र प्रस्तुत गरेका छौं ।

– प्रतिनिधिमण्डल, मजगैया परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपकुलपतिको कार्यालय
OFFICE OF THE VICE - CHANCELLOR

महेन्द्र संस्कृत विश्वविद्यालय
बेलझुण्डी, दाङ, नेपाल ।
In Reply Please Refer to

फोन नं. ०८२–२९०१९
Mahendra Sanskrit University
Beljhundi, Dang, Nepal

पत्र संख्या :– २११ (फा. ५)
चलानी नम्वर :– ३३६२

दिनाङ्क / संवत् :– २०५२ जेठ २१ गते ।

विषय :– ज्ञापन–पत्रका सम्वन्धमा ।

श्रीमान् श्रीधर शर्मा मजगैयाज्यू तथा प्रतिनिधिमण्डल,
मजगैया परिवार, विजौरी दाङ ।

तपाई लगायत भूमिदाता मजगैया परिवारको प्रतिनिधिमण्डलका रुपमा यस विश्वविद्यालयका श्रीमान् कुलपतिज्यू समक्ष मिति २०५२।२।२ मा प्रस्तुत गर्नु भएको ज्ञापन–पत्र श्रीमान् उपकुलपतिज्यू समक्ष पेश हुँदा "यस बारेमा गृह सचिवलाई संलग्न गराई प्रहरी खटाई गरेको कार्यविधि र प्र. जि. अ. मार्फत् काम गर्ने लुटाहालाई कडा से कडा कारवाही गर्न विश्वविद्यालय पछि पर्ने छैन । संस्कृत विश्वविद्यालयको उपकुलपति काठमाण्डौ वसे पनि, दाङ बसे पनि जहाँ बसे पनि उसको व्यवस्थाले र प्रशासनले काम गर्छ र केन्द्रीय कार्यालय दाङमा भएको र रजिष्टार (कुलसचिव) ले पनि गृह सचिवसंग मसंग कुरा गरेको र कुलसचिवलाई पनि कुरा गराएको कुरा भूमिदाता मजगैया परिवारलाई जानकारी गराउँछु। स्वयं उपकुलपति लुटिएको ठाउँमा भए पनि कानूनी कारवाही मात्र उसले गर्नु पर्ने हुन्छ भन्ने कुरा यहाँहरुले अवगत गर्नु पर्ने हो । यही प्रसंगका लागि काम पटाउन काठमाण्डौमा पनि आउनु पर्ने भए त्यहीं बसेर पनि हुँदैन । तपाईहरुको यस माथिको ममताले नै हाम्रो विश्वविद्यालयको अस्तित्व कसैले डगाउन सक्ने छैन भन्ने कुरामा म विश्वस्तु छु । सहयोगको लागि धन्यवाद ।" भन्ने तोक आदेश भएकोले निर्देशानुसार अनुरोध गर्दछु ।

(दिलीप भट्टराई)
उप–प्रशासक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा पूर्खा सूदयरामले पाठ गर्ने गरेको स्त्रोत्र "शिवमहिम्नः स्तोत्र" हो । यसको पाठ र आराधनाबाट शङ्करको साक्षात्कार गरी सिद्धि पाउनु भएको थियो भन्ने जनश्रुति छ ।

वेद शास्त्र स्मृति पुराण आदि समस्त संस्कृत ग्रन्थहरुमा स्तुतिका भावहरु यत्र तत्र देखिन्छन् । यी स्तुतिहरुमा गन्धर्वराज श्री पुष्पदत्ताचार्य निर्मित श्री "शिवमहिम्नः स्त्रोत्र" को स्थान सर्वोत्कृष्ट छ । यस सम्बन्धी प्राचीन समयको कथा यस्तो छ– देवताहरुमा एउटा गन्धर्व जाति विशेष छ । जुन देवलोकको गायकको रुपमा मानिन्छ । त्यस समयमा गन्धर्वहरुका राजा पुष्पदत्त थिए । उनी शंकरका भक्त थिए । शंकरको पूजा गर्न प्रतिदिन कुनै राजाको उपवनबाट पुष्प चोरेर ल्याउँथे र अन्तर्धान हुन्थे । उनलाई कसैले कहिले पनि देखेको थिएन । राजाले विद्वान्हरुको परामर्शद्वारा दैवी शक्तिलाई अवरुद्ध गर्नको निम्ति ती फूलहरुका तलतिर शिव निर्माल्य छितारी दिए । प्रतिदिन जस्तै पुष्पचयन पछि गन्धर्वराज अन्तर्धान हुन चाहें परन्तु हुन सकेनन् । किनभने शिव निर्माल्य उल्लंघनबाट उनको अन्तर्धानादि हुन सक्ने शक्ति नष्ट भैसकेको थियो । ध्यानपूर्वक उनले कारण ज्ञात गरेपछि आफ्नो अपराध क्षमा गर्नको निमित्त गन्धर्वराजले आशुतोष भगवान् शङ्करको जुन स्तुति गरेका थिए त्यसको नाम "शिवमहिम्नः स्त्रोत्र हो । यो शङ्कर भगवानलाई तत्काल खुशी बनाई बर प्राप्त गर्ने स्तुति पनि हो ।

महिम्नः पारं ते परमविदुषो यद्यसदृशी,
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ।
अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृण–
न्ममाप्येष स्तोत्रे हर निरपवादः परिकरः ॥१॥

अतीतः पन्थानं तव च महिमा वाङ्मनसयो–
रतद्व्यावृत्या यं चकितमभिधत्ते श्रुतिरपि ।
स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः ।
पदेत्वर्वाचीने पतति न मनः कस्य न वचः ॥२॥

मधुस्फीता वाचः परमममृतं निर्मितवत–
स्तव ब्रह्मन्किं वागपि सुरगुरोर्विस्मयपदम् ।
ममत्वेतां वाणीं गुणकथनपुण्येन भवतः ॥
पुनामीत्यर्थेऽस्मिन्पुरमथन ! बुद्धिर्व्यवसिता ॥३॥

तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्
त्रयीवस्तु व्यस्तं तिसृषु गुणभिन्नासु तनुषु ।
अभव्यानामस्मिन्वरद रमणीयामरमणीं
विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ॥४॥

किमीहः किंकायः स खलु किमुपायस्त्रिभुवनं
किमाधारो धाता सृजति किमुपादान इति च ।
अतर्क्यैश्वर्ये त्वय्यनवसरदुःस्थो हतधियः
कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगतः ॥५॥

अजन्मानो लोकाः किमवयववन्तोऽपि जगता–
मधिष्ठातारं किं भवविधिरनादृत्य भवति ।
अनीशो वा कुर्याद्भुवनजनने कः परिकरो
यतो मन्दास्त्वां प्रत्यमरवर संशेरत इमे ॥६॥

त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।
रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥७॥

महोक्षः खट्वाङ्ग परशुरजिनं भस्म फणिनः
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ।
सुरास्तां तामृद्धिं दधति तु भवद्भ्रूप्रणिहितां
न हि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ॥८॥

ध्रुवं कश्चित्सर्वं सकलमपरस्त्वध्रुवमिदं
परो ध्रौव्याध्रौव्ये जगति गदति व्यस्तविषये ।
समस्तेऽप्येतस्मिन्पुरमथन तैर्विस्मित इव
स्तुवञ्जिह्रेमि त्वा न खलु ननु धृष्टा मुखरता ॥९॥

तवैश्वर्यं यत्नाद्यदुपरि विरिञ्चिर्हरिरधः
परिच्छेत्तुं यातावनलमनलस्कन्धवपुषः ।
ततो भक्तिश्रद्धाभरगुरुगृणद्भ्यां गिरिश यत्
स्वयं तस्यैताभ्यां तव किमनुवृत्तिर्न फलति ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं
दशास्यो यद्बाहुनभृत रणकण्डूपरवशान् ।
शिरःपद्मश्रेणीरचितचरणाम्भोरुहबलेः
स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम् ॥११॥

प्रमुष्य त्वत्सेवासमधिगतसारं भुजवनं
बलात्कैलासेऽपि त्वदभिवसतौ विक्रमयतः ।
अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि,
प्रतिष्ठा त्वय्यासीद्ध्रुवमुपचितो मुह्यति खलः ॥१२॥

यदृर्द्धि सुत्राम्नो वरद परमोच्चैरपि सती–
मशश्चक्रे बाणःपरिजनविधेयस्त्रिभुवनः ।
न तच्चित्रं तस्मिन्वरिवसितरि त्वच्चरणयो–
र्न कस्यै उन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ॥१३॥

अकाण्डब्रह्माण्डक्षयचकितदेवासुरकृपा–
विधेयस्यासीद्यस्त्रिनयन विषंसंहृतवतः ।
स कल्माषः कण्ठे तव न कुरुते श्रियमहो
विकारोऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिनः ॥१४॥

असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।
स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत्–
स्मरः स्मर्तव्यात्मा न हि वशिषु पथ्यः परिभवः ॥१५॥

मही पादाघाताद् व्रजति सहसा संशयपदं
पदं विष्णोर्भ्राम्यद्भुजपरिघरुग्णग्रहगणम् ।
मुहुर्द्यौर्दौस्थ्यं यात्यनिभृतजटाताडिततटा
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥१६॥

वियद्व्यापी तारागणगुणितफेनोद्गमरुचिः
प्रवाहो वारां यः पृषतलघुदृष्टः शिरसि ते ।
जगद्द्वीपाकारं जलधिवलयं तेन कृतमि–
त्यनेनेवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ॥१७॥

रथःक्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो'
रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति ।
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बरविधिः
र्विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राःप्रभुधियः ॥१८॥

हरिस्ते साहस्त्रं कमलबलिमाधाय पदयो–
र्यदेको नेतस्मिन्निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर ! जागर्ति जगताम् ॥१९॥

क्रतौ सुप्ते जाग्रत्वमसि फलयोगे क्रतुमतां
क्व कर्म प्रध्वस्तं फलति पुरुषाराधनमृते ।
अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदानप्रतिभुवं
श्रुतौ श्रद्धां बद्ध्वा दृढपरिकरः कर्मसु जनः ॥२०॥

क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृता–
मृषीणामार्त्विज्यं शरणद ! सदस्याः सुरगणाः ।
क्रतुभ्रंशस्त्वत्तः क्रतुफलविधानव्यसनिनो
ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखाः ॥२१॥

प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहिदरं
गतं रोहिद्भूतां रिरमयिषुमृष्यस्य वपुषा ।
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥२२॥

स्वलावण्याशंसा धृतधनुषमह्वाय तृणवत्–
पुरःप्लुष्टं दृष्ट्वा पुरमथन ! पुष्पायुधमपि ।
यदि स्त्रैणं देवी यमनिरतदेहार्धघटना–
दवैति वामद्धा बत वरद मुग्धा युवतयः ॥२३॥

श्मशानेष्वाक्रीडा स्मरहर ! पिशाचाः सहचरा–
श्चिताभस्मालेपः स्त्रगपि नृकरोटीपरिकरः ।
अमङ्गल्यं शीलं तव भवतु नामैवमखिलं,
तथापि स्मर्तुणांवरद परमं मङ्गलमसि ॥२४॥

मनः प्रत्यक्चित्ते सविधमवधायात्तमरुतः
प्रहृष्यद्रोमाणः प्रमदसलिलोत्सङ्गितदृशः ।
यदालोक्याह्लादं ह्रद इव निमज्यामृतमये
दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत्किल भवान् ॥२५॥

त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवह–
स्त्वमापत्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ।
परिच्छिन्नामेवं त्वयि परिणता विभ्रतु गिरं,
न विद्मस्तत्तत्वं वयमिह तु यत्तं न भवसि ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयीं तिस्त्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा–
नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत्तीर्णविकृति ।
तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः
समस्तं व्यस्तं त्वां शरणद ! गृणात्योमिति पदम् ॥२७॥

भवः सर्वो रुद्र पशुपतिरथोग्रः सहमहाँ–
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।
अमुष्मिन्प्रत्येकं प्रविचरति देव श्रुतिरपि,
प्रियायास्मै धाम्ने प्रणिहितनमस्योऽस्मि भवते ॥२८॥

नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमो,
नमःक्ष्योदष्ठाय स्मरहर महिष्ठाय च नमः ।
नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमो,
नमः सर्वस्मै ते तदिवमितिसर्वाय च नमः ॥२९॥

वहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः
प्रवलतमसे सत्संहारे हराय नमो नमः ।
जनसुखकृते सत्वोद्रिक्तौ मृडाय नमो नमः
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ॥३०॥

कृशपरिणति चेतः क्लेशवश्यं क्व चेदं
क्व च तव गुणसीमोल्लङ्घिनी शश्वदृद्धिः
इति चकितममन्दीकृत्य मां भक्तिराधा–
द्वरद चरणयोस्ते वाक्यपुष्पोपहारम् ॥३१॥

असितगिरिसमं स्यात्कज्जलं सिन्धुपात्रे
सुरतरुवरशाखा लेखनी पत्रमुर्वी ।
लिखति यदि गृहीत्वा शारदा सर्वकालं
तदपि तव गुणानामीश पारं न याति ॥३२॥

असुरसुरमुनीन्द्रैरर्चितस्येन्दुमौले–
र्ग्रथितगुणमहिम्नो निर्गुणस्येश्वरस्य ।
सकलगणवरिष्ठः पुष्पदन्ताभिधानो
रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ॥३३॥

अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेत–
त्पठति परमभक्त्या शुद्धचित्तः पुमान्यः ।
स भवति शिवलोके रुद्रतुल्यस्तथाऽत्र
प्रचुरतरधनायुः पुत्रवान्कीर्तिमांश्च ॥३४॥

दीक्षा दानं तपस्थीर्थं ज्ञानं यागादिकाः क्रियाः ।
महिम्नस्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ॥३५॥

आसमाप्तमिदं स्तोत्रं पुण्यं गन्धर्वभाषितम् ।
अनौपम्यं मनोहारि शिवमीश्वरवर्णनम् ॥३६॥
महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।
अघोरान्नापरो मन्त्रो नास्ति तत्वं गुरोः परम् ॥३७॥

कुसुमदशननामा सर्वगन्धर्वराजः
शिशुशशिधर मौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषा–
त्स्तवनमिदमकार्षीद्दिव्यदिव्यं महिम्नः ॥३८॥

सुरवरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं
पठति यदि मनुष्यः प्राञ्जलिर्नान्यचेताः ।
व्रजति शिवसमीपं किन्नरैः स्तूयमानः
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥३९॥

श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन
स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन
सुप्रीणितो भवति भूतपतिर्महेशः ॥४०॥

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ॥४१॥

मजगैया परिवारका उमेरमा सवभन्दा बृद्ध
श्री तिलकराम मजगैया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्मृति खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री केशव मजगैंया

श्री श्रीधर मजगैंया

श्री गोविन्द मजगैंया

श्री वामदेव मजगैंया

श्री अशोक मजगैंया

स्व. श्री मोहनप्रसाद मजगैंयाका साथमा आफ्नो परिवार

स्व. श्री शिवप्रसाद मजगैंया

श्री विनोद मजगैंया

श्री पुष्पा गौतम

श्री जानकी आचार्य

स्व. श्री शिवादेवी मजगैंया

श्री खगेश्वरा मजगैंया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री पुष्पा

श्री अरुणा

श्री गङ्गा

श्री शिवा

श्री पद्मा

श्री कालिका


स्व. पिता मोहन प्रसाद

श्री शीला

श्री सरोज

श्री विधान

आमा [illegible]मादेवी

स्व. आमा शिवादेवी

श्री जीवन

श्री सुबोध

श्री रविन

श्री अञ्जय


श्री भावुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुवाको संझनामा

(इतिहासमूलक कविता)

– श्रीधर मजगैंया

उनत्तरी[1] साल छ जेष्ठ तेह्रमा
लियौ शरण मातृभूको विहानमा ।
आमा खगा हुन् ती अगाध सुन्दरी
वात्सल्यको जीवन गो त्यसैगरी ॥१॥

नौ वर्षको वालक कोपिला सरी
खेलाउँदैथिन् तिमीलाई त्यैधरी
परन्तु माया नदिई त्यसै गइन्
अवोध त्यो वालकको मुमा भइन् ॥२॥

थियौगरे पच्चिस मस्तमा तिमी
भयौ विदेशी घरवारको धनी
सोची रहेथ्यौ म बढाउ इज्जत
गयौं नयाँ जोश र तिम्रा हिम्मत ॥३॥

कार्तिकको दिन मडारिदै थियो
अशुभले मार्ग खुलाउँदै थियो
ती जीवनारायणले त्यसैगरी
बनाइ हाले टुहुरो जनम्भरी ॥४॥

खगा र दुर्गा अनि गोमता तीन
आमा तिनै हुन् रसीला थिए मन
दाजू छ शोभाकर, कृष्ण भाइ हो
मिलाउने मोहन सूत्रधार हो ॥५॥

दिदी थिए रे दुई मेनु दुपर्दा
बैनी ती होता, नमकु. विशालता
काकीहरुकै संगमा रमाउँदै
गरे ती तिम्रो कति लाल पालन ॥६॥

बुवा ढले रे घरवार शून्य भो
चलाउने मेशिन आज बन्द भो
नेतृत्व त्यो अम्मर[2] दिए जब
रम्यौ रमायौ कति वर्ष सम्मन ॥७॥

परन्तु ती कष्ट सहेर धीरभै
रच्यौ नयाँ जीवनको यथार्थ नै
बनेर सामन्त यहाँ तिमी पनि
जग्गा हजारौं मनका भयौ धनी ॥८॥

समाज सेवा पनि गर्नु पर्छ रे
भन्ने थियो मन्त्र अझै छदैछ रे
थियो ठूलो इज्जत मानको कुरा
थियौ यशस्वी कति भन्न सक्छु र ॥९॥

त्यो तर्कना रे कतिथ्यो दिमागमा
सोच्थ्यौ कुरा जो सव नै अगाडिमा
सभापती पो तिमी नै बन्यौ गरे
समाज सेवा तिमीले गर्यो गरे ॥१०॥

अन्तिम अवस्था

परन्तु ऐले मुटुमा छ धुक्धुकी
चुडिन्छ आत्मा अनि लाग्छ थक्थकी
हिंजोसमन्मा कति होश खोल्दथ्यौ
मर्दैन भन्दै किन भित्र बोल्दथ्यौं ॥११॥

एकाविहानै उठी बोली "श्रीधर
मर्छु के हो वा जीउ हुन्छ लर्वर
हिजो समन्ता मुटु ढुक्क नै थियो
कुन्नि कसो भो मन बिग्रदै गयो" ॥१२॥

भन्ने उनै वाक्य कुदिन्छ छातीमा
राखु कसोरी अव वाक्य माथमा
चिरिन्छ छाती कति बल्छ दन्दन
बिर्सु कसोरी अधिका कुरा भन ? ॥१३॥

---

(१) १९६९ साल । (२) माइला बुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आषाढको[1] सात चियाउँदै थियो
त्यो मोहनी कान्ति बिलाउँदै थियो
बोलीहरु लर्बरमा बिसाउँथे
आँखा परेलीहरुमै निदाउँथे ॥१४॥
चिन्ता थियो रे अघि दिनसम्मन
यो सृष्टिको द्वार उतारने दिन
पत्नी दुईथे नजिकै गोडानमा
ती पुत्र साथैहरुथे सिरानमा ॥१५॥
छोरी दुईथे नजिकै बुवा भनी
चिनाउथे अन्तिमको घडी भनी
दिदी त्यही थिन् नजिकै अगाडिमा
लिएर भ्रातृत्व विदायी द्वारमा ॥१६॥
बाटो पहिले तिमीले लिदै थियौं
आखीरको दर्शन त्यो दिदै थियौं
पर्खिरहेथ्यौ त्यही भाइ टेकन
टुपुक्क आए तिमीलाई भेटन ॥१७॥
हेर्थे बुहारीहरुले चियाउँदै
अपूर्व त्यो दिन रहेछ आज नै
सिकाउथ्यौ रे गुरु भैं सधैंभरी
हेरीरहेछन् तिमीलाई ती पनि ॥१८॥
मैना त्यही थ्यो अनि पक्ष त्यै गरे
तिथी पनि त्यै त्यहीबार हो गरे
हेरेर आँखा इशलाई चियाउँदै
भयौं तयारी ऋण ती लगाउँदै ॥१९॥
सवै त्यहाँ थे कति इष्टमित्र रे
चियाउँथे घुर्घुर चित्त बृत्तले
आए त्यहाँ पण्डितका बगाल नै
पाएर गीतामृतको सुवर्णणै
त्यो मुक्त आत्मा कति शान्ति पाउला
चले त्यहाँ कीर्तन राम नामका ॥२०॥

थियो त्यहाँ स्तव्ध र आँशु डलबल
चिनिन्न आत्मा कहिले कतातिर
त्यो स्वर्गको द्वार सजीसजाउ छ
बुवा लिनै पुष्प विमान आउछ ॥२१॥
भनेर सोच्थ्यौं भई व्यग्र आकुल
लागेछ दावानल चित्त व्याकुल
आँशु बहन्छन् कति शुक्छ चल्छरे
कतै छ डाको कहि घुक्क हुन्छरे ॥२२॥
निशान्त त्यो शान्त हिमाल भैं थियो
जहानको अन्तिमको विदायी थ्यो
पिताजी त्यो दीर्घ अजीव निदमा
सुतिरहेका परमोक्ष यानमा ॥२३॥

तुलसीमठमा

रचेर मन्दिर रमी सबैजना
पसे थियौं यो रमणीय द्वारमा
परन्तु आजै सबका अगाडिमा
निस्यौ तिमी पिण्ड बनी पराइमा ॥२४॥
सार ती सौभाग्य संगै विदा लिदै
उड्यौ तिमी ब्रह्मसंगै चियाउँदै
लिएर आयौं तुलसी नजीकमा
सुत्यौ त्यहाँ मग्न परोक्ष यादमा ॥२५॥
पिएर गंगाजल विन्दु सिन्धुका
च्यापेर तुल्सी बहदै अनन्तका
लिएर मुख्मा सव पञ्चरत्नका
मिल्यौ तिमी आज ती पञ्च तत्वमा ॥२६॥

संवेदनशील क्षण

अहो त्यहाँ रे कति बज्रपात भो
हुँक्काहरु छुट्दन पनि तयार भो
सुन्छु म कोलाहल त्यो मझेरिमा
उहुँ उहुँको दयनीय भावमा ॥२७॥

(१) २०३७ साल आषाढ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्छो रुदैथ्यो बसी! त्याही पेटिमै
अशोक बारीतिर केशु बीचमै
रोएर डाको मुटु चर्किने गरी
रोकुन् कसोरी मन बिर्सने गरी ॥२८॥
रोएर बामु नजिकै बुवा भनीं
छोरीहरु छोडी गयौ कहाँ भनी
आमा समालीकन भित्र जानकी
पुछेर आँखा सबलाई च्याउथी ॥२९॥
गोविन्द दाजु कति शोकमा परी
रोइरहेछन् कति भार झैं गरी
हेर्छु म त्यो लम्व छ एक आकृति
बहन्छ आँशु मुटु चल्छ धक्धकी ॥३०॥
"बाँच्नु छ मैले तीन वर्ष सम्मन
छोराहरु शिक्षित हुन् त्यसै दिन"
भन्थ्यौ तिमी आज कता नि तर्खर ?
सोधुजसो लाग्छ मलाई भर्खर ॥३१॥

अन्त्य संस्कार

जेहोस् तिमी स्वर्ग सधैं बसी रहे
त्यो मोक्षमाला तिमीले जपी रहे
च्याएर बादल् नरलोक सम्मन
हेरी रहे यो घरबार आंगन ॥३२॥
जम्मा भएरे सव वन्धुवान्धव
कुटुम्व नाताहरु छन् खचाखच
दिन्छन् सबैले त्यही शोक सान्त्वना
भन्छन् सबैले अधिका सुसंझना ॥३३॥
पानी परेथ्यो अघिसम्म झर्झर
हिलो छ केही तर छैन लर्बर
बुवासंगै पानी पनि गयो गरे
अर्कै त्यहाँ मौसम नै भयो गरे ॥३४॥
बेरेर त्यो कफ्फन बाँसको सगै
ओडायी रातो गरिमा अनन्तभैं
आमाहरु आई अबीर छर्कंदै
विदा दिए जाउ प्रिये ल स्वर्गमै ॥३५॥

चुहाई आँसु सव बन्धुबान्धव
उठाउनै आँटिसक्यौ नि त्यो शव
जोडेर ती हात विदा सबै दिए
ती शोकका आँशु अलि पुछिदिए ॥३६॥
बुवा उठायौं दुःखमै छ भाइले
थियौ अघिसम्मन भो पराइ रे
बर्षाई लावाहरु पुष्प साथमा
हिंड्यौ त हामी त्यही मूल द्वारमा ॥३७॥
लागेर लस्कर सव बन्धुवान्धव
गाएर ती राम र नामका गीत
निन्याउरो मुख लगाई ती जन
सोचिरहेछन् कति भित्रका मन ॥३८॥
गणेश गंगा त्यही कुल्कुलाउथिन्
प्रवाह सानो लिई सल्वलाउथिन्
पुग्यौं सबै त्याही नजीक घाटमा
राखेर लाग्यौ सव अन्त्य कर्ममा ॥३९॥
यताउति वात सुनेर वेसरी
दौडिरहेछन् कतिता कसोगरी
जम्मा मलामी दुई सौ जति थिए
कुरा अनेकौ सव संझना थिए ॥४०॥
मुढाहरु लस्कर लाममा परी
आइरहेछन् वनवाट बेसरी
शलो बनायौं जति ठिक्क भो त्यति
धेरै रहे बाँकी पनि त्यहाँ कति ॥४१॥
घुम्यौ शलो सात गनेर फन्फन
जोडेर वद्धाञ्जलि भित्रका मन
आत्मा सबै छाडी बनी दिगम्वर
तयार जल्नै छ त्यही कलेवर ॥४२॥
बत्ती दियौं रे मुखमा सबै मिली
आँसु चुहेथे कति मर्ममा परी
परन्तु छाती नगराई चञ्चल
खप्यौ जति कष्ट सहेर निश्चल ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलेछ आगो कति जोडले त्यहाँ
खुम्चेर डल्लो सवभो अगाडिमा
कपोत आकार बनेर वीचमा
भयो त्यही भौतिक जीव भष्ममा ॥४४॥

दाह संस्कार पछि

सक्यौ सवै त्यही ती दाह पद्धति
गएछ आत्मा तर छैन छट्पटी
विशाल गंगा जलमा मिलाउन
अस्तुक पायौ घरसम्म ल्याउन ॥४५॥

लिएर आयौ त्याही एक मानव
पठाइहाल्यौं अव पारलौकिक
छोडेर आयौं सवको थियो ध्वजा
भयो सवै आज भनौ कति कथा ॥४६॥

कथा व्यथामा शुरुवात आज भो
पानाहरु आज अवश्य पल्टियो
गए पुराना सव बाल जीवन
निर्माणका भाव नयाँ ती सर्जन ॥४७॥

लाग्यौ पुरानै सरि फेरि लस्कर
घुम्दैछ सृष्टि मत सोंच्छु चक्कर
सफेद त्यो भेष र केश मुण्डन
आयौं नजिकै सुनसान आँगन ॥४८॥

घरभित्र प्रवेश

पस्यौ ल भित्रै सव भाइ साथमा
अचम्मलाग्दो विधिको विडम्वना
कराउकि भित्र बुवा भनी कन
आफैं म सोच्छु सव गैसक्यो दिन ॥४९॥

वसी मझेरी सवसंग गन्थन
विभिन्न अर्ति उपदेशका धन
परन्तु ती आज अहो कहाँ गए !
यथार्थमा ज्ञान हुने कहाँ छ हे ? ॥५०॥

चढेर घोडा सबगाउँमा पुगी
फिर्थ्यौं तिमी साँझ जसै गरेपनि
खोक्दै सधैभित्र पसिरने तिमी
म आज देख्दीन कता गयौं तिमी ॥५१॥

जसै उ घोडा खुव हिन्हिनाउथ्यो
बुवा भनेरै सब याद आउथ्यो
ती ज्ञान दीक्षा गुरुथ्यौ सधैभरिं
देख्नै म सक्तीन गयौं कसोगरी ॥५२॥

कुरा कती तर्कहरु निकाल्दै
भविष्य तोक्थ्यो सबका अगाडिमै
थियो कुलाको पीर अन्त्य सम्ममा
लड्यौ तिमी धीर बनी लडाइँमा ॥५३॥

अन्तिम उपदेश

टिक्दैछु रे आज बुढो भए पनि
लड्दैछु रोगी अहिले भए पनि
छोरा ल बढ्नु नहिची पराइमा
आखीर त्यो जीत हुनेछ न्यायमा ॥५४॥

सानातिना अल्झनमा परिकन
नफर्कि बढ्नु सबका अगाडिमै
व्यक्तित्व भासिन्छ नि व्यक्तिवादले
समाज पन्पन्छ समाजवादले ॥५५॥

नगर्नु पैले रिष द्रोह क्यै पनि
नडर्नु कैले परिआउँदा पनि
मिल्नु सधै भाइ र बन्धुवान्धव
गर्नु सवै ती कुल धर्म सम्मत ॥५६॥

०३७ साल आषाढ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो स्मृतिमा मोहनप्रसाद मजगैंया

–भोजराज शर्मा

बर्गदी दाङ

पारिवारिक जीवन

मोहनप्रसाद शर्माको जन्म विक्रम संवत् १९६९ जेष्ठ शुक्ल अष्टमी शुक्रवारका दिन संभ्रान्त मजगैया वंशको तल्लाघर परिवारमा भएको थियो। जीवनारायण तथा खगेश्वराका माहिला छोराको रुपमा परिचित उहाँका अन्य दुई आमा दुर्गा र गोमता हुनुहुन्थ्यो। उहाँलाई नौं वर्षको उमेरमा असह्य मातृवियोग पर्‍यो। माहिली आमा, कान्छी आमाहरु र दिदी द्रुपदाको स्नेह र संरक्षणमा उहाँको वाल्यकाल वितेको थियो।

पिता जीवनारायणको सामाजिक व्यक्तित्व, शिक्षाप्रेम र माइला वुवा अमरराजको धार्मिक साधना र नैतिक शिक्षा नै उहाँको भविष्य निर्माण गर्न प्रेरणाका स्रोत वने। १९९४ सालमा औपचारिक अध्ययनको क्रममा काठमाण्डौं पुग्नु भयो। चार महिना पछि १९९४ साल कार्तिकमा पिताजीको निधनले उहाँलाई स्तव्ध वनायो। वाध्यात्मक परिस्थितिले घर फर्कनु पर्‍यो। माइला बुवाको नित्य नैमित्तिक धार्मिक कृत्य व्यवस्तता, दाजु शोभाकरको गृह प्रशासन, भाइ टेकनप्रसाद र कृष्णप्रसादको विद्यार्थी जीवनले उहाँलाई तल्लाघरको वैभवको वाह्य परिचालन, व्यवस्थापन गर्न र समाजमा तल्लाघरको इज्जत प्रतिष्ठालाई जीवन्तता दिन पढ्न छोडेर व्यवहारमै संलग्न हुनुपर्‍यो। दुई पत्नीका पति भएर पनि व्यवहारमा दुई पत्नीहरुको सुमधुर सम्वन्धको उदाहरण उहाँको घरमा देखिने गर्दथ्यो।

सामाजिक तथा राजनीतिक जीवन

उहाँले परम्परागत पारिवारिक प्रतिष्ठालाई समयमै आत्मसात गर्नुभयो। नेतृत्व लिने परम्परा उहाँले विद्यार्थीकालदेखि नै प्रारम्भ गरिसक्नु भएको थियो। १९०४ सालमा पद्म शमशेरको प्रधानमन्त्रीत्वकालमा समाजसेवी तथा विर्तावारको तर्फवाट प्रतिनिधिमा छानिनु भई काठमाण्डौ पुग्नु भएको थियो। १९०६ सालमा राणा पञ्चायतमा सभापति भएर ६ वर्षसम्म सेवा गर्नुभयो। न्याय संपादन र प्रशासनिक क्षमताले गर्दा सबैका सधैका सभापति भएर रहनुभयो। राजनीति समयको माग थियो भने समाज सेवो उहाँको प्रतिवद्धिता थियो। समाज सेवामा पनि शिक्षा सेवाले नै समुन्नत समाजको सिर्जना गर्दछ भन्ने उद्देश्यले २००६ सालदेखि २०३४ सालसम्म कहिले अगुवा हुनुभयो भने कहिले सहयोगी अनि कहिले सहकर्मी र जीवनको उत्तरार्धमा सल्लाहकारको रुपमा रहनु भयो। निष्क्रिय जीवन कहिले विताउन चाहनु भएन। लामो समयसम्म महाविद्यालयको कोषाध्यक्ष र प्रस्ताविक नेपाल संस्कृत विश्वविद्यालयको सदस्य समेत बन्नु भएको थियो। दडाली विर्तावाहरुको प्रतिनिधित्व गरेर राजदरवारदेखि सिंहदरवारसम्म गएका घटनाहरु पनि छन्। २००७ सालकै जनक्रान्तिमा प्यूठान कव्जा गर्न जानु भएको थियों। विजौरी माल अड्डा कव्जा पछि पार्टीले विश्वास गरेर उहाँलाई जिम्मा दिइएको थियो। २००९ सालमा आएर (मातृका गुट) नेपाली कांग्रेसवाट राष्ट्रिय कांग्रेसमा प्रवेश गर्नुभयो। २०१७ पछि जिल्ला पञ्चायत सभासद् समेत भएर रहनु भयो।

उत्तरार्ध जीवन

जम्मा दश छोरा, पाँच छोरीका पिता भए पनि सात भाइ छोरा र तीनवटी छोरीलाई मात्र हुर्काउन पाउनु भएको थियो। उत्साह ठूलो थियो वृद्धा अवस्थामा रोगले पीडा गरे पनि भगुवार, पथखौली व्यासपुर, पकडिया, हेमन्तपुरमा घोडा चढेर आफ्नो जग्गा जमीनको उचित हेरचाह र संरक्षण गर्दै हुनुहुन्थ्यो। अन्तिमका ४, ५ वर्षतिर उहाँलाई पकडिया मौजाको "मणि कुलो" को मुद्दाले भावनात्मक चोट परे पनि कहिले कही पनि झुक्नु भएन। अन्तिमसम्म लामो लडाइँ लड्नुभयो। कान्छीपट्टिका छोराहरु साना भएकोले उनीहरुको शिक्षादीक्षामा पूर्णता ल्याउन जीवनको अन्तिम उत्तरार्धसंग दमको रोगी भए पनि गोरखपुरको प्राकृतिक चिकित्सावाट उपचार गरी थप उर्जा प्राप्त गर्नु भएको थियो।

अन्तमा वोल्दावोल्दै आफू जन्मेको महिना, पक्ष, तिथि, बार अर्थात् २०३७ साल जेष्ठ शुक्ल अष्टमी शुक्रबारका दिन ३.१५ बजे इहलौकिक विश्रान्ति लिदै पारलौकिक परमानन्दमा लीन हुनु भयो। अस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहनप्रसाद मजगैंया

एक उदार र शरीफ व्यक्तित्व

–टेकनाथ गौतम, हापुर दाङ

संसारमा अनेक थरी व्यक्तिहरु हुन्छन् । कुनै काम पनि गर्ने आफ्नो प्रचार, प्रतिष्ठा पनि चाहने, कुनै आफूले नगर्ने र अर्काले गरेको कामको श्रेय लिन खोज्ने र कुनै काम गर्ने र त्यसको श्रेय प्रसिद्धिको वास्ता नगर्ने । मोहनप्रसादजी तेस्रो थरीका व्यक्तित्त्व मध्येका हुनुहुन्थ्यो । उहाँमा सरलता, उदारता, गाम्भीर्य र दूरदर्शिता आदि कुरा खाँदीखाँदी भरिएका थिए ।

मजगैंयाहरु मेरा पिताजीका मावली हुंदा सबै मजगैंयाहरुले हाम्रो परिवारलाई मायाँ गर्नुहुन्थ्यो । पिताजीहरुबाट "दाङका सबै बाहुन आदिका विर्ता थमाई दिने र विर्ता विषयमा जे जस्ता मुद्दा परे पनि राय सल्लाह मद्दत मजगैंयाहरुले नै दिन्छन् भन्ने कुरा सानैदेखि सुन्दै आएकोले मजगैंयाहरुप्रति मेरो श्रद्धा र आदरको संस्कारै जस्तो बसेको थियो । म बराबर मजगैंयाहरुका घरमा जाने गरेको थिएं । तर मोहनप्रसादजीसंग मेरो राम्रो संपर्क १९९५।९६ साल तिरबाट भएको हो ।

साल ठीक याद रहेन ९५ साल भदौतिर तल्लाकोटमा कोट लाग्ने गरेको दाङ मालअड्डाबाट "देउखुरी छाप र पछिल्लाका पटवारी कुलबहादुरलाई खारेज गरी उनका ठाउँमा दुई पटवारी राखिने भएका छन् । हुन चाहनेले दरखास्त दिनु" भन्ने सूचना निस्केको थाहा पाई आफूलाई चार पास गरेको सबैभन्दा योग्य उम्मेद्वार ठहचाई पटवारी जागीर जहाँ बसेर पनि खान पाइनेहुंदा पढ्ने खर्च जुटाउने उद्देश्यले दरखास्त दिने निश्चय गरी मोहनप्रसादजीको कोटको घरमा राती बस्न गएं । उहाँसंग यो सूचनाबारे सोध्दा उहाँले उम्मेद्वार त धेरै छन्, एक म पनि हुं । तर मालका हाकिमले जमिन्दारको मंजुरी जसले ल्याउँछ उसैको मात्र दरखास्त लिन्छु भनी कसैको दरखास्त लिएका छैनन् भन्नु भयो । अनि मैले पनि दरखास्त दिन आएको हुं के गर्ने होला अदव साथ भनें । उहाँले प्रसन्न मुद्रामा दिनुस् किन नदिने, तर तपाईले दिने हो भने म दिन्न, तपाईलाई सहयोग गर्छु भन्नु भयो । म केही लज्जित जस्तो भएर भने, यहाँले किन छाड्ने पैल्हा त दुई पद छन्, दोस्रो यहाँले छोड्दैमा मैले पाउने के निधो भयो र भनेपछि उहाँले पटवारी जागीर खाने उद्देश्यले मैले दरखास्त गर्न खोजेको होइन । देउखुरी पछिल्ला प्रगन्नासित मिलेका हाम्रा धेरै विर्ता मौजा छन् । खराव पटवारी आएर हामीलाई दुःख नदेओस् भनी म हुन खोजेको हुँ । तपाई पटवारी भएमा त त्यो डर हामीलाई भएन त्यस कारण छाडी दिन्छु भन्नु भयो । अनि अर्कादिन उहाँ र म माल अड्डातिर गयौं दरखास्त लिएपछि जमिन्दारको मंजुरी ल्याउँछु भनी मैले दरखास्त दिएं । अनि अरु धेरैले दरखास्त दिए । त्यसपछि जमिन्दारको मंजुरी गराउने काममा उहाँ, पुरुषोत्तम, राधाकृष्ण मजगैंयाहरुले मलाई ठूलो मद्दत गर्नु भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००२ सालमा पद्म शमशेर श्री ३ महाराज भएपछि भद्र भलाद्मीका साथमा मोहनप्रसादजी र म पनि दाङ मालवाट काठमाण्डौ पठाईयौं । १८ जनाको जमात हाम्रो थियो । मैतीदेवीमा भरखर बनेको पूरा घर भाडामा लिएर बस्यौं । नोकर भान्से समेत २८ जना थियौं । सुत्ने कोठा अलग अलग भए पनि भान्सा एउटै थियो । खान पानमा जसले जे भन्थ्यो त्यहीं अनेक थरी चिज बन्दथें । कसैले मासु खान्थे भने कसैले खीर । कहिंलेकाहीं तपाईले धेरै मिठो खानु हुन्छ भनी प्रणय कलह पनि हुन्थ्यो । तर कहिल्यै कुनै कुराको गुनासो नगर्ने, जति रुपिया दिनु पऱ्यो भन्यो त्यति चुपचाप दिने व्यक्ति कोही थियो भने मोहनप्रसादजी हुनुहुन्थ्यो ।

दिन दिनै कुनै नकुनै कमाण्डिङ जनरल र कहिलेकाहीं पद्म शमशेर आफैका अध्यक्षतामा सभा हुन्थ्यो । बोल्ने इच्छा भएको मानिस उँभिएपछि बोल्ने पालो आउथ्यो । सभाको कारवाही पूरा शालीनता साथ चल्दथ्यो । त्यहाँ दामोदर, वासुदेव, खुशलरामजीहरुले दाङका सबै अड्डा घोराहीमा रहनु पर्छ भन्ने विवादास्पद कुरा ल्याउनु भयो । विजौरीमै रहनु पर्छ भनी भीमबहादुर शाह, गणेश कुमार र मैले प्रतिवाद गऱ्यौं । त्यो दिन बहादुर शमशेरको अध्यक्षता थियो बहस लामो चल्यो कुरो टुंगिएन । अर्कोदिन मोहन शमशेरको अध्यक्षतामा बैठक बस्यो । मोहन शमशेरले अघिल्ला दिनका बहसका वूंदा पढिसकेपछि अव यस सम्वन्धमा बोल्न चाहने को छौ भनी सोधे । हामीले प्रेरित गरेकाले मोहन प्रसादजीले वडो संयमका साथ यस सम्वन्धमा एक वाजी विजौरीमा राख्ने भन्ने निर्णय भएर त्यहाँ सरकारको त्यति खर्च भैसकेको छ । वार वार एउटै कुरालाई बदल्न राम्रो होला र ! भनेपछि मोहन शमशेर प्रभावित भएर वहस बन्द गरिदिए । दाङका त्यो बेलाका माल अदालतको राय लिई निर्णय गर्ने भनी टुङ्गो लगाए । अड्डाको रिपोर्ट के गयो थाहा भएन । पछि मोहन शमशेर प्राइमिनिष्टर भएपछि विजौरीमा नै अड्डा राख्नु भनी निर्णय गरी पठाएका थिए । सो मिसिल ०७ सालमा जलाइयो ।

२००६ सालको पालिमा मोहन शमशेरले प्रति विगाहा १० आना पोत वापत ट्याक्स लगाए । सो वेला १० आना हामीलाई असह्य लाग्यो । अनि तिर्न सक्दैनौ भनी निवेदन गर्न रोहवर सिंह थापा, खुशलराम, वासुदेव, मोहनप्रसादजी र म नेपालगंज वडा हाकिम छेउं गयौ । वडा हाकिम मोहनप्रसादजीका वावु जीवनारायणजीसंग अघि राम्रोसंग प्रभावित भएका रहेछन् । त्यहाँ पनि मोहनप्रसादजीका कारणवाट हाम्रो काम चाँडै भयो । सो १० आना उठाउन स्थगित भयो र अर्को वर्ष देखि बुझाउन परेन ।

०७ सालको क्रान्तिमा विजौरीको माल अड्डा कब्जा गर्दा मोहनप्रसादजी पनि सहयोगी हुनुहुन्थ्यो । पछि यहाँकै अध्यक्षताको कमिटीलाई त्यहाँको शान्ति र सुरक्षाको जिम्मा दिइयो । वहाँले सो काम योग्यता र निष्ठाका साथ पूरा गर्नु भयो ।

०८ साल बैशाख २६ गते जनता विद्यालय खोल्दा अरुले घरवाट चन्दा दिने, मजगैंया सबैले देउखुरीको सबै आयस्ता दिने निधो भयो । त्यसमा सबैभन्दा ठूलो रकम मोहनप्रसादजीको परिवारबाट जान्थ्यो । उहाँले त्यसलाई सहर्ष स्वीकार गर्नुभयो कुनै अनुबन्ध गर्नु भएन ।

०९ सालमा मजगैंयाहरुको देउखुरीको सबै बिर्ता संस्कृतको उत्थान समेतलाई दृष्टिगत गरी जग्गा दान प्रस्ताव शुरु भयो । मोहन प्रसादजीले नाई भन्नु भएन । हाम्रो घरवाट मात्र २०० विगाहा जति जमीन जान्छ ठूलो कुरा पऱ्यो मैले एक्लैले हुन्छ भन्न सक्दैन आमा दाजु भाइसंग सल्लाह गर्नु पऱ्यो । उनीहरु मंजूर भए म तयार छु भन्नु भयो । उहाँका दाजु भाइ सहमत भएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०० विगाहा जति जमीन खुशी साथ प्रदान गर्नु भयो र अरुबाट पनि लिन सहयोग गर्नु भयो। देउखुरी बिर्ताको साँध किल्ला छुट्टयाउन, त्यसमा बखत बखतमा पर्न आएका कचिंगल समाधान गराउन, जमीनको आयस्ता बढाईदिन निरन्तर कोशिस गर्नु भयो।

जनता विद्यालय, महाविद्यालय संचालन गर्दा संचालक सदस्य एवं दाताको हैसियतले उहाँले आफ्नो कर्तव्य जुन लगनकासाथ पालन गर्नु भयो हामी त्यो बेलाका कार्यकर्ताहरुमा अविस्मरणीय रहेको छ।

०१३ सालमा श्री ५ महेन्द्रको राज्याभिषेकमा फेरि वहाँ र पं. खुशलरामजी सित काठमाण्डौं पठाइयौं। साथमा अरु दंगाली पनि थिए। तर मोहनप्रसादजी, खुशलरामजी, रामकुमार शान्तराज साथमा थियौं। राज्याभिषेक पछि श्री ५ बाट जिल्लाका प्रतिनिधिहरुलाई विदाई दर्शन भेट बक्सिने भएको थियो। जिल्लाका कुन कुन समस्याहरुबारे बिन्ती चढाउने भनी पं. खुशलरामजीसंग सोध्दै मोहनप्रसादजी र मैले बिन्तीपत्र तयार पार्‍यौं। हाम्रो दर्शनको पालोको समयमा विन्तीपत्र र रिपोर्ट मैले लिएँ। राजदरबारको ढोकाभित्र खुशलरामजी वृद्ध र गोडा कमजोर हुँदा मेरो कांधको भर गरी हिंडिरहनु भएको थियो। यद्यपि अघिदेखि राजासित विन्ती मैले चढाउने भन्ने निश्चित जस्तै थियो। तै पनि मैले खुशलरामजी सित "ए हजूर विन्ती मैले त चढाउने होला क्यार !" भनी सोधें। उहाँले अँ तिमीले चढाउला मैले चढाओइन भने पछि मैले मोहन प्रसादजीका मुखतर्फ हेरें। वहाँले मलाई चूप लाग्ने इशारा गर्नु भयो। पं. खुशलरामजीलाई अगाडि लगाएर सबै जना सरकारसमक्ष उपस्थित भयौं। त्यो बेलाका ईश्वरावतार राजाको पहिलो बाजी दर्शन पाएपछि खुशलरामजी भाव विभोर भएर हर्षाश्रु बर्साउन थाल्नु भयो। उहाँका मुखबाट एक शब्द निस्केन। समय सकिन लाग्यो। अनि मोहनप्रसादजीले मेरा पछाडिबाट हातले घच्घच्याएर मलाई बोल्न प्रेरित गर्नुभयो। मैले पनि पहिलो बाजीको दर्शनमा यथाकथञ्चित भन्नुपर्ने सबै कुरा बिन्ती चढाएं। दरबारबाट बाहिर आएपछि सबै जनाले हाँस्दै खुशलरामजीलाई के गरेको भन्यौं। उहाँले राजाको दर्शन पाएपछि त साक्षात् ईश्वरको दर्शन पाए जस्तो भयो। राजाको मुखमा हेरी रहनु बाहेक अरु मलाई केही होश आएन भन्नुभयो। अनि मैले मोहनप्रसादजीलाई तपाई किन न बोल्नु भएको भन्दा पहिले देखि नै बोल्न तपाई उत्सुक हुनुहुथ्यो तपाईको इच्छा पूरा होस् भनी मैले तपाईलाई बोल्न प्रेरणा दिएको हुं भन्नुभयो। पंचायत व्यवस्था शुरु भएपछि त उहाँ विजौरी पंचायतको निर्विरोध सभापति पनि रहनु भएकोले उहाँको नाम नै सभापति रहे जस्तो थियो।

०२४ सालमा दाङमा भएको विद्वत् सम्मेलनमा पनि वहाँले उल्लेखनीय सहयोग गर्नु भएको हो सं.वि.वि.को स्थापनाको लागि पनि वहाँबाट कम परिश्रम भएको होइन। उहाँ २०२६ सालमा श्री ५ को सरकारबाट गठित सं.वि.वि.तयारी समितिको सदस्य समेत हुनुहुथ्यो। उहाँमा न्याय इन्साफ, समाज सेवा, शिक्षा प्रेम आदि गुण भए पनि उदारता आदि गुणका साथै उहाँ अजात शत्रु पनि हुनुहुन्थ्यो भन्दा मात्र उहाँको सही संस्मरण गरे जस्तो मलाई लाग्छ। उहाँ चारित्रिक दृष्टिले त्यो बेलाका एक आदर्श व्यक्ति हुनुहुन्थ्यो। उहाँका छोराहरुबाट पनि हामी त्यस्तै आशा गर्दछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यत्तित्वका धनी मोहनप्रसाद

–जागेश्वर ब्राह्मण
हाल– सन्यस्थ योगेश्वरानन्द गिरी
स्वर्गद्वारी आश्रम, प्यूठान

कुनै पनि धर्म या दर्शनप्रति आस्थावान् व्यक्तिमा मृत्यू के हो ? के मृत्यु नै सर्वेसर्वा हो ? के संसारमा कुनै तत्व छ जसले मृत्युलाई पनि जित्न सक्तछ ? आदि कुराहरुको जिज्ञासा हुनु सामान्य कुरा हो। यस संवन्धमा उपनिषद् एक ऋषि भन्दछन्– "मलाई असत्‌बाट सत्‌तर्फ, मृत्युबाट अमृततर्फ एवं अन्धकारबाट उज्यालोतर्फ लैजाऊ।" अर्थात् संसार अन्धकारपूर्ण, अनित्य क्षणभंगुर छ। अत: यस अन्धकारपूर्ण, अनित्य एवं क्षणभंगुर संसार, देश, समाजलाई विभिन्न व्यक्तिहरुले विभिन्न समयमा आफ्नो व्यक्तित्वका बलले बाटो देखाउने काम गरेको पाइन्छ।

यसै सन्दर्भमा दाङ जिल्लामा सूदयरामेश्वर मजगैंया परिवारमा जीवनारायणका छोराका रुपमा मोहनप्रसादको जन्म हुन्छ। ऐयासि, महासामन्ति परिवारमा जन्मेर पनि भोग विलासतर्फ मात्र नलागी आफ्नो समाजलाई अन्धकारबाट उज्यालोतर्फ लैजाने एवं मृत्युलाई जित्ने आदि कार्य गर्ने जमर्को गरेको पाइन्छ। फलस्वरुप देशको शैक्षिक अवस्थालाई सुधार्न "आत्मा सत्य जगत् मिथ्या" जस्तो दार्शनिकता एवं "बसुधैव कुटुम्बकम्" जस्ता आदर्श बोकेको एवं सवै धर्महरुको पोषक संस्कृत शिक्षा नै हो भन्ने कुरा बोध गरी गराई एउटा संस्कृत पाठशालाको स्थापना भयो। त्यस संस्कृत पाठशालालाई मल जल दिँदैजाँदा विश्वविद्यालयसम्म बनाउने कार्यमा प्रयत्नरत रहनुभयो।

राजनैतिक सम्वन्धमा धैरै शताब्दि अगाडि प्लेटोले शासन तन्त्रमा नजाने विशिष्ट व्यक्ति खराव व्यक्तिका शासनतन्त्रको अधिन हुनु पर्दछ भनेका थिए। त्यसैले र देशको राजनीतिक दशा सुधार्न पनि राजनीतिमा जुटेको देखिन्छ। जसले गर्दा वहाँको नाम मोहनप्रसादको पर्याय सभापति बाजे भएको थियो।

अब आउने पींढिले यस्ता इतिहास निर्माण गर्न सक्ने व्यक्तिले दिएका योगदानलाई मनन गरी मार्ग निर्देशकका रुपमा अङ्गिकार गरी कार्य गरेमा समाज हरेक क्षेत्रमा सफल हुनेछ भन्ने सोंचेको छु।

अन्तमा मोहनप्रसादका सुयोग्य सुपुत्र श्रीधर मजगैंयाबाट मजगैंया परिवरको इतिहास, बंशावली एवं आफ्ना वुवाज्यूको संभनास्वरुप स्मृति समेत समावेश गरी निकाल्न लागेको यो ऐतिहासिक बंशावलीले देश एवं समाजको मार्ग निर्देशकको काम गरोस् भन्ने कामना एवं स्वर्गद्वारी आश्रमका प्रभु महाराजका तर्फबाट आशीर्वाद दिन चाहन्छु। अस्तु।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभापति बाजे स्वर्गीय मोहनप्रसाद शर्माका स्मृतिमा

—अमरराज शर्मा
मानपुर दाङ

मोहनप्रसाद शर्मालाई यस क्षेत्रका अधिकांश मानिसले सभापति भन्दा मैले पनि वहाँलाई सभापति बाजे भन्दथें। नेपालमा मान्यजन कचहरी पछाडिको दोश्रो जनसंस्थाको रुपमा जहानियाँ शासनकालमा खडा भएको पञ्चायतमा सभापतिका पदमा रही काम (सेवा) गर्नु भएकोले नै वहाँ सबैको सभापति कहलिनु भएको रहेछ। वहाँ सभापति पदमा रहँदा म बनारसमा पढ्दथें। अधुरो पढाइ छाडि २००७ सालको शसस्त्र क्रान्तिमा भाग लिइ स्व सो नव प्राप्त प्रजातन्त्रको पहरेदार बन्न गृह क्षेत्र दाङमै बस्ने भएँ दाङको तर्फबाट थालिएको रक्तपातहीन सफल क्रान्तिमा। साथीहरुबाट मलाई खासगरी शिक्षातर्फ हेर्ने जिम्मा मिलेको थियो। केन्द्रमा प्रजातान्त्रिक सरकार वनिसकेको र दाङ, सल्यान, प्यूठान, नेपालगञ्जमा वडाहाकिमहरुले शासनभार जिम्मा लिइसकेपछि प्रशासनतिरको भार कम भएकाले पार्टी घर व्यवहारका अतिरिक्त, सामाजिक कार्य अन्तर्गत शिक्षातर्फ नै मेरो बढी लगावका कारण हाम्रा पूर्खाहरुले स्थापना गरी पछाडि सरकारी हुन पुगेको दाङ विजौरी पाठशाला प्रारम्भिक तहसम्मको मात्र भएकोले यहाँ उच्च शिक्षालय बनाउने उद्देश्य राखी मेरो विशेष अनुरोधमा मेरा पिता तुलसीराम उपाध्यायले र विचारी डिल्लीराज गौतम, सभापति मोहनप्रसाद शर्मा, जागेश्वर ब्राह्मण, पं. रामप्रसाद उपाध्याय समेत सवै महानुभावका सहमति तथा सहयोगबाट २००८ साल बैशाख २६ गते अक्षय तृतीयाका दिन श्री टेकनाथ गौतमबाट जनता विद्यालयको उद्घाटन भयो। त्यसबखत विजौरी पाठशालामा पं. नन्दप्रसाद शर्मा र पं. रामेश्वर शर्मा अध्यापक हुनुहुन्थ्यो। पं. रामेश्वर शर्माले संस्थालाई महेन्द्र संस्कृत विश्वविद्यालय बनाई सकेपछि पनि आजसम्म कुनै न कुनै रुपमा सेवा गरिराख्नु भएको छ। वहाँले साहित्य न्याय आदि विषयमा विशिष्ट विद्वानको प्रसिद्धि प्राप्त गरी सक्नु भएको छ।

स्व. मोहनप्रसाद उमेरमा मेरो पिताको समकक्ष र पारिवारिक नातामा बाजे पर्नुहुन्थ्यो तथापि जनता विद्यालय संचालक समितिमा म सेक्रेटरी (सचिव) र वहाँ कोषाध्यक्ष पदमा रहेर काम गर्नु वहाँको मिलनसारिता र गुणग्राहिताको परिचायक पनि हो।

म नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता थिए र अद्यावधि छँदैछु। तर मोहनप्रसादज्यू, सम विचारको नभए पनि गाउँघर व्यवहार र सामाजिक क्षेत्रमा हामी दुवै कहिल्यै पनि टकराएनौं। यही मिलीजुली काम गर्ने भएबाटै आज मं.सं.वि.वि.को रुपमा पुग्न सकेको शैक्षिक संस्था, जनता विद्यालयको शैक्षिक भौतिक उन्नतिमा अवरोध आउन पाएको थिएन।

हाम्रो वरिपरिको समाज खासगरी केही मजगैंया परिवारका सदस्यहरुको सदैव प्रयत्न रहन्थ्यो कि विभाजन ल्याएर मतलव साँध्ने तर व्यवहारमा चतुर स्व. मोहनप्रसादज्यू परिवार र समाजमा सामन्जस्यता विग्रन दिनुहुँदै थियो। वहाँका दूरदर्शिता र व्यवहार चतुरताका धेरै उदाहरण पाइन्छन्।

यी सवै भन्दा ठूला उपलव्धि वहाँले छोराहरुलाई सुयोग्य र शिक्षित हुन सक्ने वातावरण बनाइदिनु भएबाट समेत वहाँ हामी सवैका स्मरणीय रहिरहनु भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूज्य ठूला बुवा मोहन प्रसाद मजगैंयाप्रति हार्दिक श्रद्धाञ्जली

श्रीमणि 'कमल' पोखेल
अमर भवन विजौरी, तल्लाघरे, दाङ

दाङ जिल्लाको छिल्ली विजौरी गाउँ धेरै कुराहरुबाट चर्चित र परिचित छ । भौगोलिक सौंन्दर्य र ऐतिहासिक परिवेशद्वारा चिन्हित यस ठाउँमा धेरै अगाडि देखि नै अड्डा खाना, पाठशाला, देवालय र समीपमा मानपुर, पर्सेनी जस्ता पुराना प्रसिद्ध बजार भएबाट पनि दाङ जिल्लाकै केन्द्र भूमिका रुपमा रहदै आएको कुरा प्रष्ट देखिन्छ ।

यस गाउँका वरिपरिका गाउँमा बसोबास गर्दै आएका अन्य बिर्तावार अचार्ज, गोतामे, डोटेल(रेग्मी) झैं मजगैंयाहरुले पनि परापूर्व कालदेखि राज्याश्रय पाई आफ्नो गौरवमय प्राचीन परंपरालाई निर्वाह गर्दै आइरहेको यथार्थमा सर्वविदित नै छ। यसै परिवेशमा मजगैयांहरुले तत्कालीन छिल्लीकोटे राजाहरुप्रति निकट सहयोगी र अत्यन्त विश्वासपात्र राजभक्तका रुपमा आफ्नो पूर्ण कर्तब्य निभाउदै आएका थिए । पूर्वजहरुको कर्तब्यपरायणशीलताबाट ज्यादै प्रभावित छिल्लीकोटे राजाहरुबाटै दाङ र देउखुरीको अत्यन्त उर्वर भूमिलाई बिर्ताका रुपमा र "मजगैयां" उपाधि पदवीका रुपमा प्राप्त भएको कुरा प्रमाणित नै छ ।

यसै वंश परम्परामा पिता जीवनारायण मजगैया, माता खगेश्वरा देवीबाट हाम्रा माहिला बुवा स्व. मोहनप्रसादज्यूको जन्म वि.सं १९६९ मा बिजौरी तल्लाघरमा भएको थियो । सभ्य एवं सम्पन्न पारिवारिक परिवेशमा हुर्कनु भएका उहाँमा सामाजिक सेवा भाव कूटनीतिक चातुर्य भरपूर मात्रामा अवस्थित थियो । यस क्षेत्रमा संस्कृत शिक्षाको उन्नयनमा उहाँको नाम पनि उल्लेख्य नै छ । त्यस्तै सामाजिक सेवाको सिलसिलामा "राणकालीन पञ्चायत" को समयमा वहाँ नै विजौरी क्षेत्रका "सभापति" पदमा आसीन हुनुभई कुशलतापूर्वक समाज सेवाको गहन जिम्मेवारीलाई निर्वाह गर्नु भएको कुरा चिरपरिचित वुद्धिजीवी र साधारण मानिसहरुलाई पनि थाहा नै छ ।

वुद्धिजीवीका हैसिंयतले उहाँले तत्कालीन श्री ३ पद्मसमशेरको भारदारी सभामा दाङ वासी विर्तावारहरुको प्रतिनिधि मण्डलमा पनि प्रतिनिधित्व गर्नु भएको थियो । विशेष गरी मजगैयां मात्रको नभई समस्त विर्ताहरुकै आदेश, सनद, लालमोहर आदिको संरक्षण र परिपालना गराउन उहाँ नै अग्रसर हुनुले पनि वहाँको बुज्रुकताको परिचय दिन्छ ।

जनता विद्यालय हाल (जनता क्याम्पस) को स्थापना गर्नमा तल्लाघर परिवारको अथक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका छ। २००८ सालदेखि विश्वविद्यालय निर्माण समितिको साथै २०२८ सालसम्म उहाँ निरन्तर सञ्चालक समितिमा हुनुहुन्थ्यो। त्यति लामो अखण्डित संस्कृत सेवा कसैले गरेको देखिदैन। उहाँलाई "सभापति बाजे" भनी सर्वसाधारणहरुले प्रिय मानी भन्दथे। न्याय निसाफमा पनि दूध पानी छुट्टाएसरी नै प्रष्ट छुट्याउने हुँदा उहाँमा न्याय सम्पादनको क्षमता प्रचुरमात्रामा भएको कुरा प्रमाणित हुन्छ।

हामी बालकै हुँदा ठूला बुवाज्यूवाट पारिवारिक र मुलुकको तथ्यपरक घटनावलीलाई चश्मोदीत रुपवाट सुनाएको कुरा आजसम्म पनि हाम्रा मनमस्तिष्कमा ताजा छदैं छ। सदैव चनाखो रहनु पर्ने सत्प्रेरणा वहाँले हामीहरुलाई वारम्वार दिने गर्नुहुन्थ्यो।

आफूले पुरानो जमानामा घरायसी एवं अन्य व्यवधानहरुले गर्दा उच्च शिक्षा हासिल गर्न नसके पनि आफ्ना वंशजहरु शिक्षित र बहुश्रुत होउन् भन्ने भावना प्रवल रुपमा विद्यमान थियो। संस्कृत शिक्षालाई उजागर गर्न उदाहरण बन्नु पर्छ भन्ने प्रेरणा दिनुभएबाट नै मजगैयांहरुमा तल्लाघरे हामी धेरै भाइहरुले संस्कृतको अध्ययन गर्ने सुअवसर प्राप्त गरी आज हाम्रो पट्टि मध्येकै सदस्यहरु संस्कृत विद्यालय र कार्यालयहरुमा धेरै संख्याना कार्यरत छन्।

व्यवहारिक र कानूनी परामर्श माग्न आउने सबैलाई यथोचित सल्लाह र सुझाव प्रदान गर्नु वहाँको अर्को उल्लेखनीय पक्ष थियो।

वहाँ हाम्रा प्रेरणामा स्रोतका रुपमा हुनुहुन्थ्यो। दिवङ्गत आत्माको सायुज्य मुक्तिको कामना गर्दै मेरा स्मृति पटलका यिनै श्रद्धाकुसुमहरुको अञ्जली पाउमा समर्पण गर्दै विश्रान्ति लिन्छु।

मेरा प्रेरणाका स्रोत मोहनप्रसाद मजगैंया

– माधव रेग्मी
दे. सुनडबरी

सामाजिक व्यक्तित्वका धनी, शिक्षाप्रेमी तथा मेरो प्रेरणाका स्रोत मोहनप्रसादज्यू एउटा आदर्श व्यक्ति हुनुहुन्थ्यो। उहाँले जुन क्षेत्रको सेवा गरे पनि निष्ठाका साथ गर्नुहुन्थ्यो। स्वार्थ र कपटपूर्ण व्यवहार उहाँमा कहिल्यै देखिएन। सबैलाई समान व्यवहार, कूटनीतिक चातुर्य र समाज सेवा उहाँका गहना थिए। उहाँका सन्तानहरुबाट पनि म यही अपेक्षा राख्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहन दाजु मेरो स्मृति–पटलमा

देवीप्रसाद मजगैंया, डाडागाउँ
हाल त्रि.न.न.पा. वार्ड नं. ११

हामी दुई बाजेका नाती–दुइ भाई। तर कुल धर्मले मात्रै हामी बाँधिएका थिएनौं–अपितु दीर्घ साहचर्य र तीता–मीठा अनुभूतिले पनि हाम्रो संवन्धमा प्रगाढता ल्याएको थियो। देउखुरी विर्ताको व्यवस्थाको लागि होस् वा भारतका केही ठाउँ र पाटन वजारको यात्रा होस्–धेरै पल्ट हामी सहयात्रीको रुपमा रहेका थियौं। हाम्रो बास, ठेगान र भात–भान्छा एउटै हुन्थ्यो। मोहन दाजुको मिलनसारिता र निश्छलरुपमा मसंग व्यक्त गरिएका आफ्ना पारिवारिक सुख दुःख र घर–व्यवहारका कुराले पनि हामीलाई धेरै नजीक ल्याएको थियो। सहोदर दाजु–भाइको प्रति जस्तै भावपूर्ण व्यवहारले गर्दा हाम्रा कतिपय कष्टप्रद यात्राहरु सुगम र सरस भएको मीठो संझना मलाई आज पनि छ।

मोहन दाजुलाई संझिदा म वहाँमा रहेको सशक्त सामाजिक र राजनीतिक चेतनालाई पनि नसंझी रहन सक्तिन। वहाँ दाङमा शिक्षाको प्रसार गर्न र भएको हेर्न चाहनु हुन्थ्यो। यस्तै धेरै सामूहिक विचार, चेतना र प्रयासबाट नै संस्कृत विद्यालयदेखि सं.वि.वि.सम्मको स्थापना संभव भएको थियो। हामी दुवैले यौटै संचालक समितिमा रहेर पनि विद्यालयको उत्थानको लागि सामूहिक प्रयास गरेका थियौं। मोहन दाजु सरल हुनुहुन्थ्यो। वहाँ नीतिगत कुरामा सजग एवं निष्ठावान हुनुहुन्थ्यो। विशेष गरेर प्रजातन्त्र र समाजवादप्रति वहाँमा अनन्य आकर्षण थियो। न्यायपालिका स्वतन्त्र र सक्षम हुनुपर्छ भन्ने कुरामा दृढता व्यक्त गर्दै तात्कालीन समयमा केही न्यायकर्ताहरुबाट भएका त्रुटिहरुको दृष्टान्त दिएर मसंग बेलाबेलामा असन्तोष जाहेर गर्नुहुन्थ्यो। म कांग्रेसको सक्रिय कार्यकर्ता थिएं र प्रजातन्त्र र समाजवाद मेरो साध्य रहेकोले म वहाँका अभिब्यक्तिहरुबाट निकै संवेदनशील हुने गर्थें। म वहाँका संझनामा यही हार्दिक सुमन अर्पित गर्न चाहन्छु।

अस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहनप्रसाद मेरो संस्मरणमा

प्रा. दत्तात्रेय शर्मा दाहाल
(कुलसचिव)
महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ

दाङ जिल्ला अधिराज्य नेपालको सबैभन्दा ठूलो भित्री मधेश हो । चूरे र महाभारत बीचको मैदानी भाग हुनाले धान, तोरी, गहुंको लागि प्रसिद्ध छ । त्यसैले परापूर्वकालदेखि जमिन्दारी प्रथा चलिआएको थियो । यहाँका पुराना बासिन्दाहरु थारु जाति जमीनका मालिक भए पनि ठूला ठूला जमिन्दार ब्राह्मण, ठकुरी, क्षेत्री हुन गए । ब्राह्मण परिवारले राजा रजौटाबाट विर्ता पाउनु, ठकुरी क्षेत्रीले आफ्नो बाहुबल र बुद्धिवाट जमीन आर्जन गर्नु इत्यादि कारणहरु थिए । दाङका धेरै ब्राह्मण कुलहरुमा मजगैयां परिवार प्रतिष्ठित ब्राह्मण कुल हो । त्यसबेला जमिन्दारी प्रथा हुंदा जमिन्दार बन्न पुग्यो । यसै मजगैंया परिवारमा मोहनप्रसाद शर्मा मजगैंयाको नाम अग्र पंतिमा आउँछ । उसो त मजगैंया परिवारमा अरु पनि धनी मानी थिए, छन् तर मोहनप्रसाद शर्माको विशेषता फरक थियो । हाल वहाँ स्वर्गवासी भइसक्नु भएको छ । तापनि उहाँको नाम मजगैंया परिवारले मात्र हैन दाङका हर व्यक्तिले जान्दछ । उहाँ परम्परागत आफ्ना पुर्खाले गरिआएको गृहस्थ धर्मको आचरण अनुसार सत्कर्मनिष्ठ हुनुको साथै सामाजिक कार्य र शैक्षिक कार्यमा उत्तिकै संलग्न हुनुहुन्थ्यो । उहाँलाई निर्भिक, स्पष्टवक्ता, न्यायकर्ताका रुपमा सबैले मान्दथे । जमिन्दार परिवारको हुनाले वहाँमा स्वाभिमान र हैकमवादी प्रकृति हुनु अस्वाभाविक मान्न सकिदैन । तर सामाजिकता, दया, इन्साफ उहाँका विशेष गुण थिए । घोडा पाल्ने, घोडा चढ्ने, खेतीपाती हेर्ने, गाई भैसीं पाल्ने, नोकर चाकरहरुलाई यथोचित सत्कार गर्ने कुरामा विशेष अभिरुचि राख्नु हुन्थ्यो । विशेष गरेर ब्राह्मण कुलमा पैदा भएको हुनाले ब्राह्मणको प्राथमिक शिक्षा संस्कृत शिक्षा हुनुपर्छ भन्ने वहाँको दृढ धारणा थियो । सो अनुसार वहाँले संस्कृत शिक्षाको लागि संस्कृत महाविद्यालय स्थापना गर्ने मजगैयां परिवारमा संस्कृत महाविद्यांलयलाई जग्गा दान दिने प्रेरणा गर्ने, त्यसको संरक्षण गर्ने काममा वहाँको योगदान अविस्मरणीय छ । धेरै वर्षसम्म वहाँ विजौरी दाङमा स्थापित तत्कालीन महाविद्यालय हाल जनता विद्यापीठको संचालक समितिमा रहनु भयो । पछि संस्कृत विश्वविद्यालय दाङमा स्थापित गराउनमा वहांको सक्रिय भूमिका छ । आधुनिक शिक्षाको प्रभाव परिसकेको बेलामा पनि वहाँ संस्कृत शिक्षाको ज्यादै प्रेमी भएको हुनाले प्रत्येक घरका एक सदस्यले भए पनि संस्कृत पढेर यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोगाउनु पर्छ भन्ने वहाँको बिचार हुँदा आफ्ना छोराहरुमध्ये कान्छी धर्मपत्नीका माहिला छोरा श्रीधर मजगैंया जो हाल जनता विद्यापीठ विजौरीका धर्मशास्त्र विषयका उप–प्राध्यापक हुनुहुन्छ, वहाँलाई संस्कृत पढ्ने प्रेरणा दिनु भयो । पिताको आज्ञा अनुसार संस्कृत पढ्न थाल्नु भयो । संस्कृत शिक्षाको प्रारम्भिक चरणमा व्याकरण, कोष पढ्नु पर्ने हुंदा सो को व्यवस्थाको लागि यस पंक्तिका लेखक तत्कालीन जनता महाविद्यालयका उप–प्राध्यापक दत्तात्रेय शर्मा दाहाललाई आफ्नै घरमा संमानपूर्वक राख्नु भयो । श्रीधर मजगैंयाले लेखकसंग लघुकौमुदी, अमरकोष, आदिको अध्ययन गर्नु भयो । त्यसैले मोहनप्रसाद मजगैंयासंगको निकटताले वहाँको गुण र स्वभावसंग परिचित हुने मौका मिलेको हो । शैक्षिक क्षेत्रमा मात्र होइन सामाजिक क्षेत्रमा पनि वहाँ त्यत्तिकै संलग्न हुनुहुन्थ्यो । गाउँघरका समस्याहरु न्यायोचित रुपमा सुल्झाउने, गरीव दुखीहरुको हेर विचार गर्ने, कुलो पानी जग्गा जमीनमा परेका समस्याहरु निराकरण गर्न सक्ने वहाँमा ठूलो खूबी थियो । सम्पन्न गृहस्थ परिवार हुनाले कुनै कुराको कमी थिएन । जति जति अतिथि पाहुनाहरु घरमा आउँथे वहाँ आनन्दित हुनुहुन्थ्यो । नित्य पूजा र सत्संगत गर्ने वहाँको दैनिक क्रिया थियो । अनुचित कुरामा कसैसंग नझुक्ने उचित कुरालाई सहर्ष स्वीकार गर्ने वहाँको प्रमुख विशेषता थियो । यसरी मजगैंया परिवारको इतिहासमा मात्र होइन दाङकै इतिहासमा स्व. मोहनप्रसाद शर्मा मजगैंयाको नाम अमररुपमा अङ्कित रहने छ । इति ।

मोहनप्रसादज्यूको संझनामा

– गोपाल शर्मा
विजौरी–७, बासडबंरा

स्व. मोहनप्रसाद मजगैंयासंग मेरो धेरै नजीकको संपर्क थियो । उहाँलाई मैले आत्मविश्वासका धनी, निर्णयमा अडीग, कानून्‌वीद्, दूरदर्शी र मजगैया परिवारको उन्नतिमा सारै खुशी हुने व्यक्तिको रुपमा चिनेको थिए । संपन्न परिवारको भएर पनि सर्वसाधारणको पक्षमा समेत उभिने उहाँको विशेषता थियो । राणाकालीन नेता र शिक्षाप्रेमी भए पनि ०१७ साल पछिको राजनीतिक यात्रामा चतुर कुटनैतिक चाल चल्न सक्ने गुरुको रुपमा पनि उहाँलाई हामीहरुले लिने गरेका थियौं । सबैसंग समन्वय गर्न सक्ने क्षमतावान् व्यक्तित्व भएकोले उहाँ सबैका मान्य तथा आदरणीय हुनुहुन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजसेवी मोहनप्रसाद मजगैंयाको स्मृतिमा

प्रा. रामेश्वर शर्मा
विजौरी दाङ

मजगैया परिवारका प्रसिद्ध समाजसेवी नेता मेरा संमान्य दाजू स्व. मोहनप्रसाद उपाध्याय मजगैयाको यथार्थस्मृति लेख्ने प्रयास गरेको छु ।

स्व. मोहनप्रसाद मजगैया पिता जीवनारायण मजगैया र खगेश्वरा मजगैयाबाट जन्मनु भएको हो । करीव १४–१५ वर्षको अवस्थामा १९८४ सालमा मजगैया परिवारबाट संस्थापित विजौरी पाठशालाका अध्यापक मेरा पूज्य गुरु पं. चेतोनाथ अर्यालबाट अनुशासित त्रिद्यार्थी मण्डलको अगुवामै दाङ विजौरी पाठशालालाई सरकारी पाठशालाको स्वीकृतिका निमित्त तुला बिक्रम शाहलाई विन्ती पत्र दिने विद्यार्थी नेताको रुपमा वहाँलाई मैले पहिले देखें । १९९४ सालमा ऐन स्रेस्ताको जिज्ञासु विद्यार्थी बनी काठमाण्डौ जानु भएको भेटें तर दुर्भाग्यवस वहाँ त्यसवेला विरामी पर्नु भएकोले हामी रानीपोखरी तीनधारा पाठशालामा रहेका म समेत दंगाली विद्यार्थीले वीर अस्पतालमा भर्ना गराई वहाँलाई सबै किसिमको सेवा सुविधा पुऱ्याई स्वस्थ गराउन सक्यौं । तर वहाँको साथमा जानु भएका दाजू केशवराज मजगैंया समेत विरामी भै वीर अस्पतालमा उपचार गराउँदा अन्तिम अवस्था आएकोले आर्यघाटमा पुऱ्याई, दिवंगत वहाँको कलेवरलाई अन्तिम संस्कार गरी दुःखद घटनाको समाचार दाङमा हामीले पठाउनु परेको थियो । आफू पनि विरामी भई साथै आएका दाजू केशवराज स्वर्गे हुनु भएकोले दुःखित तथा दुर्वल मोहनप्रसादजीलाई घरबाट फेरि पिता जीवनारायण मजगैंयाज्यूको स्वर्गे भएको समाचारले ज्यादै दुःखी तुल्यायो । वहाँको पढ्ने लेख्ने इच्छा पूरा भएन । तुरुन्तै घर फर्की वाबुको उत्तराधिकार समात्ने तल्लाघरमा जान्नेमान्ने वहाँनै देखिनु भयो । यसपछि आफ्नो विशाल सम्पत्तिको हेरफेर गर्नुको साथै समस्त मजगैंया परिवार दाङ देउखुरीका विर्तावारहरुको विर्ताको साझा समस्या समाधानमा वाबु वाजेले झैं सवै विर्तावालहरुलाई उचित सल्लाह दिने जग्गा जमीनको स्रेस्ताका विशेषज्ञ, निःशुल्क कानूनी सल्लाहकार भद्र भलाद्मीको भूमिका दाजु मोहनप्रसादले पूरा गरेको देखियो ।

समाजसेवा

पद्मशमशेरको राज्यकालमा दाङ विजौरी पंचायतका निष्पक्ष न्यायदातामा चर्चित सभापति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहन शमशेरको पालामा दाङ जिल्लाको सुव्यवस्थामा सरकारलाई सल्लाह दिने जनप्रतिनिधिको रुपमा छानिनु भएको पनि थाहा पाइयो ।

२००७ सालको क्रान्तिपछि विजौरी पाठशालाबाट काठमाण्डौ आदि विभिन्न विद्यापीठमा पुगी संस्कृत मध्यमा उत्तीर्ण भएका संस्कृतज्ञहरुको तर्फबाट दाङमा पुर्खाले रोपेको संस्कृत शिक्षालाई अगाडि बढाउने बारेको प्रस्तावमा छलफल गराउन सभापति मोहनप्रसादज्यूले विजौरी पंचायतमा प्रथम सभा बोलाउनु भएको हो । सभामा छलफल हुँदा प्रस्ताव ठीक ठहचाई प्रथम आर्थिक चन्दादाता स्थानीय भद्र भलाद्मी श्री तुलसीराम मजगैंया र श्री वि. डिल्लीराज गौतमज्यूबाट क्रमशः वार्षिक भारतीय रु. ५०० र ३०० चन्दा प्रदानको स्वीकृति हस्ताक्षर पछि स्वयं वार्षिक रु ३०० चन्दा दिने र अरु सबैबाट गरी वार्षिक जम्मा रु. २३०० चन्दा लेखाई २००८ वैशाख २६ गते जनता विद्यालय विजौरी शिवालयमा उद्घाटन गराई संस्कृत बीज वृद्धिमा हामी सवैलाई सघाउने र ०९ सालमा प्रधान पाठशालाको स्वीकृतिपछि जागेश्वरजीले बलरामपुरबाट ल्याइएका भारतीय अंग्रेजी शिक्षक प्रथम प्र.अ. विनोद कुमार तिवारीलाई आफ्नै घरमा आवास र खानाको सुविधासहित राखिदिएर तत्काल वी. डिल्लीराज मजगैंयाबाट संचालित ज.वि. समितिलाई गुन लगाई आफ्नो शिक्षा सेवामा बढी सक्रियता देखाउनु भयो ।

यसपछि गुरु चेतोनाथको स्वर्गारोहणबाट विजौरी पाठशालामा पूर्व शिक्षक पं. नन्दप्रसादजीको गुरुको स्थानमा र नन्दप्रसादजीको स्थानमा विजौरी पाठशालामा नवनियुक्त म रामेश्वर शर्मालाई पाठशालाकै सुविधादेखि अतिरिक्त सुविधा नलिनेगरी जनता विद्यालयको पनि संचालन स्वयंसेवक रुपमा गरिदिने अनुरोध मोहनप्रसादजीबाट पाई जनता विद्यालयको पनि अतिरिक्त समययमा पठन पाठन र प्रशासनमा सहयोग गर्ने उत्तरदायित्व लिएको म रामेश्वर शर्मा र विनोदबाट समेत प्रभावकारीरुपमा जनता विद्यालयको संस्कृत अंग्रेजी तर्फको पठनपाठन अगाडि बढिरहेको बेला जनता विद्यालयलाई अझ अगाडि बढाउन मजगैंया परिवारको अगुवाइमा चलाइएको देउखुरी भूमिदान महायज्ञमा १२०० विगाहा भूमि दिने सबै मजगैंयाहरुको साथमा एकैघरबाट जमीन बढी दिने तल्लाघर परिवारका मुख्य मोहनप्रसाद मजगैंया नै हुनुहुन्थ्यो । साथै मोहनप्रसादजीले प.प.हाइस्कूल घोराही र महेन्द्र हाइस्कूल तुलसीपुरमा समेत रु. ४००।– र रु. ३००।– चन्दा सहयोग दिई समाजसेवाको उदाहरण देखाउनु भएको थियो ।

०१० सालमा नव गठित जनता विद्यालय संचालक समितिका सेक्रेटरी जागेश्वर र अमरराज समेतको समितिमा पनि कोषाध्यक्षको भार लिई ठूलो समाजसेवामा मोहनप्रसादजी उत्रनु भएको देखियो । यसबेला दिगंवर झा, आनन्द झा आदि प्रकाण्ड विद्वान्हरुलाई बाहिरबाट ल्याएर २००८ सालबाट स्वयंसेवक रामेश्वर शर्मालाई समेत एकोहोरो भई जनता विद्यालयमा पूरा समय दिने गरी ल्याउने जागेश्वर, अमरराज समेतको समिति कालमा प्रमुख भूमिका मोहनप्रसादजी समेतको थियो । यसैबेला २००९ सालदेखि २०१६ सालसम्म जनता विद्यालय अघि बढाउने लक्ष्यबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन न्याय र साहित्याचार्य स्थानीय विद्धान म रामेश्वर शर्मालाई ०१७ साल मार्ग १ गतेबाट रिक्त प्रधानाचार्य पदमा नियुक्त गर्ने संचालक समितिका प्रमुख निर्णायकमा मोहनप्रसादजी पनि हुनुहुन्थ्यो। साथै त्यसबेलाका भूमिदाता तथा भ्रमणशील कार्यकर्ता केशवराज मजगैंयालाई देउखुरीको जग्गा व्यवस्था र यसमा चुहावट हुन नदिनेबारे प्रमुख सल्लाहकार मोहनप्रसादजी समेत हुनुहुन्थ्यो। साथै २०१७ सालसम्मका प्राचार्य र सहायक प्राचार्य दिगम्बर झा समेत र ०१७ सालदेखिका प्राचार्य विशेष गरेर ८ देखि २० सालसम्मको प्रतिदिन १२–१८ घण्टासम्म पनि जनता महाविद्यालय र जनता विद्यालयको शिक्षण प्रशासन र समितिको संचालनमा सहयोग गर्ने रामेश्वर शर्माको विशिष्ट सहयोगमा १२ वर्षमा पश्चिम नेपालमा जनता महाविद्यालयलाई संस्कृत शिक्षा केन्द्र तुल्याउने संचालक समितिको समन्वयको सूत्रधार तथा कोष नियन्त्रण गर्ने इमान्दार कोषाध्यक्ष मोहनप्रसादजीको संलग्नतालाई अग्रणी पंक्तिमा रहेको मैले देखें। यसपछि २०–३० सालसम्म बराबर गठित र परिवर्तित जनता महाविद्यालयका सबै संचालक समितिमा र श्री गंगाधर शास्त्री पराजुली गुरुको प्राज्ञिक नेतृत्वमा स्वर्गीय श्री ५ महेन्द्र सरकारबाट दाङ विजौरीमा उद्‌घाटित ऐतिहासिक विद्वत् सम्मेलन प्रतिवेदनपछि जागेश्वर ब्राम्हण मजगैंयाको अध्यक्षतामा गठित सं.वि.वि. आयोजक समिति २०२६ मा समेत वहाँको सदस्यताको तन्तु अविच्छिन्न रह्यो र २००८ सालदेखि २०३० सालसम्म अविच्छिन्न सेवा गर्ने मोहनप्रसाद शर्मालाई मैले मजगैंया परिवार र जनता विद्यालयमा दृढ समन्वयको सूत्रधारको रुपमा पाएँ। २०३० सालबाट दाङ बेलझुण्डीमा आएको संस्कृत अध्ययन संस्थानका डीन अम्बिकाप्रसाद अधिकारीले वहाँलाई कटु सत्यवादी, छलफलबाट निष्कर्ष भएको कुरा मान्न तयार हुने निश्छल सेवकको रुपमा चिन्न नसक्नु भए तापनि २०३६ सालदेखि आउनु भएका तोयनाथ पाण्डेले वहाँलाई निश्छल संस्कृतको दीर्घसेवीको रुपमा चिन्न सक्नुभयो। वहाँ र वहाँका भाइहरुले आफ्ना केही छोरा बुहारीहरुलाई संस्कृततर्फ पढ्न लगाउनु भएको थियो। त्यसको फलस्वरुप वाजे पं. चन्द्रलालको घर "पण्डितान्" घरको ईज्जत वहाँका छोरा भतिजा केही बुहार हरुले पनि संस्कृतमा शास्त्री, आचार्य उत्तीर्ण गरी घरको साथसाथै मजगैंयाहरुको संस्कृतप्रेमको उदाहरण समेत देखाउदै म.सं.वि.वि. अन्तर्गत सेवा गरिरहेका छन्। वहाँको जीवनकालसम्म संचालक समितिबाट वाहिर रहँदा पनि हामीलाई विश्वविद्यालयको पृष्ठभूमि निर्माण गर्न प्रेरित गर्ने मजगैंया परिवारका समन्वयका सूत्रधार दाजु मोहनप्रसादको सेवाका शब्दहरु जति लेखे पनि थोरै हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द श्रद्धाञ्जली

गंगामणि शर्मा
विजौरी दाङ

विद्या संस्कृत मेटियो यदि भने नाशिन्छ यो गौरव
सारा ध्वस्त हुनेछ संस्कृति, धरा बन्ला अझै रौरव ।
भन्दै मानिसलाई पढ्न जनता खोलेर विद्यालय
जाने कर्मठ दानवीरहरुको हामी मनाऔं जय ॥

भन्छन् शास्त्र पुराण नीतिहरुले यौटै कुरा आखिर
"राम्रा काम गरेर कीर्तिहरुले बाँच्छन् यहाँ मानिस"
राखी लक्ष्य लिएर आँट गतिला सत्कार्य गर्ने गरे
हाम्रा पूर्वजको अमूल्य सपना फुल्ने र फल्ने छ रे ॥

थामी उच्च परंपरा सव जना राम्रा बनुन् पण्डित
शिक्षाको सुकिलो प्रभा बढिरहोस् आस्था नहोस् खण्डित ।
भन्ने भाव पवित्र राखि मनमा संकल्प बाँधीकन
बाँच्दा सम्मन यत्नशील हुनुभो ठूला बुवा मोहन ॥

आस्थाका दुइचार शब्दहरुले श्रद्धाञ्जली अर्पण
गर्दै भन्छु समाजले प्रगतिको हेरोस् यही दर्पण ।
नौंलो कीर्ति–लता दिगन्ततक नै यो धर्तिमा फैलियोस्
हाम्रा पूज्य ठुला बुवा ! हजुरको आत्मा सदा मुक्त होस् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो स्मृतिमा मोहनप्रसादजी

–झग्गुप्रसाद शर्मा
भमके दाङ

मैले उहाँलाई सभापतिको साथै यहाँको विशेष प्रभावशाली व्यक्तिको रुपमा चिनेको थिएँ। मजगैंया परिवारमा सम्पन्न पारिवारिक वातावरणमा हुर्कनु भएका मोहनप्रसादजीमा सामाजिकता बढी थियो। उहाँ कत्ति पनि स्वार्थी हुनुहुन्नथ्यो। विद्यालयलाई सबैभन्दा बढी जग्गा दान गर्ने व्यक्तिको साथै विद्यालय संस्थापनमा उहाँको पनि विशेष योगदान थियो। जग्गादान गरेपछि दुरुपयोग हुन्छ कि भन्ने उहाँलाई ठूलो चिन्ता थियो। २००९ सालमा राष्ट्रिय प्रजा पार्टीको भैरहवा पुरुषोत्तमपुरमा भएको अधिवेशनमा दाङको प्रतिनिधिका रुपमा मोहनप्रसादजी र सल्यानको प्रतिनिधिमा शिवप्रसादजी (जहदागाउँ) जानु भएको थियो। मैले उहाँहरुलाई धेरै जग्गा विद्यालयलाई दान गर्ने विर्तावार हुनुहुन्छ भन्ने परिचय गराएको थिए। परिचय पछि उहाँहरु दुवैलाई सबैले माला लगाएर स्वागत गरेका थिए। विद्यालयकै प्रसङ्गमा प्रधानमन्त्री मातृकाप्रसादसंग भेटघाट गराएको थिए। मातृका बाबुसंग पनि उहाँले त्यत्रो सम्पत्ति हामीहरुले विद्यालयलाई दिएका छौं। सरकारद्वारा संरक्षण गरिनुपर्दछ भन्ने माग गर्नु भएको थियो। सम्मेलनको समाप्ति पछि उहाँहरु काठमाडौं विद्यालयको संवन्धमा जानु भयो। भोगेन्द्रराज गुरुले शिक्षा संवन्धी काम हेर्नुहुन्थ्यो र उहाँसंग विद्यालय संवन्धी केही कामकाज गराएर दाङ फर्कनु भएको थियो। ०११ सालको दाङ काण्डमा हामी सहयात्री थियौं। टरिगाउँमा एयर पोर्ट बनाउनेदेखि लिएर प्लेन उतार्नेसम्म उहाँसंग सरसल्लाहले गर्ने गरेका थियौं। दाङमा शान्ति कायम गर्न मैले प्रमुख भूमिका निभाएको थिए।

मोहनप्रसादजीलाई मेरो राजनैतिक साथीको साथै शिक्षाप्रेमी संस्कृतका अनुरागी चतुर र भविष्यद्रष्टाको रुपमा देखेको थिए। उहाँको स्मृतिमा दुई शव्द लेख्न पाएकोमा खुसीको अनुभव गरेको छु। उहाँका गुणहरुलाई छोराहरुले पनि ग्रहण गर्नेछन् भन्ने विश्वास लिएको छु।

दाजु मोहनप्रसादको स्मृतिमा

– कृष्णप्रसाद उपाध्याय मजगैंया
विजौरी दाङ

हाम्रा छोरा बावु श्री श्रीधर मजगैंयाले "मजगैंयाको इतिहास तथा वंशावली" लेख्दा दाजु मोहनप्रसादको समेत स्मृति प्रकाशन गर्न लागेकोमा मैले पनि दाजुप्रति शव्द श्रद्धाञ्जली व्यक्त गर्ने शुभ अवसर पाएँ। मोहनप्रसाद मेरो दाजु मात्र नभएर हाम्रो परिवारको सुसंचालक, समाजसेवी, विद्यालयका इमान्दार संस्थापकको रुपमा पनि हुनुहुन्थ्यो। जिवनमा मैले जति कुरा सिके, पढे संपूर्ण उहाँकै प्रेरणाबाट पाएको हुँ। उहाँको विषयमा मैले भन्नु भन्दा यस स्मृति खण्डका विज्ञ लेखकहरुबाट नै आएका भावनाहरु यथार्थपरक हुनेछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजात शत्रु-मोहनप्रसाद मजगैंया

–एकराज शर्मा

दे. कोलही

म सानो छदा हापपैण्ट, टोप, निधारमा काल् टीकी र लाल् टीकी लगाएका मोहनप्रसाद शर्मालाई सर्वप्रथम आकर्षक व्यक्तिको रुपमा देखेको थिएँ। त्योवेला समाजले तोकेको फेशन भन्दा अरु फेशन प्रयोग गर्नु साहसको कुरा हुन्थ्यो । युवासुलभ शौखले यो साहस उनले प्रदर्शित गरेका थिए। दाङ छिल्ली विजौरी निवासी स्व. श्री मोहनप्रसाद शर्माको व्यक्तित्व मात्रै परिवारमा सीमित रहने व्यक्तित्व थिएन। उनको मृत्यु र अभावले मात्रै परिवारमा शून्यता र रिक्तता ल्याएन पूरै दङाली समाजले शून्यता र रिक्तताको अनुभव गऱ्यो। अपूरणीय क्षतिको रुपमा सहकर्मीहरु संवेदनशील रहे।

मोहनप्रसाद शर्मा आफ्नो परिवार, कुल कुटुम्व, इष्ट मित्रहरुको लागि स्नेहशील, आदरणीय र सदा स्मरणीय व्यक्तित्व थियो भने समाजको लागि मार्गदर्शक, अग्रज र प्रेरणाको श्रोतको रुपमा थिए। आज दाङको शैक्षिक, सामाजिक एवं राजनीतिक जुन स्वरुप र प्रतिष्ठा र प्रभाव छ, त्यो एकै रातमा, एकै दिनमा निर्मित भएको होइन। दाङभरि छितरिएर वसेका मोहनप्रसाद जस्ता अग्रजहरुको सामाजिक, शैक्षिक एवं राजनीतिक क्षेत्रमा गरेको दायित्ववोध र त्यसको सफल निर्वाहले गर्दा संभव भएको हो। त्यसैले मोहनप्रसाद शर्मा मजगैया परिवारको एउटा धनी तात्कालीन सामन्तको रुपमा मात्र हैन सामाजिक एवं राजनीतिककर्मीको रुपमा इतिहासले उनलाई सधैं संभिरहने छ र इतिहासमा उनी बाँचिरहनेछन्।

व्यक्ति पनि एउटा बीज जस्तै हो। ऊ पनि समाजमा अंकुरित हुन्छ, प्रस्फुटित हुन्छ, पल्लवित हुन्छ। यी सम्पूर्ण क्रियाहरुमा बीज स्वयं एक्लैमा समर्थ हुँदैन उसलाई मलजल र अनुकूल जलवायुको आवश्यकता हुन्छ। त्यस्तै व्यक्तित्व विकासमा पनि समाजको अग्रणी भूमिका हुन्छ। त्यसैले कसैको व्यक्तित्व विकासको कथा भन्दा, विश्लेषण गर्दा उसलाई अद्भुत व्यक्तित्वको रुपमा चित्रण गरियो भने मोहवाट गरिएको अयथार्थ चित्रण र विश्लेषण हुन्छ। त्यो जमानामा जे जति कामकुराहरु भए, त्यो एउटा निश्चित व्यक्तिले मात्र गरेको भनियो भने त्यो इतिहास भूठो हुन्छ। त्यसैले मोहनप्रसाद शर्माको वारेमा मेरो धारणा यत्ति मात्र हो।

दाङका शैक्षिक सामाजिक कुराहरु विशेष गरेर विजौरीको शैक्षिक जागरणमा सामाजिक क्रियाकलापमा मोहनप्रसाद शर्माको अहं भूमिका रहन्थ्यो। कहीं उनी अगुवा भै रहे भने कतै उनी सहयोगी सहकर्मी र सहयात्रीको रुपमा देखा परे। उनी समाजको निष्क्रिय सदस्यको रुपमा कहिल्यै रहेनन्। सहयोग लिने दिने काममा उनी निपुण थिए। प्रत्यक्षरुपमा उनीसंग दुष्मनी गर्ने मानिस कमै थिए। अरुको कारणले कहिलेकाँही विवादमा परे पनि विवादवाट मुक्त रहने कला र कौशल उनीसंग थियो।

पूर्खाको गौरवमा गर्व गर्ने मोहनप्रसाद शर्मामा गौरवशाली पहिचान कायम गर्ने चिन्तन भएको मैले देखेको थिएँ। धेरै भाइभाइको परिवार भएर पनि सन्तुलन ल्याएर पारिवारिक अनुकूल वातावरणमा हुर्कन, व्यक्तित्वको विकास गर्न उहाँलाई समय र समाजले साथ दियो। उनी नभएको, नवसेको समिति सभा अधुरो मानिन्थ्यो सहयोग र आदर दिन जानेकोले उनले पनि सम्मान र आदर पाउन सकेका हुन्। अहिलेका ५/६ गा.वि.स. वरावरको एउटा पञ्चायत हुन्थ्यो त्यसको सभापति भएर उनले सम्मान र ख्याति आर्जन गर्ने अवसर समेत प्राप्त गरे। पिता जीवनारायण भाषा पाठशालाको संस्थापक हुनुहुन्थ्यो। सामाजिक सेवालाई उत्तराधिकारमा ग्रहण गरी शैक्षिक विकास र विस्तारमा पाठशालादेखि विश्वविद्यालयसम्म पुऱ्याउन तमाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहयोगीहरुको साथमा सहयात्री बनी कहिले संचालक सदस्य, कोषाध्यक्ष र विश्वविद्यालय तैयारी समितिको सदस्य समेत भई करिव करिव जीवनको तीन भागलाई सेवामा समर्पित गर्नु भयो।

२००७ सालको राजनीतिक परिवर्तनमा सक्रिय रही स्थानीयरुपमा पूरक भूमिका र जिम्मेवारी निर्वाह गरी प्यूठान कब्जा गर्न समेत पुग्नु भएको थियो। धैरै रुचि र उत्साहसाथ राजनीतिमा प्रवेश गरे पनि नेताहरुवीच उत्पन्न भएको मपाईवाद, सक्रिय सहयोद्धाहरुवीच वेमेल र घात–प्रतिघात रहेको अवस्थामा उहाँ नेपाली कांग्रेसभित्र अटाउन सक्नुभएन र राजनीतिको अर्को वाटो रोज्नुभयो। नेपाली कांग्रेस छोडी राष्ट्रिय प्रजा पार्टी (मातृकावावुको पार्टीमा) प्रवेश गर्नुभयो। वी.पी.र एम.पी. को झगडावाट जन्मेको पार्टी दुई भाइको मेल हुँदा पार्टी विघटित भयो।

राजनीतिक उतार चढाव जे भए पनि शैक्षिक सामाजिक क्षेत्रमा पनि सवै तहका विचारधाराका व्यक्तिहरुवाट उहाँको व्यक्तित्व ग्राह्य स्वीकार्य र संमान्य थियो। सामाजिक शैक्षिक क्षेत्रमा उहाँ पहिलो दोस्रो पङ्क्तिको इमान्दार परिश्रमी सेवकको रुपमा आजीवन परिचित हुनुहुन्थ्यो।

२०१७ सालको परिवर्तनपछि राजनीतिमा पुनः प्रवेश गर्नु भयो। पञ्चायतमा जिल्ला सभासद्सम्म बन्नुभयो। यसरी म पनि पञ्चायती राजनीतिमा प्रवेश गरेकोले नातेदार वाहेक हाम्रो सम्वन्ध राजनीतिक सहकर्मीको रुपमा रहन गयो। राजनीतिमा उहाँ मेरो अभिभावक र शुभेच्छुक रहनु भयो। मलाई अगाडि वढाउन प्रोत्साहन दिंदै रहनुभयो।

यसरी राजनीतिक संस्कार र व्यक्तित्व रहे पनि उहाँको विशेष रुचि समाजसेवामा नै थियो। जनता महाविद्यालयमा समस्या आइपर्दा त्यसको कुशलतापूर्वक समाधान गर्नुहुन्थ्यो। एकपटक विद्यार्थी आन्दोलन हुँदा म, शोभाकर आचार्य, पुष्करराज धिताल समेत अध्यापक भइ स्वयंसेवकको रुपमा अध्यापन गरेका थियौं। मोहनप्रसादले हामीलाई एक साथ जुटाउनु भएको थियो। म उहाँलाई तीक्ष्ण विचारका कुशल समाजसेवीका रुपमा मान्ने गर्दछु।

जीवनको उत्तरार्धमा उहाँलाई दमको रोगले पीडा गऱ्यो। आवत जावत घरमै सीमित हुन थाल्यो तर पनि भेटघाटमा सामाजिक तथा राजनीतिक चिन्तन विश्लेषण र समीक्षा गर्दै हौसला र साहसका कुरा गर्नुहुन्थ्यो तर यस्तो लौह पुरुष यो अवस्थामा पुगेकोमा मलाई चिन्ता हुन्थ्यो र मैले उपचारार्थ प्राकृतिक चिकित्सालय गोरखपुरमा एक महिनासम्म लगि उपचार गराएको हुँ। त्यसपछि केही वर्षसम्म सजिलोसंग वाँच्नुभयो र सामाजिक क्षेत्रमा सल्लाहकारको भूमिका निभाउनु भयो।

यसरी मोहनप्रसादलाई संझनु इतिहासलाई आदर गर्नु हो भने विर्सनु ऐतिहासिक कृतघ्नता हो। वहु व्यक्तित्वका धनी मोहनप्रसादका सन्ततिहरु पितावाट मूल प्रेरणा प्राप्त गरी समाजमा उनी जस्तै अग्रणी भूमिका खेल्न समर्थ वनुन् मेरो यही शुभेच्छा छ।

(२०३७।३।२३ गतेको त्रि.वि.बुलेटिनबाट)

मोहनप्रसाद शर्माको निधनमा शोक सभा

गत असार ९ गते जनता विद्यापीठ (क्याम्पस) दाङ तथा जनता संस्कृत माध्यमिक विद्यालयले संयुक्तरुपमा दाङका प्रमुख समाजसेवी तथा शिक्षाप्रेमी श्री मोहनप्रसाद मजगैंयाको ६८ वर्षको उमेरमा असामयिक निधन भएकोमा एक शोक सभाको आयोजना गरेको थियो। सो सभामा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै १ मिनेट मौन धारण गरिएको थियो।

स्व. मोहनप्रसादकै सक्रियतामा देउखुरीको १२०० विघा जग्गा मजगैंया परिवारवाट दान स्वरुप उपरोक्त शिक्षण संस्थालाई प्राप्त भएको थियो। साथै २००८ सालदेखि ०३० सालसम्म उहाँ विद्यालय सञ्चालक समितिको कोषाध्यक्ष र सदस्य रहनु भएको थियो।

उक्त सभामा शिक्षाप्रेमी जागेश्वर ब्राह्मण तथा क्याम्पस प्रमुख रामेश्वर शर्माले स्व. मोहनप्रसादको योगदान बारे प्रकाश पार्नु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेग्मी परिवारको लालमोहर



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेग्मी वंशको वंशावली

अज्ञात



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मेरो मावली वंश भएकोले यो वंशावली प्रकाशित गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ ग्रन्थ सूची

Acc 23668
23764

- महर्षि मनु – मनुस्मृति, चौखम्वा प्रकाशन वाराणसी, भारत
- भट्ट कमलाकर – निर्णय सिन्धु, ठाकुरप्रसाद एण्ड सन्स बुक सेल वाराणसी, भारत
- सुवेदी शिखरनाथ – थर गोत्र प्रबरावली, प्रकाशक कृष्णप्रसाद ढुंगाना काठमाण्डौं, नेपाल (२०४१)
- मजगैंया मोहनप्रसाद – ऐतिहासिक डायरी
- शर्मा बालचन्द्र – नेपालको ऐतिहासिक रुपरेखा प्र. कृष्ण कुमारी देवी वाराणसी (वि.सं. २०२६)
- भण्डारी ढुण्डिराज – नेपालको आलोचनात्मक इतिहास प्रकाशन काठमाण्डौ (वि.सं. २०२०)
- देवकोटा गृष्मबहादुर – नेपालको राजनैतिक दर्पण दोश्रो भाग प्रकाशक ध्रुवबहादुर देवकोटा (वि.सं. २०१६)
- गौतम टेकनाथ – राप्ती अञ्चलको इतिहास प्रकाशक किशोर गौतम घोराही (वि.सं. २०५०)
- विद्वत् सम्मेलनस्य प्रतिवेदनम् – प्रकाशक जनता महाविद्यालय (वि. सं. २०२४)
- स्तोत्र रत्नावली
- हैम–प्रभा – इतिहास विशेषांक, जनता विद्यापीठ, दाङ (वि.सं. २०५१)
- गोरखा पत्र दैनिक – विभिन्न अङ्कहरु
- युगवोध साप्ताहिक – २०५३ साल मंसिर ४ गते
- प्रस्तावित महेन्द्र संस्कृत विश्वविद्यालयको प्रतिवेदन, काठमाण्डौ वि. सं. २०४३
- विभिन्न पम्प्लेट र पर्चाहरु

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखक

जन्म : २०१३ साल श्रावण १ गते

जन्मस्थान : विजौरी-५ दाङ, राप्ती अञ्चल ।

शिक्षा : धर्मशास्त्राचार्य, राजनीति शास्त्र एम. ए., P.H.D. उपाधिको लागि महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत अनुसन्धानरत ।

पेशा : प्राध्यापन, उप-प्राध्यापक
विभागाध्यक्ष धर्मशास्त्र तथा ज्योतिष विभाग जनता विद्यापीठ, दाङ ।

कृति : मजगैंया (पोखेल) वंशको इतिहास तथा वंशावली ।
अप्रकाशित- मेरो जीवन खण्डकाव्य, कविता-[illegible], नेपालको संविधानको विश्लेषणात्मक अध्ययन र रिट निवेदनको उत्पत्ति [illegible] विकासमा शोध प्रवन्ध ।

पूर्व संलग्नता : अध्यक्ष-राप्ती अञ्चल विद्यार्थी संपर्क समिति, काठमाण्डौं,
अद्वेत संस्था तथा परिवार नियोजन संघ आदि सामाजिक संस्था ।

संप्रति : अध्यक्ष-सू.रा.शि.स., विजौरी, सदस्य- महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत विभिन्न समितिहरु तथा सचिव सिर्जनशील साहित्यिक परिवार दाङ ।

रुचि : अनुसन्धान, साहित्यिक सिर्जना, समाजसेवा ।

मुद्रक :- राप्ती अफसेट प्रेस, त्रिभुवन नगर घोराही दाङ, फोन नं. ०८२-६००८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu